CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यतो धर्मस्ततो जयः

महाभारत

तमसो मा ज्योतिर्गमय

उपनिषद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्तव्य

सदस्य राष्ट्रहरूमा पाठ्य-सामग्रीको उत्पादनलाई प्रोत्साहन गर्दै लैजाने यूनेस्कोको कार्यक्रम सहयोगअन्तर्गत यूनेस्कोकै सहयोग-बाट यो पुस्तक तयार गरिएको हो। यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगबाट तोकिएका विभिन्न विषयहरूमा लेखिएका पाण्डुलिपिहरूको प्रतियोगिता गराई पुरस्कृत भएको यस पुस्तकमा संसारका केही प्रसिद्ध धर्महरूको संग्रह गरिएको छ। हाम्रो पाठ्य-सामग्रीको क्षेत्रमा यस किसिमका पुस्तकको ज्यादै आवश्यकता छ। यस आवश्यकताको केही अंश पूरा गर्नमा यूनेस्कोले जुन सहयोग दिएको छ त्यसको निमित्त हामी यस संस्थाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

पाठ्य-सामग्रीको अभाव पूरा गर्नेतर्फ वेला-वेलामा यूनेस्कोको तर्फबाट संचालन गरिने यस्ता कार्यक्रमहरूबाट अरू लेखकहरूलाई पनि प्रेरणा प्राप्त हुनेछ र भविष्यमा हुने यस्ता प्रतियोगितामा सबै लेखकहरूबाट सहयोग मिल्ला भन्ने आशा अपेक्षित छ।

१७–४–०२६

दीर्घराज कोइराला
महासचिव
यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग,
श्री ५ को सरकार, शिक्षा मंत्रालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय पृष्ठः

मिश्रित शिन्तो–साम्प्रदायिक शिन्तो–शिन्तो-धर्मका दश उपदेश–पूजा तथा पर्व–धार्मिक तथा नैतिक अभ्यास)

८. अष्टम पटल

ताओ-धर्म ११३

(धर्म संस्थापक–जीवनको उद्देश्य–त्रि-निधि–सरलता, शान्ति तथा वासना–सदाचार तथा आनंद–प्रेम र युद्ध–निष्काम-भाव–सापेक्षता–वर्तमानकालको महत्व–जन्म, मरण तथा कर्म–अद्वैत ताओ र ज्ञान–कन्फ्यूशस र बौद्ध-धर्मको प्रभाव–ताओ धर्मका अन्य केही उपदेशहरू)

९. नवम पटल

कन्फ्यूशस-धर्म १२५

प्राचीन चीन-धर्म–कन्फ्यूशसको प्रादुर्भाव–मेन्शियस–महान् पुरुष–पारिवारिक प्रेम : राज्यको मूल–राज्य–कर्म र चेतनता–सत्य, ज्ञान र प्रेम–पाँच सद्गुण–मध्य-मार्ग–पाँच कर्तव्य तथा भावनाहरू–अन्य उपदेशहरू)

सेमाइटिक-धर्म १३७

१०. दशम पटल

[illegible]-धर्म १४१

[illegible] मोजेज र यव्ह–धर्मग्रन्थ–उद्देश्य र आदर्श–क्रोध, [illegible]–ईश्वर तथा भक्ति–प्रेम र सद्व्यवहार–[illegible]सम्प्रदायहरू–सृष्टि र नारीको स्थान–

मम वत्
मनुष्याः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय पृष्ठ

११. एकादश पटल

ईसाई-धर्म १५५

(ईशुको अवतार–धर्म-ग्रन्थ तथा सम्प्रदायहरू–ईश्वर एवं भक्ति, ज्ञान र कर्म–नम्रता, क्षमा र दान–गिरि-प्रवचन–ईसाई धर्मको सिद्धान्त–नारी र विवाह–संसारको त्याग–उत्सवादि)

१२. द्वादश पटल

इस्लाम-धर्म १६९

(अरबको अवस्था र अल्लाह–मुहम्मदको जन्म र जीवन–कुरान तथा सम्प्रदायहरू–६ वटा विश्वासहरू–पाँच स्तम्भहरू–अल्लाह र भक्ति–प्रेम र सद्व्यवहार–न्याय र नियम–अन्य उपदेशहरू)

विश्व-धर्म १७९

विश्व-धर्म १७९

सर्व-धर्म-समन्वय १८३

(मौलिक भेद–मौलिक भेदको समाधान–त्रिविध धर्म–कर्म र पुनर्जन्म–पशु-बलि र मानिसको भोजन–विश्वमा वर्ण-धर्म–अन्य विविध विषयमा पनि ऐक्यता)

परिशिष्ट

१. वेदमा हिंसाको निषेध २

२. तालिका ... ...

३. ग्रन्थ-सूची ... ...

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

विश्व-धर्म की वर्ण माला

लेखक

किरण शंकर

बी. ई.

सत्
चित्
आनन्द
बुद्ध
गुरू
अर्हन्त
अद्धुर मज्द
यिनयांग
अल्लाह
ताओ
कामी
यह्व
Father पिता
Son ईश्वरपुत्र
Holy Spirit पवित्रात्मा
पर ब्रह्म
रूद्र
विष्णु
ब्रह्मा
साकार
अंतरात्मा
परमात्मा
निराकार
शिव-शक्ति
ईश्वर
निर्वाण
सत्य
मुक्ति

मम वर्त्म अनुवर्तन्ते
मनुष्याः पार्थ सर्वशः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्व-धर्मका केही अमर वाणी

सनातन धर्म

ये यथा मां प्रपद्यन्ते तान् तथा एव भजामि अहम् ।
मम वर्त्म अनुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥

—गीता, ४।११

श्रीमद्भगवद्गीतामा भगवान् श्री कृष्णको अमर वाणी छ :—

जसले जुन रूपमा जसरी मेरो (परमेश्वरको) साधना (उपासना) गर्दछ, त्यही रूपमा मैले (परमेश्वरले) उसको इच्छाको पूर्ति गर्दछु (गर्दछन्) । यो मेरै (परमेश्वरकै) 'मार्ग' (या "धर्म') हो जसको मानिसहरूले सर्वत्र अनेक रूपमा अनुसरण गर्दछन् । मार्गहरू वाहिरवाट विभिन्न देखिए तापनि ती सबै एकै "मार्ग" का विभिन्न रूप हुन् एवं सर्वत्र सबै एकै परम लक्ष्यतिर अग्रसर हुँदैछन् । त्यो परम लक्ष्य हो चैतन्यस्वरूप सच्चिदानंदमय अनिर्वचनीय प्रेमस्वरूप परमात्माको प्राप्ति गर्नु ।)

महाभारतमा लेखिएको छ :—

"अहिंसा परमो धर्मः" अर्थात् मनसा, वाचा तथा कर्मणा कसैलाई कष्ट नदिनु—सबै प्राणीप्रति दिव्य प्रेम-भावना नै परम धर्म हो, परम कर्तव्य हो ।

"नास्ति सत्यात्परो धर्मः" अर्थात् सत्यभन्दा ठूलो अरू धर्म छैन ।

"अहिंसा परमं सत्यं ततो धर्मः प्रवर्तते" अर्थात् अहिंसा नै परम सत्य हो जसवाट धर्म (कर्तव्य) प्रवर्तित हुन्छ ।

धर्मको सार यही हो : अरूसँग त्यस्तो व्यवहार नगर जो व्यवहार तिमीसँग अरूले गरे तिमीलाई कष्ट हुन्छ । सबैलाई आत्मवत् सम्झी प्रेमपूर्वक सद्व्यवहार गर्नु धर्मको मूल उद्देश्य हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जैन धर्म

जो अनेकमा एक छ, एकमा अनेक छ, तापनि जो न एक छ, न अनेक—म उसलाई प्रणाम गर्दछु ।

"मित्ती मे सव्वभूएसु वेरं मज्झे न केणइ ।" अर्थात् सबै जीवप्रति मेरो मैत्री भाव छ । मेरो कसैसंग वैर छैन ।

पारसी धर्म

जेन्दावेस्तामा जरथुस्त्रको अमरवाणी छ :—

हामीले धर्मपरायणता अर्थात् सदाचारको पाठ पढाउने विश्वका प्राचीन धर्महरूकै अनुसरण गर्दछौं ।

—प्रस्न, १६।३

दस्यु अर्थात् असभ्य जातिहरूलाई पनि दिव्य उपदेश दिन, उनको कल्याण गर्न "सओश्यन्त" अर्थात् अवतारी महात्माहरूले जन्म ग्रहण गर्दछन् ।

—गाथा ४८।१२

दादिस्तान—इ दिनिक, ९४।५ मा भन्दछ :—त्यो स्वभाव नै राम्रो छ जसले अरूप्रति त्यस्तो व्यवहार गर्दैन जो आफ्नो लागि नै हितकर छैन ।

बौद्ध धर्म

न हि वेरेन वेरानि सम्मन्तीध कदाचन ।
अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ।।

—धम्मपद १।५

भगवान् बुद्धको दिव्यवाणी छ :—

वैरद्वारा कहिल्यै शत्रुताको शमन हुँदैन । अवैर अर्थात् प्रेमद्वारा नै शत्रुताको नाश हुन्छ यो "सनातन धर्म" हो ।

धम्मपदको अनुसार "अत्ता हि अत्तानो नाथो" अर्थात् आत्मा नै परम गति हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताओ धर्म

महात्मा लाओत्सेको अमर वाणी छ :—

परम धर्म (मार्ग) धेरै सजिलो छ, तर मानिसहरू गल्ली-गल्ली घुम्न इच्छा गर्दछन् ।

—ताओ-तेह्-किंग, ५३.

मप्रति सद्व्यवहार गर्नेसँग म सद्व्यवहार गर्दछु । मप्रति अभद्र व्यवहार गर्नेसँग पनि म सद्व्यवहार नै गर्दछु जसबाट ती सबै भद्र होउन् ।

—ताओ-तेह्-किंग, ४९.

हिंसाको बदला दया ।

—ताओ-तेह्-किंग, ६३.

कन्फ्यूशस धर्म

कन्फ्यूशसको महान् वाणी छ :—म नयाँ कुराको सृष्टि गर्न सक्तिनँ ।

एनालेक्ट्स्, १५।२३ मा बताउँदछ :— अरूसित त्यस्तो व्यवहार नगर जो तिमी चाहँदैनौ कि उसले तिम्रो साथ व्यवहार गरोस् ।

यहूदी तथा ईसाई धर्म

यहूदी-ईसाई ग्रन्थ बाइबिलको प्राचीन काण्डमा भन्दछ :—सबै प्राचीन कालदेखि नै छन् । यस सौर-मण्डलभित्र केही चीज पनि नयाँ छैन ।

—इक्क्लेसिएस्टिज्, १।९

ईसाई बाइबिलको नया कांडमा भन्दछ :—नियम अथवा ईश्वरीय दूतहरूको नाश गर्न आएको ह्वैन, बरु पूर्णता प्रदान गर्न आएको छु ।

—मैथ्यू, ५।१७.

घृणाले कलह पैदा गराउँदछ ।

—प्रोवर्ब्स, १०।१२.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो छिमेकीलाई आत्मवत् सम्झी प्रेम गर ।

—सन्त मार्क, १२।३ ।

इस्लाम धर्म

पैगम्बर मुहम्मदको वचनामृत छ :—

"अत् तुर्कुं इल्-अल्लाहि कन् नुफूसि बनी आदम"

अर्थात् जति मानिसहरू (जीवहरू) छन् उत्ति नै परमेश्वर (अल्लाह) कहाँ पुग्न अनेक मार्गहरू छन् ।

सूफी संतको दिव्य शब्दमा :—

फकत तफावत है नाम ही का ,
दर अस्ल सब एक ही है, यारो !

बन्धु ! केवल नामहरू भिन्न भिन्न छन् । यथार्थमा सबै एकै हुन् ।

सिख धर्म

गुरु अंगदको महान् वाणी छ :—

अरूसँग त्यस्तो व्यवहार गर जस्तो तिमी अरूबाट चाहन्छौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम पटल

परिचय : धर्म र शान्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिचय : धर्म र शान्ति

प्रिय सत्-चित् आनंदमय आत्मस्वरूप बन्धुजन !

अंग्रेजीमा 'रिलिजन' शब्द फेरि बाँध्नु या संबंध जोड्नुको अर्थमा हुन्छ। तसर्थ 'रिलिजन' भन्नाले ईश्वरसँग पुर्नमिलनको बोध हुन्छ। यस अर्थमा 'रिलिजन' र 'योग' को माने उही देखिन्छ। परमात्मासँग ऐक्यता प्राप्त गर्नु नै योग हो। उक्त परम लक्ष्य प्राप्त गर्ने साधनलाई पनि हिन्दू धर्ममा योग भनिन्छ र अंग्रेजीमा 'रिलिजन'।

तर आज 'रिलिजन' भन्नाले संसारमा धेरैलाई पूजा-पाठ आदिको वाह्याडम्बर मात्रै प्रतीत हुन्छ र विभिन्न संकीर्ण मार्गहरूको बोध हुन्छ। ईसाई, यहूदी, बौद्ध, इस्लाम आदिका अनुयायीहरूमा मत-मतान्तरले गर्दा आपस-आमसमा कलह हुन्छ र धर्म-परिवर्तनको दौड़मा धर्मको मूल तत्त्वलाई विर्सिइसकेको हुन्छ। आजको वैज्ञानिक युगमा पनि धर्म-कलह कुनै न कुनै रूपमा विद्यमानै छ। शांतिको पाठ पढाउने वदनामी योभन्दा बढ्ता अरू के हुन सक्तछ ?

प्रेमको पाठ पढाउने ईशुका अनुयायी ईसाईहरूले अरू मार्गका अनुयायी-हरूप्रति घृणाको दृष्टिले हेर्दछन् भने प्रभु ईशुको दिव्य उपदेश कता हरायो ?

भक्ति तथा विश्वबन्धुत्वको पाठ पढाउने पैगम्बर मुहम्मदका अनुयायी-हरूले विश्वबन्धुत्वको विरुद्ध तलवारको विनाश-नृत्य गर्दा कहाँसम्म विश्व-प्रेम झल्कन्छ ?

शत्रुताको नाश गर्न निर्वैरताको अभ्यास गर्नु सनातन धर्म हो भनी भन्ने प्रेमावतार भगवान् बुद्धका अनुयायी बौद्धहरूले सनातन धर्मको विरोध गर्नु के भगवान् बुद्धको अवहेलना होइन ?

सारा विश्व नै एक कुटुम्ब हो र आत्मवत् सबै प्राणीलाई प्रेम गर भनी उपदेश दिने अहिंसावादी सनातन धर्मका अनुनायी हिन्दूहरूले दिव्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्ण धर्मको पवित्र विज्ञानलाई बिर्सी छुआ-छूतको राक्षसी प्रथामा लागी आफ्ना आत्मवत् बन्धुहरूको घृणा गर्नु र आत्मवत् निर्दोष प्राणीहरूको रक्तपात गर्नु कहाँसम्म वैदिक या सनातन छ ?

वैदिक ब्रह्मवादिन् ऋषिहरूको, भगवान् बुद्धको, प्रभु ईशुको, पैगम्बर मुहम्मदको 'विचार' तथा 'उपदेश' को सार एउटै हो : प्रेम र विश्व-बन्धुत्व, सत्य र अहिंसा, दया र करुणा । यो सनातन मानव-धर्म हो । तर दुर्भाग्यवश स्वच्छ विचारको अनुसार आचारमा त्रुटि छ र फलतः आपस-आपसमा वैर छ, द्रोह छ, कलह छ । वाह्याडम्वर र पाखण्डीपनालाई नै 'धर्म' या 'रिलिजन' भन्ने चलन भइरहेको छ । यो मानवताको दुर्भाग्य हो ।

यस दुर्भाग्यको, कलहको, दुःखको कारण 'धर्म' होइन । धर्मले त प्रेम र शान्तिको दिव्य पाठ पढाउँदछ । कलहको कारण हो मानिसको अविवेक तथा अज्ञानता । एक दिन पाँच देशका पाँच यात्रुहरू एकसाथ अन्तर्राष्ट्रिय सफर गर्दै थिए । एक ठाउँमा पैदल हिंड्दा-हिंड्दै सबैलाई प्यास लागेछ । एक अंग्रेजले 'ग्रेप' खाने इच्छा गऱ्यो, तुर्कीले 'उजम', फारसीले 'अंगूर', अरवीले 'एनव' र नेपाली पंडितजीले 'द्राक्षा' । कसैको पनि कुरा नमिल्दा पाँचै जनाले आफूले नै रुचाएको वस्तु खानुपर्छ भनी आपसमा झगड़ा गर्न थाले । सबैले अंगूरै खानुपर्छ भन्ने एउटाको विचार थियो र अर्काको 'ग्रेप' नै खानुपर्छ भन्ने विचार । ग्रेप, अंगूर, उजम, एनव र द्राक्षामध्ये एकको निश्चय हुन सकेन । फलतः सबैमा मुक्का-मुक्की पनि चल्यो । यस्तो धर्म-कलहको कारण थियो अज्ञानता । द्राक्षा नै अंगूर हो, ग्रेप हो, एनव हो, उजम हो । सबैको विचार एउटै भए तापनि एक अर्काको कुरा न बुझ्नेको-ले नै मूर्खतापूर्ण झगड़ा हुन्छ । ईसाईले अरू सबैलाई ईसाई बनाउन चाहन्छ । इस्लामी र बौद्धहरूको पनि इच्छा त्यही छ । सबै आफ्नो-आफ्नो गुट बढाउने पक्षमा छन् ।

हिन्दू धर्मअनुसार सबैको लक्ष्य एउटै हो— आत्म-ज्ञान, ब्रह्म-दर्शन या दुःखवाट मुक्ति । यस लक्ष्यसम्म पुऱ्याउने साधनहरूको पनि सार एउटै हो । आफ्नो भावनाअनुसार कुनै पनि साधनद्वारा भक्तिपूर्वक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्यानपूर्वक र ज्ञानपूर्वक निष्काम कर्मको उपासना गर्दै गए आत्म-ज्ञान प्राप्त हुन्छ। अर्काको दुःख सम्झी उसको सहायता गर्नु र सबैमा प्रेम-भाव राखी सद्व्यवहार गर्नु धर्मको यथार्थ रूप हो।

माथि 'रिलिजन' को स्थानमा कहिले 'मार्ग' र कहिले 'धर्म' शब्द-हरूको प्रयोग गरिएको छ। 'रिलिजन' र धर्मको उद्देश्य एउटै भए तापनि 'रिलिजन' भन्नाले त्यति व्यापकता झल्किदैन जति 'धर्म' भन्नाले हुन्छ। 'रिलिजन' भन्नाले ईश्वरविषयक 'मार्ग' मात्रैको बोध हुन्छ जसमा पूजा-पाठ, उपासना आदि समाविष्ट छन्। यसमा विज्ञान र दर्शनको स्थान छैन। तर 'धर्म' एउटा व्यापक शब्द हो जसमा विज्ञान, दर्शन र धर्म (रिलिजन) तीनवटै विषयहरूको समन्वय छ। सनातन-धर्म भौतिक विज्ञान दार्शनिक विज्ञान तथा धार्मिक विज्ञानको समन्वय हो। विज्ञानबाट भौतिक प्रगति हुन्छ, धर्मबाट नैतिक विकास तथा दर्शनबाट आत्मज्ञान। जसबाट धारण हुन्छ त्यो धर्म हो। अभ्युदय र निःश्रेयस, लौकिक उन्नति र लोकोत्तर मुक्ति दुवै धर्मका अंग हुन्। तसर्थ धर्म शब्द व्यापक भए तापनि प्रचलन-मा आइसकेकोले 'रिलिजन' लाई 'धर्म' नै भनी प्रयोग गरिएको छ। यसको पुनः विवेचना अंतिम पटल 'सर्वधर्मसमन्वय' मा गरिनेछ।

'मुण्डे-मुण्डे मतिर्भिन्ना' अर्थात् हरेकको दृष्टिकोण भिन्न-भिन्न हुन्छ। एक अंधोले हात्तीको सूँढमा हात पर्दा हात्ती सर्प झैं छ भन्छ। दोस्रो अंधोले हात्तीको दाह्रा समात्दा हात्ती गदा जस्तै रहेछ भन्छ। तेस्रो अंधोले हात्तीको खुट्टा फेला पार्दा हात्ती स्तंभ झैं छ भन्छ। पुच्छर फेला पार्दा चौथो अंधोले हात्ती कुचो जस्तो रहेछ भन्छ। तर यथार्थमा हात्ती कस्तो छ त? आँखा खुले मात्रै यथार्थताको अनुभव हुन्छ। ज्ञानको आँखा न-खुलेसम्म पूर्णरूपले शांति अर्थात् प्रेमस्वरूप सच्चिदानंदमय आत्माको साक्षात्कार हुने छैन। धर्म-परिवर्तन र यसबाट उत्पन्न भएको कलहको कारण यी अंधाहरूको मूर्खता हो। सबै आफ्नो-आफ्नो दृष्टिकोणमा ठीक छन् र त्यही अनुसार खोज गर्दै गए, साधना गर्दै गए अंतमा ज्ञान-चक्षु खुल्नेछ र अभीष्ट वस्तुको प्राप्ति हुनेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारमा अनंत प्राणी छन् । सबैको आफ्नो-आफ्नो धर्म हुन्छ । धर्मको रूप अनंत छ । तर सबैको मूल सार एक सत्य र प्रेम हो । ईश्वरको अनंत धर्मको पुष्पोद्यानवाट केही सुगंधित पुष्पहरू चयन गरी सत्य र प्रेमको सूत्रमा गुँथिएको "विश्व-धर्मको वर्ण-माला" प्रस्तुत छ । अनंत सत्य, ज्ञान र प्रेमको सूत्रमा गुँथिएको अनंत धर्मको दिव्य वैजयन्ती-माला नै ईश्वरको अनुपम कंठहार हो । सत्य-प्रेमको सूत्र चुँडालिए धर्मको अस्तित्व नै मेटिन्छ । आजको वैज्ञानिक युगमा भौतिक सुविधा दिने तथा विकास गर्ने विज्ञानको ध्वंसकारिता, द्वन्द्व र अनेक प्रकारको दुःखले विचलित तथा संतप्त मानवतालाई नैतिकता, शान्ति र प्रेम, कर्म, ज्ञान र भक्तिको दिव्य मार्ग धर्मले नै देखाउँदछ । विश्वका सबै धर्म-मार्गहरूको उद्देश्य पनि यही हो ।

द्वितीय पटलदेखि द्वादश पटलसंम ११ प्रमुख धर्महरूको वर्णन अलग अलग गरिएको छ । अंतिम पटलमा सबै धर्मको सार निकाली सबैको केही वाह्य विषमताको निवारण गर्दै मूल समताको दिग्दर्शन गरिएको छ ।

सबै धर्मको उपदेश तथा उद्देश्य एकै भएकोले फलानो धर्मका यति अनुयायीहरू छन् भन्ने शुष्क तथ्यांकको त्यति महत्त्व रहँदैन तापनि मानिसको मन तथ्यांक-वादतिर ढल्किएको बुझेर यस पुस्तकको अंतमा उक्त विषयमा एक "चार्ट" या तालिका पनि प्रस्तुत गरिएको छ । साथै उक्त तालिकामा प्रवर्त्तक या सुधारकहरूको नाम, उनको समय आदि पनि समावेश गरिएका छन् ।

अंतमा, संपूर्ण मानवतालाई प्रेम तथा एकताको सूत्रमा वाँध्ने उपनिषद्-को एक दिव्य श्लोक उद्धृत गरिन्छ :—

गव्याम् अनेक वर्णानाम्
क्षीरस्य अस्ति एक वर्णना ।
क्षीरवत् पश्यते ज्ञानम्
लिंगिनस्तु गवाम् यथा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात्, गाईहरू अनेक प्रकारका रंगका हुन्छन्, तर सबैको दूध भने एकै रंगको (श्वेत) हुन्छ; त्यसै प्रकारले महात्माहरू, पैगम्बरहरू तथा अवतारी पुरुषहरूले उही एक ज्ञानस्वरूप परम सत्यलाई अनेक नाम-रूप-हरूमा व्यक्त गर्दछन् । तर सबै नाम-रूपको अन्तर्गत एउटै परम सत्य हो ।

सबै बन्धुहरूले "स्वदेशो भुवनत्रयम्" (भगवान् शंकराचार्य) अर्थात् तीनै भुवन (अखिल विश्व ब्रह्माण्ड) स्वदेश हो भन्ने ठानी सबैमा एक आत्माको दर्शन गरी, एक आत्मामा सबैको दर्शन गरी, सबैलाई आत्मवत् ठानी प्रेममय व्यवहारद्वारा सबैले अभ्युदय तथा निःश्रेयस प्राप्त गरुन् । धर्म नित्य छ, सनातन छ । यो मानवताको कल्याणार्थ हो । विश्वको अनेक धर्म एक "विश्व धर्म" हो । उपकारः परमो धर्मः । उपकार नै परम धर्म हो । आनृशंस परो धर्मः । दया, करुणा तथा प्रेम नै परम धर्म हो । सत्यान्नास्ति परो धर्मः । सत्यभन्दा ठूलो धर्म अरू छैन । उपकार, दया, करुणा तथा प्रेम नै सत्य धर्म हो । "धर्मेण लभते सर्वं धर्मसारमिदं जगत् ।" धर्मले सबै कुराको प्राप्ति हुन्छ । धर्मले नै व्याप्त यो विश्व हो । ओम् शान्तिः ! ओम् ! आमेन् ! आमिन् !

किरणशंकर, बी. इ. (यू. एस्. ए.)

मिति : १८ पौष, २०२५ । १५।२९२ पकनाजोल,

१ जनवरी, १९६९. काठमाडौं, नेपाल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्यन अथवा इन्डो-यूरोपियन धर्महरू

द्वितीय पटल

सनातन धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सनातन धर्म

संस्कृतमा "धर्म" भन्नाले अंग्रेजी शब्द "रिलिजन" मात्र बोध हुँदैन। यसमा सबै ज्ञान, विज्ञान तथा तथा दर्शन समाविष्ट छन्। जसबाट मानिसको, जगत्को धारणा हुन्छ त्यसलाई "धर्म" मानिएको छ। मानिस-लाई पशुत्वबाट अलग गर्ने तत्त्वलाई धर्म भनिन्छ। वैशेषिक दर्शनको अनुसार धर्म त्यो हो जसबाट सांसारिक उन्नति तथा मोक्ष-प्राप्ति पनि होओस्, जसबाट मानिसको कल्याण हुँदैन, प्रगति हुँदैन त्यो अधर्म हो। जुन तत्त्वले मानिसलाई अवनतिबाट बचाउँछ र शारीरिक, मानसिक एवं आध्यात्मिक, भौतिक, नैतिक एवं धार्मिक विकास गर्दछ त्यो हो सनातन धर्म। यस प्रकार धर्मबाट सर्वतोमुखी विकासको बोध हुन्छ। "सनातन' भनेको अनादि–अनंत हो। अतः "सनातन धर्म" भन्नाले त्यस धर्मको बोध हुन्छ जसको न आदि छ र न अंत नै। कुनै व्यक्तिविशेष या कुनै पैगम्बरले शुरू गरेको यो सनातन-धर्म होइन। जसको जन्म हुन्छ त्यसको मृत्यु पनि अवश्यंभावी छ। सनातन-धर्मको आदि छैन, तसर्थ यसको अन्त पनि छैन। यो हो "सनातनस्य धर्म" अर्थात् अनादि-अनंत सनातन परब्रह्म परमेश्वरको धर्म। सनातन धर्मको पालन गर्ने पनि सनातन अर्थात् अमर हुन्छन्। उनी नित्य शुद्ध बुद्ध मुक्त सच्चिदानन्दमय हुन्छन्।

यस प्रकार सनातन धर्मको चतुर्विध अर्थ हुन्छ :—

(क) सनातन धर्म—सनातन परमेश्वरको धर्म।

(ख) सनातनश्चासौ धर्मश्च—त्यो धर्म जो सनातन छ।

(ग) सन,तनं करोति—सनातन कालदेखि यो धर्म चलिआइरहेको छ। यो अमर छ। तसर्थ यसका अनुयायीहरू पनि अमर हुन्छन्। यसको पालन गर्नेहरू हरेक युगमा अनंत कालसम्म भइरहनेछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) सनातन स्वरूपं प्रापयति—हरेक व्यक्तिले सनातन परमात्मामा लय भई अमरत्व अर्थात् ब्रह्मत्व प्राप्त गर्दछ ।

यस चतुर्विध सनातन धर्मलाई वैदिक धर्म या हिन्दू-धर्म पनि भनिन्छ जसको सत्य निष्ठापूर्वक पालन गर्नाले अभ्युदय तथा निःश्रेयस दुवैको प्राप्ति हुन्छ । बुद्धि तथा वीरता, आध्यात्मिक तथा शारीरिक शक्ति ज्ञान तथा विज्ञानको बोध जसबाट हुन्छ अर्थात् जसबाट मानिसको सर्वतोमुखी विकास हुन्छ त्यो हो सनातन-धर्म । यो दुनियाँमा सबै भन्दा पुरानो धर्म हो ।

सनातन-धर्मको लक्षण :—

सनातन-धर्मको लक्ष्य हो सर्वतोमुखी लौकिक विकास गरी अंतमा मुक्ति प्राप्त गर्नु जसको लागि साधनाको आवश्यकता हुन्छ । सनातन धर्ममा हरेक मानिसको लागि उसको भावनाअनुसार उपयुक्त हुने साधनाहरू अनेक छन् । कसको उपासना गर्ने भन्ने कुरामा कुनै जटिल समस्या नहुनु यस धर्मको विशेषता हो । आफ्नो भावनाअनुसार, रुचिअनुसार, श्रद्धाअनुसार मानिसले कुनै पनि रूपको कुनै पनि साधनाद्वारा उपासना गर्न सक्तछ । तर हरेक साधनामा, मार्गमा, उपासनामा भगवान् मनुको अनुसार धृति, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धी, विद्या, सत्य र अक्रोध यी दशविध सामान्य लक्षणहरू सनातन-धर्मका हुन् । महाभारत शान्तिपर्वको शब्दमा जसले अहिंसा अर्थात् प्रेमको दिव्य शिक्षा दिन्छ त्यो निश्चय नै धर्म हो ।

ग्रन्थहरू :—

"विद्" धातुको अर्थ हुन्छ "जान्नु" जसबाट "वेद" शब्द भएको छ । "श्रु" माने "सुन्नु" धातुबाट श्रुति भएको छ । साक्षात् सत्यस्वरूप परमेश्वरबाट सुनिएर प्राप्त भएको ज्ञानलाई श्रुति या वेद भनिन्छ । वेद चार छन् : (क) ऋग्वेद (१० मंडल, १०५५२ मंत्रहरू छन्) : (ख) यजुर्वेद (४० अध्याय, १९७५ मंत्रहरू छन्) ; (ग) सामवेद (१८७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मंत्रहरू छन्) र (घ) अथर्ववेद (२० काण्ड र ५९८७ मंत्रहरू छन्)। यस प्रकार वेदमा कुल २०३८९ मंत्रहरू समाविष्ट छन्। हरेक वेदमा कर्म उपासना र ज्ञानकाण्डहरू छन्। हरेक वेदलाई चार भागमा बाँडिएको छ :—

(क) संहिता—वेद-मन्त्र तथा परमेश्वरको विविधरूप तथा शक्तिहरू-को स्तुति आदि संहितामा संकलित छन्।

(ख) ब्राह्मण - यज्ञ विधि तथा मन्त्रका व्याख्याहरू यसमा समाविष्ट छन्। ऐतरेय ब्राह्मण तैत्तिरीय ब्राह्मण र शतपथ ब्राह्मण मुख्य छन्।

(ग) आरण्यक—दिव्य प्रतीकहरूमा ध्यान गर्ने विधिहरू तथा यज्ञका आध्यात्मिक रूपहरू आरण्यकमा छन्। ऐतरेय, शांखायन, वृहदारण्यक, तैत्तिरीय तथा तवलकार आदि आरण्यक ग्रन्थहरू छन्।

(घ) उपनिषद्—यो वेदको अंतिम भाग हो। यसमा ब्रह्म-विद्या तथा आत्मज्ञानको तत्त्वको विषयमा चर्चा छ। यो ज्ञानकाण्ड या वेदान्तको प्रमुख शास्त्र हो। १०८ वटा उपनिषद्हरू फेला पारिसकिएका छन् जसमध्ये ईशोपनिषद्, केनोपनिषद् कठोपनिषद्, प्रश्नोपनिषद्, मुण्डकोपनिषद्, माण्डूक्योपनिषद्, तैत्तिरीय उपनिषद्, ऐतरेय उपनिषद्, छान्दोग्योपनिषद्, वृहदारण्यकोपनिषद् र श्वेताश्वतरोपनिषद् प्रमुख छन्।

वेदका अतिरिक्त ६ वेदांगहरू छन्। ती हुन् : शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष। आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, र स्थापत्यवेद यी चार उपवेदहरू छन्। स्थापत्यवेदमा "इन्जिनीयरिंग" विज्ञान पनि समाविष्ट छ। मनुस्मृति (मानव-धर्म शास्त्र), याज्ञवल्क्यस्मृति, अत्रिस्मृति, विष्णुस्मृति, आपस्तम्बस्मृति, पाराशरस्मृति, व्यासस्मृति, वशिष्ठस्मृति आदि प्रमुख स्मृतिहरू छन्। इतिहास ग्रन्थमा रामायण र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाभारत छन् । ब्रह्मपुराण, पद्मपुराण, विष्णुपुराण, शिवपुराण, श्रीमद्भागवतपुराण, नारदपुराण, मार्कण्डेयपुराण, अग्निपुराण, भविष्य-पुराण, ब्रह्मवैवर्तपुराण, लिंगपुराण, वाराहपुराण, स्कन्दपुराण, वामन-पुराण, कूर्मपुराण, मत्स्यपुराण, वायुपुराण तथा ब्रह्माण्डपुराण यी १८ पुराण ग्रन्थहरू छन् । यी बाहेक अरू नीति ग्रन्थहरू पनि छन् ।

दर्शनशास्त्रहरूमा दुई प्रकारका ग्रन्थहरू छन् : (क) आस्तिक र (ख) नास्तिक । आस्तिक ग्रन्थहरूमा न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदांतका ग्रन्थहरू छन् । वेदलाई मान्यता दिने दर्शनलाई आस्तिक भनिएको छ । वेदलाई मान्यता नदिनेलाई नास्तिक भनिन्छ । यिनमा चार्वाक, जैन र बौद्ध ग्रन्थहरू छन् । वेदलाई मान्यता नदिए तापनि महावीर स्वामी र बुद्ध वेदका विरुद्ध थिएनन् । उनीहरूले वैदिक धर्मको प्रमुख तत्त्व लै तात्कालीन पाखण्डीपनालाई दूर हटाई धर्मको आलोक पुनः जगमगाएका थिए ।

वेदलाई निगम पनि भनिन्छ । तन्त्रशास्त्रलाई आगम भनिन्छ । पाँचरात्र (वैष्णव), शैव र शाक्त आगमहरू पनि छन् ।

चार पुरुषार्थ :—

मानिसको सर्वतोमुखी विकासको लागि चार पुरुषार्थको समुचित साधनाको आवश्यक हुन्छ । यो चार हुन्—धर्म, अर्थ, काम र मोक्ष । प्रथम तीनलाई त्रिवर्ग पनि भनिन्छ । यिनको मूल आधार धर्म नै हो । धर्मद्वारा अर्थ र कामको सिद्धि गर्नुपर्दछ । अर्थको मूल हो धर्म । अर्थको फल नै काम हो । यो त्रिवर्गको मूल हो मोक्ष । धर्म-परायण मात्रै हुनु या अर्थपरायण मात्रै हुनु वा काम-परायण मात्रै हुनु अनुचित छ । यी तीनमध्ये एकको मात्रै सेवनले मानिस जघन्य हुन्छ । दुईको मात्र सेवन गर्नाले मध्यम तथा तीनैको समुचितरूपले सेवन गर्नाले मानिस उत्तम हुन्छ । यस प्रकार धर्मपूर्वक अर्थ र कामको पूर्ति गरिसकेपछि मानिस मोक्षतिर अग्रसर हुन्छ । त्रिवर्गको अभ्यासले अभ्युदय अर्थात् लौकिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उन्नति प्राप्त गरी अन्तमा निःश्रेयस अर्थात् मोक्ष प्राप्त गर्नु हरेक मानिसको सनातन मानव-धर्म हो ।

चार योग :—

संसारमा आफ्ना-आफ्ना गुण तथा भावनाले गर्दा अनेक प्रकारका मानिस छन् । सबै आनन्दरूपी मुक्तिको खोजमा छन् । एउटै कोट सबैलाई ठीक हुँदैन । हरेकलाई हरेक आकार-प्रकारको कोट चाहिन्छ । बालकको कोट ठूलोलाई ठीक हुँदैन र ठूलाको कोट बालकको लागि ठूलै हुन्छ । त्यसै प्रकार मुक्तिको बाटो अर्थात् साधनहरू पनि विविध छन् । विविध भए तापनि यी एक अर्काका पूरक छन् । विभिन्न प्रकारका मानिसहरूलाई चार प्रमुख श्रेणीमा विभक्त गर्न सकिन्छ : कर्मठ, भावुक, दार्शनिक तथा ध्याननिष्ठ । कर्मठको लागि कर्म-योग अर्थात् कर्म-मार्ग, भावुकको लागि भक्ति-योग, दार्शनिकको लागि ज्ञान-योग तथा ध्याननिष्ठ व्यक्तिको लागि राज-योग यी चार योगहरू छन्, जसको साधनाले हरेक मानिसले मुक्ति अर्थात् आत्म-दर्शन प्राप्त गर्न सक्तछ ।

(१) **कर्म-योग :**—फलको आशा नराखी कर्म गर्नु कर्म-योग हो । दुःखमा उद्विग्न नभई, सुखमा पनि लोभ नगर्दै, राग, द्वेष, भय, क्रोध आदिबाट मुक्त भई आफूलाई यस प्रकार समत्वमा स्थिर राखी निष्काम कर्म गर्नु कर्म-योगको विशेषता हो । यही समत्वलाई योग भनिन्छ । कर्ममा कुशलताको नाउँ हो योग : "योगः कर्मसु कौशलम् ।" (गीता २।५०) । यजुर्वेद (४०।१,२) मा पनि आफ्नो जीवनभर कसैको धनको लोभ नगर्दै निष्काम कर्म गर्नाले मानिस कर्मको बन्धनबाट मुक्त हुन्छ भनी दर्शाइएको छ ।

(२) **ज्ञान-योग :**—अज्ञानता या अविद्यामा जीवन दुःखमय हुन्छ । विवेकज्ञानद्वारा दुःखको निवृत्ति गरी मोक्षपद प्राप्त गर्नु योग हो । दुःखबाट मुक्त हुनु नै मोक्ष या निर्वाण हो । यही आत्म-ज्ञान हो । विना ज्ञान मुक्ति असम्भव छ । श्रवण, मनन तथा निदिध्यासनद्वारा ज्ञानको प्राप्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ । ज्ञान-योग वेदान्तको मार्ग हो । यसमा साधन चतुष्टयको अभ्यास गरिन्छ । यी हुन् :—

१. नित्यानित्यवस्तु विवेक—के नित्य, के अनित्य, के सत्, के असत्-यसको विवेक-विचार ।

२. इहामुत्रफल भोग विराग—कर्म-फलको आशा-त्याग ।

३. षट् सम्पत्ति :—

(क) शम—द्वेषादि विषयबाट स्वतन्त्र या विरक्त भई चित्तलाई लक्ष्यमा स्थिर गर्नु ।

(ख) दम—इन्द्रिय-निग्रह ।

(ग) उपरति—मन र इन्द्रियलाई बाह्य विषयको आसक्तिबाट हटाउनु ।

(घ) तितिक्षा समत्व भाव ।

(ङ) श्रद्धा—आदर्श (लक्ष्य), पथ (धर्म) र पथ-प्रदर्शक (गुरु) मा दृढ विश्वास ।

(च) समाधान (समाधि)—शुद्ध ब्रह्ममा चित्तलाई एकाग्रतापूर्वक लगाउनु ।

४. मुमुक्षुत्व—दुःखबाट मुक्ति पाउने तीव्र अभिलाषा ।

(३) भक्ति-योग :—भागवत् धर्ममा भक्तिको धारा अपूर्वरूपले प्रवाहित छ । आँसुको जलले हृदयलाई सिंचित गर्नाले प्रेमको पुष्प पूर्णरूपले पल्लवित हुन्छ । जो सबै प्राणीको कल्याणमा रत छ, जसमा न राग छ, न द्वेष, जो मान र अपमान, सुख र दुःखमा बराबर छ, जो संतोषी छ, जसलाई निद्रा र प्रशंसा दुवै बराबर छन्, जसको स्थिर बुद्धि छ त्यो सच्चिदानन्दस्वरूप परमेश्वरको भक्त हुन्छ । जसले सबै प्राणीमा आत्मस्वरूपको दर्शन गर्दछ उ सर्वोत्तम भक्त हुन्छ । दया धर्मको मूल हो र घमण्ड पापको । ज्ञान-मार्गी भगवान श्री शंकराचार्यको दि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वचनको अनुसार पनि आफ्नो सत्य रूपको वारंवार चिन्तन गनु नै भक्ति हो र यही ध्यान पनि ।

(४) **राजयोग** :—चित्तवृत्तिको निरोध नै योग हो । यही परम शान्तिको अवस्था हो । जसरी घ्यूले आगोको ज्वाला बढ्दछ त्यसरी नै विषयको उपभोगले इच्छा अर्थात् तृष्णा कदापि शान्त हुँदैन । योग मुक्तिको साधन हो । यसमा पातंजल योग सूत्रानुसार अष्टांग-योगको अभ्यास गरिन्छ :—

(क) यम—अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहको मनसा वाचा कर्मणा पालन गर्नु योगको प्रथम चरण हो । यो सार्वभौमिक महाव्रत हो जसको अभ्यास कसैले पनि कुनै पनि स्थानमा हरेक कालमा हरेक अवस्थामा गर्न सक्दछ । यो पंचशील हो । दया, क्षमा, सत्य, अहिंसा, दान, नम्रता, प्रीति, प्रसन्नता, माधुर्य र कोमलता यी दश "यम" हुन् भनी अत्रिस्मृतिमा दिइएको छ ।

(ख) शौच, संतोष, तप, स्वाध्याय र ईश्वर-प्रणिधानको पालन योगको दोस्रो चरण हो । अत्रिस्मृतिअनुसार शौच, यज्ञ, तप, दान, स्वाध्याय, ब्रह्मचर्य, व्रत, मौन, उपवास र स्नान यी दश 'नियम' हुन् ।

नियमभन्दा यम प्रमुख छ । त्यसैले त यम योगको प्रथम सोपान हो । नैतिकताको आधारशिला यी यम र नियम हुन् ।

(ग) आसन—सुखपूर्वक तथा स्थिरतापूर्वक बसिने अवस्थालाई आसन भनिन्छ । यम र नियमले नैतिक तथा मानसिक विकास गर्दछन् भने आसनले शारीरिक विकास गर्दछ । सर्वतोमुखी स्वास्थ्य आसनको लक्ष्य हो । यसबाट नाडी विशुद्ध हुन्छ । नीरोगी रहनाले ध्यानको अभ्यासमा विकास हुँदै जान्छ ।

(घ) प्राणायाम—आसन स्थिर भइसकेपछि श्वास र प्रश्वासको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गतिको निरोधद्वारा 'प्राण' को 'आयाम' गरिनेलाई प्राणायाम भनिन्छ। प्राणायामबाट नाडीको पूर्ण विशुद्धीकरण भइसकेपछि ज्ञानको सूक्ष्म दृष्टिको उदय हुन्छ। यसले धारणा-ध्यानको लागि धेरै सहायता गर्दछ।

(ङ) प्रत्याहार—इन्द्रियहरूलाई आफ्ना विषयहरूबाट हटाउनु प्रत्याहार भनिन्छ। यी पाँच अंगहरू बहिरंग हुन्। यिनको अभ्यासपछि साधन अंतरंग साधनातिर अगाडि बढ्छ।

(च) धारणा—ध्येय वस्तुमा चित्तलाई लगाउनु धारणा हो।

(छ) ध्यान—धारणाको प्रवाहलाई ध्यान भनिन्छ।

(ज) समाधि—जब ध्येय ध्यान र ध्याता एक हुन्छन् तब त्यस अवस्थालाई समाधि भनिन्छ।

धारणा, ध्यान र समाधिलाई "संयम" पनि भन्दछन्। संयमको साधनाले साधक प्रज्ञाको आलोकमा, आत्माको दिव्य ज्योतिमा लीन हुन्छ। अनि साधकलाई कैवल्य-पद, मोक्ष या निर्माणको प्राप्ति हुन्छ। यो आत्म-ज्ञानको तुरीय अवस्था हो।

यी चार योगहरू अलग-अलग भए तापनि तिनमा पारस्परिक सम्बन्ध हुन्छ। ध्यानविना ज्ञान हुँदैन, ज्ञानविना कर्म व्यर्थ हुन्छ र प्रेमविना कुनै पनि काम सफल हुँदैन। निष्काम कर्मले क्रान्ति गरी साधकले शान्ति प्राप्त गर्नुपर्छ। शान्ति नै ज्ञानको उच्च अवस्था हो। अनि पूर्ण ध्यानले, भक्तिले परब्रह्ममा उ लीन भएर जान्छ। सारा विश्व ब्रह्ममय प्रतीत हुन्छ। आत्माको दर्शन हुन्छ। परम शान्ति, परमानन्दको अनुभूति हुन्छ। शिवत्वको प्राप्ति हुन्छ। सत्यं-शिवं सुन्दरं-को साक्षात्कार हुन्छ। दुःखबाट निवृत्ति हुन्छ।

षड् दर्शन :—

'दर्शन' हिन्दू-धर्मको प्राणस्वरूप हो। पाश्चात्य देशहरूमा विज्ञान, धर्म र दर्शनको आपसमा कलह छ भने हिन्दू वैदिक-धर्ममा यी तीनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समतुलित समन्वय छ। विज्ञानले भौतिक विकास गर्दछ, धर्मले नैतिक विकास तथा दर्शनले आध्यात्मिक विकास। यी तीनैको समतुलित विकासको साधन हो सनातन-धर्म। यसको अंतिम लक्ष्य हो शिवत्व प्राप्त गर्नु, आत्म-दर्शन गर्नु जसबाट मानिस कर्म तथा पुनर्जन्मको चक्रबाट मुक्त हुन्छ। जसबाट तत्त्व ज्ञान हुन्छ अर्थात् आत्मस्वरूपको दर्शन हुन्छ त्यसको नाम हो दर्शन। हिन्दू-दर्शन-शास्त्रमा चार प्रतिपाद्य विषयहरू छन्। यी चार सत्य यस प्रकार छन् :—

(क) **हेय** (दुःख)—हरेक प्राणीको जीवन दुःखपूर्ण छ। मृगतृष्णा ले दुःखको निवारणार्थ सुख प्राप्तिको लागि अनेक विषयको उपभोग गरे तापनि अंतमा मानिसलाई दुःख नै हुन्छ। अतः त्यो दुःख के हो ? जो 'हेय' अर्थात् त्याज्य छ ? जसबाट प्राणीले मुक्ति चाहन्छ त्यो दुःख हो।

(ख) **हेयहेतु** (दुःखको कारण)—त्याज्य दुःखको कारण के हो ? योग दर्शन भन्दछ कि यो अविद्या हो, अज्ञानता हो जसबाट दुःख हुन्छ। तृष्णा तथा वासना अविद्याकै विभिन्न रूप हुन्।

(ग) **हान** (कैवल्य या निर्वाण)—'हान' अर्थात् दुःखको नितान्त अभाव के हो ? यस हान अवस्थालाई कैवल्य या निर्वाण भन्दछन्।

(घ) **हानोपाय** (दुःख निवृत्ति-साधन)—हानोपाय अर्थात् दुःख-बाट मुक्त हुने साधन के हो ? विवेक-ज्ञान नै यसको साधन हो। यस साधनलाई 'अष्टांग योग' भनिन्छ।

यी चार रहस्यपूर्ण सत्य तथा प्रश्नको समाधान षड्दर्शनले गरेको छ। यी ६ दर्शनहरू वेदका उपांग हुन्। गौतम मुनि प्रवर्तित न्याय-दर्शन, कणाद मुनि प्रवर्तित वैशेषिक दर्शन, कपिल मुनिको सांख्य दर्शन, पतंजलिको योग-दर्शन, जैमिनीको मीमांसा-दर्शन तथा वादरायण व्यासको वेदान्त-दर्शन यी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षड्-दर्शन हुन् । मीमांसाबाट धर्मको ज्ञान हुन्छ । वेदान्त दर्शनबाट ब्रह्म-ज्ञान प्राप्त हुन्छ । यस ब्रह्मज्ञान प्राप्तिको लागि तीन उपाय छन् :— 'श्रवण, मनन, र निदिध्यासन ।' शास्त्र, ग्रन्थ आदिहरूको अध्ययनबाट तथा गुरुबाट 'श्रवण' गर्नु वेदान्तको प्रथम चरण हो । न्याय-दर्शन र वैशेषिक दर्शनको सहायताले 'मनन' गरिन्छ र 'निदिध्यासन' को लागि सांख्य-दर्शन र योग-दर्शनको सदुपयोग गरिन्छ । यसरी दुःखको कारण-स्वरूप अविद्याको अष्टांग योगको साधनद्वारा समूल नाश गरिसकेपछि शिवत्व अर्थात् कैवल्य-पदको प्राप्ति हुन्छ ।

बन्धन, पुनर्जन्म र मुक्त पुरुष :—

मनले जे इच्छा गर्छ त्यसैको प्राप्ति हुन्छ । जसले जसको जुन भावले चिन्तन गर्छ त्यसले त्यस चीजको त्यसै प्रकारले अनुभव गर्दछ । मन नै सुख-दुःखको कारण हो, बन्धन र मोक्षको कारण हो । सबै तीर्थहरूमा तीर्थाटन गरी बारंबार स्नान गर्नाले मानिस मुक्त हुने होइन । जबसम्म मन निर्मल हुँदैन तबसम्म सबै काम निरर्थक छ । मानिसले दुःखबाट निवृत्ति प्राप्त नगरेसम्म, कर्म-फलको क्षय नभएसम्म जन्म र मरणको चक्रमा पर्छ । हरेक कारणको फल हुन्छ र कुनै पनि प्रभाव कारणविना हुन सक्तैन । तसर्थ कर्मफलको अनुसार सबैले सुख र दुःखको भोग गर्दछन् । राम्रो कर्मको राम्रै फल हुन्छ र नराम्रो कर्मको नराम्रै फल । त्यसर्थ मोक्ष प्राप्त नभएसम्म जसरी जीर्ण-शीर्ण लुगालाई फ्याँकी नयाँ लुगा मानिसले लगाउँछ त्यसै प्रकार जीर्ण भइसकेको काम नलाग्ने शरीरलाई त्यागी जीवले अर्को नयाँ शरीर धारण गर्दछ । यसलाई 'पुनर्जन्म' भनिन्छ ।

जसले सबैमा आत्मस्वरूपको दर्शन गर्दछ, को प्रिय, को अप्रिय दुवै जसको निमित्त बराबर छन्, जसको बुद्धि विशुद्ध छ, जसले काठ र सुनलाई समदृष्टिले हेर्दछ, जसले परहितमा आफ्नो पनि त्याग गर्दछ, उ मुक्त पुरुष हुन्छ । जसलाई सुखबाट सुख, दुःखबाट दुःख हुँदैन र जसको चित्तवृत्ति अंतर्मुखी छ, उ मुक्त पुरुष हुन्छ । उसले कसैलाई दुःख दिंदैन,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिपूर्वक काम गर्दछ र दुःखमा पनि प्रसन्नतापूर्वक रहन्छ । ग्लानि कदापि हुँदैन । उसलाई न धनको लोभ छ, न स्त्रीको, न यशको । उसमा अपूर्व शान्तिको दिव्य ज्योति झल्कन्छ । उसमा न हर्ष हुन्छ, न शोक, न भय, न काम, न क्रोध । उ न कंजूस हुन्छ, न दीन, न उद्विग्न, न प्रमत्त, न खिन्न, न उद्धत, न हर्षित, न चिन्तित । सबै कार्यमा उसको समभाव हुन्छ । आत्म संतुष्टि हुन्छ । जसरी सुषुप्त पुरुषलाई सुन्दरीहरूले प्रभावित गर्न सक्तैनन्, त्यसरी नै मुक्त पुरुषले निष्काम कर्म गर्दा सांसारिक व्यवहार-ले उसलाई कर्म-फलको बन्धनमा बाँध्दैन । उ समदर्शी, कृपालु, सबैको मित्र र सर्वोपकारी हुन्छ । घोर दुःखमा पनि प्रसन्नता मुक्त पुरुषको विशेषता हो । उ शांत र स्थिर बुद्धिको हुन्छ । सत्य उसको जीवनको सार हो । प्रेम र करुणा उसको प्रमुख देन हो । उ अरूको मान गर्ने हुन्छ तर अरूबाट मान-संमानको आशा राख्तैन । क्षुधा, प्यास, शोक, मोह, जन्म र मृत्युबाट उ कदापि विचलित हुँदैन । उ जीवन-मुक्त छ । उसमा 'स्व' र 'पर' को भेद-भाव हुँदैन । सबैमा उसले आत्म-दर्शन गर्दछ ।

द-द-द :—

सृष्टि-कर्त्ता प्रजापति ब्रह्माका तीन प्रकारका छोराहरू थिए :— देव, मनुष्य र असुर । प्रजापति उनका गुरु पनि थिए । उनले तीनै वर्गका मानिसहरूलाई 'द' को मूलमंत्रले दीक्षित गरे । देव सात्त्विक पुरुष हुन्, मनुष्य राजसिक तथा असुर तामसिक । सात्त्विक पुरुषमा इन्द्रिय-लोलुपता भएकोले गुरुले उनलाई "द" को मूल मन्त्रबाट इन्द्रिय— "दमन" को पाठ पढाए । राजसिक पुरुष स्वभावतः लोभी हुनाले गुरुले उनलाई "द" को मूल मन्त्रबाट "दान" गर भनी सिकाए । तामसिक पुरुष स्वभावतः क्रोधी र निष्ठुर भएको हुनाले गुरुले उनलाई "द" को मूल मन्त्रबाट "दया" को शिक्षा दिए । आज पनि यी तीन प्रकारका मानिसहरू देखिन्छन् । हरेकमा तीनै गुणहरू कम-बेशी मात्रामा भएकोले हरेकले "दमन, दान र दया" को अभ्यास गर्नुपर्दछ । गीता (१६।२१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को अनुसार पनि काम, क्रोध र लोभ नरकका त्रिविध द्वार हुन् जसबाट मानिसको विनाश हुन्छ, तसर्थ यी तीन त्याज्य छन् । काम-वासना हटाउन दमनको, लोभ हटाउन दानको र क्रोध हटाउन दयाको अभ्यास आवश्यक छ ।

यी तीनमध्ये लोभ नै मूल छ । महाभारतको शांतिपर्व (१५८।४) मा बताइएको छ कि लोभले क्रोध हुन्छ र लोभैले काम-वासना पनि जन्मन्छ । लोभ नै पापको कारण हो । अथर्ववेदको अनुसार सय हातले कमाई हजार हातले बाँड्नुपर्छ । लोभ-वासनाको नियन्त्रणको लागि यस्तो उदारताको भावना सबैमा हुनु श्रेय छ ।

परम धर्म :—

मानिसले अपमानमा पनि क्षमाशील हुनुपर्दछ । मनुस्मृति (२।१६१) मा बताइएको छ कि आफै दुःखित भएर पनि अरूलाई दुःख दिनु हुँदैन । अरूको अपकार गर्ने विचारसम्म पनि गर्नु हुँदैन र त्यस्तो वचन पनि बोल्नु हुँदैन जसबाट अरूलाई दुःख होस् । वाल्मीकीय रामायणमा बताउँदछ कि क्षमा नै पुरुषको अलंकार हो । क्षमा नै दान हो, सत्य हो, यज्ञ हो, यश हो, धर्म हो । क्षमामै सर्व जगत् प्रतिष्ठित छ ।

मनले, वचनले, कर्मले कसैलाई दुःख नदिनु 'अहिंसा' हो । सबैलाई आफ्नो प्राण प्यारो हुन्छ । तसर्थ मानिसले त्यस्तो व्यवहार अरूसँग नगरोस् जुन व्यवहार अरूले आफूप्रति गरे आफूलाई दुःख हुन्छ । धर्मको मुख्य सार यही हो । अरूलाई सुखी तुल्याउनमा नै परम सुखको अनुभूति हुन्छ । तसर्थ महाभारतमा भनिएको छ : अहिंसा परमो धर्मः अर्थात् अहिंसा वा प्रेम नै परम धर्म हो । अहिंसा नै परम तपस्या हो । अहिंसा नै परम सत्य हो । अहिंसा र सत्यबाटै धर्मको प्रवृत्ति हुन्छ । योगदर्शन अनुसार अहिंसाको प्रतिष्ठाले सबै सँग मित्रताको स्थापना हुन्छ । सर्व प्राणीलाई आत्मवत् ठानी सद्व्यवहार गर्नु परम धर्म अर्थात् कर्तव्य हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदमा अहिंसा र प्रेमको सर्वोच्च स्थान छ। यजुर्वेद (१३।४७–४८) मा कर्मणा पनि कुनै प्राणीको हिंसा नगर्नु भनी बताइएको छ :—

"पशून् पाहि, गां मा हिंसीः, अजां मा हिंसीः।
"आवि मा हिंसीः, इमं मा हिंसीः द्विपादं पशुम्।
मा हिंसीः एक शफं पशुम्, मा हिंस्यात् सर्वा भूतानि ॥"

अर्थात् पशुको रक्षा गर। गाईलाई नमार। बाख्रीको हिंसा नगर। भेडाको हिंसा नगर। दुई पाद भएका पक्षी तथा मनुष्यको हिंसा नगर। एक खुर भएका घोड़ा, गधाको हिंसा नगर। कुनै प्राणीको हिंसा नगर।

यज्ञमा पनि पशु-बलिलाई वर्जित गरिएको छ। "मांसपाकप्रतिषेधः" भनी मीमांसाले हिंसा-वृत्तिलाई वर्जित गरेको छ। महाभारतको शांति पर्वमा यस प्रकार भनिएको छ :—

सुरा मत्स्याः पशोर्मांसं द्विजातीनां बलिस्तथा।
धूर्तैः प्रवर्तितं यज्ञे नैतद् वेदेषु कथ्यते ॥

अर्थात्, "मद्य, माछा, पशुहरूको मासु र यज्ञमा द्विजहरूद्वारा पशु-बलि धूर्त या कपटीहरूद्वारा यज्ञमा प्रवर्तित भएको छ। अर्थात् बलि प्रथा दुष्ट राक्षसी मांसाहारीहरूले यज्ञमा चलाएका थिए। वेदहरूमा मासुको विधान छैन[१]।" त्यसैले त भगवान् विष्णुका नवौं अवतार भगवान् बुद्धले अवैदिक पशुबलिको राक्षसी प्रथा हटाई सनातन वैदिक धर्मको "अहिंसा परमो धर्मः" को पुनः प्रतिष्ठा गर्नुभएको थियो। श्रीमद्भागवत् मा पनि देवर्षि नारदले यज्ञमा निर्दयतापूर्वक हजारौं पशुको हिंसा गर्नेलाई परलोकमा कष्टप्रद यातना भोग्नुपर्ने कुरा दर्शाई पशुबलिको विरोध गरेका थिए।

अहिंसा नै परम सत्य हो। सत्य नै सनातन धर्म हो। "नास्ति

---

१. वेदमा हिंसा वर्जित छ भन्ने कुराको एक विश्लेषण परिशिष्ट–१ मा हेर्नुहोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्यात्परो धर्मः" अर्थात् सत्यभन्दा ठूलो अरू धर्म छैन । सत्य, समता, दम, अमात्सर्य, क्षमा, नम्रता, सहनशीलता, अनसूयता, त्याग, ध्यान, सदाचार, धैर्य र अहिंसा यी सत्यका तेह्र रूपहरू हुन् । "सत्यं हि परमं धर्मम्" अर्थात् सत्य नै परम धर्म हो । सत्य नै परब्रह्म हो । सत्यमै धर्म प्रतिष्ठित छ । सत्य नै नित्य वेदको राशि हो । सत्याभ्यासले परम पदको प्राप्ति हुन्छ । सत्य नै परम पद हो । सत्य नै सबैको मूल हो । संसारमा सत्य नै एक ईश्वर हुन् ।

सत्य बोल्नुपर्छ र प्रिय बोल्नुपर्छ । तर अप्रिय सत्य बोल्नु हुँदैन । किनकि अप्रिय सत्य-वचनले मानिसलाई दुःख हुन्छ र यसरी परम धर्म अहिंसाको प्रतिष्ठा हुँदैन । तर प्रिय असत्य भने कदापि बोल्नु हुँदैन । यस्तो अहिंसा र सत्यको साधनालाई सनातन-धर्म भनिन्छ भनी भगवान् मनुले बताएका छन् । महाभारतको वचनामृतको अनुसार पनि राम्रोसँग सान्त्वनापूर्ण मीठो र प्रेमपूर्ण वचन बोलियो र सदा हर प्रकारले प्रेमको सेवन गरियो भने यो भन्दा बढ्ता अरू केही छैन । अगाडि गुणगान गर्नु तर पछाडि निन्दा गर्नुभन्दा निम्नतर अरू हिंसात्मक कार्य छैन ।

अहिंसा-सत्यको पालनद्वारा सबै प्राणीलाई अभय-दान गर्नुपर्दछ । त्यसो हुँदा कसैसँग पनि शत्रुता हुँदैन । प्रेमको भावनाले गर्दा हिंस्रक जन्तु तथा शत्रुहरू पनि मित्रस्वरूप हुन्छन् । सबै पुराणहरूको सार पनि अहिंसा र परोपकार नै हो । द्वेष भाव हटाई प्रेम-भावले सबैले सबैलाई आत्मवत् हेरी मित्रतापूर्वक प्रेममय व्यवहार गरे यो पृथ्वी स्वर्गतुल्य हुनेछ । उपकार नै परम धर्म हो । "उपकारः परमो धर्मः । यसको लागि मन शिव अर्थात् कल्याणमय विचारले युक्त हुनुपर्दछ ।

योगदर्शन (१।३३) मा चार भावनाको अनुसार सद्व्यवहारको कुरा यस प्रकार झल्काइएको छ :—

सुखीप्रति मैत्री भावना राख्नाले राग र ईर्ष्यारूपी मल पदार्थहरू दूर हुन्छन् । उ सुखी छ भनी उसको ईर्ष्या गर्ने होइन । दुःखीप्रति दया

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् करुणाको भावनाले घृणारूपी मलको नाश हुन्छ। दुःखीको तिरस्कार नगरी उसको दुःखको कसरी निवृत्ति हुन सक्छ भनी करुणा-भावले उसको सहायता गर्नुपर्दछ। पुण्यात्माप्रति मुदिता अर्थात् हर्षको भावनाले असूयारूपी अर्थात् ईर्ष्यारूपी मलको नाश हुन्छ। उसको पुण्यताको विरोध नगरी उसको पुण्यताले प्रसन्न हुनुपर्दछ। पापी या दुर्जनप्रति उपेक्षा (उदासीनता) को भावनाले द्वेष र घृणारूपी मल दूर हुन्छ। यस प्रकार अवस्थानुसार मैत्री, करुणा, मुदिता तथा उपेक्षा भावनाको अभ्यासले चित्त निर्मल तथा प्रसन्न हुन्छ। धर्मका दुई पक्ष हुन्छन्—विचार र आचार। विचार शुद्ध तथा पवित्र छ भने आचार पनि स्वतः राम्रो हुन्छ।

वर्ण-धर्म :—

माया अर्थात् प्रकृतिका तीन गुण या शक्तिहरू छन् : सत्त्व, रज र तम। यी तीन शक्तिकै विभिन्न अनुपातमा अनेक प्रकारले मिलन हुँदा अणु-परमाणुहरूको सृष्टि भई सारा भौतिक जगत् व्यक्त भएको छ। आधुनिक भौतिक विज्ञानले पनि यस तथ्यलाई अंगीकार गरेको छ। त्यसै प्रकार मानसिक जगत्मा पनि यही तीन गुणहरूको खेलले गर्दा अनेक प्रकारका मानिसहरू छन्। हरेकको आफ्नो गुण र स्वभाव हुन्छ। आफ्नो-आफ्नो गुणअनुसार नै हरेक मानिसको कर्म पनि हुन्छ। तसर्थ यी गुण तथा कर्मको विभाजनले गर्दा नै चार प्रकारका वर्ण अर्थात् मानिस हुन्छन् भनी भगवान् श्रीकृष्णजीले गीतामा बताउनुभएको छ। हरेक मानिसमा यी तीनौटै गुणहरू भए तापनि एक गुणको प्रधानता हुन्छ र यसको अनुसार उसको स्वाभाविक कर्म हुन्छ। जुन व्यक्तिमा सत्त्वगुणको प्रधानता हुन्छ त्यस व्यक्तिको शम, दम, तप, शौच, क्षान्ति, आर्जव, ज्ञान, विज्ञान, आस्तिक्य आदि स्वाभाविक कर्म हुन्छन्। यस्ता व्यक्तिहरू ज्ञानवान् तथा शिक्षित हुन्छन् र शिक्षा दान पनि गर्न सक्दछन्। यिनीहरू जगतका, समाजका, राष्ट्रका, विश्वका "शिक्षक" हुन्छन्। अध्यापक, प्राध्यापक, दार्शनिकहरू सबै "शिक्षक-वर्ण" मा आउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन व्यक्तिमा सत्त्वगुणलाई प्रभावित गरी रजोगुणको प्रधानता हुन्छ त्यस व्यक्तिका शौर्य, वीर्य, धैर्य, दक्षता, दान, प्रभुत्वभाव, युद्धवाट अपलायन आदि स्वाभाविक कर्म हुन्छन् । यस्ता व्यक्तिहरू जनताका, समाजका, राष्ट्रका, विश्वका "रक्षक" हुन्छन् । राजा, राष्ट्रपति, मन्त्री, राजनीतिज्ञ, सैनिकहरू सबै "रक्षक-वर्ण" मा आउँछन् ।

जुन व्यक्तिमा तमोगुणलाई प्रभावित गरी रजोगुणको प्रधानता हुन्छ त्यस व्यक्तिका कृषि, पशु-पालन, वाणिज्य आदि स्वाभाविक कर्म हुन्छन् । यस्ता व्यक्तिहरू जनताका, समाजका, राष्ट्रका, विश्वका "पोषक" हुन्छन् । कृषक, व्यापारी, अर्थशास्त्रीहरू सबै "पोषक-वर्ण" मा आउँछन् ।

जुन व्यक्तिमा रजोगुणलाई प्रभावित गरी तमोगुणको प्रधानता हुन्छ त्यस व्यक्तिको सेवा-कर्म हुन्छ । यस्ता व्यक्तिहरू जनताका, समाजका, राष्ट्रका, विश्वका "सेवक" हुन्छन् । सरकारका कर्मचारीहरू, डाक्टरहरू, इन्जिनीयरहरू सबै "सेवक-वर्ण" मा आउँछन्; किनकि ती सबै जगतका, समाजका, राष्ट्रका, विश्वका प्रेमी हुन्, भक्त हुन्, सेवक हुन् । मानव-सेवा परम धर्म हो । आखिर शिक्षा दिनु, रक्षा गर्नु र पोषण गर्नु पनि त सेवा-कर्म नै हुन् ।

शिक्षा, रक्षा, पोषण तथा सेवा यी चारै तत्त्वहरू व्यक्तिको, समाजको, देशको, विश्वको सर्वतोमुखी विकासको लागि आवश्यक छन् । शिक्षा र ज्ञानविना देश मूर्ख हुन्छ । रक्षाविना राष्ट्रको विनाश हुन्छ । पालन-पोषणको आधारविना देश भोकै मर्छ । सेवा, भक्ति र प्रेमविना देश अगाडि बढ्न सक्दैन । तसर्थ सबैले आ-आफ्नो कर्म कुशलतापूर्वक गरे राष्ट्रको चाँडै उन्नति हुन्छ । शिक्षा दिने शिक्षकलाई "ब्राह्मण" पनि भनिन्छ । रक्षा गर्ने रक्षकलाई 'क्षत्रिय' पनि भनिन्छ । पालन-पोषण गर्ने पोषकलाई "वैश्य" पनि भनिन्छ । सेवा गर्ने सेवकलाई "शूद्र" पनि भनिन्छ । यी सबैको जरूरत हुन्छ, अतः सबै बराबर छन् । यो गुण र कर्ममा आधारित सार्वभौमिक मनोवैज्ञानिक वर्ण-धर्म हो, पुरोहित्याइँको संकीर्ण जातिवाद कदापि होइन । मानिस स्वभाव र गुणले नै शिक्षक हुन्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वभावैले रक्षक पनि । मानिसले आफ्नो सम्यक् जीविकाको लागि यी चार प्रकारका आजीविकाहरूमध्ये एकको आफ्नो योग्यतानुसार पालन गर्दछ । आफ्नो-आफ्नो स्वभाव या रुचिअनुसार कर्म विविध भए तापनि हरेकको धर्म हो अक्रोध, सत्य, दान, क्षमा, स्वपत्नीमा प्रेम, पवित्रता, प्रेम र मैत्री, सरलता, आश्रितहरूको पालन-पोषण, अहिंसा, अस्तेय, अकाम, अलोभ आदिको मनसा, वाचा र कर्मणा पालन गर्नु । सबैको सामान्य धर्म हो सदाचार । आचारः परमो धर्मः ।

एउटा कुरा विचारणीय छ कि हरेकमा सत्त्व, रज र तम कम-बेशी मात्रामा हुन्छन् । तसर्थ एकको प्रधानता भए तापनि वेला वेलामा अरू दुईको चमत्कार पनि मानिसमा देखा पर्छ । मानव-शरीरका चार अंग हुन्छन् : शिर, बाहु, ऊरु र पाद । ज्ञानरूपी शिर नभए, रक्षा गर्ने बाहु नभए, पालन-पोषण गर्ने आधारस्वरूप ऊरु नभए तथा सेवास्वरूप प्रगतिशील पाद नभए मानिस पूर्ण हुँदैन । तसर्थ हरेक मानिसमा यी तीन गुणको समत्व हुनु श्रेय छ । उ आफ्नो जीवनको शिक्षक हो, आफ्नो शरीरको रक्षक हो, पोषक हो तथा प्रगतिशील सेवक पनि । उ आफ्नो परिवारको शिक्षक हो, रक्षक, पोषक तथा सेवक अर्थात् प्रेमी पनि । सनातन-धर्मको अनुसार सारा विश्व नै एक परिवार हो : वसुधैव कुटुम्बकम् । सारा विश्वलाई नै एक स्वदेश-स्वरूप मानिएको छ । यसैमा विश्व-बन्धुत्वको प्रेममय भाव पूर्णरूपले झल्किन्छ ।

हरेक मानिसको लक्ष्य हो बन्धनवाट मुक्त हुनु । त्रिगुणको बन्धनवाट पार गई निर्गुणमा मात्र मुक्तिको प्राप्ति हुन्छ । निष्काम भावले हरेकले आफ्नो-आफ्नो कर्म गरे यस परम लक्ष्यसम्म पुगिन्छ किनकि निष्काम-भावमा कर्म बन्धन हुँदैन ।

आश्रम-धर्म :—

मानिसको जीवन चार अवस्थामा बाँडिएको छ जसलाई "आश्रम" भनिन्छ । सर्वप्रथम २५ वर्षको आयुसम्म मानिसले ब्रह्मचर्य तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नियम-संयमपूर्वक विद्याध्ययन गरी जीवनोपयोगी ज्ञान-विज्ञानको प्राप्ति गर्दछ । समाज तथा देशको कल्याणको लागि मानिसलाई तयार गरिने यस महत्त्वपूर्ण अवस्थालाई "ब्रह्मचर्याश्रम" भनिन्छ ।

अनि मानिसले पाणिग्रहण संस्कार गरी जीवनको दोस्रो महत्त्वपूर्ण अवस्था "गृहस्थाश्रम" मा प्रवेश गरी परिवारको, समाजको तथा देशको हितको लागि आफ्नो विद्या-बुद्धिअनुसार आफ्नो कर्म कुशलतापूर्वक गर्दछ । परिवार प्रेमलाई धेरै महत्त्व दिइएको छ । मरणपर्यन्त पति र पत्नीको बीच आपसमा धर्म, अर्थ र कामसम्बन्धी कार्यमा पार्थक्य नहोओस् यही संक्षेपमा मनु भगवान्को दिव्य वचनमा स्त्री-पुरुषको परम धर्म हो । जुन परिवारमा स्त्री पतिसँग र पति स्त्रीसँग सन्तुष्ट रहन्छन्, त्यस परिवारमा अवश्य पनि सदा-सर्वदा कल्याण हुन्छ । पति र पत्नी दुवै एक अर्काका पूरक हुन् । उनीहरू अर्द्धाङ्ग तथा अर्द्धाङ्गिनी हुन् । पति शिवस्वरूप छ तथा पत्नी शक्ति-स्वरूपिणी । दुवै मिलेर एक हुन्छन्, पूर्ण हुन्छन् । दुवै बराबर हुन्छन् । नारी लक्ष्मी-स्वरूपिणी भएकीले उनलाई पुरुषको भन्दा उच्चतर स्थान दिइएको छ । जुन कुलमा नारी जातिको आदर-सत्कार हुन्छ त्यस कुलमा दिव्यता तथा सुखको राज हुन्छ । अन्यथा स्त्रीको अनादर भएमा त्यस परिवारमा सबै काम निष्फल हुन्छ । सबै आश्रमहरूमध्ये गृहस्थाश्रमको स्थान उँचा छ । जुन प्रकारले प्राणवायुको आश्रयमै सबै प्राणी जीवित हुन्छन्, त्यसै प्रकार ब्रह्मचारी, वानप्रस्थी तथा संन्यासीहरू सबै गृहस्थाश्रममै आधारित हुन्छन् । त्यसैले हिन्दू-धर्ममा गृहस्थाश्रमको महिमा धेरै ठूलो छ ।

५० वर्षको अवस्थासम्म सफलतापूर्वक गृहस्थी भएर बिताइसके-पछि पति र पत्नी दुवै वानप्रस्थाश्रममा प्रवेश गरी घरका झंझटहरूबाट मुक्त भई आध्यात्मिक साधनातिर अग्रसर हुन्छन् । धर्मपूर्वक अर्थ र कामको पुरुषार्थ प्राप्त भइसकेपछि जब मानिस मोक्ष मार्गतिर प्रवृत्त हुन्छ अनि पुत्रको, धनको, प्रसिद्धि आदिको कामना छोडी मबाट सबै प्राणीलाई अभय तथा कल्याण होओस् भनी मोक्ष-प्राप्तिको लागि संन्यासा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रममा मानिसले आश्रम लिन्छ। भगवान् श्रीशंकराचार्यका शब्दमा "स्वदेशो भुवनत्रयम्" अर्थात् तीनै लोक या सारा विश्व नै संन्यासीको लागि "स्वदेश" स्वरूप हुन्छ।

प्रथम तीन अवस्थाहरू क्रमशः संहिता, ब्राह्मण तथा आरण्यकको वैदिक कर्मकाण्डअनुसार बिताइन्छन् र अंतमा संन्यासीहरूको मूल आधार उपनिषद् या ज्ञान-काण्ड हुन्छ। दुवै कर्म तथा ज्ञानमा उपासना या भक्ति विद्यमान हुन्छ। यो चतुर्विध आश्रम सर्वसाधारणको लागि हुन्छ। तर विशेषरूपले कुनै पनि आश्रममा रहेका व्यक्तिले आफ्नो योग्यता छ भने ज्ञान-काण्डको अभ्यास गरी मोक्षतिर लम्कन सक्दछ। यसलाई 'अधिकारी-भेद' भनिन्छ।

वैराग्य के हो ?

वैराग्य र संन्यास भन्नाले साधारणतया मानिसहरू डराउँदछन्। सही अर्थमा जीवनको पूर्णावस्था वैराग्यबाटै प्राप्त हुन्छ। जीवनको ध्येय हो आत्म-ज्ञान या मुक्ति जसको हानोपाय हो अष्टांग योग वा अष्टांगिक मार्ग। यस मार्गमा सर्वप्रथम अहिंसा, सत्य, अस्तेय, इन्द्रिय-निग्रह तथा अपरिग्रह नै सार्वभौमिक महाव्रत हो। कुनै पनि आश्रममा यस महाव्रतको पालनाले जीवनरूपी रथ अंतिम लक्ष्यसम्म सफलतापूर्वक पुग्दछ। यस महाव्रतको पालन नै वैराग्य साधन हो। सीमितरूपमा गृहस्थीले यस महाव्रतको पालन गरे जैन-परंपरानुसार यसलाई "अणु-व्रत" भन्दछन्।

राग-द्वेषमय जीवन दुःखमय हुन्छ। सुखानुशयी राग हो र दुःखानुशयी द्वेष। उही एक वस्तुमा कसैको राग हुन्छ र कसैको द्वेष। रागद्वेष-रूपी अज्ञानता नै दुःखको कारण बन्न जान्छ। तसर्थ सुखदुःखरूपी दुःख-बाट निवृत्त हुन मानव मनमा न राग होओस् न द्वेष नै। निष्काम कर्ममा राग-द्वेष हुँदैन। यो हो वि-रागको अवस्था जहाँ न लोभ छ, न मोह, न क्रोध, न काम, न मद, न मात्सर्य-भाव नै। काम-क्रोध-लोभ-मोह-मद-मात्सर्यरूपी षड्रिपुमाथि विजय प्राप्त गर्नु नै त्याग हो, वि-राग हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही वैराग्य हो। यस अवस्थामा मन सुख-दुःखमा "सम" रहन्छ, समत्वमा "न्यास" हुन्छ। तसर्थ यो "सं-न्यास" को श्रेष्ठ अवस्था हो। कुनै पनि आश्रममा यस्तो विरागमय जीवन आनन्दमय हुन्छ।

इन्द्रिय-निग्रह नै सर्वप्रथम मोक्ष-मार्गको साधन हो। घरमै वसेर पाँचै इन्द्रियहरूलाई संयमित गर्नु नै तपस्या हो। घर नै तपोवन हो। रागद्वेषहीन निष्काम निर्दोष कर्मबाट ज्ञानको प्राप्ति हुन्छ। भगवान् श्रीकृष्णजीले भन्नुभएको छ :—

न वैराग्यं वने वासो न वैराग्यं भ्रमेन्महीम्।
न वैराग्यं कर्म धर्मो ज्ञानं वैराग्य साधनम्॥
(गर्भ-गीता, २।९)

अर्थात् न वनवासी हुनाले, न घुमक्कड़ हुनाले र न धर्म-कर्म गर्नाले वैराग्य हुन्छ। आत्म-ज्ञान नै वैराग्यको साधन हो, जो सबै धर्मको लक्ष्य हो।

काली-तन्त्रमा राग-द्वेषरूपी दुःखबाट मुक्त हुन हरेकले ६ किसिमको पशु-बलि गर्नुपर्दछ भनी बताइएको छ। मानिसले आफूमा रहेको काम-वासनारूपी छागको बलि अर्थात् त्याग गर्नुपर्दछ, न कि छागकै काट-मार। याद रहोस् कि वेदानुसार हिंसा वर्जित छ।* आफूमा रहेको क्रोधरूपी महिषको बलि चढाइन्छ, न कि साक्षात् महिषकै। आफूमा रहेका लोभ-रूपी मार्जारको, मोहरूपी मेषको, मदरूपी नरको तथा मात्सर्यरूपी ऊष्ट्रको बलिदान गरिनु आवश्यक छ। मानिसमात्रमा रहेका यी ६ प्रकारका पाशविक वृत्तिहरूको बलिदान नै, त्याग नै पशु-बलि हो। यस प्रकार अहिंसादि महाव्रतको पालन गरी षड्रिपुको विनाश गरी साधन गर्नु नै मोक्ष मार्ग हो। जसले षड्रिपुको संहार गरेको छ, उ वैरागी हो, आत्म-दर्शी हो, तत्त्व ज्ञानी हो।

---

* परिशिष्ट १ मा हेर्नुस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदर्श पथ र पथप्रदर्शक :—

हिन्दू-धर्मको आदर्श या लक्ष्य के हो र त्यस लक्ष्यसम्म पुग्ने साधन के हो ती दुवै माथि नै उल्लेखित भइसकेका छन् । आदर्श मात्र थाहा भएर भएन, अब जरूरत हुन्छ योग्य पथ-प्रदर्शनको, जसले साधकलाई उचित पथ देखाउँदछन् । पथप्रदर्शकलाई "गुरु" भनिन्छ । "गु" माने अंधकार हुन्छ र "रु" माने हटाउने । यस प्रकार पथप्रदर्शक "गुरु" ती हुन् जसले साधक-को, शिष्यको अज्ञानांधकार नाश गरी उसलाई परमादर्श या मोक्षको बाटो प्रदर्शित गर्दछन् । गुरुले साधकको उपयुक्त बाटो मात्रै देखाउँदछन्, लक्ष्यको प्राप्तिको लागि साधकले आफै उक्त बाटोमा हिंडनुपर्दछ । शास्त्र पढ्नाले परोक्ष ज्ञान मात्रै हुन्छ र आत्म-दर्शनबाट अपरोक्ष ज्ञान अर्थात् अनुभूति हुन्छ । शास्त्रको अध्ययनले मिठाई रहेछ भन्ने ज्ञान मात्र हुन्छ । गुरुले उक्त मिठाईलाई अगाडि ल्याएर देखाउँदछन् । आत्मानुभूति या आत्मज्ञानबाट मिठाई खाँदा जुन सुख हुन्छ त्यस्तै परमानन्दको अनुभूति हुन्छ ।

पथ-प्रदर्शकले देखाएको उपयुक्त पथलाई "दीक्षा" भनिन्छ । ज्ञान दिनु अर्थमा "दी" हुन्छ र पशुत्व-बन्धनको क्षयको अर्थमा "क्षा" यस प्रकार "दीक्षा" त्यो हो जसको पालन गर्नाले साधकमा भएको पशुत्व-भावको क्षय हुन्छ, विनाश हुन्छ र आत्म-ज्ञानको उदय हुन्छ । अज्ञानरूपी तिमिर-रोगले भएको अंधा मानिसको आँखालाई ज्ञानरूपी अंजनको शलाकाले खोलिदिने महापुरुषको पवित्र नाम हो गुरुदेव । तसर्थ शिष्य-हरूको संतापको, अज्ञानताको संहार गर्ने गुरुदेवलाई नमस्कार छ । ईश्वर नै सच्चा गुरु हुन् । तर ज्ञान प्राप्त नभएसम्म मानिसको वेशमा गुरु देवतुल्य हुन्छन् । गुरुको आवश्यकता नभए पुस्तकहरू भईकन पनि छात्र-छात्राहरू किन विद्यालय तथा महाविद्यालयहरूमा गई गुरुको शरणमा पढ्दछन् ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्म, त्रिमूर्ति र अवतार :—

विश्वको चेतनतत्त्वलाई ब्रह्म भनिन्छ जो सर्वज्ञ, सर्वव्यापक र सर्व-शक्तिमान् छ । सत् चित् र आनंद, शक्ति, ज्ञान र परम सुख नै ब्रह्म हो। ब्रह्म सत्य हो, ज्ञान हो, अनंत हो । यो स्व-प्रकाश परम तत्त्व सूक्ष्मभन्दा पनि सूक्ष्म, महान्भन्दा पनि महान् छ । यो पर शिव-तत्त्व हो । यो शब्द ब्रह्म हो यो अक्षर तत्त्व हो । जसको नाश हुँदैन त्यो अनादि अनंत अक्षर ब्रह्म हो । शुद्ध, बुद्ध, स्वयंभू चेतना-स्वरूप परमात्मा हो । यो निर्गुण निराकार परब्रह्म हो । यो अन्तर्यामी पनि छ, विश्वव्यापी पनि । सारा जगत् ब्रह्ममय छ । सर्वं खल्विदं ब्रह्म । ब्रह्म एक परमेश्वर महादेव हो जो सबै प्राणीमा व्याप्त छ । सबै प्राणीको अन्तरात्मा नै परमात्मा हो। सबै प्राणी, सारा विश्व यही परम तत्त्वमा आधारित छन् । सबैको साक्षी, चेतनशक्ति नै सत्य-स्वरूप परब्रह्म हो। परम प्रेमस्वरूप शिव नै ब्रह्म हो ।

आफ्नो माया-शक्तिले गर्दा निर्गुण निराकार ब्रह्म सगुण साकार रूपमा मूर्त हुन्छ । सत्त्व रजस् र तमस्—यी तीन गुण नै प्रकृति हुन् । यो त्रिगुणात्मक शक्तिबाटै सारा सूक्ष्म तथा स्थूल जगत्को सृष्टि भएको छ। तमस्-शक्तिलाई सृष्टिकर्त्ता ब्रह्मा भनिन्छ ; सत्त्व-शक्तिलाई पालनकर्त्ता विष्णु भनिन्छ र रजस्-शक्तिलाई मुक्तिदाता लयकर्त्ता रुद्र भनिन्छ। यस प्रकार सगुण ब्रह्माका तीन रूप छन् । सत्त्वको शब्द-प्रतीक "अ," रजस्को "उ" र तमस्को "म" हुँदा तीनौटैको संयोग "अ-उ-म" अर्थात् "ओम्" परमेश्वरको प्रणव-मन्त्र हुन्छ ।

त्यो एकै तत्त्व विश्वको अनेक रूपमा प्रकट भएको छ । सत्य एउटै हो, तर त्यो एउटै सत्य अनेक दृष्टिकोणले हेर्दा अनेक रूपमा देखिन्छ । सबै शक्तिहरूको आधार-शक्ति, एक सत्यस्वरूप महेश्वर परमात्मा हो । एकै शक्ति-विज्ञानमा कहिले विद्युत्-शक्ति, कहिले चुम्बक-शक्ति, कहिले ताप-शक्ति, कहिले प्रकाश-शक्ति आदि एक शक्तिबाट अर्को शक्तिमा परिवर्तन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भई अनेक नामरूपमा देखा पर्छ । यस प्रकार एक ईश्वरको अनंत शक्ति हुँदा अनंत नाम-रूप पनि हुन्छन् । एउटै मानिसलाई कसैले 'पिता' भन्छ, कसैले 'पति' भन्छ, कसैले 'दाज्यू' भन्छ, कसैले 'काका' भन्छ, कसैले 'साथी' भन्छ, कसैले 'भाई' भन्छ, आदि । यसरी मानिस एउटै भए तापनि विभिन्न व्यक्तिहरूको विभिन्न सापेक्षिक या संवन्धित दृष्टिकोणले गर्दा उक्त मानिसलाई अनेक नामले बोध गरिन्छ, अनेक रूपमा देखिन्छ । नाम-रूप फरक हुँदा 'कर्म' पनि फरक भयो । उसको आफ्नी स्त्रीप्रतिको 'प्रेम' र आफ्नी छोरीप्रतिको 'प्रेम' मा विभिन्नता छ । पत्नीको प्रेम र छोरीको प्रेममा फरक छ, किनकि पत्नीको दृष्टिकोण र छोरीको दृष्टिकोणमा सम्वन्धले गर्दा फरक छ । नाम, रूप र कर्म विभिन्न भए तापनि 'सत्य' त एउटै नै हुन्छ । त्यसै प्रकार एक परमेश्वर नै अनेक नाम-रूपमा बोध गरिन्छ, पूजिन्छ । उ जगत्-पिता हो र जगदम्बा पनि । कसैले 'गड,' कसैले 'अल्लाह,' कसैले 'ताओ,' कसैले 'यहोवा,' कसैले 'ईश्वर' भन्छ । अंग्रेजीमा 'वाटर' र नेपालीमा 'पानी' भन्नाले एउटै तथ्य कुराको बोध हुन्छ ।

जब कुनै पनि भू-भागमा धर्मको ह्रास हुन्छ र अधर्मको विकास हुन्छ, तब सज्जनहरूको परित्राणको लागि, दुर्जनहरूको दुर्जनताको संहार गरी उनलाई धर्मको, ज्ञानको पथमा अग्रसर गराई धर्मको पुनः संस्थापना गर्न उही परमात्मा परमेश्वर जगदीश सच्चिदानंदस्वरूप श्रीकृष्णले उक्त स्थानमा अवतार ग्रहण गर्दछन् । श्री दुर्गासप्तशती (११।५४,५५) मा पनि परब्रह्मस्वरूपिणी जगज्जननीको दिव्य प्रतिज्ञा यस प्रकार छ :—

इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ।
तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥

अर्थात् दानवी बाधा भएको वेलामा अवतार ग्रहण गरी ध्वंसकारी शत्रुहरूको शिव-शक्तिले नाश गर्नेछिन् । अधर्मको नाश गरी भक्तजनहरूलाई अभय दान दी धर्मको दिव्य आलोक पुनः जगमगाउन् भगवान्को अवतार-ग्रहणको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परम पुनीत उद्देश्य हो । राम, कृष्ण, बुद्ध आदि सबै अवतारी पुरुषोत्तम-हरूले यही परमोद्देश्यको पूर्ति गरेका थिए ।

पूजा, तीर्थ र चाड-पर्व

सर्वसाधारण भक्तहरूको लागि सगुण ब्रह्मोपासनाका विधिहरू बताइएका छन् । जीवनको लक्ष्य हो आत्म-ज्ञान प्राप्त गर्नु, परमानन्दको अनुभूति प्राप्त गर्नु जसको लागि धारणा, ध्यान र समाधिको आभ्यन्तर साधनाको आवश्यक हुन्छ । मानिसलाई एकै चोटि ध्यानावस्थामा पुगी आत्म-दर्शन गर्न कठिन भएको हुनाले भक्तिपूर्वक 'ध्यान' को अभ्यासको लागि, मनलाई 'एकाग्र' गर्नको लागि सर्वसाधारण भक्तहरूले मूर्तिपूजा गर्दछन् । मूर्तिपूजाको रहस्य यही हो । चित्तैकाग्रता प्राप्त भइसकेपछि भक्त साधकलाई मूर्तिको अब जरूरत हुँदैन । मूर्ति एउटा ध्यानको आधार मात्र हो । आत्म-ज्ञान साधनाको यो बाल्यावस्था मात्र हो । बालक अवस्था-मा छँदा मैले धर्को भएको (रूल्ड्) कागतमा अक्षर लेख्न अभ्यास गरेको थिएँ । सोझो लेख्नु नै यस अभ्यासको नियम थियो, लक्ष्य थियो । रीत-पूर्वक सोझो लेख्ने अभ्यास सिद्ध भइसकेपछि अब धर्को भएको कागतको मलाई जरूरत छैन । सोझो धर्को (रूल) को सहाराविना नै अब सोझो लेख्न सक्ने भएँ । सोझो धर्कोको नियम या मूर्ति चाहिएन तापनि उक्त नियमको उल्लंघन गरिदैन र सोझै लेखिन्छ । त्यसै प्रकार मूर्ति-पूजाको नियम हो मनलाई सोझ्याउनु, एकाग्रताको अभ्यासमा लगाउनु । अनेक शब्दका अनेक रूप-तरंग हुन्छन् । अनेक भावनाका अनेक रूपहरू हुन्छन् । अनेक मानिसहरूका अनेक भावनाहरू हुन्छन् । आफ्नो-आफ्नो भावनानुसार अनेक नाम-रूपमा उही एक सच्चिदानंद-स्वरूप सर्वज्ञ-सर्वव्यापी सर्वशक्तिमान् परम सत्य, प्रेम र प्रकाशस्वरूप परमेश्वरको पूजा गरिन्छ । ध्यानको पूर्ण अभ्यास भइसकेपछि आफ्नै आत्मामा परमात्माको दर्शन हुन्छ । रामकृष्ण परमहंसज्यूले पनि ब्रह्मा-विष्णु-रुद्र-रूपिणी जगज्जननी काल-भय-निवारिणी कालीको सगुणोपासनाद्वारा अभ्यास गर्दै पछि निर्गुण-निराकार परब्रह्मको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनलाई साक्षात्कार भएको थियो। परम सत्-चित्-सुखको अनुभूति भएको थियो।

यही सगुणोपासनाको सिलसिलामा अनेक तीर्थाटन, व्रत, पूजा तथा चाड-पर्वहरूको परंपरा छ। कृष्णाष्टमी, रामनवमी, दुर्गापूजा, शिवरात्रि, दीपावलि, होली, गणेश चतुर्थी, आदि पर्वहरू छन्। प्रयाग, काशी, मथुरा, बदरी, केदार, द्वारका, जगन्नाथपुरी, गया, रामेश्वरम्, चिदम्बरम्, मीनाक्षी पशुपतिनाथ आदि अनेक तीर्थ स्थानमा गई स्नान गरी भगवान्को मंदिरमा उनको अनेक शक्तिको रूपको भावनात्मक दर्शन गरिन्छ। साथै गृहस्थहरूले पंचमहायज्ञको पनि पालन गर्दछन् जसबाट जीवनको दैनिक कर्ममा भएको सूक्ष्म हिंसादि पापको विनाश हुन्छ। वेद तथा अन्य सत् ग्रन्थहरूको अध्ययन-अध्यापनलाई 'ब्रह्म या ऋषि-यज्ञ' भनिन्छ। पितृको कल्याणीय दान, कर्म इत्यादि तथा माता, पिता, गुरु तथा वृद्धहरूको सेवा, आदर तथा सम्मान गर्नु 'पितृ-यज्ञ' हो। आफ्नो भावनानुसार परमेश्वरको (इष्ट-देवताको) पूजा, ध्यान गर्नु 'देव-यज्ञ' हो। पकाएको अन्नबाट केही अंश अन्य प्राणीहरूलाई दिनु बलि वैश्वदैव-यज्ञ या 'भूत यज्ञ' भनिन्छ। घरमा आएका अतिथिहरूलाई सम्मान गर्नु, भोजनादिद्वारा सत्कार गर्नु 'नृ-यज्ञ' या 'अतिथि-यज्ञ' भनिन्छ।

सबै प्राणीमा प्रेम तथा मैत्री भावना, संतोष, शील, सरलता, तप, दम, सत्य, दान आदिको अभ्यास नै ठूल-ठूला यज्ञको बराबर छ। करोडौं यज्ञ, दान तथा जप गरे तापनि यदि ब्रह्म-ज्ञान भएन भने सबै कर्म व्यर्थ छ। मानिस गंगासागर गएर स्नान गर्दछन्, व्रत, दानादि कर्म गर्दछन्। तर ज्ञानविना सैकड़ौं जन्ममा पनि मुक्ति हुँदैन भनी श्रीमत् शंकराचार्यको वचनामृत छ। अनि ज्ञान प्राप्त भएपछि जसरी पोखरीमा भएर पनि कमल-मा जल लाग्दैन त्यसै प्रकार निष्काम कर्म गरी संसारमा रहने भक्त तथा ज्ञानी पनि कर्म-बन्धनमा पर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिन्दू-धर्मका तीन प्रमुख सिद्धान्तहरू

(अ) जीवन दुःखमय छ भने दुःख जसलाई हुन्छ त्यसको वास्तविक स्वरूप के हो ? दुःख नै जीवको स्वाभाविक धर्म भए ता किन उ दुःखबाट मुक्त या निवृत्त हुन चाहन्छ ? यसको अर्थ यही हुन्छ कि उसको स्वाभाविक धर्म हो 'आनंद' । मानिसले आफ्नो अस्तित्व मिटाउन चाहँदैन । मृत्युबाट बची उ अमरताको पद 'प्राप्त' गर्न चाहन्छ । तसर्थ 'सत्' त्यसको स्वाभाविक धर्म हो । कोही अज्ञानताको, मूर्खताको अंधकारमा रहन चाहँदैन । तसर्थ चित् अर्थात् ज्ञान उसको स्वाभाविक धर्म हो । यस प्रकार मानिस या जीवात्मा सत्-चित्-आनन्दस्वरूप चेतन-तत्त्व हो, आत्मा हो । उ स्वभावतः सनातन दिव्य तत्त्व हो । तर हेयहेतुस्वरूप अविवेक तथा अज्ञानताले गर्दा मानव हेय दुःखको पासमा फसेको छ ।

(उ) हेय दुःखबाट मुक्ति पाउनु, पाशको बन्धनबाट निवृत्त हुनु अर्थात् आत्म-ज्ञान या ब्रह्म-दर्शन प्राप्त गर्नु जीवको लक्ष्य हो । यस स्वरूप स्थिति या आत्म-साक्षात्कारको स्थितिलाई हान, मुक्ति या निर्वाण भनिन्छ । यस परम शिव-तत्त्वलाई प्राप्त गर्ने साधनालाई हानोपाय भनिन्छ । यो सत् र असत्को विवेकपूर्ण ज्ञान हो ।

(म) यस विवेकपूर्ण ज्ञानद्वारा आत्म-ज्ञान प्राप्त गर्न अनेक मार्गहरू छन् । विभिन्न रंगका गाईहरूले उही नै दूध दिन्छन् । त्यसै प्रकार बाहिर-बाट पंथहरू फरक देखिए तापनि परमेश्वर एउटै हो । पूजा, उपासना, वंदना एउटै हो । शैवले शिव भन्छ, वेदान्तीले ब्रह्म, बौद्धले बुद्ध, जैनले अर्हत्, यहूदीले यहोवा, ईसाईले पिता या गड, मुसलमानले अल्लाह या रहीम । ओम्, तत्, सत् गणेश, रुद्र, विष्णु, राम, कृष्ण, वासुदेव, निर्भय, आत्मा आदि सबै उही सच्चिदानंदमय अद्वितीय पर-ब्रह्मका नाम हुन् ।

आकाशबाट परेको पानी जसरी अनेक नदी-नालाहरूको रूपमा बगेर समुद्रमा गई लय हुन्छ, त्यस्तै प्रकार परमेश्वरको कुनै पनि राम-रूपमा भक्ति र ध्यानपूर्वक, कुनै पनि उपासनाले साधना गर्दै गए, निष्काम कर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दै गए अंतमा ब्रह्म-ज्ञान प्राप्ति हुन्छ, परमेश्वरसँग परम योग प्राप्त हुन्छ। गीतामा पनि भगवान् श्रीकृष्णले भन्नुभएको छ कि सबै मार्गहरू, धर्महरू उनैका हुन् र कुनै पनि बाटोबाट मानिसले अंतमा आत्म-ज्ञान पाउँदछ। मानिसले जुन भावनाले उपासना गर्दछ, त्यही भावनानुसार उसको इच्छाको पूर्ति पनि हुन्छ। तसर्थ हिन्दू-धर्मअन्तर्गत सबैलाई उपयुक्त हुने मार्गहरू छन्। संसारका सबै मार्गहरू पनि हिन्दू-धर्मको कुनै न कुनै मार्गसँग मिल्दछन्। साथै सबै मार्गहरूमा बाह्यरूपले अलि भेद भए तापनि आभ्यंतर साधना एउटै हो, लक्ष्य एउटै हो। गीता (१६।१-४) मा श्रीकृष्णले सबै धर्मको सारस्वरूप दैवी-संपदाको विवेचना गर्नुभएको छ। अभय, हृदयको शुद्धि, ज्ञान र योगमा स्थिरता, दान, इन्द्रिय-निग्रह, यज्ञ, स्वाध्याय, तप, सरलता, हिंसा, सत्य, अक्रोध, त्याग, शान्ति, अपैशुन, सबै प्राणीप्रति दया, प्रेम तथा करुणा, अलोभ, मार्दव, नम्रता, अचापल, तेज, क्षमा, धैर्य, शौच, अद्रोह अर्थात् मैत्री र नाहंकारिता यी २७ दैवी सम्पदा हुन्। दम्भ, दर्प, अभिमान, क्रोध, पारुष्य, अज्ञानता आदि आसुरिक वृत्तिहरू हुन्।

प्रेम तथा अहिंसा, करणग्रह, दया, क्षमा, शम, दम, ध्यान र सत्य यी धर्मरूपी मालाका आठ पुष्प हुन्। जहाँ धर्म हुन्छ, त्यहाँ विजय हुन्छ। असत्‌बाट सत्, अंधकारबाट ज्योति र मृत्युबाट अमरता सबैले प्राप्त गरुन्। सबैले ध्यान, ज्ञान, कर्म तथा प्रेमको साधनाले ब्रह्म-दर्शन प्राप्त गरुन्। सबै विपत्तिहरूबाट मुक्त होउन्, सबैले कल्याणको दर्शन गरुन्, सबैको अभीष्ट कामनाको पूर्ति होओस्, सबैले सर्वत्र परम सुख प्राप्त गरुन्, विविध दुःखबाट निवृत्त भई सबैले परम शान्तिको अनुभूति गरुन् :—

सर्वस्तरतु दुर्गाणि सर्वा भद्राणि पश्यतु।
सर्वः कामानवाप्नोतु सर्वः सर्वत्र नन्दतु॥
ओम् शान्तिः शान्तिः शान्तिः !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीय पटल

जैन धर्म्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जैन धर्म

तीर्थङ्करहरू :—

जैनहरूले २४ तीर्थङ्करहरूलाई मान्दछन्। यिनमध्ये ऋषभदेव अत्यन्त प्राचीन कालमा प्रथम तीर्थङ्कर थिए। आफ्नो पवित्र जीवन र उपदेशले असंख्यौं जीवलाई तार्ने महात्माहरूलाई तीर्थङ्कर या धर्म-तीर्थका प्रवर्त्तक भन्दछन्। हिन्दूहरू ऋषभदेवलाई बिष्णु भगवानको २४ अवतार-हरूमा एक मान्दछन्। भागवत पुराणअनुसार स्वयंभू मनुको वंशका पांचौं पिढीमा ऋषभदेवको अवतार भएको थियो। उनी नाभिराजा र मरुदेवीका पुत्र थिए। ऋषभदेवका ज्येष्ठ पुत्र जडभरतलाई राज्य सुम्पी उनले संन्यास लिएका थिए। ऋषभदेवपछि अजितनाथ, संभवनाथ, अभिनन्दन स्वामी, सुमतिनाथ, पद्मप्रभ, सुपार्श्वनाथ, चन्द्रप्रभ, सुविधिनाथ (पुष्पदन्त), शीतलनाथ, श्रेयांसनाथ, वासुपूज्य स्वामी, विमलनाथ, अनन्तनाथ, धर्मनाथ, शान्तिनाथ, कुन्थुनाथ, अरनाथ, मल्लिनाथ, मुनि सुव्रत स्वामी, नभिनाथ तथा नेमिनाथ २१ सौं तीर्थङ्कर भए। विक्रम सम्वत्को आठौं शताब्दीपूर्व २३ सौं तीर्थङ्कर पार्श्वनाथ भएका थिए। उनी काशीका इक्ष्वाकुराजा अश्वसेन तथा रानी वामाका पुत्र थिए। राजा नरवर्मनकी पुत्री प्रभावती उनकी धर्म-पत्नी थिइन्। उनले ३० वर्षको अवस्थामा गृहत्याग गरी संन्यास लिई ८३ दिनको ध्यानावस्थापछि कैवल्य प्राप्त गरेका थिए। ७० वर्षसम्म धर्मोपदेश गरी एक सय वर्षको अवस्थामा उनले पार्श्वनाथ पर्वतको शिखरमा महासमाधि प्राप्त गरेका थिए। उनको करीब २५० वर्षपछि २४ सौं तीर्थङ्करको महानिर्वाण भएको थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महावीर स्वामी :—

२४ सौं तीर्थङ्कर महावीर स्वामी थिए । वैशाली गणतंत्रको कुंडग्राममा ५६१ वि० पू० (तदनुसार ६१८ ई० पू०) "वर्धमान" को शुभजन्म भएको थियो । कश्यप गोत्रका सिद्धार्थ उनका पिता थिए । वशिष्ठ गोत्रकी त्रिशला उनकी माता थिइन् । नन्दिवर्धन उनका दाज्यू, एवं सुदेष्णा उनकी दिदी थिइन् । वर्धमान निर्भीक तथा साहसी थिए, बाल्यावस्था-देखि नै उनमा वैराग्य-भावना थियो । तर उनी स्नेहालु थिए । माता-पिताको चित्त दुखाई एकदमै यति या साधु हुन मन नपराई उनले विधिपूर्वक कुण्डिन्य गोत्रकी यशोदासँग विवाह गरे । प्रियदर्शना नामक पुत्री पनि भइन् । उनी ३० वर्षका छँदा उनका माता-पिताको देहान्त भयो । तदनन्तर उनले संन्यास ग्रहण गरे । १२ वर्षको ध्यान तथा तपश्चर्यापछि उनले केवल-ज्ञान प्राप्त गरी अर्हत्, जिन या केवलिन् भए । आंतरिक क्रोधादि शत्रुहरूलाई जितेकोले उनी जिन या महावीर भए । उनका अनुयायीहरू "जैन" कहलाए । ३० वर्षसम्म धर्मोपदेश गर्दै ७२ वर्षको आयुमा अपापा-पुरी (पावापुरी) मा कार्तिक कृष्ण अमावस्याको दिन उनले महानिर्वाण प्राप्त गरे ।

उनले अर्द्धमागधी भाषामा उपदेश दिएका थिए । योगशास्त्रको "यम" को अभ्यासमा उनले जोड दिएका थिए । प्रेम, करुणा, त्याग, संयम, शील, सदाचार आदि उनको दिव्य प्रवचनको सार थियो । उनका ११ जना शिष्यहरू प्रमुख थिए । महावीर स्वामीले हिंसा, जातिपाति, पशुबलि आदि अत्याचारहरूको विरोध गरेका थिए । उनको दिव्य वचन थियो :—"मित्ति मे सव्व भूएसु "अर्थात सबै प्राणीसँग मेरो मैत्री छ । उनी भगवान बुद्धभन्दा केही वर्ष जेठा थिए भनी भनिन्छ । त्यसर्थ उनको जन्म साल ५६६ वि० पू० (बुद्धको जन्म साल) भन्दा केही वर्षपूर्व हुनुपर्दछ ।

ग्रन्थहरू :—

जैन शास्त्रहरू महावीर स्वामीका शिष्य या गणधरहरूले लेखेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन् । प्राचीन ग्रन्थहरू पहिले १४ थिए, तर १२ वटा अंग ग्रन्थहरू छन् जसमा अधिकांश सुधर्मास्वामीले लेखेका थिए । आचार, सूत्रकृत, स्थान, समवाय, भगवती, ज्ञाता धर्मकथा, उपकथा, उपासक दशा, अन्तकृत दशा, अनुत्तर उपपातिक दशा, प्रश्न व्याकरण, विपाक र दृष्टिवाद "अंग" ग्रन्थ हुन् । यिनमा दृष्टिवाद प्राप्य छैन । त्यसर्थ अंगहरू ११ मात्र यी भए । औपपातिक, राजप्रश्नीय, जीवाभिगम, प्रज्ञापना, जम्बूद्वीप प्रज्ञप्ति, चन्द्र प्रज्ञप्ति, सूर्य प्रज्ञप्ति, निरयावली या कल्पिक, कल्पवतंसिका, पुष्पिका, पुष्पचूडा र वृष्णिदशा नाम गरेका १२ वटा "उपाङ्ग" ग्रन्थहरू छन् । यी अंग र उपांगहरूमा तीर्थङ्करहरूको चरित्र, उपदेश, तत्वज्ञान, यति तथा गृहस्थीहरूको धर्म आदिका विषयहरू समाविष्ट छन् । १२ वटा उपाङ्गमध्ये ११ वटा महावीरस्वामीका एक शिष्य सुधर्मा-स्वामीले लेखेका थिए । १० वटा "प्रकीर्ण" ग्रन्थहरूमा चतुः शरण, संस्तार, आतुर प्रत्याख्यान, भक्तपरिज्ञा, तण्डुल वैतालिक, चन्दाविथ्थय, देवेन्द्रस्तव, गणित विद्या, महा प्रत्याख्यान र वीरस्तव छन् । निशीथ, महानिशीथ, वृहत्कल्प, व्यवहार, दशशतस्कंध र पञ्चकल्प नामक ६ वटा "छेदसूत्र" हरू छन् । चार "मूल सूत्र" हरूमा उत्तराध्ययन, आवश्यक, दशवैकालिक र पिण्डनिर्य्युक्ति छन् । नन्दी सूत्र तथा अनुयोग द्वार भन्ने दुइवटा "स्वतन्त्र ग्रन्थ" हरू छन् । यस प्रकार ४५ (या ४६) वटा जैन-धर्मका प्राचीन आगम ग्रन्थहरू छन् । यी ग्रंथहरू लोप भइसकेका छन् भनी दिगम्बरीहरूको मत छ । तर श्वेताम्बरीहरूले ती जैन सिद्धान्त ग्रंथहरूलाई मान्यता दिन्छन् । यिनको वाहेक जिनसेनको "आदि-पुराण," रविषेणको "पद्मपुराण," जिनसेन (द्वितीय) को "अरिष्टनेमि पुराण" र गुणभद्रको "उत्तर पुराण" प्रमुख पुराणहरू छन् । साथै उमास्वाति रचित "तत्वार्थसूत्र" पनि प्रसिद्ध ग्रंथ मानिएको छ । यसमा दर्शन, आचार, सिद्धान्त इत्यादिको विवेचना गरिएको छ । दिगम्बर सम्प्रदायले षट्खण्डागम" को प्राचीनतालाई मान्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रत्नत्रय :—

तत्त्वार्थ सूत्र १।१।२ मा भनिएको छ :—

"सम्यग्दर्शनज्ञान चारित्राणि मोक्षमार्गं :" अर्थात् सम्यग् दर्शन, सम्यग् ज्ञान र सम्यग् चारित्र मोक्ष मार्गका तीन परमावश्यक तत्त्वहरू हुन्। यस मार्गलाई "रत्नत्रय" भनिन्छ। सत्य सिद्धान्तमा श्रद्धा राख्नु सम्यग् दर्शन कहिन्छ। जैनहरूले महावीर स्वामीको उपदेशमा श्रद्धा राख्दछन्। सम्यग् ज्ञान भन्नाले तत्त्वज्ञानको बोध हुन्छ र सम्यग् चारित्र नभए दर्शन र ज्ञान व्यर्थ छन्। जसमा श्रद्धा या सम्यग् दर्शन छैन त्यसलाई ज्ञान हुँदैन र जसलाई ज्ञान भएन त्यसमा चारित्र गुण हुँदैन। जसमा चारित्र गुणको अभाव हुन्छ त्यसले कर्मबाट मोक्ष प्राप्त गर्न सक्तैन। मोक्ष प्राप्त नभएसम्म निर्वाण अर्थात् मोक्षमा हुने शान्तिको आनन्दको अनुभूति हुँदैन भनी उत्तराध्ययनमा बताइएको छ। श्रद्धामा ज्ञान प्रतिष्ठित हुन्छ र ज्ञानको उपयोग चारित्रमा हुन्छ। दर्शनबाट ज्ञान हुन्छ, ज्ञानबाट चारित्र हुन्छ। दर्शन, ज्ञान र चारित्र मोक्ष मार्गका तीन अमूल्य रत्न हुन्।

सम्यग् चारित्रमा पाँच व्रत, पाँच समिति, तीन गुप्ती तथा चार भावनाहरू छन् जसका अभ्यासले मानिसको जीवन पूर्ण एवं पवित्र हुन्छ।

अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य तथा अपरिग्रह पाँच व्रत हुन्। पार्श्व (पारस) नाथले अहिंसा, सत्य, अस्तेय र अपरिग्रहलाई चतुर्यम भनेका थिए। तर महावीर स्वामीले ब्रह्मचर्यको एउटा व्रत पनि जोडिदिए। पार्श्वनाथको अपरिग्रहमै ब्रह्मचर्यको तत्त्व पनि समाविष्ट थियो। वैदिक धर्मको योगशास्त्रमा यसलाई "यम" या "महाव्रत" भनिएको छ। पाँच समिति या सदाचार यस प्रकार छन् :—

(क) ईर्ष्या समिति—संभलेर हिंड्नु जसबाट जीव-जन्तुको बध नहोस्। त्यसर्थ राती नहिंड्नु।

(ख) भाषा समिति—मधुर, कोमल तथा कल्याणकारी वचन बोल्नु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) एषणा समिति—भिक्षा माग्नु, साफ गर्नु ।

(घ) आदान निक्षेपणा समिति—ठीकसँग राख्नु तथा उठाउनु । वस्त्रादि राख्दा, लिंदा कुनै प्रकारको दोष नहोओस् ।

(ङ) परि (प्रति) ष्ठापना समिति—कफ, मल-मूत्रादिको त्याग यस्तो स्थानमा र यस प्रकारले गर्नु जसमा कुनै प्रकारको पाप नहोओस् ।

मन वचन र शरीरको नियंत्रणको लागि "तीन गुप्ति" छन् । "मनो-गुप्ति" भन्नाले हिंसादि चिंतन नगरी मनको रक्षा गर्ने बोध हुन्छ । "वाग् गुप्ति" भनेको असत्य तथा क्रोधपूर्ण वचन नबोली वाणीको गुप्ति या गोपन अर्थात् रक्षण गर्नु हो । चोरी आदि शारीरिक काम नगरी शरीर अर्थात् क्रिया रक्षा गर्नुलाई "काय गुप्ति" भनिन्छ । महाभारतको शान्तिपर्वमा पनि यी गुप्तिहरूको विवेचना गरिएको छ । पातंजल योग-सूत्रका चार भावनाहरू जैन शास्त्रमा यस प्रकार व्यक्त गरिएका छन् :—

"हे देव, यो मेरो आत्माले सदा प्राणीप्रति मैत्रीभाव राखोस्, गुणीलाई देखेर मलाई प्रसन्नता होओस्, दुःखी प्राणीलाई देखी मेरो मनमा करुणाको भावना जागोस्, र विपरीत वृत्ति भएका मानिसप्रति मेरो मनमा माध्यस्थ्यभाव या उदासीनता होओस् ।" यो रत्नत्रयको आधारमा अनसन, अवमोदरिका, भिक्षाचर्या, रसपरित्याग, कायक्लेश र संलीनता आदि बाह्य आत्म-संयम तथा प्रायश्चित्त, विनय, वेयावृत्त्य, स्वाध्याय, ध्यान र व्युत्सर्ग आदि आभ्यन्तर आत्म-संयमको अभ्यास जरूरी छ । पूर्वजन्मको चक्रबाट यिनको अभ्यासले यति मुक्त हुन्छ ।

चतुर्विध संघ :—

जैन-धर्मको महामंडललाई चतुर्विध संघ भनिन्छ । यसमा साधु र साध्वी, श्रावक र श्राविकाहरू छन् । साधु र साध्वीहरूले वैराग्य-तपको तीव्र नियमको पालन गर्नुपर्दछ । साधु भन्नाले यति, मुनि, ऋषि, श्रमण

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

हुन् भन्ने बोध हुन्छ। आर्या तथा अर्जिकाहरू श्रमणी या साध्वी हुन्। श्रावक र श्राविकाहरू संसारमा बसी मुनिहरूको उपदेश सुन्ने हुन् र तदनुसार गृहस्थी-धर्मको पालन गर्ने हुन्।

यति तथा गृहस्थ-धर्म :–

जैन-धर्ममा वैराग्यको ठूलो स्थान छ। क्षमा, मृदुता, निष्कपटता, त्याग, संयम, सत्य, शौच, अकिंचनता तथा ब्रह्मचर्यको पालनलाई यति-धर्म भनिन्छ। सूत्रकृत १।१५।९ मा बताइएको छ :–

"इत्थिओ जे न सेवन्ति,
आइमोक्खा हुते जणा।"

अर्थात्, आइमाईहरूसँग जुन पुरुषले सम्बन्ध राख्दैन, त्यो मोक्षमार्गतिर अग्रसर हुन्छ।

उपर्युक्त क्षमा, मृदुता आदिको पालन गृहस्थीहरूले पनि गर्नु आवश्यक छ। जुन पहिले पाँच व्रत या पंच-विध यमको विवरण गरिसकिएको छ उसको पनि यथाशक्ति गृहस्थीले पालन गर्दा यसलाई पाँच "अणुव्रत" भनिन्छ। तर पूर्णरूपले पालन गर्दा यतिको लागि यी "महाव्रत" हुन्। गृहस्थीले आफ्नी पत्नीसँग प्रेम राख्नु ब्रह्मचर्य व्रत कहलाइन्छ। यी पाँच मूलव्रत हुन्। यिनको सहायक व्रतलाई गुणव्रत भनिन्छ। यसमा तीन व्रतहरू छन्। सर्वप्रथम मर्यादापूर्वक हिंड्नुलाई "दिग्व्रत" भनिन्छ जसबाट जीव हिंसा कम हुन्छ। भोजन, वस्त्र आदि विषयमा नियम राख्नु मन तथा इन्द्रियहरूलाई आफ्नो वशमा राख्नु "भोगोपभोग नियम व्रत" हो। "अनर्थ दण्ड निषेध व्रत" मा व्यर्थ काम नगरी मनुष्यको प्रवृत्ति धर्मतिर लगाइन्छ। गृहस्थीले निम्नलिखित चार शिक्षाव्रतको पनि पालन गर्नु आवश्यक छ :–

(क) सामयिक व्रत—राग तथा द्वेषरहित भई सबै प्राणीप्रति समभाव एवं दिनमा केही क्षण एकान्तमा तत्त्व-चिन्तन गर्नु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) देशावकाशिक व्रत--पूर्ववर्णित दिग्व्रतमा विशेष ध्यान दिनु ।

(ग) प्रोषध (पोषह) व्रत--उपवास व्रत ली यति-धर्मतिर आफूलाई योग्य बनाउँदै जानु ।

(घ) अतिथि संविभाग—अतिथिहरू तथा खास गरी मुनिहरूलाई आहार नदी भोजन नगर्नु ।

यसरी पाँच अणुव्रत, तीन गुणव्रत तथा चार शिक्षाव्रत गृहस्थ धर्मका बाह्य अंग हुन् जो रत्नत्रयको सम्यक्तत्व या राम्रो श्रद्धामा आधारित छन् । जीवनको सुधारको निमित्त विहान र बेलुका आफूले गरेका पापको विचार गरी पश्चात्ताप गरी भविष्यमा नगर्ने निश्चय गर्नु हरेकलाई वांछनीय छ । रातीको प्रतिक्रमण विहान र दिनको प्रतिक्रमण साँझमा गर्नुपर्दछ ।

अहिंसा तथा सदाचार :—

जैन धर्ममा अतिशय अहिंसालाई परम तत्त्व मानिएको छ । वैदिक धर्मको "अहिंसा परमो धर्मः" को सिद्धान्तलाई जैन-मतले अक्षरशः हरेक कदममा पालन गर्न प्रयत्न गरेको छ । सबै जीवप्रति दया धर्मको मूल हो । यसको लागि आत्म-बलिदानको आवश्यकता हुन्छ । रविषेणको पद्मपुराण-अनुसार निर्मलतापूर्वक दयावान् हुनुको निमित्त मांसाहारको परित्याग आवश्यक छ । सबै प्राणीसँग क्षमा-याचना गर्नु र सबै प्रति क्षमाशील हुनु राम्रो छ । सबै प्राणीप्रति मैत्रीभावले व्यवहार गर्नुपर्दछ । कसैसँग पनि शत्रुता राख्नु हुँदैन । क्रोधले मानिसको परम प्यारा प्रेमी पनि तुरून्तै उसको शत्रु वन्दछ । मानिसको कीर्ति पनि क्रोधैले नाश हुन्छ । तसर्थ सबै प्राणी प्रति मैत्री भावनाको नितान्त आवश्यकता हुन्छ । आचार प्रथम धर्म हो ।

ब्राह्मणत्वको सच्चा परिभाषा :—

वेद, यज्ञ तथा धर्मको मुख्य तत्त्वको दीप व्यवहारमा निभिसकेको थियो । हिंसात्मक पशुबलि, जातिपाति आदिको अत्याचारपूर्ण पुरोहित्याइँ-को पाखण्डीपनाको विरुद्ध महावीर स्वामीले प्रेमपूर्ण आवाज उठाई परम अहिंसा तथा मैत्री भावनाको दिव्य पाठ पढाएका थिए । महायशस्वी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयघोषको अमर शब्दमा ब्राह्मण त्यो हो जसले चल र स्थावर प्राणीलाई चिनी मनले, वचनले तथा कर्मले उनको हिंसा गर्दैन र जसले क्रोधमा, हास्यमा, लोभमा या भयमा पनि कदापि असत्य वचन बोल्दैन। ब्रह्मचर्य पालन गर्ने पुरुष नै ब्राह्मण हो।

कपाल काट्नाले मात्र कुनै पनि व्यक्ति संन्यासी या श्रमण हुँदैन। ओंकारको मात्र उच्चारण गर्नाले ब्राह्मण कहलाइँदैन। जंगलमा मात्र बस्नाले मुनि कदापि हुँदैन। केवल वल्कलको धारणाले तपस्वी हुँदैन। वैदिक धर्मको मूल तत्त्वलाई अंगीकार गरी जयघोषले भन्दछन् कि समता-द्वारा श्रमण या संन्यासी हुन्छ; ब्रह्मचर्यद्वारा ब्राह्मण हुन्छ; ज्ञानद्वारा मुनि हुन्छ; तपस्याद्वारा तपस्वी हुन्छ र कर्मले मानिस ब्राह्मणादि हुन्छ। यी गुणले युक्त पुरुषोत्तममा आफ्नो तथा अरूको उद्धार गर्ने सामर्थ्य हुन्छ। सनातन कालदेखि नै यो सनातन धर्मको अमर उपदेश हो।

त्रिमूर्ति पूजा र यात्रा :—

जैन-मतमा एक ईश्वरको सत्तालाई मानिंदैन। तर जो मानिस आफ्नो साधना तथा अध्यवसायले जीवन-मरणको चक्रबाट मुक्त भई सिद्ध भएको छ त्यो विशुद्धात्मा अर्हन्त नै सर्वज्ञ ईश्वर हुन्छ। सबै तीर्थङ्करहरू बन्धन बाट मुक्त भएर सर्वशक्तिमान्, स्वतन्त्र, पूर्ण एवं आनन्दमय छन्। यिनै ईश्वर हुन्। रागादि द्वेषरहित लोकलाई उद्धार गर्ने तीर्थङ्करहरू भगवान् तुल्य छन् र उनको पूजा गरिन्छ। स्थानकवासीले मूर्ति-पूजा गर्दैनन् तर सबै तीर्थङ्करहरूलाई मान्दछन्। जैन पूजामा प्राचीन कालदेखि नै मूर्ति-पूजाको परंपरा छ। पंच परमेष्ठीको वन्दना, पूजा तथा अर्चना गरिन्छ। अर्हन्तको विशिष्ट मंदिरमा पनि पूजा-विधि वैदिक नै छ। वाह्य वस्तुद्वारा द्रव्य-पूजा र मानसिक रूपले भाव-पूजा गरिन्छ। पूर्णरूपले पूजा गर्नका निमित्त यी दुवै प्रकारका पूजा हुन्छन्। मोक्ष-प्राप्तिको लागि नै पूजा गरिन्छ। लक्ष्मीको पनि पूजा गरिन्छ, साथै अरू अगणित देवताहरूलाई पनि मान्यता दिइएको छ। तर यी देवताहरूले पनि निर्वाणप्राप्तिको लागि मनुष्य योनिमै जन्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिनुपर्दछ। जैन-मतमा भक्तिलाई स्थान नभए तापनि सर्वसाधारण जैनहरूले तीर्थङ्करहरूप्रति एक किसिमको भक्ति-भाव त राख्दछन्। भक्तामर स्तोत्रमा आदिश्वर भगवान्लाई तीन रूपले बोध गरिएको छ :—

"तिमीले नै जीवनको शम् अर्थात् कल्याण गर्दछौ, तसर्थ शंकर पनि तिमी नै हो। कल्याणको मार्ग सिर्जना गर्दछौ; तसर्थ स्रष्टा ब्रह्मा पनि तिमी नै हौ। हे भगवन्, उत्तम पुरुष—पुरुषोत्तम विष्णु पनि तिमी नै हौ।"

हरिभद्रको योगविन्दुअनुसार त्यस गृहस्थीले संसाररूपी दुर्गलाई पार गर्दछ जसले क्रोध तथा इंद्रियमाथि विजय प्राप्त गरी कुनै एक देवलाई आश्रित नगरी सबै देवतालाई आदरपूर्वक नमस्कार गर्दछ।

तीर्थयात्राको लागि यी पवित्र स्थलहरू छन् :—

(क) शत्रुञ्जय पर्वत—प्रथम तीर्थङ्कर ऋषभदेवको पुण्य निर्वाणस्थल।

(ख) चम्पापुरी—बाह्रौं तीर्थङ्कर वासुपूज्य स्वामीको पवित्र निर्वाण-स्थल।

(ग) गिरिनार—बाईसौं तीर्थङ्कर नेमिनाथको पवित्र निर्वाण-स्थल।

(घ) पावापुरी—अंतिम तीर्थङ्कर महावीर स्वामीको पुण्य निर्वाण-स्थल।

(ङ) समेतशिखर—बाँकी २० तीर्थङ्करहरूको पुण्य निर्वाण-स्थल। यसलाई पार्श्वनाथ-शिखर पनि भन्दछन्।

दीपावलिको पुण्य वेलामा यात्रीहरू पावापुरीमा दर्शनार्थ जान्छन्।

स्याद्वाद र सात तत्त्वः—

जैन-मतमा एक ईश्वरको सत्ता नमाने पनि ईश्वरत्व या ब्रह्मत्वलाई तथा अगणित देवताहरूलाई मान्यता दिइएको छ। हरेक जीवले पूर्णतर अर्थात् निर्वाण प्राप्त गरिसकेपछि उ परमात्मास्वरूप सर्वज्ञेश्वर हुन्छ। संसार अनादि कालदेखि नै चलिआइरहेको छ। न यसको आदि छ र न अंत नै। प्रकृतिको नियमले गर्दा यो संसार सतत परिवर्तनशील

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। एउटै वस्तु विभिन्न दृष्टिले हेर्दा विभिन्न देखिन्छ। स्याद्वाद तथा सप्त मंगीनय सिद्धान्त जैन तत्त्व-ज्ञानमा प्रमुख छन् एकलाई अनेक दृष्टिले हेरिएकोले यसलाई अनेकान्तवाद पनि भन्दछन्। यो सापेक्षताको सिद्धान्त हो, स्याद्वाद हो।

जैन सिद्धान्तमा सात तत्त्व यस प्रकार छन् :—

(क) जीव र अजीव—चेतना जीवको लक्षण हो र अजीव चैतन्यहीन हुन्छ।

(ख) पुण्य र पाप।

(ग) आस्रव—संसार या बन्धको कारण। रागद्वेषादि कर्मले आत्मा लाई अपवित्र पार्न आत्मातिर बग्ने तत्त्वलाई आस्रव भनिन्छ। अर्थात् यो जीवहरूको कर्मको आगमनको द्वार हो। आस्रवद्वारा मन, वचन र कर्मले गरेको कर्म जीवमा प्रवेश गर्छ।

(घ) बन्ध—जीव र कर्मको परस्पर संयोगले हुने मेललाई बन्ध भनिन्छ।

(ङ) संवर—आस्रवलाई रोक्ने तत्त्व। यसले आगामी कर्मको मार्ग-लाई रोक्छ। संवर मोक्षको कारण हुन्छ।

(च) निर्जरा—संपादित कर्मलाई तपादि साधनाबाट नितान्त जीर्ण गर्ने, क्षय गर्ने तथा निर्जरण गर्ने तत्त्वलाई निर्जरा भनिन्छ जसबाट कर्मफल हुँदैन। संवरपूर्वक निर्जराले बन्धनलाई समाप्त गरिन्छ।

(छ) मोक्ष—सबै कर्मको क्षय भएपछि मोक्ष हुन्छ।

निर्वाण :—

तत्त्वार्थ सूत्र १०।३ को अनुसार "कृत्स्न कर्मक्षयो मोक्षः" अर्थात् सम्पूर्ण कर्मको नाश नै मोक्ष हो। यसैबाट प्राप्त शान्तिलाई निर्वाण भनिन्छ। योगीन्दुको अनुसार शरीरलाई बहिरात्मा भनिन्छ र मोहनीय,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञानावरणीय, दर्शनावरणीय तथा अंतराय कर्ममा[1] वशीभूत जीवलाई अन्तरात्मा। साधनाद्वारा यो कर्महरूबाट मुक्त पुरुष परमात्मा हुन्छ। आत्मालाई परमात्मा बनाउनु नै परम लक्ष्य हो। मोक्षमा परमात्माको स्वाभाविक स्वरूपको प्राप्ति हुन्छ र अनन्त चतुष्टयको सद्यः हुन्छ। अनन्त ज्ञान, अनन्त वीर्य, अनन्त दर्शन र अनन्त सुख यी अनन्त चतुष्टय हुन्। हरिभद्रको योगदृष्टि समुच्चयको अनुसार यस्ता सिद्धात्मा सदाशिव परब्रह्म नै हुन्छन्।

पंच परमेष्ठी :—

निर्वाणको बाटोमा पाँच पद छन् जसलाई पंच परमेष्ठी पनि भनिन्छ।

(क) अर्हन्त—जीवन मुक्त तीर्थङ्कर।

(ख) सिद्ध—विदेहमुक्त अर्थात् महा निर्वाण प्राप्त :

(ग) आचार्य—साधु-संघको प्रधान यति। आफूले पनि आचारको पालन गर्ने र संघका अरू साधुहरूलाई पनि आचारको पालन गराउने आचार्य हुन्।

(घ) उपाध्याय—शास्त्रको अभ्यास आफूले गरी अरूलाई पनि गराउने तथा धर्मोपदेश दिने उपाध्याय हुन्।

(ङ) साधु—जो शांत, अपरिग्रही, जितेन्द्रिय तथा निःस्पृह छन् ती साधु हुन्।

यी पंच परमेष्ठीको पूजा, अर्चना पनि गरिन्छ। निम्नलिखित "नमस्कार-मंत्र"ले यिनको वन्दना गरिन्छ :—

"अर्हन्तहरूलाई नमस्कार,
सिद्धहरूलाई नमस्कार,

---

१ यिनको अतिरिक्त अरू चार प्रकारका कर्महरू छन्। ती हुन्—वेदनीय कर्म, नाम कर्म, गोत्र कर्म तथा आयु कर्म जसबाट सुख-दुःख, व्यक्तित्व, गोत्र तथा आयुको निर्णय हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आचार्यहरूलाई नमस्कार,
उपाध्यायहरूलाई नमस्कार,
यस लोकमा भएका सबै साधुहरूलाई नमस्कार ।"

सम्प्रदायहरू :—

जैन-मतमा दुई मुख्य सम्प्रदाय छन् : श्वेताम्बर र दिगम्बर। श्वेत वस्त्रवाला श्वेताम्बरीहरूले ११ अंगहरू तथा अरू शास्त्रहरूलाई मान्यता दिएका छन् । तर दिशारूपी वस्त्रवाला दिगम्बरीहरूले यिनलाई मान्यता दिदैनन् र उनका आफ्नै शास्त्रहरू छन् । वस्त्रहीन दिगम्बरीहरूको भनाइमा महावीर स्वामी दिगम्बरी तथा ब्रह्मचारी थिए । उनको विचारमा निर्वाण प्राप्तिको लागि वस्त्र बाधाजनक हुन्छ । तर श्वेताम्बरी-हरूले यस्तो ठान्दैनन् । उनको कथनानुसार पार्श्वनाथ श्वेताम्बरी थिए, तर अहिंसा तथा आत्म संयम दुवैमा सामान्य छन् । पछि श्वेताम्बरी-हरूबाट पनि "स्थानकवासी" भन्ने अर्को सम्प्रदाय प्रारम्भ भयो जसले मूर्ति-पूजालाई मान्यता दिंदैन । जे भए पनि जैन-मार्गमा विचार अनेकान्तवाद हो र आचार सर्वप्रथम साधना हो मोक्ष प्राप्तिको निमित्त ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुर्थ पटल

पारसी धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पारसी-धर्म

जरथुस्त्र

पारसी-धर्मको जन्मस्थल इरान हो। 'आर्यन्' शब्दकै अपभ्रंश भएर 'इरान' भएको छ। आर्यन्हरूको एक शाखा करीब २००० विक्रमपूर्व देखि १२०० विक्रमपूर्वभित्र इरान या पर्सियामा आई बसेका थिए। भाषा-विज्ञानबाट हेर्दा वैदिक आर्यहरू र इरानियनहरू एकै जातिका हुन्। प्रोफेसर मैक्स् म्यूलरको शब्दमा जरथुस्त्रानुयायीहरू तथा उनका पुरखाहरू वैदिक कालमा भारतबाट गएका थिए। इरानका प्राचीन देवताहरू तथा वैदिक देवताहरूको नामकरणमा धेरै समरूपता छ। सूर्य-देव मित्रलाई 'मिथ्र' भनिन्छ र यिनको पूजा पनि गरिन्थ्यो। अग्नि, इन्द्र, वरुण आदिको पनि पूजा गरिन्थ्यो। देवताहरूको सूचीमा अहुरमज्दको पनि स्थान थियो। संस्कृत शब्द 'असुर' बाट स-कारको ह-कार हुँदा 'अहुर' भएको छ। संस्कृतमा असुरको माने दुष्ट अर्थात् दानव भए तापनि स्थान तथा कालान्तरले गर्दा अहुरबाट कल्याणकारी देवताको बोध हुन गएको छ। पर्सियनहरूको विश्वासमा सबै सत् तथा राम्रा चीजहरू प्रकाशमय ऊर्ध्वलोक-बाट आए र सबै असत् तथा दुष्ट वृत्तिहरू अंधकारमय निम्नलोकबाट आए। यी प्राचीन इरानियनहरूको जीविका कृषिमै चल्दथ्यो। लगभग ६०३ वर्ष विक्रमपूर्व एक धार्मिक सुधारक तथा प्रचारक जरथुस्त्रको शुभ जन्म मीडियामा भयो।

पछि 'जरथुस्त्र' को अपभ्रंश हुँदा आज उनलाई 'जोरोआष्टर' पनि भनिन्छ। उनी नयाँ धर्मको संस्थापक थिएनन्। उनी एक धर्म-सुधारक थिए। लोप हुँदै गइरहेको धर्मको पुनः संस्थापनार्थ उनले इरानमा अवतार लिएका थिए। बाल्यावस्थादेखि नै उनमा ज्ञानको तेज झल्किन्थ्यो। ३० वर्षको अवस्थामा उनले आफ्नो धर्मोपदेश दिन प्रारम्भ गरेका थिए। जसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान् बुद्धलाई उनको सदुपदेशबाट 'मार' ले भ्रष्ट गर्न प्रयत्न गरेको थियो त्यसै प्रकार जरथुस्त्रलाई अंग्र-मैन्यु (अहिमन) नामक दुष्टात्माले मार्न प्रयत्न गरेको थियो । तर उनी आफ्नो साधनामा सफल भए ।

जरथुस्त्रले देव-देवताहरू तथा परमेश्वर अहुरमज्दको धेरै पटक दर्शन पाएका थिए । यही प्रत्यक्ष दर्शनको आधारमा उनी १० वर्षसम्म व्यर्थमा धर्म-सुधार तथा प्रचारमा लागे । अन्तमा राजा विश्तास्पलाई धर्मको नयां आलोकमा ल्याउन उनी सफल भए । इरानियनहरूको पहलवी-ग्रन्थको आधारमा ४७ वर्ष तथा श्री ए० बी० डब्ल्यू० ज्याक्सनको प्रचलित मतानुसार ७८ वर्षको अवस्थामा उनी मारिएका थिए ।

ग्रन्थहरू

पारसी-धर्मलाई जरथुस्त्रले सुधार तथा प्रचार गरेकोले उनैको नाम बाट जोरोआष्टर-धर्म पनि कहलाइएको छ । यस धर्मका अनेक ग्रन्थहरूको संकलित रूपलाई 'आवेस्ता' भनिन्छ । २७३ वि० पू० सिकन्दरले घरहरू जलाउनाले एवं सातौं शताब्दीमा मुसलमानी अत्याचारले गर्दा दुर्भाग्यवश आवेस्ताको तीन भागमा दुई भाग लोप भइसकेको छ । आवेस्तामा यस्न, विस्पेराद्, वेन्दिदाद र यष्ट्र नामक ग्रन्थहरू छन् । १७ गाथाहरू यस्नको एक भाग हुन् । प्राचीन स्तुति, गीत तथा प्रार्थनाहरू प्राचीन गाथामा पाइन्छन् । धार्मिक विधि-विधानहरू तथा पौराणिक कथाहरू वेन्दिदादमा पाइन्छन् । राजा विश्तास्प (हिस्तास्प) को राजभवनमा महापुरुष जरथुस्त्रले दिएका दिव्योपदेशहरू गाथामा समाविष्ट छन् । आश्दिरको समयमा उपर्युक्त ग्रन्थहरूको इरानको तत्कालीन प्रचलित भाषा पहलवीमा सटीक अनुवाद गरियो ।

सटीक अनुवादलाई 'जेन्द' भन्दछन् । तसर्थ सम्पूर्ण ग्रन्थहरूलाई 'जेन्द-आवेस्ता' भनिन्छ । पछिका ग्रन्थहरूमा धर्मोपदेशक जरथुस्त्रको विषयमा अनेक पौराणिक कथाहरू पनि पाइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वैतवाद

प्राचीन इरानीहरू धार्मिक विधि-विधानले पूर्ण बहुदेववादी थिए । तर गहिरिएर हेर्दा वैदिक देवगण जसरी एकै परमेश्वरका अनेक शक्तिहरू हुन् त्यसरी नै यी प्राचीन इरानका देवताहरू पनि थिए होलान् । जरथुस्त्रले एक ईश्वर अहुरमज्दको भक्ति तथा पूजा, सत्कर्म तथा सदाचारको महान् उपदेश दिएका थिए ।

उनको धर्म-दर्शनमा अहुर-मज्द तथा अंग्र-मैन्युको विभिन्न अस्तित्वको विश्वासमा द्वैतभाव छ्लिकन्छ । उनको अनुसार दुवै सत्य छन् । अहुर-मज्द सर्वज्ञ, सर्वशक्तिमान् र सत्, जीवन, प्रकाश तथा भद्रताका मूल हुन् । अहुरमज्दको सत्कार्यमा विघ्न-बाधा दिने अंग्र-मैन्यु अनैतिक, ध्वंसात्मक र असत्, मृत्यु तथा अंधकारको मूल हो । ईश्वर अहुरमज्दको पक्षमा बसेर दुष्टतामाथि देवत्वको विजय प्राप्त गर्नु मानवताको गौरव हो । दार्शनिक तथ्यबाट विचार गर्दा यी दुई समान र परस्पर विरोधी तत्त्वहरू हुन् जसमा एक धनात्मक र अर्को ऋणात्मक हुन् । यी दुवै एकै शक्ति हुन् जसबाट विश्वको स्थिति तथा नियन्त्रण हुन्छ । पछिका विद्वान्हरूले अहुरमज्द (ओरमज्द) र अंग्र-मैन्युलाई एकै निर्गुण निराकार परम शक्तिबाट जन्मेका युगल बन्धुहरू हुन् भनी द्वैत-वादबाट ऐक्य-भावमा ल्याउन प्रयास गरेका थिए । यो दुनियाँ द्विधा शक्तिको संघर्ष-स्थल हो ।

अग्नि, सूर्य र पृथ्वी

जरथुस्त्र-धर्ममा पूजा धेरै साधारण तरीकाले गरिन्छ । अग्निलाई दिव्याग्निस्वरूप परमेश्वरको प्रतीक मानिएको छ । अग्नि-देवको उपासना हिन्दूहरूमा पनि प्रचलित छ । वेदीमा आगो निरन्तर बाली राख्छन् । पहिले मन्दिरको प्रचलन थिएन । अग्नि-वेदी नै पछि अग्नि-मन्दिरको रूपमा परिणत भयो जहाँ सामूहिक रूपले धार्मिक भोजको उत्सव मनाइन्छ । भोजमा वेदीमा चढाइएका दूध, पानी तथा रोटीहरू हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शायद सूर्य पनि अग्निकै गोला भएकोले अग्निपूजक पारसीहरूले मित्र या मिथ्र अर्थात् सूर्यलाई देवता मानेका होलान्। अहुरमज्द प्रकाशको स्रोत तथा सत्यताको ईश्वर भएकोले प्रकाशवान् मिथ्रलाई पनि उनैको प्रतीक मानिएको छ। सत्यता एउटा सद्गुण हो जसको दिव्य प्रकाशले असत्—अंधकारको अन्तमा नाश गर्नेछ। प्रातः कालमा भर्खरै उदाएको अमर अग्निको मूल स्वरूप सूर्य (मिथ्र) को पूजा या नमस्कार गरिन्छ। पारसीहरूको जेन्द-आवेस्तामा सूर्यको स्तुति पनि दिइएको छ। उक्त स्तुतिमा सूर्यलाई अमर, प्रकाशमान् तथा चाँडै दगुर्ने अश्ववाला भनी भनिएको छ। उक्त सूर्य स्तुतिअनुसार जब सूर्योदय हुन्छ त्यस वेला अहुर-मज्दले सृष्टि गरेको पृथ्वी पवित्र हुन्छ, नदीहरूको पानी सफा हुन्छ, कुवाँ, तलाउ तथा समुद्रको पानी स्वच्छ हुन्छ, र पवित्र प्राणीहरू पनि सफा हुन्छन्। जसले नित्य प्रकाशमान् तथा तेज तुरगवाला सूर्यलाई अंधकार हटाउन तथा दुष्टात्मा र डाँकूहरूलाई रोक्नको निमित्त बलिदान गर्दछ उसले अहुरमज्दलाई तथा आफ्नै आत्मालाई दान गर्दछ—अर्थात् आत्मास्वरूप अहुरमज्दको सूर्य एक पवित्र मूर्ति हुन्।

पृथ्वीलाई धेरै पवित्र मानिएको छ। हिन्दूहरूले त ऋन् पृथ्वी माता नै भन्दछन्। इरानी जलवायुमा मृत शरीर चाँडै सड्ने हुनाले उसको अपवित्रताले पवित्र पृथ्वी पनि अपवित्र नहोस् भनी उक्त शवलाई शान्ति-स्तम्भमा राखिन्छ। गिद्धहरूको लागि यो आहारस्वरूप हुन्छ। अंतमा अवशेष भाग त जमीनमै खस्छ। मानिस तथा कुक्कुरहरूका लाशहरू गाडिएका ठाउँमा पृथ्वीलाई साह्रै कष्ट हुन्छ भनी जेन्द-आवेस्तामा भनिएको छ।

पृथ्वीलाई परम सुख हुने पाँच स्थानहरूको वर्णन अहुरमज्दबाट जेन्द-आवेस्तामा भएको छ। सर्वप्रथम जहाँ भक्तजन अगाडि बढ्छ त्यहाँ पृथ्वीलाई धेरै आनन्द हुन्छ। पुरोहित, गाई-वस्तु, भेडा-बाख्राहरू, पत्नी, छोरा-छोरीहरू आदिको आश्रयको लागि जहाँ भक्तले घर बनाउँछ र जहाँ ती सबैले आश्रय लिन्छन् त्यस पवित्र स्थानमा पृथ्वीलाई खुशी हुन्छ। जहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तले मकै, शाक-पात, फलफूलहरू रोप्दछन् तथा शुष्क स्थानमा पानी पटाउँदछन् र धेरै पानी भएको ठाउँबाट पानीलाई हटाउँछन् त्यहाँ पृथ्वीको खुशी परम हुन्छ। जहाँ भेडा, गाई वस्तुहरू आदिको वृद्धि हुन्छ त्यो पृथ्वीको लागि सुखको चौथो स्थान हो। पृथ्वीको परमानन्दको पंचम स्थान त्यो हो जहाँ वस्तुहरूले ज्यादा-से-ज्यादा मात्रामा गोवर दिन्छन्। यसबाट पारसीहरूको जीवन कृषिमै निर्भर रहेको बुझिन्छ। कृषि कर्मलाई धेरै ठूलो स्थान दिइएको छ। भक्तहरूको सत्कर्म उनीहरूको खेतबाटै देखिन्छ।

तीन सिद्धि र पाँच स्वभाव :—

विश्तास्प यष्ट्रको आज्ञा छ कि अंग्र-मैन्यु नामक दानवको विचारले कसैलाई भ्रष्ट नगरोस्। तसर्थ सर्वप्रथम पवित्र विचार नै मुख्य सिद्धि हो जसलाई मानिसले प्राप्त गर्नुपर्दछ। दोस्रो सिद्धि पवित्र वाणी हो तथा तेस्रो पवित्र कार्य। मन, वचन र कर्मको पवित्रता धेरै आवश्यक छ। गीतानुसार पनि मन अर्थात् विचारको पवित्रता अत्यावश्यक छ किनकि यसैमा वचन र कर्मको पवित्रता आधारित छ।

पारसी पुरोहितहरूको लागि यी निम्नलिखित पाँच स्वभावहरू महत्व-पूर्ण छन् :—

(क) निर्दोषता अर्थात् पवित्रता।

(ख) विचार, वाणी र कर्ममा विवेक अर्थात् अमरता र नश्वरता, सत् र असत्, राम्रो र नराम्रो छुट्ट्याउने विचार-शक्ति।

(ग) प्रभुत्व जसबाट पुरोहितले सम्यक्रूपले ज्ञान हासिल गरी समुचित वचन तथा शब्दले शिक्षा देओस्।

(घ) धार्मिक कर्ममा दृढता।

(ङ) आफ्नै पिशाच (कुविचार ?) सँग अहर्निश प्रार्थनापूर्वक संघर्ष गरी आफ्नो सत्कर्मबाट विचलित नहुनु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दश उपदेश :—

पुरोहितहरूका लागि पारसी-धर्ममा यी दश उपदेशहरू छन् :—

(क) सुकीर्तिसाथ अगाडि बढ्नु;

(ख) अपयशबाट बच्नु;

(ग) आफ्नो गुरु या शिक्षकलाई छडीले नकुट्नु;

(घ) जे चीज गुरुले सिकाएको छ सुयोग्य व्यक्तिलाई पनि सिकाउनु;

(ङ) राम्रो काम गर्नेलाई पारितोषिक दिने तथा दुष्कर्म गर्नेलाई दण्ड दिने काम कानूनबाट निर्णय गरिनुपर्दछ;

(च) सज्जनताको लागि आफ्नो द्वार खोलिराख्नु;

(छ) पापको प्रायश्चित नगरी नबस्नु;

(ज) आफ्नो विचारबाट द्वेषलाई बलात् हटाउनु;

(झ) धर्मको प्रगतिसँग प्रगति गर्दै जानु; र

(ट) शासक तथा बडा पुरोहितहरूको आज्ञा पालन गर्नु ।

ईश्वर, भक्ति र प्रार्थना :

अहुरमज्द जगत्का स्रष्टा तथा पालक हुन् । उनी कल्याणकारी परमात्मा हुन् । उनका अनेक नाम छन् । शक्तिमान्, पवित्रता, पूर्णता, ज्ञान, सुख, अजय, सर्वज्ञ, वैद्य, सृष्टिकर्त्ता, अहुर, मज्द आदि सबै उनैका नाम हुन् । मज्दबाट सर्वज्ञता तथा अहुरबाट देवत्वको बोध हुन्छ । यसरी अहुरमज्दको माने हुन्छ सर्वज्ञ परमेश्वर जसको अहोरात्र पूजा गर्नुपर्दछ तथा जसले सबैलाई सहायता र सुखको वरदान दिन्छन् । सनातन-धर्ममा "त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धुश्च सखा त्वमेव" भने जस्तै जेन्दावेस्तामा पनि भगवान् अहुरमज्दलाई सबैको पिता, बन्धु तथा मित्ररूपमा मानिएको छ ।

धर्मपरायणता तथा कर्त्तव्यपरायणता मुक्तिको बाटो हो । धर्मपरायण सज्जनहरूसँग प्रेमभाव राख्नु नै अहुरमज्दको भक्ति गर्नु हो । किनकि परमेश्वर मज्दकै यी साधु सज्जनहरू प्रतिरूप हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पारसी धर्ममा आफूले मनसा, वाचा तथा कर्मणा गरेको पाप र अपराधको लागि क्षमा प्रार्थना गरी ईश्वरको गुणगान गर्नु धेरै महत्त्वपूर्ण छ। सबै विचार, वचन तथा कर्महरू जीवनको पुस्तकमा लेखिन्छन् र सत्कर्मभन्दा दुष्कर्मको तौल बढता रहेछ भने मृत्युपछि न्यायानुसार मृतात्माले नरकको दुःख सहनुपर्दछ भन्ने कुरा पनि पारसी धर्मको एक प्रमुख अंग हो। पछि आफूले गरेको पापको प्रकाशन आफ्नो परिवारको पुरोहितसमक्ष सच्चा पश्चात्तापसाथ गरे शाश्वत नरक-यातनाबाट निर्वृत्ति हुन्छ भन्ने विश्वासले पुरोहितवादको प्रगति पनि हुँदै गयो। यस कामको लागि पुरोहितले तलब अर्थात् दक्षिणा पनि पाउँदछ।

संसारको अन्तमा न्याय-दिवस पनि आउनेछ। त्यस वेला सबै मृतात्मा-हरूको पुनर्जन्म हुन्छ। न्यायानुसार धर्मात्माले स्वर्ग-सुख तथा पापात्माले नरक दुःख भोगेपछि सबैको फेरि आनन्दमय पुर्नमिलन हुनेछ र सबैले परमेश्वरको निरन्तर गुणगान गर्नेछन्।

यष्ट्रमा बताइएको छ कि प्रार्थनामा रोग निवारण गर्ने अपूर्व शक्ति हुन्छ। यसले सबै भक्तजनहरूको रोगको विनाश गरी स्वास्थ्य दान दिन्छ।

सदाचार र व्यवहार :—

जरथुस्त्र-मार्गमा चार सद्वृत्ति नै मुख्य सिद्धान्त हुन् :—

(क) योग्य व्यक्तिहरूमाथि उदारताको अभ्यास गर्नु,

(ख) न्याय गर्नु,

(ग) सबै सँग मित्र-भाव राख्नु, र

(घ) असत्यताबाट दूर रही पवित्र तथा सत्यवादी बन्नु। झूटो बोल्ने सबै संसारभन्दा एक सत्यवादी पुरुष श्रेष्ठतर छ।

उपर्युक्त चार सदाचार साथसाथै सद्व्यवहारको विषयमा पनि "आत्मवत् सर्वभूतेषु" को पाठ पढाइएको छ। आफूलाई अहित हुने कुरा अरूसँग पनि नगर्नु नै सद्गुण हो। सामाजिक व्यवहार मानवीय नीतिमा आधारित हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म र विवेक :—

राम्रो र नराम्रो, उचित र अनुचित, दैवत्व र दानवताबीच चुन्ने स्वतन्त्रता सबैमा छ तर आफ्नो परम कल्याणार्थ कुन बाटो उचित छ छैन त्यसको निर्णय सबैले गर्नुपर्दछ। गाथामा लेखिएको छ कि न्यायी पुरुषले सद्वृत्ति र असद्वृत्तिमा विवेक-विचार गरी अहित बाटो छाडी कल्याण-कारी मार्ग अपनाओस्। यस विषयमा यस्तमा यस प्रकारको प्रार्थना गरिएको छ :—

"यस घरमा अनाज्ञामाथि आज्ञाकारिताले विजय गरोस्, कलहमाथि शान्तिको विजय होओस्, लोभमाथि उदारता तथा दानको विजय होओस्, घृणामाथि सम्मानता र असत्यमाथि सत्यले विजय प्राप्त गरोस् एवं असत्-रूपी दानवमाथि धर्मपरायणताले विजय गरोस्।" सबैको मित्र हुनु मानिस-को स्वभाव हो। सबैलाई सन्मार्गमा ल्याउनु ज्ञान हो। सबैलाई आत्मवत् सम्झनु धर्म हो। यिनबाट प्राप्त सुख नै आत्मा हो। अर्काको धनबाट धनी हुनुभन्दा सत्यपूर्वक कमाएको दीनता श्रेयस्कर छ। संसारमा भएको हरेक किसिमको सम्पत्तिभन्दा ज्ञान श्रेष्ठतर छ। यस प्रकार जरथुस्त्र-मार्गमा पनि विवेक तथा ज्ञान धर्मनिष्ट व्यक्तिलाई परमावश्यक आभूषण हो भनी दर्शाइएको छ।

वर्त्तमान स्थिति :—

सिकन्दरले इरान-विजय गरेदेखि नै पारसी धर्मको ह्रास हुँदै आएको देखिन्छ। तर दोस्रो शताब्दीमा यसको नव-जागरण भयो। सातौं शताब्दी-सम्म यसको स्थिति रह्यो। परन्तु दुर्भाग्यवश मुसलमानहरूको निष्ठुर अत्याचारले गर्दा जरथुस्त्रका अनुयायीहरूको संख्या घट्दै गयो। उक्त अत्याचारमा धेरै पारसीहरू मारिए तथा कैयन् पारसीहरूले भारतवर्षमा आई शरण लिए। खास गरी बम्बईमा उनीहरू ठूला-ठूला व्यापार कार्यहरू-मा सफलीभूत भएर बसेका छन्। उनीहरूको ईमान्दारी र सरलता सहनीय छ। उनीहरूको संख्या भारतमा करीब एक लाखभन्दा अलि बढी तथा इरानमा मुश्किलले दस हजार छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आधुनिक पारसीहरू एकेश्वरवादी छन् । पूर्व द्वैतवाद करीब-करीब हराइसकेको छ । अहुरमज्द परमेश्वर हुन्, जगत्का स्वामी हुन् । अंग्र मैन्युलाई केवल कुरीतिहरूको एक प्रतीक मात्र मानिएको छ । ईश्वरको जपमा १०१ मनकको माला जपिन्छ । भक्ति, सत्कर्म, पवित्रता, संयम, न्याय, पशुको रक्षा, सत्य, परोपकारिता, स्वावलम्बन, दया, दान, गरीबको सेवा, विद्याको प्रचार आदि पारसी मार्गका प्रमुख अंग हुन् ।

यहूदी तथा ईसाई मार्गमा प्रभाव :—

माथि नै बताइसकेको छ कि वैदिक धर्म र पारसी धर्ममा समता छ, किनकि आर्यन् र इरानीहरू दुवै उही आर्य जातिका थिए । यहूदी धर्मका सिद्धान्तहरू जरथुस्त्र-धर्मबाटै लिइएका छन् भनी राबर्ट ओ. वलू जस्ता विद्वानहरूको राय छ । पछि यो सिद्धान्तहरू ईसाई धर्मले यहूदीमार्फत अपनाएको थियो । पारसी अंग्र-मैन्यु र यहूदी तथा ईसाईको "सेतान" एकै हुन् । भगवान्को न्याय, मृतात्माको पुनर्जीवन तथा स्वर्ग र नरकमा भविष्य जीवन आदि विश्वासहरू जरथुस्त्र-धर्मबाटै यहूदी धर्ममा आएका हुन् भनी विद्वान्हरूको भनाइ छ । संस्कृतको "पर-देश" शब्दबाट "ब्रह्म-लोक" को बोध हुन्छ । यही "पर-देश" लाई पारसी शब्दमा "पेरि-देज" भनिन्छ जसको माने स्वर्ग हुन्छ । यसैको पुनः अपभ्रंश हुँदा अंग्रेजीमा "पाराडाइज" भएको छ जसको माने हुन्छ स्वर्ग या देव-लोक ।

पथ-प्रदर्शन प्रार्थना :—

गाथामा पथ-प्रदर्शनको लागि दिइएको प्रार्थना संक्षेपमा यस प्रकार छ :—

"अहुरमज्द ! सत्यपूर्वक मेरा प्रश्नको उत्तर देऊ ।

मैले कसरी प्रार्थना गरूँ जब म तिमी जस्तो परम पुरुषको प्रार्थना गर्न चाहन्छु ?

हे मित्रस्वरूप मज्द ! म जस्तो व्यक्तिलाई के तिमीले शिक्षा दिन सक्छौ ? के तिमीले मैत्रीपूर्ण न्यायले हामीलाई मद्दत गर्न सक्छौ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र हामीलाई बताऊ कि शिवस्वभावमा तिमीले कसरी हामीलाई दर्शन दिन सक्छौ ? उज्ज्वल दिवस, चमकिलो तारा र स्वर्ग गंगा कसले बनायो ?

तिमी बाहेक अरू कसले चन्द्र-कलाहरूको नियम बनायो ?

वायुलाई तेजिलो गर्जने शक्ति तथा बादललाई तेजिलो विद्युत्-शक्ति कसले दियो ?

शिव अर्थात् कल्याणकारी स्वभावको सृष्टिकर्त्ता को हो ?

प्रकाश र अंधकारको रचना कसले गऱ्यो ?

कर्मद्वारा प्राप्त न्याय के प्रेममा आधारित छ ?

भक्तहरू बाहेक कसको लागि तिमीले पशु-धनको रचना गऱ्यौ ?

शक्तिसहित प्रेमको सृष्टि कसले गऱ्यो ?

आनन्दले उत्साहित मेरो आत्माले न्यायपूर्ण जीवनको समुचित ज्ञान-रूपी पारितोषिक कसरी पाउनेछ ?

मैले कसरी तिम्रो भक्ति गरूँ जसबाट मेरो वाणी शक्तिशाली बनोस् र त्यस वाणीले न्यायका अनुयायीहरूको भविष्यमा परम स्वास्थ्य तथा अमरतासँग मिलन होओस् ?''

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पंचम पटल

बौद्ध धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्ध धर्म

बुद्धावतारको उद्देश्य :—

त्यस वेला सनातन वैदिक धर्मको मूल उद्देश्य र साधना हराएर गइरहेको थियो । सत्य, अहिंसा, सदाचार, प्रेम, पवित्रता जस्तो सद्वृत्ति-को लोप हुँदै गइरहेको थियो । ज्ञानको अनुभूति तथा आत्म-साक्षात्कारमा धर्म आधारित हुन्छ भन्ने कुरा विसिंदै गइरहेको थियो । केवल वेद तथा शास्त्रहरूको अध्ययन गर्नाले मात्र धर्मपरायणता झल्किदैन भन्ने तथ्य विसिएको थियो । विधि-विधान, यज्ञ तथा पशु-बलिको बाह्याडम्बरलाई नै धर्म मान्नाले मानिसको अवनति हुँदै थियो । धर्मको ह्रास हुँदै थियो, ज्ञानको लोप हुँदै थियो र बाह्याडम्बर तथा पाखण्डीपनाको वृद्धि हुँदै थियो । अवनतिको यस्तो समयमा कुनै सुधारक, देवदूत, पैगम्बर या अवतारी पुरुषको जन्म अत्यावश्यक थियो । द्वापर युगमा परमेश्वरका पूर्णावतार भगवान् श्री कृष्णले श्रीमद्भगद्गीतामा अवतारको उद्देश्य यस प्रकार बताएका थिए :—

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्म संस्थापनार्थाय संभवामि युगे युगे ॥
(गीता ४ । ७, ८)

अर्थात्, "जब जब धर्मको ह्रास हुन्छ र अधर्मको वृद्धि, त्यस वेला म आफै अवतार ग्रहण गर्दछु । सज्जनहरूको रक्षा गर्न, दुर्जनहरूको दुर्जनता-को विनाश गर्न तथा धर्मको पुनः संस्थापना गर्नको निमित्त हरेक युगमा म अवतरित हुन्छु ।" पूर्णावतार श्रीकृष्णज्यूको यस भविष्यवाणीको पूर्ति गर्न प्रेमावतार भगवान् बुद्धको ५६६ वर्ष विक्रमपूर्व वैशाखी पूर्णिमाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन (तदनुसार ६२३ ईसापूर्व, मे महीनाको पूर्णिमाको दिन) नेपाल देशको लुम्बिनी भन्ने पुण्यस्थलमा अवतरण भएको थियो, जुन वेला धर्मको ग्लानि तथा अधर्मको अभ्युत्थान भइरहेको थियो। उनले पशुबलि, जाति-पाति आदि पाखण्डीपनाको संहार गरी सनातन धर्मको दिव्य आलोक पुनः जगमगाए।

जीवन र धर्मोपदेश :—

शाक्य-राज्यको राजधानी तौलिहवामा राज्यको कपिलवस्तु थियो। राजा शुद्धोदनकी महामाया तथा महाप्रजापति गौतमी नाम गरेका रानी-हरू थिए। ४५ वर्षको अवस्थामा महामाया दिव्यरूपले गर्भवती भइन्। एक दिन माइती घर गइरहेको वेलामा वाटोमा लुम्बिनी नामक उपवनमा सिद्धार्थ गौतमको शुभ जन्म भयो। माता-पिताको इच्छा पूर्ण भएकोले पुत्रको नाम सिद्धार्थ राखिएको थियो। गौतम उनको गोत्रको नाम थियो। बाल्यावस्थामै महामायाको देहावसान भएकोले उनकी विमाता गौतमीले उनको पालन-पोषण गरेकी थिइन्।

१६ वर्षको अवस्थामा सिद्धार्थको यशोधरासँग पाणिग्रहण संस्कार भयो। एक दिन उद्यानमा डुलिरहँदा पुत्रोत्पत्तिको शुभ संदेश सुनाउँदा सिद्धार्थले राहुको जन्म भयो भनी व्यक्त गरेकोले राजा शुद्धोदनले आफ्नो नातिको "राहुल" भनी नामकरण गरेका थिए।

सिद्धार्थको विरक्ति भावना देखी उनले संन्यास नलिउन् भन्ने विचारले राजा शुद्धोदनले उनलाई पहिलेदेखि नै भोग-विषय-सुखको प्रलोभन तथा अनेक साधनहरूको सांसारिक सुखमा मोहित गरिराखेका थिए। राजकुमार एक महान् चक्रवर्ती सम्राट् होउन् भन्ने राजाको ठूलो अभिलाषा थियो। तर अन्तमा राजनैतिक चक्रवर्ती नभै उनी संसारका एक महान् आध्यात्मिक चक्रवर्ती भए।

शहर डुल्न जाँदा राजकुमार सिद्धार्थले क्रमशः वृद्ध, रोगी तथा शवको दर्शनले गर्दा जरा, व्याधि र मरणको ज्ञान पाई जीवनको नश्वरताबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनको हृदयमा वैराग्य-भावनाको उदय भयो। एक आनन्दमय संन्यासीको दर्शनले उनले संन्यास लिने इच्छा गरे। २९ वर्षको अवस्थामा राज-भवन त्यागी बाहिर ज्ञानको खोजमा उनी निस्के। यस गृहत्यागको महान् घटनालाई "महाभिनिष्क्रमण" भनिन्छ।

आराडकलाम र रुद्रकरामपुत्रक नामक विद्वान्हरूबाट तत्त्वज्ञान र योग-साधनाको प्रक्रिया सिकी उनले ६ वर्षसम्म तपस्या गरे। उनीहरू "विद्वान्" मात्र थिए, योग्य "गुरु" थिएनन्। योग्य गुरुको अभावमा समुचित रूपले साधना हुन नसकेकोले सिद्धार्थको तपस्या पूर्ण हुन सकेन। अन्तमा गयानजीक उरूवेला नामक स्थानमा एक रूखमनि बसी समाधि-द्वारा उनले आर्य सत्यको साक्षात्कार गरी ३५ वर्षको अवस्थामा वैशाखी पूर्णिमाको दिन संबोधि अर्थात् ज्ञान प्राप्त गरे। उक्त दिनदेखि उनी "बुद्ध" अर्थात् ज्ञान-प्राप्त महात्मा भए। उक्त रूखलाई "बोधि-वृक्ष" को नाउँले पुकारियो।

तदनन्तर त्यही वर्ष आषाढ पूर्णिमाको दिन उनले काशीनजीक सारनाथ (मृगदाव) मा कौण्डिल्य आदि पंचवर्गी भिक्षुहरूअगाडि आफ्नो प्रथम उपदेश दिए। बौद्ध साहित्यमा यसलाई "धर्म-चक-प्रवर्तन" भनिन्छ। भिक्षुहरूलाई एक सूत्रमा संगठित पार्न एक संघको पनि स्थापना गरियो। उनले लोकभाषा पालीमा धर्मोपदेश गरेका थिए। उनले चार आर्य सत्य, आर्य अष्टांग मार्ग, शील, शिक्षा, प्रेम आदि विषयहरूमा दिव्योपदेश दी लोप हुन लागेको सनातन-धर्म (जसलाई हिन्दू-धर्म पनि भनिन्छ) को पुनः स्थापना गरे। ४५ वर्षसम्म आफ्नो दिव्योपदेशको प्रचार गरी ८० वर्षको आयुमा वैशाखी पूर्णिमाको दिन उनले निर्वाण अर्थात् मोक्ष प्राप्त गरे। भगवान् विष्णुका दश अवतारहरूमध्ये उनलाई नवम अवतार मानी हिन्दूहरूले उनको उपदेश ग्रहण गरी उनको पूजा-उपासना पनि गर्दछन्। संक्षेपमा भगवान् बुद्धको शिक्षाको सार निम्नलिखित धम्मपदको एक श्लोकमा दिइएको छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"सब्ब पापस्य अकरणं कुसलस्स उपसम्पदा ।
सचित्त परियोदपनं एतं बुद्धान सत्सनं ।।'
(धम्पपद, १४।५)

अर्थात्, सबै पाप नगर्नु, पुण्य धर्मको संचय गर्नु एवं चित्तको परिशुद्धि गर्नु बुद्धको उपदेशका तीन तत्त्व हुन् ।

ग्रन्थहरू :—

बौद्ध ग्रन्थहरू दुवै संस्कृत तथा पाली भाषाहरूमा पाइन्छन् । पाली-भाषाका सबभन्दा पुराना ग्रन्थहरूलाई "त्रिपिटक" भन्दछन् । त्रिपिटक यस प्रकार छ :—

(१) **सूत्त पिटक** (सूत्र पिटक)—तत्त्वज्ञानको सिद्धान्त तथा उपदेशहरूको संग्रह यसमा छ । यसमा ५ वटा निकायहरू छन् :—

(क) दीघ निकाय
(छ) मज्झिम निकाय
(ग) संजुत्त निकाय
(घ) अंगुत्तर निकाय
(ङ) खुद्दक निकाय ।

खुद्दक निकायमा अरू पनि १५ वटा ग्रन्थहरू सम्मिलित छन् । यिनमा 'धम्मपद' र 'जातक' लोक प्रसिद्ध छन् । धम्मपदमा ४२३ वटा उपदेशात्मक गाथाहरू छन् र जातकमा बुद्धको प्राचीन जोवनसँग संबद्ध ५५० कथाहरूको संग्रह गरिएको छ ।

(२) **विनय पिटक**—यसमा भिक्षु-भिक्षुणीहरूको लागि आचार र व्यवहारसम्बन्धी संवाद, कथा तथा उपदेशहरूको संकलन छ । यो पाँच भागमा विभक्त छ :—

(क) महावग्ग
(ख) चुल्ल वग्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) पाराजिकादेखि निस्सगियसम्म

(घ) पाचित्तियदेखि सैखियसंम र विक्खुणी-विभंग

(ङ) परिवार ।

प्रथम दुइलाई खन्धक र बाँकीलाई सुत्त विभंग पनि भन्दछन् ।

(३) अभिधम्म पिटक (अभिधर्म पिटक)—यसमा निर्वाणको अभिमुख धर्म प्रतिपादित छ । यसमा ७ भाग छन् :—

(क) धम्म संगणि

(ख) विभंग

(ग) धातुकथा

(घ) पुग्गल पंञ्ञत्ति

(ङ) कथावत्थु

(च) यमक

(छ) पट्ठान ।

यस प्रकार सुत्तपिटकमा आचार मार्गको, विनय पिटकमा व्यावहारिक नियमको तथा प्रायश्चित्तको निवारण, एवं अभिधम्म पिटकमा बौद्ध तत्त्व ज्ञान र मनोविज्ञानको प्रतिपादन गरिएको छ ।

महायानी ग्रन्थहरू प्राचीन संस्कृतमा छन् । यिनमा आचार तथा तत्वज्ञानका कुराहरू छन् । यिनमा सद्धर्म पुण्डरीक, प्रज्ञापारमिता सूत्र, गण्ड व्यूह सूत्र, दशभूमिक सूत्र, रत्नकूट, समाधिराज सूत्र, सुखावती व्यूह, सुवर्ण प्रभास सूत्र एवं लंकावतार सूत्र छन् ।

चार आर्य सत्य :—

भगवान् बुद्धको सिद्धान्त निम्नलिखित "चार आर्य सत्य" मा समाविष्ट छ :—

(क) दुःखम्—जीवन दुःखमय छ ।

(ख) दुःख समुदयः—दुःखको कारण छ ।

(ग) दुःख निरोधः—दुःखको निरोध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) दुःख-निरोध-गामिनी प्रतिपत्—दुःख निरोध प्राप्त गर्ने साधन।

संसार दुःखमय किन छ ? यसको सूल कारण हो 'अविद्या'। अविद्या बाट संस्कार उत्पत्ति हुन्छ, संस्कारबाट विज्ञान, विज्ञानबाट नाम-रूप, नाम-रूपबाट षडायतन, षडायतनबाट स्पर्श, स्पर्शबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णाबाट उपादान, उपादान या आसक्तिबाट भव, भवबाट जाति अर्थात् जन्म, जन्मबाट जरामरण। यसलाई 'भव-चक्र' भनिन्छ। यस शृंखलामा दुःखको कारणस्वरूप 'अविद्या' कताबाट आयो त ? यो एउटा रहस्यमय तत्व छ जसको व्याख्या भगवान् बुद्धले पनि गर्नुभएको छैन।

दुःखको कारणबाट मुक्त भए मानिसले दुःखबाट पनि मोक्ष प्राप्त गर्दछ। यस मोक्षलाई 'निर्वाण' भनिन्छ। हीनयानी अश्वघोषको शब्दमा 'क्लेशक्षयात् केवलमेति शांतिम्' अर्थात् क्लेशको क्षय भएपछि जुन शांतिको प्राप्ति हुन्छ त्यो कैवल्य अर्थात् निर्वाण हो। स्थविरवादी बौद्ध-मतको शब्दमा ज्ञानोदय भएपछि अविद्यारूपी पाशको स्वतः नाश हुन्छ र त्यस अर्हत्को अवस्थालाई निर्वाण भनिन्छ। 'अर्हत्' त्यो हो जसले अविद्या-रूपी 'अरि' को नाश (हन्त, हत) गरेको छ। वेदान्तको जीवन्मुक्त र निर्वाण प्राप्त अर्हत्मा केही फरक छैन। हीनयान-मतले दुःखको अभाव-लाई निर्वाण भन्दछ भने महायान मतले निर्वाणलाई आनन्दस्वरूप मान्दछ। शब्दजालमा परी किन झगडा गर्ने ? हिन्दू-धर्मको दृष्टिमा सांसारिक सुख-दुःखरूपी क्लेश परे प्राप्त निर्वाण नै आनन्दस्वरूप अनिर्वचनीय मुक्ति हो।

निर्वाण प्राप्त भएपछि मानिस कर्म तथा पुनर्जन्मको चक्रबाट पनि मुक्त हुन्छ।

आर्य अष्टांग मार्ग :—

दुःखको कारण तृष्णालाई हटाई निर्वाण प्राप्त गर्न मानिसले निम्न-लिखित 'आर्य अष्टांग मार्ग' को अनुकरण गर्नुपर्दछ :—

(१) सम्यग्दृष्टि—आर्य सत्य राम्रोसँग बुझ्नु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(२) सम्यक् संकल्प—सम्यग्दृष्टि भएपछि स्वार्थ त्याग गरी सबैसँग प्रेम तथा शान्तिपूर्वक वस्ने तथा सबैलाई राम्रो बाटो देखाउने संकल्प ।

(३) सम्यग् वाक्—असत्य नबोल्नु, कसैको निन्दा नगर्नु । राम्रो वाणी ।

(४) सम्यग् कर्म—राम्रो कर्म । हिंसादि कर्म नगर्नु ।

(५) सम्यग् आजीविका—न्यायपूर्वक कमाउनु ।

(६) सम्यग् व्यायाम—मनलाई आफ्नो वशमा राख्न राम्रो प्रयत्न गर्नु ।

(७) सम्यग् स्मृति—सांसारिक विषय-वस्तुमा आसक्ति गर्नाले हुने कुपरिणाममाथि राम्रो विचार गर्नु !

(८) सम्यग् समाधि—चित्त एकाग्र गर्नु अनि निर्वाणको प्राप्ति हुन्छ ।

यिनमध्ये प्रथम पाँच त वाह्य व्यवहारसम्बन्धी छन् र बाँकी तीन आभ्यन्तर पवित्रताको लागि गरिने अभ्यास हुन् । यी मध्य-मार्गका आठ तत्वहरू हुन् । यी योग-साधनाकै अंग हुन् भने पनि केही अत्युक्ति हुने छैन ।

दश शील :—

वैदिक धर्मको योग सूत्रको 'पाँच यम,' जैन धर्मको 'पाँच व्रत', र बौद्ध धर्मको 'पंचशील' एकै छन् । बुद्धको पंचशील यस प्रकार छ :—

(क) प्राणातिपात या हिंसा नगर्नु ।

(ख) अदत्ता दान या चोरी नगर्नु ।

(ग) मृषावाद या झूटो नबोल्नु ।

(घ) मद्यपान नगर्नु ।

(ङ) ब्रह्मचर्यको पालन गर्नु ।

यी ५ मा अरू ३ वटा मिलाई "अष्टांगशील" को उपदेश दिइएको छ—

(च) राती भोजन नगर्नु ।

(छ) फूलको माला, चन्दन आदि सुगंधित पदार्थ धारण नगर्नु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ज) भुइँमा खालि चटाई या सुकुल ओछ्याई सुत्नु ।

यी तीन शीलहरू गृहस्थीहरूको लागि आवश्यक छैनन् । तर सप्ताहको एक पटक उपवास (उपवसथ या उपोसथ) गर्दा यिनको पालन गर्नु पर्छ।

यी अष्टांगशीलमा दुई अरू जोड्दा दशशील भएको छ :—

(झ) नृत्य आदिबाट टाढा रहनु ।

(ट) सुवर्णादि धातुको लोभ नगर्नु ।

भिक्षुहरूको लागि यी दशशीलहरूको पालन अत्यावश्यक हुन्छ ।

दश संयोजन र दश शिक्षाः—

मध्य मार्ग या आर्य अष्टांग मार्गमा या कुनै पनि अरू मार्ग (यदि भए) मा आउने बन्धनहरू "संयोजन" को नामले जानिन्छन् । यी दश संयोजनहरू हुन् ।

(क) सत्काय दृष्टि—अहंभावको दृष्टि; (ख) विचिकित्सा—शंका; (ग) शील, व्रत र परामर्श—यिनको पालन राम्रो छ, तर यिनमा अहंभाव ल्याउनु खराब छ; (घ) काम—विषय-वासना; (ङ) प्रतिघ—द्वेष तथा वैर; (च) रूपराग—सांसारिक वस्तुमा आसक्ति; (छ) अरूपराग—अदृश्य स्वर्ग-सुखको आसक्ति या लोभ; (ज) मान—"म ज्ञानी छु" भन्ने अभिमान या गर्व; (झ) औद्धत्य—उद्धतपना अर्थात् गर्वबाट हुने वृत्ति र (ट) अविद्या—अज्ञान ।

हिंसा नगर्नु, चोरी नगर्नु, ब्रह्मचर्य पालन (गृहस्थले आफ्नी पत्नीमा नै प्रेम राख्नु), असत्य नबोल्नु, चुगली, निन्दा आदि नगर्नु, अपमान नगर्नु, वृथा प्रलाप या बकवाद नगर्नु, लोभ नगर्नु, द्वेष नगर्नु तथा विचिकित्सा अर्थात् शास्त्र र परमार्थ संबन्धमा शंका नराख्नु— यी दश शिक्षाहरू हुन् ।

पारमिताः—

संसार-सागर पार गर्ने साधनलाई "पारमिता" भनिन्छ । यो यस प्रकार छ :—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(क) दान पारमिता—विद्या, द्रव्य, धर्मोपदेश आदिको दान ।

(ख) शील पारमिता—पंचशील, अष्टशील तथा दशशीलको अभ्यास ।

(ग) क्षान्ति पारमिता—दुःख सहनु एवं अरूले गरेको अपकारमा क्षमा गर्नु ।

(घ) वीर्य पारमिता—संसारको लोभ जितेर कल्याणको मार्गमा जाने शक्ति तथा उत्साह ।

(ङ) ध्यान पारमिता—धर्म र भगवान् बुद्धको ध्यान गर्नु ।

(च) प्रज्ञा पारमिता—ज्ञान प्राप्त गर्नु ।

चार भावना :—

मैत्री, करुणा, मुदिता र उपेक्षा चार भावनाहरू हुन् । यिनलाई ब्रह्म-विहार पनि भन्दछन् । यी चार भावनाहरू पहिलेदेखि नै चलिआइ-राखेका हुन् । वैदिक धर्ममा यी चार भावनालाई यस प्रकारले व्यक्त गरेको छ :

"मैत्रीकरुणामुदितोपेक्षाणां सुखदुःखपुण्यापुण्य ।
विषयाणां भावनातश्चित्तप्रसादनम् ॥"
(योगसूत्रम् , १।३३)

अर्थात् सुखीप्रति मैत्री भावना, दुःखीप्रति करुणा, पुण्यात्माको दर्शनमा मुदिता अर्थात् प्रसन्नता एवं पापात्माप्रति उपेक्षा या उदासीनता (अपक्षपात) को अभ्यासले चित्त शान्त हुन्छ ।

सच्चा ब्राह्मण :—

करुणावतार भगवान् बुद्धको दिव्योपदेशानुसार जो ब्राह्मण जातिमा जन्मेको छ त्यो 'ब्राह्मण' होइन । जो अकिंचन छ, जसले कसैको द्रव्य लिंदैन र राख्तैन उ सच्चा ब्राह्मण हो । विनादोष जसलाई कुटिन्छ र बाँधिन्छ र तैपनि जसले हृदयमा मलिन भाव नल्याई उक्त कष्टको सहन गर्दछ त्यस्तो क्षमारूपी शक्तिशाली तथा दृढ़ व्यक्तिलाई नै 'ब्राह्मण'

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

कहिन्छ । जसले मनले, वचनले र कर्मले पाप या दुष्कर्म गर्दैन र जो पूर्णरूपेण संयमित छ त्यो नै सच्चा ब्राह्मण हो । रूप, कुल तथा श्रुति कंठ गर्नलि मात्र ब्राह्मण होइँदैन । शीलवान् तथा प्रज्ञावान् नै सच्चा ब्राह्मण हुन्छ । जसले अधर्मद्वारा धनी हुने चाहना गर्दैन त्यस्तो त्यागी पुरुष नै शीलवान् अर्थात् चरित्रवान्, प्रज्ञावान् अर्थात् बुद्धिमान एवं धार्मिक हुन्छ ।

प्रेम र सद्व्यवहार :—

सबै प्राणीहरू दण्ड (हिंसा) बाट त्रस्त हुन्छन् । सबैलाई आफ्नो प्राण प्यारो हुन्छ । आफ्नो आत्माको उदाहरण ली कुनै प्राणीको पनि वध नगर्नु, कसैलाई पनि ताडन नगर्नु प्रेममय व्यवहार हो । यसमा "आत्मवत् सर्वभूतेषु" को दर्शन झल्किन्छ । यज्ञमा प्राणीहरूको हिंसा गर्नलि "आर्य' हुँदैन । जसले सबै प्राणीप्रति दया तथा करुणाको भावना राख्दछ, उही सच्चा आर्य हो ।

क्रोधित व्यक्तिको क्रोध क्रोधले शान्त हुँदैन । क्रोध शांत हुन्छ अक्रोधले । त्यसै प्रकार कुभलो गर्नेप्रति भलो गरे उसको खराबीपनाको पनि नाश हुन्छ । कंजूसी भावना दानले हट्दछ । असत्यवादीलाई सत्यले जित्नुपर्दछ ।

भगवान् बुद्धकै दिव्य शब्दमा सनातन-धर्मको परिभाषा यस प्रकार दिइएको छ :—

"न हि बेरेन बेरानि सम्मन्तीध कदाचनं ।
अबेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ॥"
(धम्मपद, १।५)

अर्थात् बैरद्वारा कहिल्यै शत्रुताको शमन हुँदैन । अबैर अर्थात् प्रेम द्वारा नै शत्रुताको नाश हुन्छ । यसलाई 'सनातन धर्म' भन्दछन् ।

सम्प्रदायहरू :—

भगवान् बुद्धको महानिर्वाणपछि उनका अनुयायीहरूले राजगृहको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभामा बुद्धका मौलिक उपदेशहरूको संग्रह गरी त्रिपिटकको संपादन गरेका थिए। करीब एक सय वर्षपछि वैशालीमा दोस्रो सभा बोलाइएको थियो जसमा दुर्भाग्यवश बौद्ध-मार्गीहरूमा पनि दुई मत खडा भए। यी महायान र हीनयान (स्थविरवादी) हुन्। 'यान' को अर्थ हो परम तत्वतिर जाने साधन या गाडी। मूल पालीमा भएको त्रिपिटकको उपदेशका अनुयायीहरू 'हीनयानी' भए। यिनको समाज सानो भएकोले 'हीन' भनिएको छ। चार आर्य सत्यको तत्व ज्ञान तथा उक्त ज्ञान प्राप्त गर्ने पंचशील, अष्टांग मार्ग आदिको मात्र अनुसरण गर्ने हीनयान भए। आफ्नै निर्वाणको प्राप्तिलाई नै परम कर्तव्य ठान्ने हीनयायीहरू हुन्। यी केवल ज्ञानको आधारमा छन्।

तर महायानमा विशाल अर्थमा धर्मका सबै तत्वहरू समाविष्ट भए। भक्ति, योग, स्वर्ग, नरक आदिको मान्यता पनि यसमा हुँदै गयो। भिक्षु-हरूको कठोर साधनाको विरोध गर्दै बुद्धलाई नै परमेश्वर मानी भक्ति-भावनाको महायानमा प्रचार भयो। निर्वाण भनेको अरूलाई पनि प्राप्त गराउनुपर्दछ। हीनयानी अर्हन्त स्वयं मात्र निर्वाणको मार्गमा आरूढ हुन्छ तर महायानी बोधिसत्व परोपकारी पनि हुन्छन्। तसर्थ महायानको दृष्टिमा अर्हन्तभन्दा बोधिसत्व श्रेय छ। बुद्धले पनि त आफूले प्राप्त ज्ञान-द्वारा अरू प्राणीलाई संसाररूपी निद्राबाट "जागृत" अर्थात् बुद्ध गराउने संकल्प गरी धर्म-चक्र-प्रवर्तन गरेका थिए। मानिसले अर्हन्तसम्म मात्र सीमित नभै "बुद्धत्व" पनि प्राप्त गर्नुपर्दछ। नेपाल तथा तिब्बतमा महायानले तांत्रिकरूप धारण गरिसकेको छ। विक्रम सम्वत् १२४४ सालदेखि जापानमा बौद्ध धर्मको एउटा अर्को सम्प्रदाय खडा भएको छ जसलाई "जैन-बौद्ध" भनिन्छ। 'जैन' शब्द 'ध्यान' शब्दकै परिवर्तित रूप हो।

बुद्ध भगवान्को पूजा :—

यद्यपि बुद्धले भगवान्को विषयलाई लिएर केही कुरा पनि बताएका थिएनन्, तापनि सर्वसाधारणको लागि कुनै रूप या सगुणोपासना विना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधना कठोर भएकोले बुद्ध नै भगवान् स्वरूप पूजित भए । वैदिक धर्मको त्रिमूर्ति ॐ भगवान् बुद्धका तीन स्वरूप पूजिन्छन् । महायानमा यी त्रिमूर्ति यस प्रकार छन् :—

(क) मंजुश्री—ज्ञानको मूर्ति ;

(ख) अवलोकितेश्वर—जगत्लाई उत्पन्न गर्ने तथा हेर्ने सर्वशक्तिमान् बोधिसत्व ;

(ग) जगत् उत्पन्न गर्ने शक्तिस्वरूप वज्र धारण गर्ने वज्र-धर ।

ध्यानको निमित्त ५ ध्यानी बुद्ध, परोपकारको लागि ५ बोधिसत्व र उपदेशको लागि ५ मानुषी बुद्धहरू मानिन्छन् । चौथो ध्यानी बुद्ध हुन् अमिताप या अपितायु । उनको बोधिसत्वरूप हुन् अवलोकितेश्वर तथा मनुष्यरूप गौतम बुद्ध । यी बाहेक तीनवटा कायहरूको सिद्धान्त पनि छ । जगत्को आधारभूत तत्वलाई 'धर्मकाय' भनिन्छ । यो धर्मरूपी महाशरीर हो । वैदिक धर्मको ब्रह्म या परमात्मा र यो धर्मकायको मान्यता एउटै छ । उक्त धर्मकाय नै प्राणीको कल्याणार्थ शरीर ग्रहण गर्नेलाई 'निर्वाणकाय' भनिन्छ । वैदिक धर्मको यो 'अवतार' को सिद्धान्त हो । जीवको भगवान् बुद्धसँग एकतालाई 'संभोग-काय' भनिन्छ । यो बुद्धको आनन्दमय स्वरूप हो । वैदिक धर्ममा यसलाई 'योग' भनिन्छ ।

यात्रा तथा व्रतादि :—

पवित्र तीर्थ स्थलहरू यस प्रकार छन् :—

(क) लुम्बिनी—जन्म-स्थान ।

(ख) बोध गया—संबोधि-स्थान ।

(ग) सारनाथ—५ शिष्यलाई प्रथम उपदेश दी धर्म-चक्र-प्रवर्तन गरेको स्थान ।

(घ) कुशीनगर—निर्वाणस्थल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मैन्हाको चार पटक उपवासको व्रत-नियम छ । व्रतको वेलामा गृहस्थीहरूले पनि भिक्षुहरूकै नियममा वस्नुपर्दछ । पूजाका विधि-विधानहरू हिन्दू तथा जैनहरूसँग मिल्दछन् । तिब्बतमा वोधिवृक्षको संकेतार्थ काठको स्तम्भमा रेशमी झंडा हुन्छ जसमा 'ओम् मणि पद्मे हुँ' भनी लेखिन्छ । उक्त मन्त्रको अर्थ हो : अहो ! यस विश्वरूपी कमलमा मणि भगवान् बुद्ध हुन् । चक्रमा शास्त्रीय वचन र मंत्र लेखी चक्र घुमाउनाले पुण्य हुन्छ भन्ने मान्यता छ । यो धर्म-चक्र-प्रवर्तनको संकेत हो । भगवान् बुद्धको जन्म, संवोधि तथा निर्वाण पनि वैशाखी पूर्णिमाको दिन भएकोले उक्त दिनलाई पवित्र मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षष्ठ पटल

सिख-धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिख-धर्म

गुरु नानक :—

भारतवर्षमा ज्ञानको आलोक तथा धर्मको ज्योति निभ्दै गएकोले मुगल-कालमा धर्मको नाममा अत्याचार हुन थालेको थियो। विशेषतः पन्ध्रौं शताब्दीमा त अधर्म, कलह, वैमनस्यता आदि आसुरिक वृत्ति चरम शिखरमा पुगिसकेको थियो। दुर्गा-सप्तशतीमा जगदम्बा दुर्गा तथा श्री मद्भगवद्गीतामा श्रीकृष्णको विश्वमा अज्ञानताको अन्धकारको परम सीमा पुगेपछि ज्ञान र धर्मको पुनः बत्ती बाल्न दिव्य महापुरुषहरूको यस कर्म-भूमिमा अवतरण हुन्छ भन्ने प्रतिज्ञाअनुसार विक्रम संवत् १५२६ (ईस्वी सन् १४६९, १५ अप्रैल) सालमा हिन्दूहरूको पुण्य तिथि कार्तिक शुक्ल पूर्णिमाको शुभ दिनमा पंजाबको शेखपुरा जिल्लामा तलबंडीराय नामक गाउँमा महापुरुष गुरु नानकको जन्म भएको थियो। उनको पिताको नाम थियो कालूचन्द र माताको नाम तृप्ता। दुवै कट्टर हिन्दू-धर्मावलम्बी थिए। गुरु नानकले पंजाबी, संस्कृत, फारसी तथा गणित-शास्त्रको पनि अध्ययन गरेका थिए। उनी धेरै दयालु तथा परोपकारी थिए। वि०सं० १६०२ मा श्री मूलचन्दकी सुपुत्री सुलखनीसँग १४ वर्षको अवस्थामा गुरु नानकको विवाह-संस्कार सम्पन्न भयो र यिनीबाट दुई पुत्रहरू पनि भए।

जाति-पातिको विरोध गरी गुरु नानकले गुण र कर्ममा आधारित वर्ण-धर्मका कुराको अनुसरण गरेका थिए। ईश्वर र अल्लाह एकै हुन् भनी उनले चलिरहेको धर्म-कलह शान्त गर्न दिव्योपदेश दिए र सबैलाई मानव धर्मको एक सूत्रमा बाँध्न खोजे। ईश्वर-भक्ति, नाम-जप, सदाचार तथा पवित्र जीवनद्वारा ईश्वरको प्राप्ति हुन्छ भन्ने उनको शिक्षा थियो। अनन्त पवित्र ज्ञान र प्रेमस्वरूप परमेश्वरको दर्शन प्रार्थना, स्तुति तथा भक्तिद्वारा हुन्छ। उनले यसैबाट आत्म-ज्ञान प्राप्त गरेका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरु नानकले आफ्नो दिव्योपदेशद्वारा जगत्को भलाइ गर्न धेरै स्थान-हरूको भ्रमण पनि गरेका थिए। यी देशहरूमध्ये वर्मा, चीन, तिब्बत, नेपाल, मिश्र, अरब, अफ्रिका, अफगानिस्तान, रोम, रूस, टर्की आदि छन्।

यस प्रकार ठाउँ ठाउँमा धर्मको ज्योति पुनः जगाई अन्तमा ६९ साल-को अवस्थामा वि. सं. १५९५ सालमा गुरु नानकले महानिर्वाण प्राप्त गरे। उनले लेखेका धर्मग्रन्थ जपुजी साहेब हो। यो गुरु ग्रन्थ-साहेबको प्रारम्भिक भाग हो। जपुजीको मंगल पाठ गरिन्छ। श्री गुरु ग्रन्थ साहेबको पूजा गरिन्छ। यस ग्रन्थको वाणीअनुसार जीवनलाई पवित्र पार्नु तथा निर्वाण प्राप्त गर्नु सबैको चरम लक्ष्य हो।

गुरु नानकका अनुयायीहरू उनका शिष्य थिए। "शिष्य" बाटै "सिख" शब्दको व्युत्पत्ति भयो। यद्यपि उनले कुनै नयाँ धर्मको प्रचार गरेका थिएनन् तथा उही सनातन धर्मको ज्ञानको दीप पुनः जगमगाउन यस धरतीमा उनी अवतरित भएका थिए, तथापि 'सिख-धर्म' भनी एक नयाँ शब्दको प्रचार भयो। गुरु नानकका सबै अनुयायीहरू 'सिख' कहलाइन्छन्। गुरु गोविन्दसिंह सिख-सम्प्रदायका दशम गुरु थिए। उनले मानिसको नामपछाड़ि "सिंह" र आइमाईको नामपछाडि "कौर" राख्छ चलन प्रारम्भ गरेका थिए। यस प्रकार सिखहरूको एक वर्ग खडा भयो। सिख-सम्प्रदाय सनातन-धर्मकै एक अंग हो।

दश गुरुहरू :—

सिख सम्प्रदायले दश गुरुहरूको परंपरालाई मानेको छ। यी दश गुरुहरूको अलग अलग शरीर भए तापनि उनमा परमेश्वरको ज्योति एउटै हो। गुरु नानक आदिगुरु थिए। उनको महासमाधिपछि उनका शिष्य अंगद दोस्रा गुरु भए। चलिरहेको पंजाबी वर्णमालामा केही परिवर्तन ल्याई गुरुमुखी नामक लिपिको जन्म दिए। गुरु ग्रन्थ साहेब यसै लिपिमा प्रचलित छ। वि. सं० १६०९ मा उनको देहावसानपछि तेस्रा गुरु अमर-दास भए। उनको अंत वि. सं. १६३१ मा भएपछि रामदास चौथा गुरु भए। उनले झीलको बीचमा एक स्वर्ण-मन्दिरको स्थापनार्थ शिलान्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेका थिए। वि. सं. १६३८ मा गुरु रामदासको महानिर्वाणपछि उनैका सुपुत्र अर्जुनदेव पंचम गुरुको स्थानमा सुशोभित भई गुरु अमरदासले शुरू गरेको अमृतसर उनले पूरा गरे तथा स्वर्ण-मन्दिरको निर्माण कार्य पनि प्रारम्भ गरे। अर्जुनदेवदेखि नै गुरु परम्परा वंशानुगत भयो। उनी एक महान् कवि पनि थिए। गुरु ग्रन्थ साहेबको संपादन पनि उनले नै गरेका थिए। उनले अरू ग्रन्थहरूको रचना पनि गरे। वादशाह अकबरले ती ग्रन्थहरूको अवलोकन पनि गरेका थिए। तर कट्टर तथा निष्ठुर जहाँगीरले गुरुलाई दिल्ली बोलाई ग्रन्थबाट केही अंश झिक्ने आज्ञाको पालन नगर्दा अनेक कष्ट दी वि. सं. १६६३ मा उनको हत्या गरे। गुरुहरूमा गुरु अर्जुनदेव यसरी प्रथम शहीद भएर गए। तदनन्तर हरगोविन्दले गुरुको स्थान ग्रहण गरे। उनले अंगरक्षक साथमा राखेका थिए र आफ्ना अनुयायी-हरूलाई अस्त्र-शस्त्रहरूले सुसज्जित पार्न लगाए। उनीहरू असल योद्धाहरू भई निस्के। १२ वर्षसम्म गुरुलाई ग्वालियरको दुर्गमा नजरबन्द राखियो। उनले शाहजहाँको अत्याचारको घोर विरोध गरेका थिए। वि.सं. १७०५ मा उनले प्रकृतिको नियमानुसार नश्वर देहलाई त्याग गरे।

गुरु हरगोविन्दका नाति हररायले सातौं गुरु भएर १६ वर्षसम्म मुगल साम्राज्यको अनैतिक कलह तथा अत्याचारहरूको विरुद्ध संघर्ष गरेका थिए। उनको देहान्त वि. सं. १७१८ मा भएको थियो। उनका ५ वर्षका छोरा हरकृष्ण आठौं गुरुको पदमा विभूषित भए। तर तीन वर्ष-पछि विफर रोगले ग्रस्त भई उनको पनि देहान्त भयो। त्यसपछि तेज वहादुर नवम गुरु भए। उनी धेरै वीर तथा पराक्रमी थिए। कट्टर तथा धर्मान्ध वादशाह औरंगजेबले हिन्दूहरूमाथि क्रूर अत्याचार गरेको थियो। यस अत्याचारको विरुद्ध गुरुले पनि संघर्ष गरेका थिए। दिल्लीमा गुरुले अंगरेजहरूको भारतमा आगमन तथा औरंगजेबको संहार हुने भविष्यवाणी गरेका थिए। उनी मुसलमान बन्न तयार थिएनन्। अतः वि. सं. १७३२ मा उनको शिरच्छेद गरियो। यस प्रकार गुरु तेजबहादुर दोस्रा शहीद भएर गए। यस अत्याचारले गर्दा सिख-मतानुयायीहरू पहिलेभन्दा पनि अब धेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्साही तथा पराक्रमी सैनिक बनेर निस्के। अन्तिम तथा दशम गुरु श्री गोविन्दसिंह थिए।

गुरु गोविन्द सिंह :—

गुरु गोविन्दसिंह गुरु तेजबहादुरका सुपुत्र थिए। उनको जन्म गुजरीको कोखबाट वि. सं. १७२३ पौष २३ गते (२२ दिसम्बर, १६६६) को शुभ दिनमा भएको थियो। उनले संस्कृत, पंजाबी, उर्दू र फारसीको पूर्ण ज्ञान प्राप्त गरेका थिए। उनको बाल्यकालको नाउँ थियो गोविन्द राय।

उनी हिन्दू-धर्मका संरक्षक थिए। यस विषयमा उनले भनेका पनि छन् :—

"जगे धर्म हिन्दू सकल भाड भाजे।"

अर्थात् जगत्मा हिन्दू-धर्मको विजय होस् एवं असत्य धर्मको अंत होस्। उनी शान्तिका पूजारी तथा सेवा र शक्तिको दिव्य प्रतीक थिए। उनी आध्यात्मिक पुरुष, महान् राष्ट्रिय योद्धा, कवि, समाज-सुधारक तथा मनोवैज्ञानिक पनि थिए। जाति-पातिको मिथ्या आडंबर हटाई हिन्दू-संस्कृति र राष्ट्रिय स्वाभिमानको रक्षा तथा मुगलहरूको अन्याय तथा अत्याचारहरूको दमन गर्न उनले जीवनभर पूर्ण प्रयास गरेका थिए। हिन्दूहरूमाथि मुगलहरूको अत्याचार तथा इस्लाम र हिन्दू-धर्मावलम्बी-हरूको धर्मको नाममा मिथ्या आचरणले गर्दा हिन्दू जनताहरूले नरकमय यातना सहिरहेका थिए। यस्तो दयनीय अवस्थामा महान् योगी गुरु गोविन्दसिंहको यस भू-भागमा धर्मको पुनः प्रतिष्ठा गर्न शुभागमन भएको थियो। आफ्नो जन्म धारणको उद्देश्य उनले निम्नांकित श्लोकहरूमा झल्काएका छन् :—

"हम इह काज जगत मो आए,
धर्म हेतु गुरुदेव पठाए।
जहाँ-जहाँ तुम धर्म विथारो,
दुष्ट दोखियन पकर पछारो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

याहि काज धरा हम जनमै,
समझ लेहु साधु सम मनमै।
धरम चलावन सन्त उबारन,
दुष्ट समनको मूल उपारन।'

आशय यो हो कि दुष्टहरूको दमन गरी धर्मको पुनरूत्थान गर्न उनले जन्म लिएका थिए। उनको पूरा जीवन नै यही शुभ कार्यमा वित्यो।

उनको पाणि-ग्रहण संस्कार श्री हरजीमलकी सुपुत्री 'जितु' सँग भएको थियो। उनका ४ पुत्रहरूमध्ये दुई त युद्धमै भरे र अरू दुईलाई पनि मुसलमान बनाउन नसक्दा क्रूर औरंगजेबले निर्दयपूर्वक मार्न लगाएको थियो। यो दुःखद समाचार सुन्दा गुरुले भनेका थिए :—

'चार मुए तो क्या हुआ, जीवत कई हजार।'

चार जनाको आफ्नो देश, संस्कृति र धर्मको रक्षाको लागि त्याग, तपस्या तथा बलिदानले गर्दा अरू कैयन् हजार अनुयायीहरूमा नव जीवनको संचार भएको थियो।

सबै शिष्यहरू सैनिक थिए। उनले सबैलाई 'तरवार' को दीक्षा दिए आफ्नो संस्कृति तथा राष्ट्रको रक्षाको निमित्त। सबै 'सिंह' झैं पराक्रमी भए। सबै संतहरूले शूर वीर भई मुगल-साम्राज्यको जगै हल्लाइदिए। क्रूर तथा कट्टर औरंगजेबसँग उ मुसलमान भएर लडेको होइन, वरु उसको निर्दय व्यवहार, अन्याय, अत्याचार आदिको विरोधमा संघर्ष गर्दैछौं भनी गुरुले स्पष्ट शब्दमा भनेका थिए। धर्मको उद्देश्य युद्ध होइन। धर्मको उद्देश्य हो मुक्ति। तर धर्मको साधन के त ? ईर्ष्या, द्वेष, शत्रुता, अन्याय, अत्याचार, कलह आदिसँग सफलतापूर्वक संघर्ष गर्नु।

उनले निराकार ईश्वर शब्द-ब्रह्मको उपासना गर्ने शिक्षा दिए। आडम्बर छोडी सबै सँग—चाहे हिन्दू होस् या मुसलमान, प्रेमपूर्वक मिलेर एक ब्रह्मको, एक अल्लाहको उपासना गर्नु उनको मुख्य उपदेश थियो। 'गुरु मानियो ग्रन्थ' अर्थात् ग्रन्थ साहेबलाई गुरु तुल्य मान्नु भनी उपदेश दी गुरु गोविन्दसिंहले सबैमा भावात्मक तथा आध्यात्मिक एकताको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थापना गर्न पूर्ण प्रयत्न गरेका थिए। उनका दिव्योपदेशहरूको पृष्ठाधार थियो प्राचीन हिन्दू संस्कृति र दर्शन। कसैलाई दुःख नदिनु र सत्यवादी वन्नु भन्ने उनको अमरवाणी थियो।

उनको जन्म स्थान थियो पटना, कार्यक्षेत्र पंजाव तथा मृत्यु-स्थान सुदूर दक्षिण आन्ध्र प्रदेशको नान्देड। त्यहाँ वि. सं. १७६५ मा (७ अक्टूबर, १७०८) एक पठानको हातवाट अंतिम गुरुको अंत भयो। यस प्रकार उनको जीवन, उनको परिवारको जीवन, त्याग र वलिदानको जीवन थियो (आफ्नो कर्त्तव्य गरी वीरत्व प्राप्त गर्नु श्रेयस्कर छ भनी श्री कृष्णले गीतामा पनि भनेका छन् :—

'स्वधर्मे निधनं श्रेयः।'

गुरु गोविन्द सिंहले 'केश, कंघा, कृपाण, कच्छा र कडा' यी पाँच वस्तुहरूलाई पवित्र रूप दी सबै सिखहरूले लाउने प्रथाको पनि प्रारम्भ गरेका थिए। सिखसम्प्रदायका यी पवित्र चिन्हहरू हुन्।

ईश्वर, भक्ति र कर्म :—

परमेश्वर एक सत्यरूप अनादि स्वयम्भू निरंजन निराकार परमात्मा हो। परब्रह्मको ज्योति हृदयमै प्रकाशित भइरहन्छ। परमेश्वर हरेक हृदयमा लुकिराखेको हुन्छ भन्ने गुरु नानकको उपदेश थियो। यस विश्वकी जननी हुन् माया जसलाई हिन्दूहरूले परमेश्वरको शक्ति भन्दछन्। उनै वाट संसारको सृष्टिकर्त्ता, स्थितिकर्त्ता तथा लयकर्त्ताको जन्म भयो। यी ईश्वरकै तीन रूप हुन्। साकार रूपमा गुरुलाई नै ईश्वरको अवतार मानिन्छ। घट-घटवासी परमेश्वर गुरु नै हुन्। संत या ग्रन्थको रूपमा पनि गुरुको भक्ति, गुरुको सेवा गरिन्छ र यसै भक्तिबाट गुरुको परम प्रसाद पनि पाइन्छ। आदि गुरु-ग्रन्थ-साहेवको गुरु-स्वरूप पूजा गरिन्छ। गुरु-वाणी-को अनुसार जीवनलाई पवित्र पार्नु धेरै आवश्यक छ जीवनको परमोद्देश्यको प्राप्तिको लागि। सिख-धर्ममा भक्तिमाथि धेरै जोड दिइएको छ। गुरु अर्जुनको कथनानुसार सबै प्रकारका भक्तिहरूमा ईश्वरको नाम जप्नु नै परम भक्ति हो। केवल शास्त्रहरू पढ्नाले पंडित होइँदैन। भक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् प्रेमबाटै मानिस पंडित हुन्छ भन्ने कुरा गुरुको यस उक्तिबाट थाहा हुन्छ :—

'पोथी पढि पढि जग मुआ, पण्डित हुआ न कोय ।
ढाई अक्षर प्रेमका, पढे सो पण्डित होय ।।'

ईश्वरको नाम-जपको अभ्यास नगर्नाले मान्छे आत्मघाती हुन्छ भन्ने गुरुको आज्ञा छ । 'नाम न जपहिं ते आतमघाती ।'

साथ-साथै सुकर्ममा पनि ध्यान दिइएको छ । ग्रन्थ-साहेबमा लेखिएको छ कि भगवान्ले यो सोध्दैन कि मानिस कुन जातिको हो, वरु सोध्छ कि उसले के गरेको छ । कर्मानुसार नै मानिसको पुनर्जन्म हुन्छ । त्यसैले भनिएको पनि छ 'हुकूमि रजाई चलणा' अर्थात् ईश्वरको कृपामा आफूलाई छोडी उनको इच्छानुसार चल्नु । यस गुरु-उक्तिबाट शरणागति तथा भक्तिलाई ईश्वर-प्राप्तिको निमित्त धेरै महत्त्वपूर्ण मानिएको छ तथा निस्वार्थ कर्मतिर पनि संकेत गरिएको छ ।

विवाह-संस्कार :—

विवाह पनि एक धार्मिक संस्कार हो । गुरु नानकको अमर शब्दमा विवाहको सबै प्रबन्ध ईश्वरबाटै हुन्छ तथा एक पटक जुन नर-नारीलाई पति-पत्नीको रूपमा उनले मिलाइदिन्छन् त्यो दाम्पत्य सम्बन्ध सदाको लागि हुन्छ । यस प्रकार गृहस्थाश्रमलाई गुरु नानक ले पवित्र दिव्य स्थान दिएका छन् । गृहस्थाश्रममा सरल जीवन तथा ईश्वर-चिन्तन हुनु आवश्यक छ ।

मुसलमानहरूलाई उपदेश :—

त्यस वेलाको मुगल-कालीन दंभी तथा मिथ्याचारी मुसलमानहरूलाई पनि सन्मार्गमा ल्याउन गुरु नानकले पूरा प्रत्यन गरेका थिए । त्यसै प्रकार उनले आडंबरी हिन्दूहरूलाई पनि सत्य मार्गमा ल्याउन दिव्योपदेश दिएका थिए । 'कोई बोले राम राम कोई खुदाइ' अर्थात् कसैले ईश्वरलाई राम भन्दछ त कसैले खुदा । राम भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि खुदा भने पनि उही एक परमेश्वरको बोध हुन्छ। ईश्वर भने पनि अल्लाह भने पनि उही एक सत्यस्वरूप परसात्माको ज्ञान हुन्छ। फरक केही छैन। केवल नामकरणमा मात्र फरक भएको हो। मुसलभानहरूलाई सल्लाह दिंदै गुरु नानकले भनेका छन् :—

'दयालाई गिरिजा घर, सच्चाइलाई प्रार्थनाको गलैंचा, न्याय तथा तथ्य कुरालाई कुरान, नम्रतालाई खतना र सुशीलतालाई उपवास बनायौ भने तिमी मुसलमान बन्नेछौ। सदाचारलाई काबा, सत्यतालाई आध्यात्मिक पथ-प्रदर्शक, सत्कार्यलाई आफ्नो मत र प्रार्थना तथा ईश्वरेच्छालाई जपमाला बनायौ भने ईश्वरले तिम्रो इज्जतको रक्षा गर्नेछ।'

चार ढोका :—

गुरु नानकको दिव्य उपदेशको अनुसार चार ढोकाहरू छन् जसबाट ईश्वरको नाम-जपको साथसाथै मानिसले ईश्वर-प्राप्ति गर्न सक्दछ। सत्संग, सत्य, संतोष र इन्द्रियनिग्रह यी चार द्वारहरू हुन्। यी सबैमा गुरुको अनुसार नाम-जपको नितान्त आवश्यक हुन्छ। यी चारमध्ये कुनै पनि ढोकाबाट मानिस पसे उसले परमात्माको प्राप्ति गर्दछ चाहे उ मुनि होस् वा गृहस्थी। गुरु अमरदासले सत्य, धैर्य तथा मननको साथै नाम-जपको अभ्यासले मोक्षको ढोकासम्म मानिस पुग्दछ भनी भनेका छन्।

सद्व्यवहार :—

अरूसँग आत्मवत् व्यवहार गर्ने कुरा गुरु अंगदले पनि बताएका छन्। अरूको चित्त दुख्ने गरी शब्द बोल्नु हुँदैन; किनकि सत्यस्वरूप भगवान्ले सबै मानस-मनमा वास गर्दछ। कसैको पनि दिल दुखाउनु हुँदैन, किनकि हरेक हृदय एक अमूल्य रत्न हो भनी एक सिख संतले भनेका छन्।

गुरुको परिवार :—

गुरु नानक भन्दछन् :—"क्षमा मेरी माता हुन् र संतोष मेरा पिता, सत्य मेरा काका हुन् जसको सहाराले मैले आफ्नो हृदयलाई आफ्नो वशमा राखेको छु। ईश्वर-प्रेम मेरो भाइ हो तथा स्नेह मेरो पुत्र। धैर्य मेरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुत्री हुन् । यस्तो सम्बन्धले म खुशी छु । शान्ति मेरी मितिनी हुन् एवं ज्ञान मेरो शिष्य । यो मेरो परिवार हो जसमा म सदा सर्वदा आनन्दित रहन्छु ।" यस्तो सुन्दर परिवार सबैको भइदिए यो संसार सुखमय हुनेछ । धार्मिक व्यक्तिको लागि सुख र दुःख एकै हुन् तथा तिनी दुःख तथा शोकबाट मुक्त रहन्छन् भनी गुरु नानकले भनेका छन् । यो कुरा गीतामा पनि श्रीकृष्णले दर्शाउनुभएको छ । सुख र दुःखमा पनि मानिसले समत्व भाव राखी शान्तिपूर्वक ज्ञानप्राप्तिको साधनामा लाग्नुपर्दछ ।

गुरु-वाणी :—

मुसलमान कबीरजीले जो एकेश्वरवादी हिन्दू थिए मानिसलाई एकताको सूत्रमा बाँध्न धेरै प्रयत्न गरेका थिए । उनको दिव्य वाणीमा दिव्य ज्ञानमा सद्गुण हुन्छ र असत्यतामा पाप, लोभमा मृत्यु तथा क्षमाशीलतामा परमेश्वर ।

गुरु नानकको शब्दमा जसले सत्यतालाई उपवास, संतोषलाई तीर्थस्थान, दिव्य ज्ञान र ध्यानलाई स्नान, दयालाई मूर्ति र क्षमाशीलतालाई जपमाला बनाउँदछ उ परमेश्वरको कृपापात्र हुन्छ । कृषक बने र सत्कार्यहरूलाई माटो र ईश्वर वाणीलाई बीयाँ बनाई सत्यताको जलले सदा सिंचन गर्दा श्रद्धा अंकुरित हुनेछ र यसरी मूर्खले पनि स्वर्ग र नरक, उचित र अनुचित, सत् र असत्को विषयमा विवेक गर्न सक्नेछ ।

गुरु अमरदासको दिव्योपदेशको अनुसार धैर्यभन्दा ठूलो तपस्या छैन, संतोषभन्दा ठूलो सुख छैन, लोभभन्दा ठूलो दुष्ट छैन, दयाभन्दा ठूलो गुण छैन र क्षमाभन्दा शक्तिशाली अस्त्र अरू छैन ।

गुरु नै ईश्वर, ब्रह्मा, विष्णु, माता, पार्वती, लक्ष्मी आदि सबैका मूर्त रूप हुन् । गुरुको वाणी आदिशब्द वेद हो । अध्ययन-श्रवण, मनन तथा चिन्तनले सत्य, संतोष तथा ज्ञानको उदय हुन्छ । यसले मोक्षको द्वार खोलिदिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस प्रकार गुरुहरूको जीवन सेवा-भक्ति, प्रेम, वीरता, त्याग तथा बलिदानको कथा हो। ईश्वर-भक्ति, नाम-जप, पवित्र जीवन, सदाचार, धैर्य, क्षमा, संतोष आदि सद्गुणको विकास गर्दै आत्म-ज्ञान प्राप्त गर्नु यस धर्मको उद्देश्य हो। गुरु नानक, गुरु गोविन्दसिंह आदि महान् योगीहरूले निम्न लागेको सनातन धर्मको अमर ज्योति पुनः जगमगाइदिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुदूर पूर्वीय धर्मतरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सप्तम पटल

—शिन्तो धर्म्म—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिन्तो धर्म

शिन्तो धर्म—

शिन्तो जापानको प्राचीन धर्म हो। 'शिन्' अर्थात् 'देवगण' तथा 'तो' अर्थात् मार्ग यी दुई चीनी शब्दहरूको सन्धि भै 'शिन्तो' भएको हो। शिन्तोको शब्दार्थ 'देव-मार्ग' हुन्छ। जापानी भाषामा यसलाई 'कामी-नो-मिची' अर्थात् 'देवताको-बाटो' पनि भनिन्छ।

कामी : एक तथा अनेक :—

'कामी' सर्वशक्तिमान् परमेश्वर हुन्। यिनै परमात्मा हुन्। जगत्का सृष्टिकर्ता भगवान् पनि यिनै हुन्। संसारको कण-कणमा व्याप्त अंतरात्मा-लाई पनि 'कामी' पदले नै बोध गरिन्छ। हरेक प्राकृतिक वस्तुको 'कामी' हुन्छ। पर्वत, वायु, वृष्टि, वृक्ष, अन्न, औषधि आदिका अनेक 'कामी' अर्थात् देवताहरू हुन्छन्। तसर्थ जापानलाई 'देवगणको स्थल' पनि भनिएको थियो। खाद्य तथा पेय पदार्थको 'कामी'लाई 'उके-मोची' भनिन्छ तथा चामलको देवतालाई 'ईनारी'। हिन्दूहरूकी लक्ष्मी देवी झैं 'ईनारी' सौभाग्य तथा श्री-संपत्तिका देवता हुन् जसको धेरैजसो व्यापारी तथा आफ्नो सौभाग्यका इच्छुक व्यक्तिहरूले पूजा गर्दछन्। जापानमा सर्वदा भूकम्पको भय रहने हुँदा जापानका अपूर्व पालन-कर्त्ता 'फुजी' पर्वत-देवताको भक्ति-पूर्वक पूजा गरिन्छ। यस प्रकार विभिन्न देव-देवीहरूको कल्पना गरिएको छ। यसबाट हामीलाई शिन्तो-धर्म अनेक-ईश्वर-वाद हो भनी भान हुन्छ।

स्वदेशको लागि आफ्नो व्यक्तिगत स्वार्थ त्यागी आत्म-बलिदान दिने वीर पुरुषहरूको जीवात्मालाई पनि 'कामी' पदले विभूषित गरिन्छ। यिनीहरू देव-तुल्य मानिन्छन्। 'हाचिमाद' भन्ने प्राचीन सम्राट्लाई युद्ध-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवता मानिएको छ । 'तेम्मांगु' नामक विद्वान् शासक ज्ञान देवताको नामले विभूषित छन् । जीवित सम्राट्लाई पनि कामी-तुल्य अर्थात् देव-तुल्य मानिएको थियो । कामीहरूमध्ये कोही असल छन् त कोही खराब पनि, कोही सबल छन् त कोही निर्बल । यस प्रकार शिन्तो-धर्मावलम्बी-हरू पहिले प्रकृति-पूजक थिए, अनि अनेक-देव-पूजक भए तथा पछि गएर मात्रै पितृ-पूजक तथा सम्राट्-उपासक पनि भए ।

पछिका शिन्तो विद्वान्हरूले अनेकेश-वादलाई एक परमेश्वरको सिद्धान्तमा ल्याउने प्रयत्न गरेका थिए । शिन्तो-धर्मावलम्बी इजावा-नागा-हिडेको अनुसार परमेश्वर एक भईकन पनि ८० लाख अर्थात् असंख्य देव-देवीहरूको रूपमा मूर्त हुन्छन् । स्वर्ग र पृथ्वीको एक परम स्रोत नै उनै एक हुन् । विश्वमा व्याप्त सबै वस्तुहरू यिनै एक परमेश्वरमा आश्रित छन् । 'एकम् सत् विप्राः बहुधा वदन्ति' अर्थात् सत्य या परमेश्वर एक हुन् जसलाई ज्ञानीहरूले अनेक नाम-रूपमा पुकार्दछन् भन्ने हिन्दूहरूको वेद-वाक्य यस शिन्तो-अनुयायीको शब्दवाट प्रतिध्वनित भएको बुझिन्छ । ईस्वी सन् १६७० मा (विक्रम संवत् १७२७ मा) शिरे-सोइन्ले परमेश्वर पूर्ण, अवर्णनीय, अचिन्त्य तथा सर्वव्यापी छन् भनी लेखी अद्वैत वेदान्तको कुरा झल्काएका थिए ।

विश्व-सृष्टिको कथा :—

आठौं शताब्दीमा शिन्तो-धर्मका उपदेश, दर्शन तथा पौराणिक कथा-हरू लिपिबद्ध भए । यिनका प्रमुख दुई ग्रन्थहरू छन् : (१) 'निहोंगी' अर्थात् जापानको इतिहास र (२) 'कोजिकी' अर्थात् प्राचीन जापानको पौराणिक कथाहरूको संकलन । विश्वसृष्टिको एक पौराणिक कथा निहोंगीमा दिइएको छ । यसको अनुसार प्राचीन समयमा आकाश र पृथ्वी अलग भएको थिएन र स्त्री-तत्त्व तथा पुरुष-तत्त्वको पनि पृथक्करण भएको थिएन । पछि स्वर्ग र पृथ्वीको रचना भयो तथा दिव्य पुरुषहरूको पनि सृष्टि भयो । स्त्री या प्रकृति-तत्त्वलाई जापानी भाषामा 'इन्' भनिन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र पुरुष-तत्त्वलाई 'यो'। इन्-यो अर्थात् प्रकृति-पुरुषबाट अनेक देव-देवी-हरूको जन्म भयो।

आमातेरासु तथा सूर्य-वंश :—

यो दिव्य युगल 'इन्-यो'—जसलाई तान्त्रिक ग्रन्थमा 'शिव-शक्ति' भनिन्छ-बाट जन्मेका देव-देवताहरूमध्ये प्रमुख 'आमातेरासु-ओमी-कामी' नामक सूर्य देवी हुन् जसले आकाशलाई पूर्णरूपले प्रकाशित गर्छिन्। यिनी जापानकी प्रमुख देवी हुन्। यिनैको अनुकंपाले जापानमा शान्ति-सुरक्षा कायम थियो तथा अन्नादिको पनि रक्षा हुन्थ्यो। तर एक दिन उनको भाई 'सुसा-नो-वो' नामक वायु-देवता (आँधी)को अभद्र व्यवहार-ले गर्दा आमातेरासुले स्वर्गको एक गुफामा शरण लिइन् जसले गर्दा विश्वमा घोर अंधकार छायो। सबै देवगण मिली गुफाबाहिर पूजा-अर्चना गरी धार्मिक नृत्य गर्दा आवाजले आकृष्ट भई सूर्य देवी 'आमातेरासु'ले गुफाबाहिर एक दृष्टि दिंदा देवगणहरूले एक दिव्य वृक्षमा टाँगिराखेको दर्पणमा आफ्नो रूप देखी मोहित भई उक्त प्रतिबिम्बलाई पक्रन हात बाहिर निकालिन्। हात बाहिर निस्कनासाथ देवताहरूले उनलाई गुफा-बाट बाहिर तान्नासाथ दुनिया पुनः ज्योतिले जगमगायो। यस कथाले सूर्यग्रहण तथा सूर्यको दक्षिणायनबाट पुनः उत्तरायण हुनु यी दुई प्राकृतिक घटनाको सांकेतिक व्याख्या गर्दछ। दर्पण (ऐना) को सहायताले सूर्य-देवीलाई आकृष्ट गरिएकोले दर्पण जापानमा सूर्य-देवीको मन्दिरमा एक पवित्र चिन्ह भयो। जापानको दक्षिणी किनारमा 'ईशे' भन्ने ठाउँमा स्थित आमातेरासुको प्राचीन मन्दिरमा दर्पणको स्थान धेरै महत्त्वपूर्ण छ। अरू शिन्तो मन्दिरहरूमा पनि दर्पणलाई पवित्र सौर्यचिन्ह मानी राखिएको हुन्छ।

सुसा-नो-वोलाई देवगणहरूले जापानको उत्तरी किनारमा स्थित ईजुमो भन्ने स्थानतिर निर्वासित गरे। आमातेरासुले आफ्नो छोरा 'नी-नी-गी'लाई शासन गर्न जापान पठाइन्। नी-नी-गीले फुजी पर्वतको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोरीसँग विवाह गरे। उनको नाति 'जिम्मु तेन्नो'लाई जापानका सर्व-प्रथम सम्राट् भनी मानिन्छ। यस प्रकार जापानका राज-परिवारहरू आफूलाई सूर्य-वंशी मान्दछन्। जापानी विद्वान्हरूको अनुसार आमातेरासु-ओमी-कामी परमेश्वरी हुन्। 'आमातेरासु-ओमी-कामी' को शब्दार्थ हो स्वर्ग जगमगाउने-परम-ईश्वरी। अरू देव-देवीहरू उनै परमेश्वरीमा आश्रित छन्। सबै जापान निवासीहरूले आफूलाई यी देव-देवीहरूको वंशज मान्दछन्।

तीन पवित्र प्रतीक :—

शिन्तो मन्दिरहरूमा तीनवटा पवित्र प्रतीकहरू हुन्छन् : दर्पण, खड्ग र रत्न। दर्पण सत्यता तथा ज्ञानको प्रतीक हो, खड्ग पराक्रम, साहस तथा वीरताको चिन्ह तथा रत्न दया, उदारता तथा परोपकारिताको संकेत। काम, क्रोध आदि शत्रुहरूको दमन गर्न वीरतारूपी खड्ग आवश्यक हुन्छ। यी हिंस्रक रिपुहरूको दमन भएपछि मात्र पवित्र प्रेम-भावको मानस-पटलमा उदय हुन्छ। यस प्रकार यी दर्पण, खड्ग र रत्न ज्ञान, वीरता र उदारताका चिन्ह हुन्, सत्य, प्रेम र करुणाका संकेत हुन्। हिन्दूहरूमा यी तीन पवित्र प्रतीक त्रिमूर्तिको रूपमा साकार भएका छन्। सत्य र ज्ञान, प्रेम र वीरत्व तथा करुणा र उदारता मनुष्यमात्रको लागि अत्यावश्यक छन्। हाचिमाङ देवताको यस्तो दिव्योक्ति छ।—'म स्वयं दयावतार हुँ। सत्यता मेरो आफ्नै दिव्य शरीर हो।'

पवित्र शिन्तो :—

यथार्थमा शिन्तो सम्राट्-पूजा-पद्धति होइन। उन्नाईसौं शताब्दीको अंतिम चरणतिर शिन्तो-धर्मको पुनरुत्थानको कार्यारम्भ भयो। विक्रम सम्वत् १६५७ देखि १९२५ सालसम्मको एक-तन्त्रीय शासन वि० सं० १९२५ मा अन्त भैसकेपछि सम्राट् मीजीले राज्यको भार लियो। सूर्यदेवी आमातेरासुको वंशानुगत भएकोले सम्राट्को स्थान सर्वोत्तम छ भन्ने कुरातिर धेरै महत्त्व दिइन लाग्यो। वि० सं० १९६९ मा मिकाडो मीजीको देहान्तपछि उनको कब्र तीर्थस्थानको केन्द्र भयो। यो सम्राट्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्रित-शिन्तो प्राचीन परम्परागत शिन्तो होइन। यो नयाँ थियो। वि० सं० २००३ (ई० सन् १९४६) मा जापानको हार भएपछि सम्राट्ले नै सम्राट् कुनै अवतारी देवता होइन भनी आम जनतामा घोषणा गरेका थिए। जे भए पनि सम्राट् केन्द्रित-शिन्तोले गर्दा जापानीहरूमा देश-भक्ति चरम सीमामा पुगिसकेको थियो।

परम्परागत पवित्र शिन्तोमा करीव-करीव एक लाख शिन्तो मन्दिर-हरू छन्। ईशे तथा ईजुमोका प्राचीन विशाल मन्दिरहरू आज पनि प्रसिद्ध छन्। यस परम्परागत शिन्तोलाई 'कोक्का' अर्थात् राष्ट्रिय शिन्तोको नामले पनि जानिन्छ।

मिश्रित शिन्तो :—

छैटौं शताब्दीमा बौद्ध-धर्म जापानसम्म पनि पुग्यो। बौद्ध पुरोहित-हरूले तुरुन्तै शिन्तो कामी अर्थात् देवताहरू बुद्ध तथा बोधिसत्त्वहरूकै व्यक्त रूप हुन् भनी शिन्तो र बुद्ध धर्महरूबीच सम्बन्ध स्थापित गरी कैयन् शिन्तो मन्दिरहरूको जिम्मा पनि लिए। बौद्ध पूजा-पद्धति तथा मूर्तिहरूको पनि शिन्तो मन्दिरहरूमा प्रारम्भ भयो। यस मिश्रित शिन्तो-लाई 'र्‍योबु शिन्तो' को नामले विभूषित गरियो जसको माने हुन्छ 'देवगणको युगल बाटो।' तर करीब एक हजार वर्षपछि शिन्तो विद्वान्-हरूले शिन्तोलाई बौद्ध-प्रभाववाट मुक्त गराउनपट्टि लागे र अन्तमा वि० सं० १९२५ मा एक-तन्त्रीय शासकहरूको पतन भएपछि मिश्रित शिन्तो बन्द गराइयो। पवित्र परम्परागत शिन्तो जापानको राष्ट्रिय धर्म भनी घोषित गरिएको थियो।

अहिलेसम्म पनि जापानीहरूमा यी दुवै धर्मको प्रभाव देखिन्छ। जन्मोत्सव, विवाहोत्सव आदि शिन्तो-विधिद्वारा हुने चलन छ। तर अन्त्येष्टि-क्रियाहरू बौद्ध परम्परानुसार हुन्छ।

साम्प्रदायिक शिन्तो :—

शिन्तोमा धेरै सम्प्रदायहरू पनि हालै जन्मेका छन्। यिनीहरूलाई 'क्योहा शिन्तो' अर्थात् साम्प्रदायिक शिन्तो भनिन्छ। प्रमुख 'कोङ्की-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्यो' र 'तेन्री-क्यो' भन्ने दुई सम्प्रदायहरू छन् । तर यौटा अरू 'पर्वतीय सम्प्रदाय' समेत मिलाई यहाँ तिनौटा मतहरूको विषयमा संक्षेपमा वर्णन गरिन्छ ।

पर्वतीय सम्प्रदायमा फुजी र ओन्टाकेको प्रसिद्ध शिखरहरूमा तीर्थ-यात्रीहरू आफ्नो शारीरिक तथा आध्यात्मिक साधना तथा अभ्यासको लागि चढ्छन् । अरू केही शिखरहरू पनि पवित्र मानिएका छन् । यस्तो पवित्र पर्वतारोहण उनीहरूको लागि तपस्याको एक साधन हो । पर्वतीय पुरोहितहरू जसमा कोही त बौद्ध पनि हुन्छन्, पर्वतात्माको संदेश दिंदै तीर्थ-यात्रीहरूको पथ प्रदर्शक हुन्छन् ।

'कोङ्को-क्यो' अर्थात् 'दिव्य सुवर्ण-ज्योतिको उपदेश' उन्नाईसौं शताब्दीको अन्ततिर कावाडे-बुन्जिरोले चलाएको सम्प्रदाय हो। कल्याणकारी भगवान्को उनलाई दर्शन भएको थियो । शिन्तो-पूजारीमै त्यस वेलाको संकीर्ण देश-भक्ति तथा अन्धविश्वासहरूमाथि आक्रमण गरी हृदयको पवित्रता तथा सच्चा प्रार्थनाको महत्त्वको आवश्यकता छ भनी बुन्जिरोले सिकाए । एकेश्वरमा श्रद्धा जगाए ।

'तेन्री-क्यो' अर्थात् 'दिव्य ज्ञानको धर्म' उन्नाईसौं शताब्दीमै मिकि नामक नारीले चलाएकी थिइन् । उनी जापानी बौद्ध सम्प्रदायहरूमध्ये एककी अनुयायिनी थिइन् । उनका पतिदेव शिन्तो-धर्मावलम्बी थिए। एक दिन मिकिले ईश्वर-वाणी सुनिन् । ईश्वरीय उपदेशहरू उनले लेखिन् । नृत्य तथा हस्त मुद्राहरूद्वारा उपासना-विधि पनि शुरू गरिन् । मानिस-हरूको दुर्गुण तथा रोगहरूको निवारणार्थ उनले उपदेश दिइन् । 'ओया' अर्थात् माता-पितास्वरूप परमेश्वरमा अटल विश्वास तथा श्रद्धाद्वारा नै रोग निवारण हुन्छ भनी शिक्षाको प्रचार गरिन् । सामाजिक तथा शिक्षा सम्बन्धी कार्यहरू पनि यस सम्प्रदायले गर्दछ । उपासनार्थ जप-मन्त्र पनि यस प्रकार छः—

'नामुतेन्री ओ नो मिकोतो' अर्थात् दिव्य परमेश्वरलाई नमस्कार छ। परमेश्वरमा श्रद्धा राखी भगवान्को मन्दिर बन्न लोभ वासनाको दमन गर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनी उनको मुख्य उपदेश थियो । मानिसले आफ्नो मौलिक पवित्रता तथा दिव्यता पुनः प्राप्त गर्नुपर्दछ ।

शिन्तो धर्मका दश उपदेश :—

(१) देवताहरूका इच्छाको उल्लंघन नगर ।

(२) पितृ-यज्ञ अर्थात् आफ्ना पूर्वजहरूप्रतिको कर्त्तव्यलाई नबिर्स ।

(३) राष्ट्रका आज्ञाहरूको उल्लंघन नगर ।

(४) दुर्भाग्यलाई हटाउने तथा रोगको निवारण गर्ने देवताहरूको परम कल्याणकारितालाई नबिर्स ।

(५) 'वसुधैव कुटुम्बकम्' अर्थात् दुनियाँ एक ठूलो परिवार हो भन्ने तथ्यलाई नबिर्स ।

(६) आफ्नो व्यक्तिगत परिमिततालाई नबिर्स ।

(७) अरू क्रोधित भए तापनि तिमी आफै क्रोधित नहोउ ।

(८) आफ्नो कर्ममा सुस्ती नगर ।

(९) उपदेशलाई दोष दिने व्यक्ति नबन ।

(१०) वैदेशिक शिक्षाहरूको अंधानुकरण नगर ।

पूजा तथा पर्व :—

शिन्तो मन्दिरमा दैनिक पूजा पुरोहितहरूले नै गर्ने चलन छ । सामूहिक पूजा हुँदैन । भक्तहरू आफ्नै इच्छा तथा आवश्यकताअनुसार मन्दिरमा दर्शनार्थ जान्छन् । देवताको ध्यान आकर्षित गराउन घण्टी बजाइन्छ, नैवेद्य-भेटी आदि चढाइन्छ । प्रार्थनामा ताली पनि बजाइन्छ या कसैले बौद्ध या हिन्दूको परम्परानुसार हात जोडी प्रणाम गर्छ या कसैले आफ्नो टोपी झिकी शरीर झुकाई नमस्कार गर्छ । मन्दिरको शान्त तथा पवित्र वातावरणले मनलाई प्रसन्न पार्दछ । मन्दिरको अतिरिक्त अरू भवनमा साधारण पूजकहरू अगाडि गीत-वाद्य-नृत्यको सहाराले प्राचीन पौराणिक कथाहरू दर्शाइन्छन् ।

शान्ति तथा प्रगतिको लागि प्रार्थना गरिन्छ । रोप्ने तथा अनाज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काट्ने वेलामा आनन्दमय पर्व मनाइन्छन् । नव-वर्षको आरम्भमा पनि ठूलो चाड मनाइन्छ । वर्षको मध्यतिर मृतात्माहरूको पर्व मनाइन्छ। त्यस वेला मृतात्माहरू आफ्नो घर फर्कन्छन् भनी मानिएको छ । उक्त दिन भोजको उत्सव सकिएपछि मृतात्मालाई विदाइ दिन साना-साना डुंगाहरूमा अन्न र बत्ती राखी समुद्रको पानीमा छाडिइन्छन् । ती स-साना दीपहरू अंधकारमा विलाएपछि मृतात्माहरू समुद्र पार गई आराम गर्न गए भनी भान हुन्छ ।

अधिकांश आ-आफ्नो घरमा पनि 'कामी-दाना' या देवताको वेदी हुन्छ जसको दैनिक पूजा गरिन्छ । विशेष चाडपर्वको लागि पुरोहित-हरूलाई घरैमा पनि बोलाइन्छन् । 'बुत्सु-दाना' भनी बुद्धको बेदी या सानो मन्दिर पनि अधिकांश जापानीहरूको घरमा हुन्छ । धेरैजसो कार्यालय-हरूमा पनि 'कामी दाना' हुन्छन् । कलाकार तथा शिल्पकारहरूको पनि आ-आफ्ना इष्ट देवताहरू हुन्छन् । कामको प्रारम्भमा तथा अन्तमा आफ्नो कर्मशालामा रहेको कामी-दानामा प्रार्थना चढाइन्छ ।

तेन्री-क्योका अनुयायीहरूले जनवरीमा परम बसन्त ऋतुको पर्व तथा अक्टूबरमा परम शरद्-ऋतुको पर्व मनाउँदछन् । अरू शिन्तो मन्दिर-हरूमा चढाए जस्तै मत्स्य, शाक-पात, फल-फूल तथा 'शाके' (एक किसिमको जापानी जाँड जौ चामलबाट बनाइन्छ) आदिको नैवेद्य चढाइन्छ ।

शिन्तो धर्म समन्वयात्मकवादी भैसकेको छ । धेरै जापानीहरू शिन्तो बौद्ध तथा ईसाई मन्दिरहरूमा पनि दर्शनार्थ जाने गर्दछन् । किनकि उही एक परमेश्वरका शिन्तो देव-देवीहरू विभिन्न रूपहरू हुन् ।

धार्मिक तथा नैतिक अभ्यासः—

शिन्तोमा प्रत्यक्षरूपले व्यक्तिगत मुक्तिको कुरा गरिएको देखिदैन । तथापि धार्मिक रहन-सहन तथा नैतिक अभ्यासले ईश्वर प्राप्तितिर संकेत गर्दछ । जसको मन पवित्र छ तथा व्यवहार राम्रो छ त्यो कर्त्तव्यपरायण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुष स्वयं साक्षात् देवता हो । शुद्ध हृदय, धर्मनिष्ठा, भक्तिपूर्वक प्रार्थना तथा सम्यक् जीवन शिन्तोका प्रमुख विशेषता हुन् । वि० सं० १९०२ मा एक शिन्तो पुरोहितको शब्दमा यथार्थता अर्थात् हृदयको निष्कपटता नै एक यस्तो सरल गुण हो जसले ईश्वर र मानिसलाई ऐक्यतामा युक्त गराउँदछ । केवल शुद्ध पानीले शरीर धुनाले मानिसको शुद्धिकरण हुँदैन । सम्यक् नैतिक मार्गवाटै शुद्धि सम्भव छ । शिन्तो-शोदेन-कूजूको अनुसार अशौच भनेको अनैतिकता हो । कुवासनाको दमन गरिएन भने देवत्वको कसरी प्राप्ति हुन्छ ? असम्भव ।

हृदयको सत्यता तथा स्वच्छता नै त श्रद्धा तथा विश्वास हो । हृदयको दिव्यता यसैमा झल्कन्छ । मुरो क्यूसोको अनुसार पनि हृदय नै परमेश्वरको वास-स्थान हो । तसर्थ परमेश्वर कुनै टाढाको वस्तु होइन । आफ्नै हृदयभित्र खोजे ईश-प्राप्ति हुन्छ । आत्सूता देवताको उपदेश यस्तो छः—'आकाशलाई आफ्नो पिता सम्झ, पृथ्वीलाई माता, र बाँकी सबैलाई आफ्नै दाज्यू-भाई-दिदी-बहिनी सम्झ ।' सबैले सारा विश्वासलाई एक परिवार सम्झिदिए दुनियाँमा कत्रो शान्ति-सुख तथा प्रेमको रामराज्य हुन्थ्यो होला । इत्सु-कूशिमाको आज्ञानुसार जसले दया-करुणा छाड्दैन उसलाई भगवान्ले पनि त्याग्दैन ।

यामोतोहिमे-नो-मिकोतोको अनुसार परमेश्वरको कृपा-प्राप्तिको लागि प्रार्थना धेरै महत्वपूर्ण छ ।

कासुगाका देवगणहरूको आकाश-वाणीअनुसार मद अर्थात् घमण्डी-पना त्याग गर्नु धेरै हितकर छ ।

जीवन एउटा लामो यात्रा हो । तोशीगोहीको शिक्षानुसार क्षमा अर्थात् सहनशीलता नै शान्ति तथा चिर सुखको मूल स्रोत हो । क्रोध मानवताको दुश्मन हो । अरूमा दोष खोज्नुभन्दा वरु आफैमा के दोष छ भनी खोजी उसको निवारण गर्नु धेरै श्रेयस्कर हुन्छ ।

अन्तमा, सत्कार्य गर्नु नै पवित्र हुनु हो; तथा दुष्कार्य गर्नु अपवित्र हुनु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सीताराम माध्यमिक विद्यालय
स्थापित २००३

अष्टम पटल

ताओ धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताओ-धर्म

ताओ-धर्म चीनको प्राचीन धर्म हो। चानी भाषामा "ताओ" को अर्थ परब्रह्म तथा विश्वको मूल हुन्छ। ताओ भन्नाले धर्मको मार्ग भन्ने पनि बोध हुन्छ। यस प्रकार ताओ-धर्म भन्नाले ब्रह्म-वाद तथा ब्रह्म-प्राप्तिको लागि साधनाको बाटो हो भनी बोध हुन्छ।

धर्म-संस्थापक :—

ताओ-धर्मका संस्थापक लाओत्से थिए। उनको जन्म ५४७ वर्ष वि. पू. चीनमा भएको थियो। उनको पहिलेको नाम थियो "ली-पोह-यांग्"। लाओत्से अर्थात् बूढो बालक भनी सम्मान-सूचक पदले ली-पोह-यांग् प्रसिद्ध भए। उनको जीवनी विषयमा पूर्णरूपले ज्ञात भएको छैन तापनि अहिलेसम्म प्राप्त ऐतिहासिक तथ्यांकअनुसार उनी चीनको सरकारी गुप्त-अभिलेखका संरक्षक थिए। वृद्धावस्थामा उनी सरकारी कार्यभारबाट मुक्त भए। त्यसपछि उनी चीनको पश्चिमोत्तर सिमानातिर गए। तर क्वनियन भञ्ज्याङको द्वारपालले उवत भञ्ज्याङपारी जानुअगाडि आफूले अनुभव गरेको ज्ञानको विषय एक ग्रन्थ लेख्न उनीसँग आग्रह गर्दा लाओ-त्सेले 'ताओ-तेकिंग' भन्ने एक ग्रन्थको रचना गरेका थिए। 'ते' माने धार्मिक गुण हुन्छ तथा 'किंग' माने ग्रन्थ। तसर्थ ताओ-ते-किंगको अर्थ ताओ-धर्म ग्रन्थ हुन्छ। 'लाओ-त्से' अर्थात् वृद्ध बालक भन्नाले सरलता निष्कपटता तथा पवित्रताको बोध हुन्छ। लाओत्से आफू पनि धेरै सरल, निष्कपट तथा ज्ञानी थिए। निरहंकारिता उनको विशेषता थियो।

स्वामी लाओत्सेको दुइ शताब्दीपछि च्युअंग्-त्सी ताओ धर्मका प्रचारक भए। उनले ताओ-धर्म-दर्शनको धेरै विकास गरे। सबैले स्वामी लाओत्सेको अनुसरण गरून् भन्ने उनको बड़ो अभिलाषा थियो। च्यु-अंग्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्सी-ग्रन्थमा महात्मा लाओत्से, कन्फ्यूशस् तथा अरू साधु-संतहरूको विषयमा चर्चा गरिएको छ ।

जीवनको उद्देश्य :—

मानिस सरल, निष्कपट तथा मितव्ययी हुनुपर्छ । जहाँसम्म सम्भव छ प्रकृतिको प्रांगणमा प्राकृतिक तथा स्वच्छन्दतापूर्वक जीवन यापन गर्नु श्रेयस्कर हुन्छ । यसरी सादा जीवन बिताई उच्च चिन्तन निरन्तर गरी अवर्णनीय ताओ अर्थात् ब्रह्मको ज्ञान प्राप्त गरी उक्त परम गूढ तत्व परमात्मासँग ऐक्यताको अनुभूति प्राप्त गर्नु नै जीवनको परम उद्देश्य हो। महात्मा लाओत्सेको यो उद्देश्य र सनातन-धर्मको परम लक्ष्य एकै हो। यसलाई सनातन-धर्मावलम्बीहरूले जीवन-मुक्ति पनि भन्दछन् । महात्मा लाओत्सेले मनन, चिन्तन र ध्यानद्वारा मुक्तिको मार्ग अपनाएका थिए र यस प्रकार चीनमा सर्वप्रथम उनले ज्ञानद्वारा निवृत्ति-मार्गको प्रारम्भ गर्नुभरेको देखिन्छ ।

त्रि-निधि :—

महात्मा लाओत्से मार्दवता, परिमितता तथा विनयशीलतारूपी तीन अमूल्य निधिको अवतारै थिए । दया, प्रेम तथा मार्दवता प्रथम निधि हो । दयालु भैकन नै मानिस धीर तथा वीर हुन्छ । मानवताको दोस्रो आभूषण हो परिमितता जसको अभ्यासले नै उ उदार हुन सक्छ। विनयशीलता मानिसको तेस्रो गुण हो । नम्रताद्वारा नै मानिस सबैको सेवा गर्न सक्ने नेता बन्न सक्दछ । यी तीन गुणविना मानिस मृतवत् हुन्छ । श्रीमत्भगवद्गीतामा पनि भगवान् श्रीकृष्णले दया, परिमितता तथा विनयशीलताको अपूर्व पाठ पंढाउनुभएको छ ।

सरलता, शान्ति तथा वासना :—

ताओ-ते-किंगअनुसार परम मार्ग धेरै सरल तथा सजिलो हुन्छ तर मानिसहरू सोझो वाटो नगई गल्ली-गल्ली घुम्न चाहन्छन् । महात्मा लाओत्सेको वचनामृतअनुसार निर्गुणात्मक ताओको सरलताद्वारा मानिस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वासना-रहित हुन्छ तथा वासनाको अभावमा शान्तिको प्राप्ति हुन्छ। प्राचीनतम कालदेखि नै सनातन-धर्मले वासना नै दुःख तथा अशान्तिको मूल हो भनी उपदेश दिंदै आइराखेको छ। भगवान् बुद्धले पनि उही पुरानो तथ्यको उच्च स्वरमा दिव्योपदेश दिनुभएको थियो। च्युअंग्-त्सी को शब्दमा जसले आफ्नो प्रसिद्धि-कीर्तिको वास्ता राख्तैनन् उनी यथार्थमा ऋषि र ज्ञानी हुन्। यी ज्ञानीहरूमा वासनाको लेश मात्र पनि हुँदैन। उनी आडम्बरी नभए तापनि सर्वव्यापी हुन्छन्। घमण्डीपनाको कालिमा उनको हृदयाकाशमा निर्मल ज्ञानको ज्योतिले नाश भएको हुन्छ। विनय-शीलता नै उनको रक्षक हुन्छ। यस प्रकार वासनाको निर्मूल भएपछि मात्र मानिसलाई शान्ति तथा सुखको प्राप्ति हुन्छ। यसको लागि सरल जीवन धेरै महत्वपूर्ण हुन्छ।

सदाचार तथा आनन्द :—

मानिसले सदाचारको पथवाट कहिल्यै हट्न हुँदैन। यो च्यु-अंग-त्सीको दिव्योक्ति हो। महात्मा मनुले पनि मनु-स्मृतिमा "आचारः परमोः धर्म" अर्थात् सदाचार नै परम धर्म हो भनी दिव्योपदेश गर्नुभएको छ। स्वार्थ वासनाको अभावमै मानस-पटलमा सदाचारको सूर्योदय हुन्छ। अनि मानिस सांसारिक सुख-दुःख परे परमानन्दको अनुभव गर्न सक्ने हुन्छ। तसर्थ च्युअंग्-त्सीले भनेका छन् कि सुखको अभावमै परम सुख हुन्छ।

प्रेम र युद्ध :—

प्रकृतिको सजिलो नियम नै प्रेम हो। प्रेमको अभाव नै दुःखको कारण हुन्छ। लाओत्से युद्धका विरोधी छन्। कुनै पनि युद्धमा प्रेम नै विजयी हुन्छ। यसैले सबैको रक्षा गर्दछ। ताओ-ते-किंग या महात्मा लाओत्सेको कथनानुसार अपकारको बदला उपकार गर्नु, हिंसाको बदला दया गर्नु मानिसको परम साधना हो। गीतानुसार पनि "परहित" मा "रत" हुनु मानवताको कल्याणकारी मार्ग हो। भगवान् बुद्ध त प्रेमावतारै थिए। लाओत्सेको यस्तो दिव्योक्ति छ :—'मप्रति राम्रो व्यवहार गर्ने-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सँग म राम्रो व्यवहार गर्दछु। मप्रति अभद्र व्यवहार गर्नेसँग पनि म राम्रै व्यवहार गर्दछु जसबाट ती सबै भद्र होउन्।" घृणाको बदला प्रेम नै जीवनको सार हो।

निष्काम भाव :—

आसक्ति छोडी काम गर्नु नै निष्काम-कर्म हो। यसको विषयमा त श्रीकृष्णजीले गीतामा पूर्णरूपेण विवेचना गर्नुभएको छ। ताओ-धर्मानुसार पनि अहंकार नगरी फलको आशा नराखी कर्म गर्नु तथा विना आसक्ति-सित हुनु परम धर्म हो। इनामको आशा नराखी सबैलाई सहायता गर्नु निष्काम-कर्म हो।

सापेक्षता :—

ताओ-धर्मानुयायी लोह्-त्सूको भनाइअनुसार संसारमा कुनै पनि चीज न त सधैं उचित छ, न सधैं नै अनुचित। जे चीज पहले उचित थियो ऐले अनुचित ठानी बहिष्कार गर्न सकिन्छ। जे चीज आज स्वीकार गरिएको छैन पछि गएर बिस्तारै-बिस्तारै फेरि प्रयोगमा आउन सक्नेछ।

वर्तमानकालको महत्व :—

सर्वविदित कुरा हो कि समयको मानव-जीवनमा कति महत्व छ। बितेको समयलाई फेरि फर्काउन सकिने होइन, तसर्थ त्यसको विषयमा चिन्ता गर्नु व्यर्थ छ। भविष्य ऐले आइपुगेको छैन, तसर्थ त्यसको विषय-मा पनि चिन्ता गर्नु व्यर्थ छ। च्युअंग्-त्सीको वचनानुसार भविष्यको प्रतीक्षा नगर्नु तथा बितेको काललाई पुनः नखोज्नु तर्कपूर्ण छ। तसर्थ यसको अभिप्राय यो हुन्छ कि वर्तमान समयको अमूल्य क्षणलाई व्यर्थमा नाश नगरी निष्काम-भावले कर्म गर्दै जानु मानवको परम-कर्तव्य तथा धर्म हो।

जन्म, मरण तथा कर्म :—

जन्म जीवनको प्रारम्भ होइन, न मृत्यु नै यसको अन्त। यो निरन्तर छ। सत् अनादि-अनन्त छ। च्युअंग्-त्सीकी धर्म-पत्नीको देहावसान भएपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेलामा उनका एक मित्र हुइ-त्सी उनको दुःखमा सहानुभूति प्रकट गर्न आएका थिए, तर उनी त मस्तसँग बाजा बजाई गीत गाउँदै थिए। उनको यो चाल देखी हुइ-त्सीले आश्चर्यमा परी यसको कारण सोद्धा च्युअंग्-त्सी भन्दछन् :—"तिनी मर्दा मलाई पनि केही प्रभावित गरेको थियो। तर तुरुन्तै मलाई ज्ञान भयो कि जन्मको पहिले पनि उसको स्थिति थियो निराकार (सूक्ष्म) रूपमा। उसको आत्मासँग पदार्थ मिल्दा साकार (स्थूल) रूपमा मूर्त भै उसको जन्म भएको थियो। यही परिवर्तनको क्रममा फेरि उसको अवस्थामा अरू परिवर्तन हुंदा, उ ऐले मरेको देखिन्छ। तर ऋतुहरू जसरी बदलिन्छन्, त्यसै गरी शरीर बदलिन्छ। अनि यसरी उ नित्यताको निद्रामा सुतिरहेको वेलामा मैले रुनु कराउनु त मेरो मूर्खता मात्र हुनेछ, प्रकृतिको नियमको अज्ञानताको परिचय दिनु मात्र हुनेछ। तसर्थ यसमा रुने किन ?

यस घटनाबाट जन्म मरणलाई अवस्थाको परिवर्तन मात्र हो भनी ज्ञात हुन्छ। पुनर्जन्मको भाव पनि यसैबाट छर्लंगै देखिन्छ। फेरि च्यु-अंग-त्सीले मानिस जस्तो छ त्यसै प्रकारको फल पनि परमेश्वरले उसलाई दिन्छ भनी कर्म-सिद्धान्तको प्रतिपादन गरेको छ। कर्मले नै पुनर्जन्म हुन्छ। तसर्थ वासनारहित कर्म गरी जन्म मरणको दुःखबाट निवृत्ति पाउनु नै ताओ-धर्मको परम लक्ष्य हो। यो लक्ष्य सबै धर्मको हो।

अद्वैत ताओ र ज्ञानः—

ताओ भन्नाले वेदान्तको परब्रह्म नै बोध हुन्छ। ताओ स्वयंसिद्ध गूढतम तत्त्व हो जो अनादि-अनन्त छ। परमेश्वर, विश्वको मूल, परशब्द, नाद, निर्गुण, निराकार, नित्य, सर्वव्यापी—यी सबै ताओका पर्यायवाची शब्द हुन्। सारा व्यक्त विश्वको ताओ अव्यक्त आधार-शक्ति हुन्। 'आधारशक्ति : शक्तिनां' अर्थात् विश्वमा स्थित सबै प्रकारका शक्ति-हरूको आधारशक्ति जसरी परब्रह्म शिव हुन् त्यसै गरी ताओ पर शिव-तत्त्व हुन्। श्री बिनोबाजीको विचारानुसार 'ताओ' शब्द संस्कृतको 'तन्' धातुबाट बनेको छ जसको अर्थ हुन्छ विस्तार हुनु अर्थात् विशाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनु । तसर्थ 'ताओ' माने 'ब्रह्म' झैं सर्वव्यापी तत्त्व हुन्छ । महात्मा लाओत्सेको अनुसार पनि ताओ असीम, अग्राह्य, अचिन्त्य, अनादि, अनाम, पूर्ण सर्वव्यापी परमात्मा हुन् ।

ताओको स्तर या स्थितिवाट हेरियो भने सुन्दरता र कुरूपता एउटै हुन्, सृष्टि र संहार एउटै हुन् । कुनै पनि वस्तुको न सृष्टि हुन्छ, न संहार, किनकि यी अवस्थाहरू मात्र हुन् । यी दुवै अवस्था 'ताओ' मा एक हुन् । ज्ञानीले मात्रै सबै वस्तुहरूमा समरूपता तथा एकरूपताको तत्त्व देख्दछ । ताओ-धर्म यथार्थमा ज्ञान योग हो ।

लाओत्सेको शब्दमा यो निराकार अनिर्वचनीय ताओ नै विश्वकी जननी हुन् । अव्यक्त ताओवाट विश्व व्यक्त भएपछि विश्वमा अनेकता-को भान मात्रै हुन्छ । वास्तवमा व्यक्ताव्यक्त दुवैको मूल उही ताओ नै एक हुन् । ताओवाटै यिन् र यांग्रूपी दुई शक्तिहरू व्यक्त भए । एक ऋणात्मक छ भने अर्को धनात्मक । एक स्त्री-शक्ति तथा अर्को पुरुष-शक्ति हो । यी दुवैको योगवाट अखिल विश्वको सृष्टि भएको छ । सनातनधर्ममा यिनलाई पुरुष-प्रकृति तथा शिव-शक्ति भनिन्छ । यिन् र यांग् एक अर्काको विरोधी होइनन् । यी एक अर्काको पूरक मात्रै हुन् । यिन्-यांग्को एकरूपतालाई निम्नांकित यन्त्रवाट दर्शाइन्छ :—

यांग
(शिव)



यिन
(शक्ति)

ताओ-ते-किंगलाई ताओ-उपनिषद् पनि भन्न सकिन्छ, किनकि यो ग्रंथ ज्ञान-मार्गको प्रतिपादक हो । यस ग्रंथको अनुसार ताओ पुण्यस्थान हो जहाँ सबैले शरण पाउँछन् । ताओ सज्जनहरूको अमूल्य निधि तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुजनहरूका पनि रक्षक हुन्। ताओ अर्थात् ब्रह्मत्वको प्राप्ति भएपछि विश्वमा सबै कुराको ज्ञान तथा प्राप्ति हुन्छ एवं यसको विना विश्वमा केही काम पनि गर्न सकिन्न भनी च्यु-अंग-त्सीले ज्ञान-दर्शनको प्रचार गरेका थिए। बालकको झैं निष्कपटता तथा सरलता, इन्द्रिय-निग्रह, आत्म-चिन्तन तथा सबैसँग प्रेम भाव राख्नु ज्ञानीको विशेषता हो।

कन्फ्यूशस र बौद्ध-धर्मको प्रभावः—

प्राचीन ताओ-धर्मावलम्बीहरूले उपवास, ध्यान, प्राणायाम आदिको साधना ताओको दिव्य-ज्ञान-प्राप्तिको लागि गर्दथे। पछि व्यवहारमा जादू-टूना आदिको पनि विकास हुँदा ताओ-दर्शनको मूल तत्त्व बिर्सिए। प्रथम शताब्दीतिर बौद्ध-धर्म चीन पुगेपछि हिन्दू-संस्कृति र धर्मका कैयन् कुराहरू ताओ-धर्मानुयायीहरूले अनुकरण गरे। मन्दिर, मठ, आश्रमादिहरूको स्थापना भए। अनेक साधु-सन्तहरू, देव-देवीहरू, राष्ट्रिय वीरहरूको पनि पूजा-उपासना थालियो। चीनमा ताओ धर्मले ब्रह्मदर्शन ल्यायो, कन्फ्यूशसले दैनिक जीवनमा सम्यक् व्यवहारका नियमहरू बनाए तथा बौद्ध-धर्मले भक्ति, पूजा, मन्दिर तथा मठहरू आदि ल्याई धार्मिक जीवनलाई संगठित पारे।

च्यु-अंग-त्सोको ग्रंथानुसार कन्फ्यूशसले पनि ताओ-धर्मका सिद्धान्त-हरूको प्रतिपादन गरेका थिए। केही ताओ-धर्मानुयायीहरूले कन्फ्यूशस लाई देव-तुल्य मान्दछन्। ताओ-धर्मका अधिकांश मन्दिरहरूका पुरोहित-हरू बौद्ध नै छन्।

ताओ-धर्मका अन्य केही उपदेशहरूः—

च्यु-अंग-त्सी भन्दछन् :—

"निष्क्रियाद्वारा कार्य गर्नु देवत्व हो।...सबैसँग प्रेम-भाव राख्नु तथा हरेक चीजको देखभाल गर्नु दान हो।...भेद-भाव नगर्नु उदारता हो। अनेकता साथमा राख्नु सम्पत्ति हो।।...गतिमा पानीसमान होऊ, र आरामावस्थामा दर्पण (ऐना) तुल्य। प्रतिध्वनि झैं प्रत्युत्तर देऊ। अदृष्ट भए झैं सूक्ष्म होऊ। पवित्रता जस्तै शान्त होऊ। समत्वभाव-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाई शान्ति सम्झ। लाभलाई हानि नै सम्झ।...सबै सृष्टिसँग उदार सहानुभूति प्रकट गर र कसैसँग पनि हिंसात्मक व्यवहार नगर... यसलाई नै पूर्णता भन्न सकिन्छ।...आफूलाई मूर्ख हुँ भन्ने व्यक्ति वास्तवमा महामूर्ख होइन। जसलाई आफ्नो गल्ती वा दोषको ज्ञान छ, उ पूर्णरूपले दोषी छैन।

ताओ-ते-किंगमा महात्मा लाओ-त्सेको यस्तो वचनामृत छः—

बुद्धिमान् त्यो जसले अरूलाई चिन्दछ ;
ज्ञान्वान् त्यो जसले आफूलाई चिन्दछ।
बलवान् त्यो जसले अरूमाथि विजय प्राप्त गर्दछ ;
शक्तिमान् त्यो जसले आफूमाथि विजय प्राप्त गर्दछ।
धनी त्यो जसमा सन्तोषको ज्ञान छ।...
जो मरेर पनि नाश हुँदैन उ दीर्घायु हुन्छ।...
श्रद्धालुप्रति म श्रद्धाले व्यवहार गर्दछु ;
श्रद्धाविहीनप्रति पनि स-श्रद्धा नै व्यवहार गर्दछु ;
यसरी श्रद्धाको प्राप्ति हुन्छ।
ऋषि जगत्मा ऐक्य-भावले रहन्छ,
र संसारमाथि सरलताले शासन गर्दछ।
जुन वस्तुप्रति जनगणले ध्यान दिंदैनन्,
तिनप्रति महात्मा माता-तुल्य हुन्छन्।

आत्म-ज्ञान अर्थात् ताओ-प्राप्ति आफ्नै पवित्र हृदय-मंदिरमा हुन्छ भनी लाओत्सेको मधुरवाणी यस प्रकार मुखरित हुन्छ :—

"घर बाहिर नगईकनै
झ्यालबाट बाहिर नहेरीकनै
अखिल विश्वको ज्ञान हुन्छ
दिव्य ताओको दर्शन हुन्छ।
जति जति टाढा गइन्छ
अज्ञानता नै हात लाग्छ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस प्रकार प्राकृतिक जीवनको स्वच्छन्दतामा वसी शान्ति तथा प्रेम-पूर्वक संसारको हरेक वस्तुलाई पूर्णरूपले ग्रहण गरी ताओ अर्थात् आत्मा-लाई चिन्नु ताओ-धर्मको परम लक्ष्य हो। यो शान्ति-प्रिय मार्ग हो। ताओ नै एक सत्य हो जसमा व्यक्ति र समाजको कल्याण आश्रित छ। परमेश्वर-मै महात्माले शरण लिन्छ र यसरी हानिबाट मुक्त हुन्छ भनी महात्मा लाओत्सेले शरणागति अर्थात् भक्तिको दिव्योपदेश दिनुभएको छ।

स्वार्थता तथा वासनाको दमन गर्दै निष्काम-भावले कर्म गर्दै (कर्म-योग), दया र प्रेमले सबैको सेवा गर्दै परमेश्वर ताओको शरण लिंदै (भक्ति-योग), अद्वैत निर्गुण निराकार परब्रह्मस्वरूप ताओसँग लय भै (ज्ञान तथा राज-योग) परम पद प्राप्त गरिन्छ। यहाँ सनातन-धर्मका चारै मार्गहरू यथा कर्म, भक्ति, ज्ञान र ध्यानको समन्वय भएको बुझिन्छ। गीताको संदेश पनि यही समन्वय-मार्ग थियो।

अन्तमा, हितोपदेशको "आत्मवत् सर्वभूतेषु" अर्थात् सबै प्राणीलाई आत्मवत् सम्झी व्यवहार गर्नु तथा योग-सूत्रको सबै प्राणीहरूप्रति कुन कुन दशामा कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा निम्नलिखित ताओ-ग्रन्थको उद्धरणमा पनि छर्ङ देखिन्छ :—

"अर्काको दुःखमा दया गर तथा सुखमा खुशी होऊ। निस्सहाय व्यक्तिको सहायता गर। आपत्तिमा भएकालाई बचाऊ। अरूको सफलतामा खुशी होऊ र असफलतामा सहानुभूति प्रकट गर। यी सबै उसैको स्थानमा आफूलाई राखी व्यवहार गर।" यो कुरा विश्वका सब नर-नारीहरूले सम्झी दया, प्रेम र निस्स्वार्थताको सत्य-पूजारी बनी सबैसँग सद्व्यवहार गरे यो दुनियाँ प्रेम-पूर्ण स्वर्ग-तुल्य हुने थियो कि !

———

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवम पटल

कन्फ्यूशस धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कन्फ्यूशस धर्म

प्राचीन चीन-धर्म :—

प्राचीन कालदेखि नै पुरुष-स्वरूप धनात्मक 'यांग' र प्रकृति-रूपिणी ऋणात्मक 'यिन्' को संयोगले यो सबै विश्वको सृष्टि भएको छ भनी चीनका ऋषिहरूले मान्दै आएका थिए। एकबाट दिव्य स्वर्गको उत्पत्ति भयो र अर्कोबाट पृथ्वी। यांग प्रकाशको स्रोत तथा यिन् अंधकारको मूल हुन्। हिन्दू-शास्त्रहरूमा 'स्त्री-पुंसात्मकं जगत्' अर्थात् जगत् स्त्री-तत्त्व र पुरुष-तत्त्वको समागमले व्यक्त भएको छ भने जस्तै चीनमा पनि यो अखिल विश्व यिन्-यांग्-मय छ।

यांग्बाट 'शेन' भन्ने देवगण तथा यिन्बाट 'क्वेइ' भन्ने दानवहरूको आगमन भयो। मानिसको मन पनि यी द्विधा शक्तिले बनेको छ। शेनबाट मानिसको आध्यात्मिकता, दिव्यता, ज्ञान-विज्ञान तथा सद्गुणहरू झल्के एवं क्वेइबाट उसको तामसिक वृत्ति तथा रागादिहरूको विकास भयो। मानिसले क्वेइको अवगुण तथा कुप्रभावबाट बच्न सततः प्रयास गर्नुपर्छ।

स्वर्ग शेन अर्थात् देवताहरू तथा पितृहरूको वासस्थान हो। चीनको भाषामा विश्वव्यापी कल्याणकारी शिव-तत्त्वलाई 'तिएन्' भन्दछन् जो निर्गुण निराकार रूपमा छ। सगुण साकाररूपमा ईश्वरलाई 'शांग्-टि' भन्ने चलन छ। इन्द्र झैं शांग्-टि दिव्य शासक थिए। शांग्-टिको पूजा तथा उपासना गर्ने देव-पुत्ररूपी राजाको मात्र अधिकार थियो। देवताको पूजामा राजधानीको दक्षिण भागमा स्थित वेदीमा भेडा र सुँगुरको दहन गरी पशु-बलि चढाउने तथा पृथ्वीको पूजामा उत्तरी भागमा स्थित अर्को वेदीमा ती पशुहरूलाई गाडी पशु-बलि दिने प्रथा थियो। पितृ-पूजा तथा अनेक देव-देवताहरूको आराधना तथा उपासना गर्ने पनि चलन थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कन्फ्यूशसको प्रादुर्भाव :—

शांग्टुंग् भन्ने क्षेत्रमा ४९४ विक्रमपूर्व (५५१ ई० पू०) कांग-फ्यूत्सी को जन्म भएको थियो। पछि जेशुइट् ईसाई धर्म-प्रचारकहरूले ल्याटिनी-करण गर्दा वहाँको नाम कन्फ्यूशस भनी ऐलेसम्म प्रख्यात छ। ताओ-धर्मका संस्थापक लाओत्सेको जन्म भएको ५३ वर्षपछि कांग-फ्यूत्सीको प्रादुर्भाव भएको थियो। पछि या दुई संतहरूको भेटघाट तथा ताओ-दर्शन विषयमा चर्चा पनि भएको थियो। कन्फ्यूशसले महात्मा लाओ-त्सेको धेरै सम्मान गर्दथे।

तीन वर्षको बाल्यावस्थामै उनका पिताको देहावसान भएकोले कन्फ्यूशसको प्रारम्भिक जीवन कष्टसाध्य थियो, तापनि चाहिने जति शिक्षा उनले प्राप्त गरिसकेका थिए। उन्नाईस वर्षको अवस्थामा उनको विवाह भएको थियो। एउटा छोरा पनि थियो। उनको दाम्पत्य जीवन सुखी नभएकोले वैवाहिक बन्धनबाट मुक्त भै उनी अलग बसेका थिए। उनले अन्न-भण्डारीको सरकारी पदमा केही दिन काम गरे। तदनन्तर एउटा विद्यालय खोले जसमा तीन हजार विद्यार्थीहरू अध्ययन गर्दथे। त्यसपछि आफ्नो शहरमै उनी न्यायाध्यक्ष भए तथा अन्तमा प्रमुख न्यायाधीश पनि भएका थिए। जनताको कल्याण नै सरकारको प्रमुख कर्त्तव्य हो भन्ने उनको मुख्य उपदेश थियो। राजनैतिक षड्यन्त्रले गर्दा ५५ वर्षको अवस्थामा आफ्नो उच्च पदबाट राजीनामा दी भिक्षुको रूपमा ठाउँ ठाउँमा भ्रमण गरी उपदेश दिंदै आफ्नो अन्तिम जीवन बिताए। उनका धेरै शिष्यहरू पनि थिए।

लोप हुँदै गइरहेको चीनका प्राचीन ग्रन्थहरूलाई संपादन गरी कन्फ्यूशसले निम्न रूप दिए। कन्फ्यूसस-धर्मका ६ वटा मूल ग्रन्थहरू यिनै हुन् :—

(क) 'यि-किंग्' अर्थात् परिवर्तन-ग्रन्थ,
(ख) 'शू-किंग' अर्थात् ऐतिहासिक ग्रन्थ,
(ग) 'शि-किंग्' अर्थात् काव्य-ग्रन्थ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) 'लि-किंग्' अर्थात् धार्मिक विधि-ग्रन्थ या कर्म-काण्ड,

(ङ) 'चुन् चिउ' अर्थात् वसन्त तथा शरद्कालीन इतिहास, तथा

(च) 'हिंशआओ किंग् अर्थात् संतति-स्नेह।

कन्फ्यूशसको ७२ वर्षको अवस्थामा ४२२ वि० पू० मा मृत्यु भयो। उनको देहान्तपछि उनका भक्त शिष्यहरूले उनको पुण्य-स्मरणमा उनका दिव्य वचन तथा उपदेशहरूको संग्रह गरी एक ग्रन्थको संपादन गरे। यसको नाम 'लुन् यू रह्यो। करीब एक शताब्दीपछि 'मेन्शियस' भन्ने एक कन्फ्यूशस शिष्यले पनि एक ग्रन्थको रचना गरेका थिए। यस प्रकार उपर्युक्त ६ वटा ग्रन्थहरू वाहेक अरू चारवटा ग्रन्थहरू पनि प्रकाशमा आए :—

(क) 'लुन यू' अर्थात् कन्फ्यूशस वचनामृत,

(ख) 'ता हिशओ' अर्थात् महान् शिक्षा,

(ग) 'चुंग युंग' अर्थात् मध्य मार्गको सिद्धान्त र

(घ) 'मेन्शियस'-ग्रन्थ। साथै मोह टी, वाँग चुँग तथा चू हिसले पनि अरू दार्शनिक ग्रन्थहरू तयार गरेका थिए।

कन्फ्यूशस कुनै नयाँ धर्मको संस्थापक थिएनन्। उनले केवल पहिले-देखि नै चलिआइराखेको धार्मिक मत तथा रीतिहरूलाई संगठित रूप दिए। धर्मको व्यावहारिकतातिर उमले धेरै जोर दिएका थिए। लूका शासकले उनको मृत्युपछि कन्फ्यूशसको लागि एक मन्दिरको स्थापना गरेका थिए। कालान्तरमा भगवान् बुद्ध तथा महात्मा लाओ-त्सेको साथसाथै कन्फ्यूशस, मेन्शियस तथा अरू साधु-सतहरू पनि चीनमा पूज्य भए।

मेन्शियस :—

३१५ विक्रमपूर्व 'मेंग् त्से' (जसको ल्याटिनीकरण गर्दा 'मेन्शियस' भयो) को जन्म भयो। उनले कन्फ्यूशस-मार्गको प्रचारार्थ धेरै काम गरेका थिए। उनी कन्फ्यूशस मतको धेरै ठूलो अनुयायी थिए। गरीबहरूप्रति उनको वडो करुणा थियो। सत्यवादी राजा वन्न साधारण जनतासँग प्रेम-भाव राख्नु तथा उनको रक्षा गर्नु सबै भन्दा ठूलो साधन हो भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेन्शियसले राजाहरूलाई उपदेश दिन्थे । चीनका अरू उपदेशकहरू पनि उनी पनि शान्तिवादी तथा युद्ध-विरोधी थिए । साम्राज्यमा शान्ति कायम गर्ने एकमात्र साधन ऐक्यता हो तथा ऐक्य-भाव त्यस व्यक्तिले फैलाउन सक्दछ जसमा मान्छे मार्नें हिंसादि राग छैन । प्रेम-भावले शान्तिपूर्वक वस्तु उनको मुख्य उपदेश थियो ।

महान् पुरुष :—

कन्फ्यूशसको वचनामृतवाट महान् पुरुषको गुण, व्यवहार आदिको विषयमा ज्ञात हुन्छ । बोल्नुभन्दा पहिले काम गर्नु तथा काम गरिसके-पछि बोल्नु महान् पुरुषको गुण हो । पक्षपाती नभै उनको मन सार्वभौमिकतातिर जान्छ । कुनै पनि कुरामा उनी न पक्षपाती हुन्छन्, न विरोधी नै । जे उचित छ त्यसैको उनले अनुसरण गर्छन् । महान् व्यक्ति सद्गुण तथा सदाचारको विचार गर्दछ भने निम्न व्यक्ति आफ्नो सुविधाको मात्र विचार गर्दछ । व्यवहारमा नम्र हुनु, आफूभन्दा ठूलोको सेवामा आदर-भाव राख्नु, मानव-सेवामा दयालु हुनु तथा आज्ञा दिंदा न्यायी हुनु—यी चार महान् पुरुषका सद्गुणहरू हुन् । महान् पुरुषले बोलेको शब्दमा शुद्धता हुनु पर्छ । सत्य उनको लक्ष्य हो । उनी शान्ति-प्रिय हुन्छन् । उनले कसैलाई पनि घृणाको दृष्टिले हेर्दैनन् ।

मेन्शियसअनुसार पनि महान् पुरुषले सम्यक् वचन सर्वदा सरलरूपले बोल्दछन् । सम्यक् विचार उनको ठूलो गुण हो । परोपकारिता, सदाचार, सद्व्यवहार तथा ज्ञान महान् पुरुषका स्वाभाविक गुण हुन् । उनमा आलस्यको अभाव हुन्छ । दुःखमा पनि अचल, निस्स्वार्थ, सर्वदा सत्य-पथमा हिंड्ने तथा सबैमा गुण हेर्ने महान् पुरुष हुन्छ ।

पारिवारिक प्रेम—राज्यको मूल :

'ता ह्सिओ' मा बताइएको छ कि एउटा परिवारको प्रेमका उदाहरणले सम्पूर्ण राज्य प्रेममय हुन्छ । मेन्शियसको अनुसार साम्राज्यको मूल राज्यमा हुन्छ, राज्यको मूल परिवारमा तथा परिवारको मूल परिवारको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमुख व्यक्तिमा। मानिसले आफूले आफैलाई हेला गरे अरूले पनि हेला गर्नेछ। त्यसै प्रकार परिवार तथा राज्यको पनि अवस्था हुन्छ।

पत्नीको प्रेम वीणाको जस्तै मीठो हुन्छ। पति र पत्नी प्रेमको धागोमा बाँधिई रहन्छन्। ती प्रेमपूर्वक रहे उनको सन्तान पनि सदाचारी तथा गुणी हुनेछ। प्रेमको अभावमा सन्तान नालायक हुनेछ। अनि सारा देश पतनतिर जानेछ। प्रेमविनाको जीवन मृत्यु हो। संतति स्नेह तथा कर्त्तव्य स्वर्गको सनातन सिद्धान्त हो, पृथ्वीको प्राकृतिक धर्म-परायणता हो, तथा मानवको व्यवहारिक कर्त्तव्य हो। समाजको हरेक व्यक्तिले पारिवारिक प्रेमको महत्त्व बुझी सम्यक् जीवन बिताई राष्ट्रको उन्नति गर्नुपर्दछ।

राज्य :—

कन्फ्यूशसको वचनामृतानुसार राज्य अर्थात् सरकारको आवश्यक वस्तुहरूमध्ये देशमा अन्न प्रचुर मात्रामा होओस्, फौजी साधन पर्याप्त होओस् तथा शासक या राजाप्रति जनताको दृढ विश्वास होओस्। यी तीनमध्ये कुनै एकलाई हटाउने आवश्यक देखिएमा फौजी साधनलाई हटाउनु राम्रो छ। बाँकी दुईमध्येबाट पनि एकलाई हटाउन आवश्यक परेमा अन्नलाई हटाउनु श्रेयस्कर छ, किनकि प्राचीन कालदेखि नै सबै मानिसको अन्तिम भाग्य मृत्यु नै भैराखेको छ। शासकप्रति श्रद्धा तथा विश्वास भएन भने राष्ट्रको स्थिति नै रहनेछैन। अनि सरकारको इच्छा कल्याणकारी छ भने जनता पनि राम्रो हुनेछ।

चुंग युंगमा बताइएको छ कि महात्मा कन्फ्यूशसको अनुसार उचित व्यक्तिको सहारालै नै राज्यको प्रगति शीघ्रतम हुन्छ। तसर्थ सरकारको शासन योग्य व्यक्तिहरूको उपलब्धिमा हुनेछ। मेन्शियसको अनुसार पनि राज्य सदाचार, दया तथा परहित-भावले नै फल्दछ-फुल्दछ।

यस प्रकार शासनको उद्देश्य हो जनताको कल्याण तथा उन्नति गर्नु। राज्य जनताको निमित्त हो, न कि जनता राज्यको निम्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म र चेतनता :

जसरी पानीको स्वभाव तलतिर बग्नु हो त्यसै प्रकार मानिसको स्वाभाविक झुकाव पनि शिवत्व अर्थात् असलतिर हुन्छ। जसरी पानीलाई बलपूर्वक माथि पठाइन सकिन्छ जो त्यसको मूल प्रकृति होइन, त्यसरी नै बाह्य प्रभावले गर्दा मानिस आफ्नो मूल स्वभावको विरुद्ध अशिवतिर लाग्दछ। मानिसले आफ्नो धर्मपरायणताको भावना विरुद्ध काम नगरोस् तथा आफ्नो सदाचार भावना विरुद्ध केही वस्तुको कामना पनि नगरोस् भनी मेन्शियसको दिव्योपदेश छ। त्यसैले मानिस सजग, सक्रिय तथा सचेतन हुनुपर्छ।

सुख र दुःख मानिसमा त्यसै आउँदैन। जसले जस्तो काम गर्दछ, त्यसले त्यस्तै फल पाउँदछ। सुकर्म र कुकर्मको फल आफ्नो छाया जस्तै मानिसको पछि-पछि आउँछ। यसबाट सनातन-धर्मको कर्म सिद्धान्तको पुष्टि हुन्छ। सुख र दुःख मानिसले आफै खोज्दछ।

सत्य, ज्ञान र प्रेम :—

सत्यता दिव्यताको बाटो हो। सच्चाइको प्राप्ति मानिसको बाटो हो। सत्य पुरुष त्यो हो जसले विना प्रयास नै सम्यक् व्यवहार स्वभावतः गर्दछ। जसमा सत्यता छ उसमा शिवत्व पनि हुन्छ। यस्तो शिव-सत्यको प्राप्तिको लागि राम्रो कुराको अध्ययन तथा अन्वेषण, मनन-चिन्तन तथा यत्नपूर्वक यसको अभ्यासको आवश्यक हुन्छ। बृहदारण्यक-उपनिषद्मा पनि श्री याज्ञवल्क्य मुनिले श्रवण-मनन-निदिध्यासनद्वारा सत्यको प्राप्ति हुन्छ भनी उपदेश दिनुभएको छ। भक्ति तथा सत्यता मानिसको प्रथम सिद्धान्त हो।

कन्फ्यूशसको मतानुसार कुनै वस्तुको ज्ञान आफूमा भए छ भन्नु, नभए छैन भन्नु नै ज्ञान हो। वहाँको भनाइअनुसार मानिसलाई पहिले धनी बनाउनुपर्दछ र त्यसपछि उसलाई शिक्षा दिनुपर्दछ। गरीबी हटाउन उद्योग-धन्धा तथा कलाहरूको प्रचार आवश्यक हुन्छ। गरीबी र अज्ञानता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हटाउनाले अपराध दूर गरिन्छ। मूर्खता हटाउन ज्ञान तथा शिक्षाको प्रचार आवश्यक छ। बुद्धिमानको आचरण शुद्ध हुनुपर्छ।

अंतःकरणले सबैसँग दया तथा प्रेम भाव राख्नु तथा निःस्वार्थताको अभ्यास गर्नु परोपकारिता र धर्मपरायणताको स्वभाव हो भनी ताओ-धर्मका अनुयायी च्यु-अंग्-त्सीले कन्फ्यूशसको दिव्यवचन उद्धृत गरेको छ। प्रेमले शासन गर्नु भनी मेन्शियसको उपदेश छ। प्रेमले हरेक स्थानलाई सुन्दर बनाउँदछ। प्रेमविना ज्ञान पनि हुँदैन। प्रेम दिव्यताको उच्च महिमा हो तथा मानिसको शान्तिपूर्ण घर। प्रेमले शासन गरेमा देशमा कुनै शत्रुता हुनेछैन।

म दया र सदाचारमा वस्न सक्तिन भन्ने मानिस आत्मघाती हुन्छन्। दया, परोपकारिता मानिसको शान्तिमय स्वभाव हो : र सदाचार तथा धर्मपरायणता उसको सन्मार्ग हो। दया तथा परोपकारिता भनेको सबैसँग प्रेम-भाव राख्नु हो तथा सबैलाई चिन्नु नै ज्ञान हो। प्रेम नै सत्य शिव हो।

पाँच सद्गुण :—

आफूलाई वशमा राख्नु र सद्व्यवहार गर्नु नै पूर्ण सद्गुण हो। विदेश जाँदा सबैलाई अतिथि सम्झी सम्मान गर्नु ठूलो गुण हो। पूर्ण विद्वान् र सद्गुणीहरू आफ्नो सद्गुण बेची बस्तैनन्। आफ्नो सद्गुण पूर्णरूपेण बचाउन उनी आफ्नो जीवनसमेत उत्सर्ग गर्ने हुन्छन्। सद्गुणका पाँच तत्त्वहरू छन् जसको सर्वदा सर्वत्र अभ्यास आवश्यक छ :—

(क) विवेक ज्ञान : विवेक शक्ति अर्थात् राम्रो-नराम्रो, असल-खराब, उचित-अनुचितको ज्ञान भएमा मानिसको निरादर कहीं पनि हुनेछैन।

(ख) उदारता : मानिस उदार तथा न्यायी भएमा सबैको हृदय माथि विजय प्राप्त हुन्छ।

(ग) सचाइ : सत्यवादी तथा ईमान्दारी भएमा आफूमाथि सबैको विश्वास हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) नम्रता : नम्रता तथा तत्परता भएमा हरेक कामको पूर्ति हुन्छ ।

(ङ) प्रेम : दया अर्थात् प्रेम-भाव भएमा सबैबाट सेवा प्राप्त हुन्छ ।

यी पंच सद्गुण योग शास्त्रको पंच महाव्रतसँग मिल्दछ । अहिंसा दया हो तथा सत्य सच्चाइ । अस्तेयबाट उदारता हुन्छ । ब्रह्मचर्यबाट नम्रताको उदय हुन्छ तथा अपरिग्रह अर्थात् लोभ नगरे विवेक-शक्ति हुन्छ । उपर्युक्त पंच सद्गुणको अभ्यासको साथसाथै निम्नांकित पाँच पाप त्याज्य छन् :

(क) माता-पिताको पालन-पोषणमा सुस्ती,

(ख) जूवा खेल्नु तथा रक्सी-जाँड पिउनु,

(ग) धन-सम्पत्तिलाई महत्त्व दिनु,

(घ) शारीरिक भोग-विलासमा पर्नु तथा

(ङ) निरर्थक वीरताको प्रदर्शन गर्नु तथा युद्ध र झगडा गर्नु ।

मध्य-मार्ग :—

दार्शनिक चांग् भन्दछन् : 'अति नगर्नु 'चुंग' हो तथा नवदलिनु 'युंग' । आकाशमुनि रहेका सबै प्राणीले अनुसरण गर्नुपर्ने सत्य-मार्गलाई 'चुंग' भनिन्छ र 'युंग' भन्नाले सबैलाई नियमित गर्नै निश्चित तत्त्वको बोध हुन्छ ।' यस प्रकार चुंग-युंग भन्ने मध्य मार्ग हो । जो परमेश्वरले दिएको छ त्यो प्रकृति हो र प्रकृति अर्थात् स्वभावानुसार काम गर्नु कर्म-मार्ग हो । मध्य-मार्गअनुसार सद्गुण पूर्ण हुन्छ । यसैको अनुसार जीवनको हरेक क्षेत्रमा काम हुनुपर्दछ । हरेक क्षेत्रमा पहिलेदेखि नै तयारी भए सफलता हुन्छ । जे बोल्नुपर्ने हो पहिलेदेखि नै निश्चित भए भूल हुँदैन । कामको सिलसिला पनि पहिलेदेखि नै निश्चित भए पछि शोक हुँदैन । दया, प्रेम, सत्य, ज्ञान, सद्गुण आदि सबै मध्य मार्गभित्र आउँछन् । पुरुष मध्य-मार्गबाटै महान् हुन्छन् ।

मध्य मार्गको सम्पूर्ण सार कन्फ्यूशसले यी शब्दहरूमा राखेका छन् :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'अरूसित त्यस्तो व्यवहार नगर जो तिमी चाहँदैनौ कि तिनी तिम्रो साथ व्यवहार गरुन् ।' यो कुरा भगवान् मनुले 'आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्' अर्थात् आफूलाई मन नपर्ने व्यवहार अरूसँग पनि नगर्नू भनी मानव-कर्त्तव्य तथा बन्धुत्व-प्रेमको पाठ पढाउनुभएको छ । यसको अभ्यास सबैले गरे यस संतप्त भूलोकमा शान्ति, प्रेम तथा सत्यको राज्य हुने थियो ।

पाँच कर्त्तव्य तथा भावनाहरू :—

सुख, दुःख, क्रोध, भय, प्रेम, घृणा तथा रुचि—मानिसमा यी सात भावनाहरू हुन्छन् । मानवताको भलाइको लागि उपयोगी भावहरू यी हुन् :—

(क) पिताको दया तथा प्रेम,
(ख) पुत्रको कर्त्तव्य,
(ग) दाज्यूको विनम्रता,
(घ) भाइ-बहिनीको आज्ञाकारिता,
(ङ) पतिको सदाचार तथा धर्मपरायणता,
(च) पत्नीको नम्रता तथा क्षमा,
(छ) ठूला-बडाहरूको दया,
(ज) तल्ला कर्मचारीहरूको आदर,
(झ) शासकको दया तथा परोपकारिता, र
(च) मन्त्रीको राज-भक्ति ।

सत्यवादिता तथा समत्वको अभ्यास मानिसको लागि रचनात्मक वस्तु हो तथा कलह, चोरी, हिंसा आदि ध्वंसात्मक वृत्तिहरू हुन् ।

तसर्थ मानिसका पाँच प्रमुख कर्त्तव्यहरू हुन आउँछन् :—

(क) पति र पत्नीको कर्त्तव्य,
(ख) सन्तान र माता-पिताको कर्त्तव्य,
(ग) दाज्यू र भाई तथा दिदी र बहिनीको कर्त्तव्य,
(घ) मित्र र मित्रको कर्त्तव्य, र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ङ) राजा र प्रजाको कर्त्तव्य ।

यस प्रकार प्रेम, आदर, सद्भाव, त्याग, विवेक, कल्याण, दया, उदारता आदिको भावना कर्त्तव्यको मूल हो । माता-पितासँग प्रेम गर्नु र ठूलाको मान-सम्मान गर्नु नै निःस्वार्थ जीवनको जग हो । वेदमा पनि 'आचार्यदेवो भव, पितृदेवो भव, मातृदेवो भव' भनी श्रेष्ठ जन तथा माता-पिताप्रति प्रेम तथा आदर भावको प्रतिपादन गरिएको छ ।

अन्य उपदेशहरू :—

अन्वेषणपछि ज्ञान पूर्ण हुन्छ । ज्ञान पूर्ण भए विचार सत्य हुन्छ । विचार सत्य भए हृदय पवित्र हुन्छ । हृदय पवित्र भए मानिस सुसंस्कृत हुन्छ । मानिस सुसंस्कृत भए पारिवारिक जीवन नियमित तथा संयमित हुन्छ । परिवारको सुचारुरूपले नियमित भएपछि राज्यमा राम्रो शासन हुन्छ अनि मात्र सम्पूर्ण राष्ट्रमा सुख-शान्ति हुन्छ । यो "ता ह् सिओ" मा वर्णित विश्लेषण हो । हरेक वस्तुको मूल के हो भनी यस विश्लेषण-बाट थाहा हुन्छ ।

कन्फ्यूशसले भन्नुभएको छ कि विनाविचारको अध्ययन व्यर्थ हुन्छ; तथा विनाअध्ययनको विचार ध्वंसात्मक हुन्छ । यसबाट विचार र अध्ययनको बीच सम्बन्धको बोध हुन्छ ।

मेन्शियसको कथन छ कि अर्काको उपदेशक हुने इच्छा नै मानिसको रोग हो । अर्थात् यस रोगबाट निवृत्त हुन मानिसलाई आत्म-विश्लेषणको जरूरत हुन्छ । साधारण व्यक्तिले अरूलाई दोष दिन्छ भने भद्रपुरुषले आफैंलाई दोष दिन्छ । यसमा महान् पुरुषको महानता झल्कन्छ । क्षमा-शीलता मानिसको आभूषण हो । जसरी नरगडीकन मणिमा चमकिलोपना आउँदैन त्यसरी नै अनुभवविना मानिस पूर्ण हुँदैन । आज्ञामा गलती रहेछ भने यसमा विरोध गर्नुपर्छ । श्रम-विभाजनको विषयमा पनि मेन्शियसको विचार यस्तो छ :—"कसैले मानसिक परिश्रम गर्दछ र कसैले आफ्नो शारीरिक परिश्रम । मानसिक परिश्रम गर्नेले शासन गर्दछ र शारीरिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिश्रम गर्ने शासित हुन्छ । जो शासित छ त्यसले शासकको पालन-पोषण गर्दछ । यो विश्वव्यापी सिद्धान्त हो ।

यसरी कन्फ्यूशस-मार्गमा मानवीय गुणमा जोड दिइएको छ । सरलता न्याय, प्रज्ञा, सत्य, प्रेम, पर-कल्याण, सद्गुण, सदाचार आदिको विकासमा परिवार, समाज तथा देशको सुख-शान्ति आधारित छ । प्रेम नै जीवनको मूल सार हो । निष्काम कर्ममाथि ज्यादा ध्यान दिइएको छ । प्रेम-बाटै निष्काम कर्म गर्दै सुन्दरता, शान्ति तथा आनन्दको प्राप्ति हुन्छ भनी दर्शाइएको छ । आफ्नो पहिले सुधार गरे सबै सुध्रिन्छ । 'आत्मवत् सर्वभूतेषु'को महान् शिक्षा पनि पढाइएको छ । प्रेममा आधारित परिवार समाज तथा राष्ट्रको कल्याण नै कन्फ्यूशस धर्मको मूल उद्देश्य हो । यसै बाट शान्तिको पनि प्राप्ति हुन्छ ।

———

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेमाइटिक धर्महरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशम पटल

यहूदी धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहूदी-धर्म

अब्राहम, मोजेज र यव्ह :—

करीब १५०० विक्रमपूर्व जब भारत, चीन तथा मिश्र सभ्यताको आनन्द-लहरमा तरंगित थिए त्यस वेला हिब्रू अर्थात् यहूदीहरू अरबी मरुभूमिमा घुमक्कड मेषपाल[1] जीवन विताइरहेका थिए। मरुभूमिको क्षेत्रमा ग्रीष्म ऋतुको तप्त सूर्य तथा शिशिरकालीन हिमवत् हावामा यिनीहरूको जीवन कष्टप्रद थियो। उनीहरू उत्तर प्रदेशबाट एक राष्ट्रको स्थापना गर्न अब्राहमको नेतृत्वमा पश्चिमतिर लागेका थिए। यस देशान्तर गमनमा यूफ्रिटिज नदी पनि पार गरे। नदी 'पार गर्नाले' उनीहरू 'हिब्रू' कहलाइएका थिए।

उनीहरू मूर्तिपूजक तथा वहुदेववादी थिए। पछि अब्राहमले वहुदेववाद तथा मूर्तिपूजाको विरोध गरी एक परमेश्वरको उपदेश दिएका थिए। अब्राहमका ईश्वर थिए 'यव्ह' (यहोवा) जो उनको भनाइअनुसार अरू देवताहरूको संयुक्त शक्तिभन्दा पनि अधिक शक्तिशाली छन्।

अब्राहम र यव्हको बीच भएको एउटा सम्झौतामा यव्हले हिब्रूहरू उनका मनोनीत वर्ग हुन् भनी स्वीकार गरेका थिए भनी भनिन्छ। उनको उपासनामा रक्सी, पशुवलि, आगोमा जलाइएको वलि, प्रार्थना आदिको प्रयोग हुन्थ्यो। धार्मिक विधि-विधानको साथ-साथै नैतिक आचार-विचारको ख्याल हुन्थ्यो। यसमा ऐले विश्व-बन्धुत्वको आदर्श झल्कन पाएको थिएन। यद्यपि उनी बहुदेववादको विरोधी थिए तथापि एकेश्वरवादको पूर्णरूपेण स्थापना पनि उनले गर्न सकेनन्। आफ्नो मतको प्रचार गर्दै विदेशमा उनको मृत्यु भयो।

अब्राहमको छोरा आइजाकबाट जेकोव र एसौ नामक युगल पुत्रहरू

१—भेडाहरूको संरक्षण गर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए। जेकोब पछि इजरायलको नामले प्रसिद्ध भए। उनका १२ पुत्रहरू इज-रायलका १२ जाति वा वर्गहरूका प्रमुख भए। कनान (पालिस्टाइन) नजीकै बस्ने अर्को जातिको एसौले नेतृत्व गऱ्यो। ती १२ पुत्रहरूमध्ये जोसेफ बेचिएको थियो र मिश्र देशमा लगिएको थियो। केही हिब्रूहरू मिश्रमा पराधीन भएर बसेका थिए। मिश्रको दासत्वमा उनीहरूको दीन हीन दशा थियो।

करीब ११४० वर्ष विक्रमपूर्व यिनै हिब्रू दासहरूमध्ये एक दासीको गर्भबाट मोजेजको जन्म भयो। त्यस वेला मिश्रका राजा फारोआको आज्ञा थियो कि सबै हिब्रू शिशुहरूको वध गरियोस्। त्यसैले आफ्नो छोरालाई बचाउन त्यस दासीले मिश्रको एक नदीको किनारामा स्थित एक झाडीमा आफ्नो नवजात शिशुलाई लुकाएकी थिइन्। राजा फारोआकी पुत्रीले उक्त शिशुलाई त्यहाँ पाई आफैले पालन-पोषण गर्न थालिन्। मोजेजकी माताले छलेर राजकुमारीकी दासी भएर आफ्नो पुत्रको लालन-पालन गरिन्।

हिब्रूहरूमाथि मिश्री अत्याचार देखेर मोजेजले सहन सकेनन्। एक दिन एउटा हिब्रूलाई एक मिश्रीले कुटिरहेको देखी उनले क्रोधवश उक्त मिश्रीलाई मारे। उनी राजा फारोआको क्रोधबाट बच्न मिडियन नामक स्थानमा भागेर गए। उनको अवस्था ४० वर्षको थियो। त्यहाँ उनको विवाह पनि भयो। त्यहाँ उनले ईश्वर यव्हको प्रथम दर्शन पनि पाएका थिए। पहाड़को नजीक जलिरहेको झाडीबाट मोजेजलाई यस प्रकारको दिव्यवाणी भयो :—"एहे अशेर एहे" जसको अर्थ हुन्छ "म त्यही हुँ जो म हुँ।" तदेवाहमस्मि। फारोआको दासत्वबाट अंतमा हिब्रूहरूलाई मुक्त गरी उनीहरूको ईश्वरीय "आशा-स्थान" प्यालिस्टाइनतिर मोजेजले लगे। तीन मैन्हापछि सिनाई-पर्वतमा ४० दिन जति बसिसकेपछि ईश्वरको प्रेरणाबाट दिव्य-मानव-दूत मोजेजले यव्हको "दश आदेश"को ज्ञान प्राप्त गरे। उनका उपदेशहरूलाई आज "तोरा" भनिन्छ। उनी यहूदी धर्मका प्रवर्तक भए। १२० वर्षको अवस्थामा उनको देहान्त भएको थियो।

यव्ह पहिले सिनाई पर्वतका देवता थिए। कनानवासीहरूका देवता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मोलोच र वाल थिए र इजरायलीहरूका यव्ह। मोजेजका यव्ह देवता कठोर थिए : तसर्थ हिब्रूहरू यव्हलाई प्रेम गर्नुभन्दा उनीसँग डराउँदथे। पहिले यव्ह ईर्ष्यालु तथा निष्ठुर देवता थिए। तर पछि एक पतित देवदूत सेतानलाई दुष्टताको स्थान दी यव्हलाई न्याय तथा दयाको स्थान दिइएको थियो। यो पारसी-धर्मको प्रभाव थियो।

घुमक्कड़ गोठाला हिब्रूहरूको अंतमा राजा डेविडको अन्तर्गत करीब ९०० वि. पू. एउटा सानो राज्यको स्थापना भयो। उनको नाति रिहोवोआम्को अन्तर्गत राजनैतिक कलहले गर्दा उत्तरमा इजरायल र दक्षिणमा जूदाह नामक दुइ राज्यहरूमा हिब्रूहरू विभक्त भए। दुवै राज्यमा भौतिक प्रगति भयो, तर धार्मिक प्रवृत्तिको नाश हुँदै गयो। त्यसपछि समय-समयमा दिव्य मानव-दूतहरू समाजको सुधार गर्न तथा धर्मको उपदेश दिन अवतरित भएका थिए। प्रेम, भक्ति तथा सहयोगबाट मुक्ति प्राप्त गर्न नैतिकतामा आधारित धर्मको विकास हुँदै थियो।

धर्म-ग्रन्थ :—

दिव्य मानव-दूत मोजेजका दिव्योपदेशहरू यहूदी-धर्मका प्रमुख अंग हुन्। जेनेसिस (सृष्टि), एक्सोडस् (निर्गमन), लेवाइटिक्स (लैव्य व्यवस्था), नंवरस् (गिनती) र ड्यूटेरानोमी (व्यवस्था-विचार) को संपादन मोजेजले गरेका थिए भन्ने पौराणिक कथा छ। यी पाँचको संकलनलाई 'तोरा' भनिन्छ। जेनेसिसमा सृष्टि तथा विनाशकारी बाढीको तथा अब्राहम, आइजाक, जेकोब र जोसेफका पौराणिक कथाहरू पाइन्छन्। मोजेजको नेतृत्वमा हिब्रूजातिहरू मिश्रबाट कनान देशतिर लागेको विषयमा एक्सोडसमा चर्चा गरिएको छ। लेवाइटिक्समा विधि-विधानका नियमहरू तथा नंवर्स्मा हिब्रूजातिहरूको विषयमा चर्चा गरिएको छ। मोजेजका अन्तिम दिव्यवाणीहरू ड्यूटेरानोमीमा संकलित छन्। यस तोरालाई मोजेज स्मृति (मोजेकल) पनि भनिन्छ। तोराका यी पाँच ग्रन्थहरू बाहेक अरू उन्नाईसवटा ग्रन्थहरू पनि छन् जो नबी (प्रोफेट्स्) र नविश्ते (राइटिंग्स्) भनी दुइ भागमा बाँडिएका छन्। चौथो शताब्दीका कन्स्टा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिन्टनोपलका प्रमुख पादरी (बिशप्) जान् क्राइसोस्टोले हिब्रूहरूका यी धर्मग्रन्थहरूलाई 'बिब्लिया' भनी नामकरण गरेका थिए जसबाट 'बाइबिल' भन्ने प्रचलन भएको छ। बिब्लियाको अर्थ हुन्छ पुस्तकहरू। यो ईसाई धर्म-ग्रन्थको प्राचीन काण्ड (ओल्ड टेस्टामेण्ट) हो जसलाई चौबीसको बदला उनञ्चालीस ग्रन्थहरूमा विभक्त गरिएको छ। तोराको टीकास्वरूप ताल्मुद ग्रन्थ पनि निस्क्यो। उपर्युक्त ग्रन्थहरू विभिन्न समय पछिका लेखकहरूले लिपिबद्ध गरेकाले ठाउँ-ठाउँमा मौलिक उपदेशहरूमा केही परिवर्तन आएको छ भनी विद्वान्हरूको राय छ।

राजा डेविडलाई 'साम्स्' का रचनाकार हुन् भनी मानिएको छ। 'प्रोवर्ब्स' 'इक्लेसिएस्टिज्' र 'द सांग अफ् सांग्स्' का लेखक राजा सालोमनलाई मानिएको छ। उनी राजा डेविडका पुत्र थिए। उनले यव्हको पूजाको लागि एक मंदिरको स्थापना पनि गरेका थिए जसले गर्दा उनको स्वार्थी पुत्र रिहोबोआमको राज्यमा गृह कलह भएको थियो। उक्त मंदिर विक्रम संवत् १२७ सालमा नाशियो। पछि यहूदीहरू देश-विदेशहरूमा पनि छितरिए। 'द साङ्ग अफ् साँग्स्' मा प्रेमी र प्रेमिकाको पार्थिव प्रेम-वार्ताहरू समाविष्ट छन्। १४७ वि. सं. मा यहूदी धर्माधिकारीहरूमा उक्त-प्रेम ग्रन्थलाई धर्मशास्त्रमा समाविष्ट गर्ने नगर्ने बारे मतभेद भएको थियो। तर प्राचीन टीकाकारहरूको अनुसार यो पार्थिव विषयासक्त प्रेम-गीतलाई इजरायल र ईश्वरको बीच पारस्परिक प्रेमको प्रतीक हो भनी मानेर यसलाई बाइबिलमा स्थान दिइएको थियो।

उद्देश्य र आदर्श :—

घुमक्कड भेडा चराई हिंड्ने हिब्रूहरू आखिरमा कृषितिर पनि लागे। भोजेजले कृषिको महत्त्वतिर पनि ध्यान दिएका थिए। उनको अनुसार मानिसको मुख्य पेशा नै कृषि हो। पशु-पालन र कृषि-कर्म उनीहरूको मुख्य दैनिक कर्म थियो। श्रम गर्नु सबैको कर्तव्य हो।

हिब्रूहरूको विप्लवमय इतिहास भए तापनि उनी संसारलाई दुःखमय मान्न तयार छैनन्। ईश्वर शासित धर्मराज्यको स्थापना गर्नु उनको मुख्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्देश्य हो। इजरायलको नेतृत्व गर्न हिब्रू अर्थात् यहूदीहरूको मुक्तिदाता मसीहाको अवतार हुनेछ भनी उनीहरूको अटल विश्वास छ जसरी हिन्दू-हरूमा पनि भगवान्ले कलि-अवतार ग्रहण गरी संसारको कलह, दुष्टता तथा अशांतिको नाश गरी धर्म-राज्य स्थापना गरी सत्ययुग ल्याउनेछन् भनी ईश्वर-अवतरणको सिद्धान्त छ।

भगवान्को न्याय दिवसमा धर्मात्माहरूको मृत शरीर फेरि पुनर्जीवित भई उनीहरूले सनातन जीवनको भोग गर्नेछन् र पापात्माहरू दण्डस्वरूप सदाको लागि नरक-कुण्डमा खस्नेछन् भनी न्याय-दिवस (जज्मेन्ट डे) र पुनर्जीवन (रिसरेक्शन्) मा विश्वास गरिएको छ। जाब् , १९।२५, २६, २९ मा लेखिएको छ :—

"म जान्दछु कि मेरा मुक्तिदाता जीवित छन् र उनी भविष्यमा पृथ्वीमा खडा हुनेछन् र यद्यपि मेरो चर्मका कोराहरूले यस शरीरलाई नाश गरि-सकेका हुन्छन् तथापि मैले यही शरीरमा ईश्वरको दर्शन गर्नेछु।..... तरवारको डर मान, किन कि ईश्वरीय कोपले गर्दा तरवारबाट दण्ड हुनेछ ; तसर्थ न्यायमा विश्वास गर।"

धर्म र नैतिकताको घनिष्ठ सम्बन्ध बारे ताल्मुदमा यस प्रकार बताइएको छ :—

धर्मविना सच्चा नैतिकता हुन सक्तैन; "नैतिकताविना सच्चा धर्म हुन सक्तैन। ताल्मुदको शिक्षा आदर्शमय छ। हृदय सर्वोत्तम धर्मोपदेशक हो, समय सर्वोत्तम शिक्षक हो, संसार सर्वोत्तम पुस्तक हो, र ईश्वर सर्वोत्तम मित्र हो भनी ताल्मुदमा उच्च आदर्शको दर्शन दिइएको छ। साथै साम्स, १३३।१ मा बताइएको छ कि एकता-भावनामा साथ रहनु कल्याण-मय तथा आनन्दमय जीवन बिताउनु हो। पारिवारिक जीवनलाई आदर्श-मय स्थान दिइएको छ। मोजेज-स्मृतिको यथाशक्य अनुसरण गरिन्छ।

क्रोध, क्षमा र आत्म-संयम :—

प्रोवर्ब्स्, १६।३२ अनुसार क्रोधमा विलम्ब गर्ने व्यक्ति शक्तिशाली पुरुषभन्दा श्रेष्ठतर छ र देश विजय गर्ने मानिसभन्दा आत्म-संयमी पुरुष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राम्रो छ। उही ग्रन्थको अध्याय १३३ श्लोक १ मा भनेको छ कि कोमलता पूर्वक उत्तर दिनाले क्रोध शांत हुन्छ, परन्तु कटुवचनले त झन् क्रोधलाई उत्तेजित गर्दछ। तसर्थ गीतामा भगवान् श्रीकृष्णले क्रोधलाई नरकको त्रिविध द्वारमध्ये एक हो भनी दर्शाउनुभएको थियो। कसैले गलती गरेमा क्षमा गर्नु मानिसको सुन्दरतम कर्तव्य हो। अभद्र व्यवहारलाई धैर्यपूर्वक सहनु भद्रपुरुषहरूको लागि परीक्षा हो। झगडामा सबभन्दा पहिले मौन धारण गर्ने व्यक्ति कुलीन परिवारको हो भनी ताल्मुदको कथन छ। हरेक हालतमा प्रसन्नता तथा धैर्य धारण गर्नु राम्रो छ। जसरी सुन आगोमा जाँचिन्छ त्यसरी नै दुःखाग्नमा योग्य व्यक्तिको परीक्षा लिइन्छ। क्षमा, धैर्य र प्रसन्नतामा आत्मसंयमको प्रकाश झल्कन्छ।

ईश्वर तथा भक्ति :—

यहूदीहरूले परमेश्वरलाई "यव्ह" भन्दछन्। ईश्वर न्यायी, दयालु, परम शक्तिशाली, सर्वव्यापी तथा शाश्वत छन्। कुकर्मबाट बच्न ईश्वर-सँग डराउनुपर्छ भनी लेखिएको छ। साम्स, ४६।१, २ को अनुसार ईश्वर हाम्रो शरणको आश्रय तथा शक्ति हुन् र दुःखमा सहायक हुन्; तसर्थ पृथ्वी हटाइए तापनि एवं पर्वतहरू समुद्रमा फ्याँकिए तापनि हामी डराउनेछैनौं। आफ्नो सबै भार ईश्वरमाथि छोडनाले उनैले हाम्रो पालन गर्नेछन् भनी शरणागतिको शिक्षा पनि उक्त शास्त्रमा दिइएको छ। दिव्य वाणी एवं ईश्वरीय उपदेश सुन्नमा सबै तत्पर हुनुपर्छ। मानिसको सुख ईश्वर-सेवामा निर्भर छ।

संसार मूलतः खराब होइन। ईश्वर-प्राप्तिको लागि कुनै मध्यस्थको आवश्यकता थिएन। प्रार्थना तथा आफूले गरेको पापको पश्चात्तापले मुक्ति पाइन्छ। सिनेगागमा उपदेश तथा प्रार्थना गर्न सबै आउँथे। प्रायश्चित्त दिवसमा व्रत, उपवास र प्रार्थना गरिन्छन्। "पास ओवर" को चाड एक सांकेतिक भोज हो। देवदूतहरू तथा दानवहरूको अस्तित्वलाई पनि मानिएको छ। मुख्य दैत्यलाई सेतान भन्दछन् जो पतित देवदूत थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेम र सद्व्यवहार :—

हाबाक्कुक, २।१२ मा लेखिएको छ :—हत्या गर्दा गर्दा शहर बसाल्ने र दुष्टता गर्दा गर्दा आफ्नो किला बलियो पार्नेहरूलाई धिक्कार ।"

प्रोवर्ब्सको अनुसार यस्तो झगडाको कारण घमण्डीपना हो । मदविहीन हुनु नै ज्ञान हो । घृणाले कलह ल्याउँछ र प्रेमले सबै दोषलाई मिटाउँदछ । कसैको अपराध क्षमा गर्नु नै करुणाको परिचय दिनु हो । ताल्मुदको दिव्य-वचनअनुसार नियमको आज्ञाहरूको पालन र प्रेममय काम बराबर छन् । गाली दिने व्यक्तिप्रति प्रेम-भावनाले व्यवहार गर्नाले आफ्नो ज्ञानको वृद्धि हुन्छ । आफ्नो हृदयमा कसैलाई पनि घृणा गर्नु हुँदैन तथा बदलाको भावना पनि लिन हुँदैन एवं आफ्नो छिमेकीलाई आत्मवत् प्रेम गर्नु र परदेशीलाई पनि स्वदेशी ठानी आत्मवत् प्रेम गर्नु तथा दुःख नदिनु भनी लेवाइटिक्सको प्रेममय वाणी छ ।

"जस्तो व्यवहारले आफूलाई कष्ट दिन्छ, त्यस्तो व्यवहार अरू व्यक्ति-सँग नगर्नु" भनी "आत्मवत् सर्वभूतेषु" को दिव्य उपदेश ताल्मुदमा दिइएको छ । "तोरा" को संपूर्ण शिक्षा यसैमा निहित छ र बाँकी सबै त यसमाथि टीका मात्रै हुन् भनी ताल्मुदले बताउँछ । तोराको प्रारम्भ र अंत प्रेम नै हो । यही ज्ञान पनि हो । जसरी प्रकाशले अंधकारको विनाश गर्दछ त्यसरी नै ज्ञानले मूर्खतालाई हटाउँदछ । दया, दान र प्रेम सत्कर्मका अंग हुन् । भोकाएको शत्रुलाई पनि खवाउनुपर्दछ (प्रोवर्ब्स, २५।२१) ।

दश आदेश :—

तोराको एक्सोडस, २०।२–१७ र ड्यूटेरानोमी, ५।६–२१ मा सिनाई पर्वतमा पैगम्बर मोजेजले ईश्वरीय वाणीस्वरूप पाएका "दश आदेशहरू" निम्नलिखित छन् :—

(१) म तेरो ईश्वर यहोवा (यव्ह) हुँ । मैले तिमीलाई मिश्रको बन्धनबाट मुक्त गरेको छु ।

(२) मलाई छोडेर अरू देवताहरूलाई नमान्नू । कसैको पनि मूर्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नबनाउनू। अरू देवताहरूको अगाडि नझुक्नू, न उनको पूजा नै गर्नू; किनकि म, तेरो ईश्वर, ईर्ष्यालु देवता हुँ।

(३) आफ्नो ईश्वरको नाम व्यर्थमा नलिनू। यहोवाको व्यर्थमा नाम लिनेहरू दोषी हुन्छन्।

(४) विश्राम-दिवस (सेब्बाथ् डे) लाई पवित्र बनाइराख्नू। ६ दिन काम गर्नू र सातौं दिन ईश्वरको पवित्र दिन भएकोले उक्त दिन कुनै पनि काम नगर्नू र आफ्ना छोरा-छोरी, दास-दासी तथा पशुहरूलाई पनि काम नगराउनू। ६ दिनमा ईश्वरले विश्वको सृष्टि गरी सातौं दिनमा विश्राम लिएकोले उनले यस दिनलाई पवित्र मानेका थिए।

(५) आफ्नो माता-पिताको सम्मान गर्नु।

(६) कसैको हत्या नगर्नू।

(७) व्यभिचार नगर्नू।

(८) चोरी नगर्नू।

(९) आफ्नो छिमेकीको विरुद्ध झूटो गवाही नदिनू।

(१०) आफ्नो छिमेकीको घरको लोभ नगर्नू, कसैकी पत्नी, कसैका नोकर या नोकर्नी, कसैको गोरू, गधा तथा कसैको केही चीजको पनि लोभ नगर्नू।

मोजेजले यो आकाश-वाणी सुनिसकेपछि आकाशमा भयंकर गर्जन भयो र विजुली चम्क्यो जसले गर्दा मोजेजका अनुयायीहरू सबै डराएर मोजेजसँग विन्ती गरे :—"हामीलाई बताऊ, हामी सुन्नेछौं; तर ईश्वर-लाई हामीसँग बोल्न नदेऊ, किनकि उनी बोल्नाले शायद हाम्रो मृत्यु हुनेछ।" मोजेज भन्दछन् :—"नडराऊ, यहोवाले सप्रमाण तिमीहरूलाई बताउन आएका छन् कि पाप-कर्मबाट बच्न उनीसँग डराऊ।" अनि भयभीत हिब्रूहरू पर हटेर मोजेज यहोवाको वासस्थान घोर अंधकार-भित्र पसे। यहोवाको वाणी फेरि मोजेजले सुने :—"तिमीले मेरो निमित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माटोको वेदी बनाउनू, र उक्त वेदीमा जलाइएको बलि र शान्त्यर्थ बलि, तेरो भेडा तथा गोरूहरूको बलि दिनू...।" (एक्सोडस, २०।१८–२४)

यहोवाका यी "दश-आज्ञा" तथा अरू नियमहरूको पालन गर्नुमा नै यहूदीहरूको कल्याण छ, नत्र उनीहरू मिश्रको दासत्व बन्धनबाट मुक्ति प्रदान गर्ने यहोवाका कृतघ्न हुनेछन्। एक्सोडस, २०।५, ६ मा बताउँदछ कि उनको आज्ञाको पालन गर्ने उनका दया-पात्र हुनेछन् र नमान्नेहरूका तेस्रो र चौथौ पिढीका संतानहरूले दुःख भोग गर्नुपर्नेछ। मोजेकल अर्थात् मोजेज-स्मृतिको अन्त आज्ञाकारिता हो। आदेश बत्ती हो, स्मृति प्रकाश हो, तथा उपदेश जीवनको मार्ग हो (प्रोवर्ब्स, ६।२३)।

यहूदी सम्प्रदायहरू :—

यहूदी सम्प्रदायहरूमा राजनैतिक साय्ड्यूसीज् , उग्र जेलट्स्, रहस्य-वादी एसेनीज् तथा फारिसिज्का कई रूपहरू थिए। विक्रम संवत् १२७ सालको आपत्तिकालमा यिनमध्ये धेरैजसो विलाउँदै गए। पछि जायो-निज्मको आन्दोलन पनि चलेको थियो।

यहूदी-धर्म शुरूमा धर्म प्रचारक भए तापनि पछि आएर यसमा धर्म परिवर्तनको काम लोप भयो। जूदाह या जूडियाबाट ज्यू वा यहूदी शब्द आएको छ। तसर्थ यस मार्गलाई "जुडइज्म" या यहूदी-धर्म भनिन्छ।

सृष्टि र नारीको स्थान :—

जेनेसिसमा सृष्टिको बयान छ जसमा संसारको आदिम मानिसको रचना भगवान्ले गरेका थिए। त्यस आदिम मानिसको नाम राखियो "आदम"। संस्कृतमा "आदिम" को अर्थ हो प्रथम। यसैबाट "आदम" तथा "आदमी" शब्दहरू आएका छन्। जेनेसिसको दोस्रो अध्यायमा ईश्वरको अनुसार पुरुषलाई एक्लै बस्नु उचित छैन भनी आदमकै वक्ष-स्थलको एक अस्थिबाट एक नारीको उत्पत्ति गराई आदमअगाडि ईश्वरले राखिदिए। श्लोक २३ मा आदम भन्दछ :—"यो मेरो अस्थिकै अस्थि हो, मेरो मासुकै मासु हो, र मानिस (मायन्) बाटै निकालिएकी हुनाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसको नाउँ हुनेछ स्वास्नीमानिस (ओमायन्)।'' ती दुवै पति-पत्नी एउटै शरीर हुन्। पछि आदमले उसको ''पतन'' भएपछि सबैको आमा भएकीले ''ईव'' भनी स्त्रीको नामकरण गरेको थियो।

यस सृष्टि कथाबाट विदित हुन्छ कि पति र पत्नी एउटै अंग हुन्। यो तथ्य हिन्दू-समाजको लागि नयाँ कुरा होइन। प्रोवर्ब्स, १९।१४ मा विवेकी मितव्ययी पत्नी भगवान्कै वरदान हुन् भनी बताइएको छ। नंबर्स, ३६।६ मा इजरायली नारीहरूले आफ्नै पिताको जातिअन्तर्गत रुचाएको पुरुषसँग विवाह गरून् भनी सजातीय विवाह-व्यवस्थाको नियम छ। तर यहूदी महलोनले मोआव देशको नारी ''रूथ'' सँग विजातीय वैदेशिक विवाह गरी नियम भंग गरेको थियो। महलोनको मृत्युपछि उनका माता नाओमीसँगै रूथ पनि बेथलेहेम आइन्। रूथले उनीहरूको देश, समाज, ईश्वर आदि स्वीकार गरिसकेकी थिइन्। पछि मलहोनको निकट सम्बन्धी बोआजले रूथलाई आफ्नी स्वास्नी बनाई उनीहरूको नियमानुसार महलोनको संपत्तिमा उसको नाम उठाइदिएको थियो। उनी राजा डेविडकी पूर्वज भइन्। ड्यूटेरानोमी, २४।५ को अनुसार मानिसले नयाँ स्त्रीसंग विवाह गरिसकेपछि युद्धमा जान हुँदैन र कुनै व्यापारको कार्यभार पनि नलिदै एक वर्षसम्म मुक्त भएर घरमा वस्नुपर्छ र भर्खर विवाह गरेर ल्याएकी स्त्रीलाई प्रसन्न राख्नुपर्नेछ।

विवाह विच्छेद तथा पुनर्विवाहको विषयमा ड्यूटेरानोमी, २४।१।४ मा यस प्रकार लेखिएको छ :—

'मानिसले विवाह गरिसकेपछि स्त्रीमा अपवित्रता देखी मन नपरे विवाह-विच्छेद-पत्र लेखी उसलाई दी घरबाहिर निकालिदिनुपर्दछ र उ घरबाहिर गइसकेपछि अरू पुरुषकी स्त्री हुन सक्छे। दोस्रो पतिले पनि उसलाई घृणा गरेको खंडमा उसले तलाकपत्र उसलाई दी घरबाट निकालिदिनुपर्दछ; या दोस्रो पतिको मृत्यु भएपछि पनि उसको प्रथम पतिले उसलाई फेरि पत्नीको रूपमा स्वीकार गर्नु हुँदैन, किनकि त्यस-पछि उ दूषित भइसकेकी हुन्छे; किनकि भगवान् यहोवाको दृष्टिमा यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अति घृणास्पद कुरा हो, र तिम्रो ईश्वरले पैतृक धनस्वरूप दिएको देशमा पापाचार तिमीले गर्नु हुँदैन ।'

प्रोवर्ब्स, ६।२४।३२ मा व्यभिचारिणी स्त्रीबाट बच्न दिव्योपदेश दिइएको छ । व्यभिचारिणीको सुन्दरताको लोभ नगर्नु भनी बताइएको छ । उसको पाशमा फँसे मानिस गरीब हुन्छ र उसको बहुमूल्य जीवन पनि बेकार हुनेछ । के मानिसले आफ्नो लुगा नजलाईकन छातीमा आगो राख्न सक्छ ? तसर्थ आफ्नो छिमेकीकी स्वास्नीसँग संसर्ग राख्ने दोषी हुन्छ । नारीसंग व्यभिचार गर्ने पुरुष मूर्ख हुन्छ र आफ्नो आत्माको पनि विनाश गर्दछ ।

ठूलो घरमा झगडालू या कर्कशा स्त्रीसँग रहनुभन्दा छानाको एउटा कुनामा बस्नु श्रेयस्कर छ । (प्रवर्ब्स, २१।९)

प्राणीको भोजनः—

जेनेसिसको प्रथम अध्यायको श्लोक २९ र ३० बाट प्राणीहरूको लागि भगवानले कस्तो प्रकारको भोजनको अनुमति दिएका छन् भनी छलंग थाहा हुन्छ :—

अनि ईश्वरले भने, हेर, मैले यस पृथ्वीमा बीयाँ भएको हरेक प्रकारको जडी-बूटी (अन्न शाक-पात आदि) एवं बीजसहित फल दिने हरेक प्रकारको रूख तिमीलाई प्रदान गरेको छु; तिमीलाई मासुको सट्टा यो भोजन हुनेछ ।

र पृथ्वीमा हिंड्ने हरेक जन्तुलाई र हावामा उड्ने हरेक पक्षीलाई र पृथ्वीमा घस्रने जीवलाई मैले मासुको सट्टा हरेक हरियो-भरियो भोजनको जडी-बूटी प्रदान गरेको छु : र त्यो त्यस्तै भयो । र ईश्वरले हेरे कि उनले सृष्टि गरेको हरेक चीज धेरै राम्रो थियो ।

यो यहूदी तथा ईसाई धर्म-ग्रन्थ बाइबिलको दिव्य वाणी हो । कसले भन्यो कि हिन्दू, जैन र बौद्धहरू मात्रै शाकाहारका पक्षपाती छन् ? धार्मिक दृष्टिकोणमा सबैको एक मत छ ।

———

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकादश पटल

ईसाई धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईसाई-धर्म

ईशुको अवतार :—

यहूदी धर्मबाटै ईसाई-धर्मको सूत्रपात भएको थियो। ईसाई—धर्मका प्रवर्त्तक "जीसस क्राइष्ट" को जन्म ५३ वि. सं. (४ ई० पू०) अमावस्याको मध्य रात्रिमा जूडियाको बेथलेहेममा भएको भनी भनिन्छ। त्यस वेला यहूदी धर्मका फारिसी पुरोहित वर्गको धेरै बोलवाला थियो र धार्मिक नियमहरूको कडा अन्धानुकरणले गर्दा मौलिक उपदेशहरूको महत्व हराउँदै गइरहेको थियो। ईशुको (कृष्ट, खृष्ट, क्राइष्ट, ईसा) कुमारी माताको नाम मेरी थियो। यिनलाई इटालियन भाषामा 'दिवा मारिया" भनिन्छ। पिताको नाम थियो योसेफ (जोसेफ)।

जूडियाको राजा हिरोडको आज्ञाअनुसार चालीस हजार निर्दोष नवजात शिशुहरूको वध गरियो। यस क्रूरताबाट बचाउन योसेफ राता-रात मेरीसाथ शिशु ईशुलाई ली मिश्र देशमा पुगे। हिरोडको मृत्युपछि उनीहरू नजरथमा आई बसे। १२ वर्षपछि पेसाहपर्व (पासओवर) मा यरुशालेमको सिनेगागमा धर्मशास्त्रीहरूसँग ईशुको केही विवाद भएको थियो। अनि अरू १८ वर्षसम्मको ईशुको इतिहास अन्धकारमय छ। ३० वर्षको अवस्थामा योहान (जान द बाप्टिष्ट) ले इशुको दीक्षा—संस्कार गरेका थिए।

दीक्षोपरान्त उनले जंगलमा गई ४० दिनसम्म प्रार्थना तथा उपवास गरे। त्यस वेला सेतानले प्रलोभन देखाई उनलाई पथ-भ्रष्ट गर्ने चेष्टा गरेको थियो भन्ने पौराणिक कथा छ।

धर्म-तत्वको ज्ञान पाइसकेपछि ईशु धर्मोपदेशकको रूपमा हिंडन थाले। उनी यहूदी धर्म ग्रन्थहरूमा पारंगत थिए। अब्राहम, आइजाक तथा जेकोबका ईश्वर यहोवाको उपासनामा आफूलाई लगाएका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले हिब्रूको मात्रै नभई मानवताको पिता तथा विश्वका सर्वशक्तिमान् शासकको रूपमा एक परमेश्वरको उपदेश दिन थाले । पहिलेका पैगम्बर-हरूको नैतिक शिक्षातिर ध्यान नदी पाखण्डी बनी हिंड्ने यहूदीहरूको उनले विरोध गर्नथाले । ईशुको उपदेश पूर्व पैगम्बरहरूको उपदेशभन्दा फरक थिएन, पूर्वजहरूको धर्मको नाश गरी आफ्नो नाममा नयाँ धर्म चलाउने महात्मा ईशुको अभिप्राय कदापि थिएन । उनका सबैजस्ता उपदेशहरू बाइबिल (इंजिल) को प्राचीन कांड (यहूदी ग्रन्थ) मै आधारित छन् । उनले स्पष्ट शब्दमा भनेका पनि थिए :—

"यो नसम्झ कि म नियम वा पैगम्बरहरूको विनाश गर्न आएको छु; म नाश गर्न आएको होइन, वरु पूर्णता प्रदान गर्न आएको हुँ ।" (मैथ्यू, ४।१७)

उनी धर्म-सुधारक थिए । उनले प्राचीन यहूदी ग्रन्थहरूबाटै उद्धरण गरी आफ्नो दिव्य उपदेश दिए तथा धेरै पटक यहूदी व्रत, उत्सवादिको पूर्णरूपले पालन गरेका थिए । यहाँसम्म कि मर्ने वेलामा पनि उनले "मेरो ईश्वर, तिमीले मलाई किन त्याग्यौ ?" भनी प्राचीन काण्डको साम्यबाटै उद्धरण गरी शोक प्रकट गरेका थिए । जन्मदेखि मृत्युपर्यन्त उनी सच्चा यहूदी थिए । उनले वर्तमान पाखण्डीपनाको विरुद्ध आवाज उठाई प्रेम तथा श्रद्धाको ज्ञान सबैमा जगाउन प्रयत्न गरेका थिए । उनले प्राचीन काण्डकै आधारमा ईश्वर-भक्ति र मानव-प्रेममाथि जोड दी भनेका थिए :—

"पूर्ण हृदयले, पूर्ण चित्तले, पूर्ण मनले र पूर्ण शक्तिले आफ्नो परमेश्वर प्रभुको भक्ति गर । यो प्रथम आदेश हो । आफ्नो छिमेकीलाई आत्मवत् ठानी प्रेम गर । यो दोस्रो आदेश हो । यी दुईभन्दा श्रेष्ठतर अरू कुनै आदेश छैन । (सन्त मार्क, १२।३०,३१)

सारा पशुबलि तथा अरू विधि-विधानहरूभन्दा यी दुई आदेशको पालन गर्नु श्रेयस्कर छ । संक्षेपमा ईशु कृष्टका सबै उपदेशहरूको मुख्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सार यही हो। यसैबाट दिव्यलोकको प्राप्ति हुन्छ भनी बाइबिलको नवीन काण्डको सन्त मार्क, १२।३४ मा बताइएको छ।

पूर्व पैगम्बरहरूको भविष्यवाणीअनुसार यहूदीहरूका मुक्ति-दाता "मसीहा" को जन्म हुनेछ भन्ने विश्वासको आधारमा ईशुका अनुयायी-हरूले उनलाई उक्त मसीहा मानेका थिए। उनी ईश्वरपुत्रको नामले विभूषित भए। उनले अनेक चत्मकारी कार्य पनि गरेका थिए। यहूदा-हरूको सम्राट् हुँ भनी उनले घोषणा गरेका थिए। यसैले गर्दा कट्टर यहूदीहरूमा विरोधको भावना जागृत भयो। ईशुलाई मार्ने षड्यंत्र पनि चलाइयो। अंतमा उनका १२ शिष्यहरूमध्ये जूडस्को छलले गर्दा मुख्य चार अभियोगमा ईशु समातिए। ती चार अभियोगहरू यस प्रकार थिए :—

(क) ईश्वर-पुत्र भनी आफूलाई मान्नु;
(ख) विश्रान्ति-दिवस (सेब्बाथ-डे) नमान्नु;
(ग) दुष्ट देवको उपासनाले ईशुले मलिन विद्याको सिद्धि प्राप्त गरी चमत्कारी काम गर्छन् भन्ने मानिसहरूको भनाइ ; तथा
(घ) आफूलाई यहूदीहरूको सम्राट् हुँ भनी मान्नु। मुख्य अभियोग यही नै थियो।

अंतमा यिनै चार अभियोगमा मुकदमाको फैसलाअनुसार पेशाह पर्वको वेलामा एक अपराधीलाई क्षमा गरिने पुरानो प्रथा भएकोले बारावास भन्ने एउटा दस्युलाई मुक्त गराई उनी नास्तिक, राजद्रोही, धर्मद्रोही, निर्लज्ज तथा आत्मप्रशंसक हुन् भनी प्रभु ईशुलाई क्रास या सूलीमा चढ़ाई उनको हत्या गरियो। तीन दिनपछि उनी पुनर्जीवित भई आफ्नो कब्रबाट बाहिर निस्की स्वर्ग गए भनी बाइबिलको नवीन काण्डमा विवरण छ।

धर्म-ग्रन्थ तथा सम्प्रदायहरू :—

ईसाई धर्म-ग्रन्थ बाइबिल हो जो दुई भागमा विभाजित छ। प्राचीन काण्डमा उनञ्चालीस तथा नवीन काण्डमा सत्ताईस ग्रन्थहरू छन्। ईसाई-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मको प्रारम्भिक समयमा प्राचीन काण्डलाई उनीहरूको धर्म-ग्रन्थबाट हटाइयोस् भन्ने आन्दोलन पनि चलेको थियो। सौभाग्यवश उक्त आन्दोलन असफल भयो। प्राचीन काण्डलाई मान्यता नदिए ईशुको सिद्धान्त निराधार हुने थियो। नवीन काण्डमा मैथ्यू, मार्क, ल्यूक र जानको अनुसार चार इञ्जिलहरू छन्, जसमा ईशुको जीवनी बताइएको छ। चौथो इञ्जिलमा दिएको दर्शन हिन्दू-दर्शनसँग मिल्छ। संत जानको "रिवेलेशन" ऋण्डै तन्त्र-शास्त्रसँग मेल खान्छ। संत पालका १५ वटा धर्म-संदेश पत्रहरू, संत जेम्सको एक पत्र, संत पीटरका दुईवटा पत्रहरू, जानका तीन पत्रहरू एवं जूडको एक पत्रसमेत गरी यस प्रकार नवीन काण्डमा २७ ग्रन्थहरू समाविष्ट छन्।

यहूदीहरूले ईशुलाई उनीहरूको मुक्तिदाता मसीहा हुन् भनी स्वीकार गर्दैनन् र ईशुलाई मान्नु पाखण्डी हो भनी भन्दछन्। तर ईशुका भक्तहरूले उनलाई प्राचीन काण्डको भविष्य-वाणीअनुसार उनी मसीहा हुन् भनी मान्दछन्। यसरी यद्यपि महात्मा ईशुले कुनै नयाँ धर्मको स्थापना गरेका थिएनन्, तथापि कट्टर यहूदीहरू तथा ईशुका अनुयायीहरूबीच ईशुको विषयमा मतभेद हुनाले फूट भएको थियो। यो एउटा दुर्भाग्य नै थियो कि यहूदीहरूले मोजेज, इजेकिएल, हिलेल तथा अरू महान् धर्म-दूतहरूका दिव्योपदेशहरूको मूल अर्थ बुझ्न सकेनन् एवं ईसाईहरूले पनि त्यस यहूदीलाई पूर्णरूपेण बुझ्न सकेनन् जसलाई उनीहरूले "मुक्तिदाता प्रभु" भनी संबोधन गर्दछन्। भारत र नेपालमा भगवान् बुद्धलाई हिन्दूहरूले परमेश्वरको नवौं अवतारस्वरूप मानी उनका दिव्योपदेशहरू-लाई अंगीकार गरी उनको पूजा एवं उपासना गर्दछन्; तर बौद्धहरूले हिन्दूको प्राचीन ग्रन्थ वेदलाई नमानी हिन्दू-धर्मबाट अलग भई आफूलाई बौद्ध भनी विभूषित गरे। तर ठीक यसको विपरीत इजरायलमा यहूदी-हरूले ईशुलाई स्वीकार गरेनन्, तर ईसाईहरूले भने बाइबिलको प्राचीन काण्डलाई अंगीकार गरी ईशुको नाममा अगाडि बढेका थिए।

शुरू शुरूमा प्राचीन काण्डलाई नवीनरूपले सम्झाउने तथा धर्मको पुन-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्थापना गर्ने नजरथका यहूदी प्रभु ईशुका अनुयायीहरूलाई केवल यहूदी-धर्मका अनेक सम्प्रदायहरूमध्ये एकका सदस्यहरू हुन् भन्ने मानिन्थ्यो। तर पछि संत पालले आफ्नै ढंगले ईशुका सिद्धान्तको व्याख्या गरी ग्रीस रोमवासीहरूको धर्मपरिवर्तन गरेका थिए। आफूलाई ईसाई भनी एन्टियोकमा ईसाई गिरजाघर स्थापना गरी ईशुका अनुयायीहरू यहूदी समाजबाट अलग भई बसे। यस्तो शोकजनक फूट होओस् भन्ने ईशुले विचार पनि गरेका थिएनन्।

पछि १६ औं शताब्दीमा आएर ईसाई-धर्मभित्र पनि पुरोहित वर्गको पुरोहित्याइँले गर्दा फूट हुँदा क्याथोलिसिज्म र प्रोटेस्टान्टिज्म भनी दुई मतहरू खडा भए। क्याथोलिक पुरोहितवादको विरोधी-दल "प्रोटेस्ट्यान्ट" कहलाइयो। पछि क्याथोलिक चर्च, एंग्लिकन चर्च, पुरिटनिज्म, लुथेरानिज्म, रिफमैशनिज्म, क्याल्विनिज्म, प्रेस्बिटिरियनिज्म, बाप्टिज्म, यूनिटेरियनिज्म, ट्रिनिटेरियनिज्म, मौर्मनिज्म (बहुपत्नीवाद) इत्यादि अनेक सम्प्रदाय खडा भए। हरेक सम्प्रदायले आफ्नै मत सत्य छ र अरूको मत झूटो छ भनी ईसाई-धर्मभित्रै धर्म-कलह वर्तमान छ। एक सम्प्रदायले अर्को सम्प्रदायका अनुयायीहरूको धर्म वा मत परिवर्तन गर्ने गर्दछ।

(सन् १९६५ सालमा एक दिनको कुरा थियो कि लोगन्, यूताह् (यू. एस्. ए.) मा छँदा लेखकले ईश्वरको यस फूलवारीमा सबै धर्मको सार र लक्ष्य एउटै हो भन्दा एउटा बाप्टिस्ट ईसाईले तिमी नरक-कुण्डमा गन्धकको उग्र ज्वालामा नरक-यातना भोग्नेछौ भनी श्राप दिएर हिंडे। प्रभु ईशुले तिम्रो कल्याण गरुन् भनी लेखकले उक्त बाप्टिस्ट बन्धुलाई प्रेमपूर्वक शुभेच्छा प्रकट गरेको थियो। महाप्रभु ईशुको आत्मवत् सबै सँग प्रेम-भाव राख्नु भन्ने दिव्योपदेश व्यवहारमा कता हरायो ? ईसाई सम्प्रदायहरूमध्ये ईशुको मत कुन थियो ? उनको मत टीकारहित उनैको उपदेशहरूबाट छर्लंग झल्किन्छ।)

ईश्वर एवं भक्ति, ज्ञान र कर्म :–

भगवान् सर्वशक्तिमान्, दयालु तथा सर्वज्ञ हुन् जसले सबै विश्वको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सृष्टि गरे। १ जान १।५ मा ईश्वर प्रकाशस्वरूप हुन् भनी लेखिएको छ। उही ग्रन्थको ४।१५ को अनुसार ईश्वर प्रेम-स्वरूप हुन्; एवं जो प्रेममा निवास गर्दछ उ ईश्वरको आधारमा रहन्छ र ईश्वर उसमा निवास गर्दछन्। प्रेममा भय हुँदैन र पूर्ण प्रेमले भयको नाश गर्दछ (१ जान, ४।१८)। प्रभु ईशुको प्रमुख आदेश ईश्वर-भक्ति एवं सबैलाई आत्मवत् ठानी प्रेमपूर्वक व्यवहार गर्नु थियो। यसैबाट दिव्य शान्ति प्राप्त हुन्छ। ईश्वर-पुत्र ईशुको निम्नलिखित महान् वाणीतिर धेरै कम मानिसले ध्यान दिन्छन् :—

"सुन, आफ्नो शत्रुहरूसँग पनि प्रेम-भाव राख, जसले तिमीलाई हेला गर्दछ त्यसको कल्याण गर, जसले तिमीलाई श्राप दिन्छ त्यसलाई आशीर्वाद देऊ, र जसले द्वेषपूर्वक तिमीसँग व्यवहार गर्दछ उसको भलाइको लागि प्रार्थना गर।" (संत ल्यूक, ६।२७,२८)।

यस प्रकार प्रभु ईशुले भक्ति-योगतिर धेरै ध्यान दिएका थिए। १ कोरिन्थियन्स्, १०।३१ मा सत पालले भन्नुभएको छ : "तिमीले जे काम गरे पनि परमेश्वरको प्रतापमा गर।" केवल ईश्वरप्रति श्रद्धा मात्र भएर हुँदैन। जेम्स्ले आफ्नो पत्रको २।१७–२६ मा क्रिया-हीन श्रद्धा मृतवत् हुन्छ भनी कर्म-योगतिर संकेत गरेका थिए। संत जानले ज्ञान-योगतिर बढ्ता ध्यान दिएका थिए। प्रभु ईशुले नै ज्ञान तथा अहिंसाको पाठ पढाएका थिए :—

"तसर्थ सर्प झैं तिमी ज्ञानी बन एवं ढुकुर झैं अहिंसक।" (मैथ्यू, १०।१६)

यस प्रकार हिन्दूहरूको गीतामा श्री ईश कृष्णले जस्तै बाइबिलमा श्री ईशु कृष्टले भक्ति, ज्ञान तथा कर्मलाई समन्वय गर्न प्रयत्न गरेका थिए। ईश्वर-ज्ञानको खोजमा ईशु कृष्टको यस्तो दिव्योक्ति छ :—

"माग र तिमीले पाउनेछौ; खोज र तिमीले पाउनेछौ; घचघच्याऊ र तिम्रो लागि द्वार खुल्नेछ।" (संत ल्यूक, ११।९, १०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"पहिले ईश्वरको राज्य र उनको धर्म-परायणताको खोज गर; अरू सबै चीजहरू स्वतः तिमीले पाउनेछौ ।" (मैथ्यू, ६।३३)

यस विषयमा संत पालको पनि यस्तो अमर वाणी छ :—

"पार्थिव वस्तुहरूप्रति आफ्नो स्नेह नराखी स्वर्गीय वस्तुहरूप्रति प्रेम राख्नु ।" (कोलोशियन्स् , ३।२)

"अनैतिक अर्थात् कामुक वन्नु मृत्यु हो, तर आध्यात्मिक हुनु जीवन तथा शान्ति हो । अनैतिकता ईश्वरको शत्रु हो,·····तसर्थ भौतिकवादीले ईश्वरलाई खुशी तुल्याउन सक्तैन ।" (रोमन्स्, ८।६–८)

"परमेश्वरको राज मासु र रक्सी होइन, बरु यो हो सदाचार धर्म, र शान्ति, र पवित्रात्मामा आनंद ।·····न मासु खानु उचित छ, न शराब पिउनु नै·····।" (रोमन्स्, १४।१७, २१)

ईश्वर एक हुन्, तर उनका तीन रूप छन् । ईश्वर सृष्टिकर्त्ता पिता हुन् । ईश्वर-पुत्रको रूपमा उनी ईशुमा अवतरित भएका थिए । उनी मुक्तिदाता हुन् । आत्माको रूपमा उनी हरेक हृदय तथा हरेक सृष्टिमा अन्तर्यामी छन् । उनले पाप धोई हृदयलाई पवित्र गर्दछन् । सृष्टिकर्त्ता "पिता" "ब्रह्मा" तुल्य तथा अंतर्यामी "पवित्रात्मा" (होली घोस्ट्) "रुद्र" तुल्य जसले मानव-हृदयको पापको हरण गरी पुण्यता प्रदान गर्दछ ।

प्राचीन काण्डको साम्स्, २४।३–५ को अनुसार जसको काम निर्दोष छ, हृदय शुद्ध छ, जसले आफ्नो मनलाई व्यर्थ कुरामा लगाएको छैन, र कपटपूर्वक शपथ खाएको छैन, उ ईश्वरको पवित्र स्थलमा उभिन सक्नेछ र त्यस धर्मपरायण व्यक्तिले ईश्वरीय आशीष पाउनेछ । यसरी मन, वचन र कर्मको पवित्रतामा मुक्ति आधारित छ । पैगम्बर मोजेजका "दश आदेश" लाई पनि मान्यता दिइएको छ ।

नम्रता, क्षमा र दान :—

दिश्य राज्यमा जान सबैभन्दा पहिले बालकहरूको जस्तै सरल तथा नम्र हुनु अत्यावश्यक छ । कसैले अपराध गरेमा उसलाई सात पटक मात्रै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होइन, बरु सत्तरी पटक सातचोटि अर्थात् धेरै पटक क्षमा गर्नुपर्दछ। अर्थात् नम्रता एवं क्षमाशीलतामा ईशुले महत्व दिएका छन्। क्षमाशील हुनाले आफूले पनि क्षमा पाउनेछ। दानको विषयमा संत पालको कथन छ कि लिनुभन्दा दिनुमा श्रेष्ठता छ। यस्तो निःस्वार्थ दानलाई गीतामा सात्विक दान हो भनी बताइएको छ। मानवीय तथा दिव्य वचन बोल्ने शक्ति भए तापनि, भविष्यवाणी गर्ने शक्ति भए तापनि, ज्ञान तथा सबै गूढ तत्वहरूको बोध भए तापनि तथा पहाडलाई पनि हटाउन सक्ने विश्वास (क्षमता) भए तापनि दान या उदारता भएन भने मानिसको जीवन व्यर्थ छ। (१ कोरिन्थियस्, १३।१, २)

गिरि-प्रवचन :—

"संत मैथ्यूअनुसारको इंजिल" मा (अध्याय ५ देखि ७ सम्म) ईशुमसीहले **पर्वतमा** तथा "संत ल्यूकअनुसारको इंजिल" (अध्याय ६) मा **समतल क्षेत्रमा** ईशुले धार्मिक प्रवचन गरेका थिए। नवीन काण्डका लेखकहरूमा यस्तो मतान्तर भए तापनि ईशुको के प्रवचन थियो सो संक्षेपमा तल दिइन्छ।

"जो दुःखी छ उ धन्य छ, किनकि उसले सुख पाउनेछ। जो नम्र छ उ पृथ्वीको मालिक हुन्छ। जो धर्मपरायणताको लागि भोको तथा प्यासा छ उ धन्य छ, किनकि उ परिपूर्ण हुनेछ। जो दयालु छ उ धन्य छ, किनकि उ कृपापात्र हुनेछ। जो हृदयको स्वच्छ छ उ धन्य छ, किनकि उसले ईश्वर-दर्शन पाउनेछ। शान्तिकारी मानिस धन्य छ, किनकि उ देवदूत कहलाइन्छ। जसले धर्म तथा सदाचारको लागि दुःख भोग्दछ उ धन्य छ, किनकि उसले स्वर्गको राज्य पाउनेछ। म नाश गर्न होइन, बरु पूर्णता प्रदान गर्न आएको हुँ। आफ्नो बन्धुसँग जो विनाकारण क्रोधित हुन्छ उ न्यायको वेलामा खतरामा पर्नेछ। जसले अरूलाई मूर्ख भन्छ उ नरकाग्निमा पर्नेछ। काम-वासनाले जसले कुनै नारीलाई हेर्दछ उसले आफ्नो हृदयमै व्यभिचार गरिसकेको छ। व्यभिचारको कारण बाहेक जसले आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्नीलाई त्याग्दछ उसले उसलाई व्यभिचारिणी बनाउँदछ; र जसले सो त्याग गरिएकी स्त्रीलाई विवाह गर्दछ उ व्यभिचारी हुन्छ। तिमीहरू स्वर्गमा बस्ने ईश्वर जस्तै पूर्ण बन। पाखण्डी नबन। प्रार्थनाको लागि आफ्नै कोठामा जाऊ, ढोका बन्द गर, अनि मात्र ईश्वरको प्रार्थना गर। जसले खोज गर्दछ त्यसले पाउनेछ। सुँगुरहरूको अगाडि मोती नफ्याँक। राम्रो रूखले राम्रै फल दिन्छ। आफ्नो शत्रुसँग पनि प्रेमपूर्वक व्यवहार गर। जसले सुनेर पनि त्यसको अनुकरण गर्दैन उसको नाश हुनेछ।"

ईसाई-धर्मको सिद्धान्त :—

भगवान्‌ले पहिले आदम र ईवको सृष्टि गरे। उनीहरू इडेनको सुन्दर उद्यानमा बस्तथे। उक्त उद्यानको मध्यमा स्थित सत्-असत्‌को ज्ञान दिने एक रूखको फल नखानू भनी ईश्वरको आदेश प्राचीन काण्डको जेनेसिसको दोस्रो अध्यायमा दिइएको छ। एक दिन सर्पको वेशमा सेतानले ईवलाई उक्त वृक्षको फल खानलाई लोभ्याएको थियो। ईवले उक्त फल खाइन् र साथै आदमलाई पनि खान लगाइन्। ईश्वरको आज्ञाको उल्लंघन गर्दा आदम र ईवलाई पापी ठहराइयो र उक्त उद्यानबाट निष्कासित पनि गराइयो। उनको मृत्यु भयो। तसर्थ सबै पापी छन्। पापीहरू सदाको लागि नरकमा दुःख भोग्दछन्।

ईश्वर-पुत्र ईशु पृथ्वीमा मनुष्यरूपमा मानिसलाई मुक्ति दिलाउन अवतीर्ण भएका थिए। मानिसको पापको लागि उनले दुःख भोगी क्रासमा मृत्यु स्वीकार गरे तथा तेस्रो दिन पुनर्जीवित भई स्वर्गमा आरोहण गरे। स्वर्ग एउटा रम्य स्थान हो जहाँ कुनै प्रकारको दुःख हुँदैन। संसारको अंतमा न्याय-दिवसमा उनी फेरि आउनेछन्। कब्रबाट मरेका शव पुनः जीवित भई निस्कनेछन्। मृत र जीवित सबैको पुण्य र पापको निर्णय हुनेछ। पुण्यात्माहरू ईशुसँग स्वर्गमा सुखपूर्वक रहनेछन् र पापात्माहरू सदा सर्वदाको लागि नरक-कुण्डको ज्वालामा खस्नेछन्।

जसले ईश्वर-पुत्रमा विश्वास गर्दैन उसलाई क्याथोलिक एपोस्टोलिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चर्चले श्राप दिएको छ भनी ३८२ वि० सं० मा भएको निकीयाको सभामा पास गरिएको "द निकीयन क्रीड" मा दिइएको छ ।

नारी र विवाह :—

संत मैथ्यूको १९ सौं अध्यायमा विवाह तथा तलाकको विषयमा महात्मा ईशुको यस्तो दिव्य वाणी छ :—

"के तिमीलाई थाहा छैन कि ईश्वरले प्रारम्भमा नर र नारीको सृष्टि गरे ; त्यसैले मानिसले आफ्नो माता-पिताको त्याग गरी पत्नीसँग वस्नु-पर्नेछ र ती दुवै एउटै शरीर हुनेछन् । यसरी पति-पत्नी दुइटा होइनन्, बरु एउटै शरीर हो । त्यसैले ईश्वरले जसलाई एकत्वमा मिलाएका छन् कसैले पनि तिनलाई पृथक् नगरोस् ।

फारिसीहरूले सोधे : मोजेजले किन तलाक-पत्र दी उसलाई (पत्नीलाई) त्याग्ने आदेश दिए ?

ईशुले भने : तिमीहरूको हृदयको निर्दयता हेरी मोजेजले आदेश दिएका थिए, तर प्रारम्भदेखि यस्तो थिएन, र म तिमीहरूलाई भन्दछु कि व्यभिचारको कारण बाहेक जसले आफ्नी पत्नीलाई त्याग्दछ र अर्को विवाह गर्दछ उ व्यभिचारी हुन्छ ; र जसले उक्त त्यागिएकी स्त्रीसँग विवाह गर्दछ उसले पनि व्यभिचारको पाप गर्दछ । (मैथ्यू, १९-४-९)

संत पालको शब्दमा पनि पति र पत्नीलाई यस्तो आदेश छ :—

"मानिसले स्वास्नीमानिसलाई स्पर्श नगर्नु कल्याणकारी छ । तर व्यभिचार हटाउनको निमित्त हरेक पुरुष आफ्नै पत्नी र हरेक नारी आफ्नै पतिसँग रहुन् । (श्रीमद्भागवत पुराणानुसार पनि मानिसमा भएको काम-वासनाको नियन्त्रण गर्न विवाहको विधान गरिएको छ, तर यसबाट दूर रहनु नै धेरै राम्रो छ ।) आफ्नी पत्नीप्रति दयाशील हुनु पतिको कर्त्तव्य हो तथा त्यसै प्रकार आफ्नो पतिप्रति दयाशीला हुनु पत्नीको धर्म हो । पत्नीको शरीरको शक्ति पतिमा तथा पतिको शरीरको शक्ति पत्नीमा हुन्छ । ईश्वरको आज्ञा छ कि पत्नीले आफ्नो समस्या समाधान गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आपनै पतिसँग पुनर्मिलन गरोस्, एवं पतिले आफ्नो स्त्रीलाई नत्यागोस् ।"
(१ कोरिन्थियन्स्, ७।१-४, १०, ११)

संत मार्कअनुसारको इंजिल (१०।४-१२) मा पनि विवाह-विच्छेद अनुचित हो, तथा पुनर्विवाह व्यभिचार हो भनी प्रभु ईशुको अमर उपदेश लाई दोहोऱ्याइएको छ । तर ईसाई-धर्मावलम्बीहरूमा कति प्रतिशतले प्रभु ईशुको यस दिव्य वाणीको सच्चा अनुकरण गर्दछन् र ? आज ईसाई राष्ट्रहरूमै तलाक-प्रथाको बढता चलन छ ।

संसारको त्याग :—

जानको प्रथम पत्रमा संसारको त्याग गर्नु भनी उपदेश दिएको छः—

'दुनियाँलाई प्यार नगर, विषय वस्तुहरूप्रति पनि आसक्त नहोऊ । यदि कसैले दुनियाँ अर्थात् भौतिकताको प्रेम गर्दछ भने ईश्वर-प्रेम त्यसमा छैन, किनकि शरीर तथा आँखाको वासनात्मक लोभ तथा जीवनको मद आदि दुनियाबी चीज ईश्वरको होइन । संसार मरेर जानेछ, र साथै वासना पनि; तर ईश्वरेच्छाको अनुसार काम गर्ने अमर हुन्छ।'

मैथ्यू तथा ल्यूकअनुसारका इंजिलहरूमा पनि संसारको माया मोह त्याग भनी प्रभु ईशुले उपदेश गरेका थिए ।

"जसले आफ्नो घर-जग्गाहरू, भाई-बहिनीहरू, माता-पिता, स्वास्नी तथा बाल बच्चाहरूलाई मेरो निम्ति त्यागेको छ उसले सय गुणा बढता पाउनेछ र अमर हुनेछ ।" (मैथ्यू, १९।२९)

"कोही मकहाँ आउँछ, तर आफ्नो पिता, माता, स्वास्नी, संतानहरू, दाज्यूभाई, दिदी-बहिनीहरू तथा आफ्नो जीवनसमेतलाई पनि घृणा गर्दैन भने उ मेरो अनुयायी हुन सक्तैन ।" (ल्यूक, १४।२६)

यस प्रकार ईशुको मौलिक धर्ममा इंजिलबाटै उद्धृत उपर्युक्त उपदेशहरूअनुसार आजको ईसाई भौतिकवादको प्रेम एवं सांसारिक माया मोहलाई स्थान दिइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्सवादि :—

"क्रिस्मसमा ईशुको जन्म-दिवस वडो समारोहका साथ मनाइन्छ। "मास्", "ईस्टर", "लैन्ट", "थ्यांक्स-गिविंग्" आदिका धार्मिक पर्वहरू पनि मनाइन्छन्। आइतवारको दिन विहान एक घंटाको लागि गिरजा-घरमा (चर्च) ईसाईहरूको मेला हुन्छ जसमा सामूहिक रूपले पूजा-प्रार्थना हुन्छ। "मास्" मा ईशु कृष्टको शरीरको मासुस्वरूप पाउरोटीको टुक्रा र उनको रगतस्वरूप रक्सी (केही चर्चहरूमा अंगूरको रस) ईसाईहरूले खान्छन्।

"थ्यांक्स-गिविंग्" मा "टर्की" या लौकाटको मासु ईसाईहरूले वडो स्वादले खान्छन्। लौकाट जति ठूलो वा मोटो घाटो हुन्छ उति उनीहरूको आँखामा प्रसन्नताको प्रकाश झल्किन्छ।

क्याथोलिकहरूले शुक्रवारको दिन मासु खाँदैनन् र यसरी सप्ताहको एक पटक आफूलाई शाकाहारी सम्झी पवित्र ठान्दछन्। तर माछालाई भने शाकाहारमा लिइएको छ।

"परोत्सवनिजोत्सवाः" अर्थात् अरूको उत्सवलाई आफ्नै उत्सव ठान्ने व्यक्ति ईश्वरका भक्त हुन् भन्ने हिन्दूहरूको स्कन्दपुराणको वचनामृत भएकोले लेखकले अमेरिका (यू० एस० ए०) मा छँदा ईसाईहरूको पूजा तथा धार्मिक उत्सवादिहरूमा सहर्ष भाग लिने स्वर्ण अवसर पाउँदा आफूलाई धन्य ठानेको छ। आमेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वादश पटल

इस्लाम-धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इस्लाम-धर्म

अरबको अवस्था र अल्लाह :–

छैटौं शताब्दीमा जब एशियामा बौद्ध-धर्मको तथा यूरोपमा ईसाई-धर्मको प्रभाव फैलिंदै थियो त्यस वेला अरबका सेमेटिक कृषकवर्गहरूमा धार्मिक चेतना पूर्णरूपले विकास भएको थिएन। असंगठित बहुदेव-वादमा उनीहरू पलिरहेका थिए। साथै "जिन्न" भन्ने प्रेतात्माहरू पनि मानिन्थे। अनेक देव-देवीहरू परमेश्वर अल्लाह (अल्लाः) का छोरा-छोरीहरू थिए भन्ने विश्वास थियो। पर्व तथा चाडहरूमा देव-देवीहरूको पूजा हुन्थ्यो तर परमेश्वर अल्लाहको भने कसैले पनि वास्ता गर्दैनथ्यो। पवित्र शपथ ग्रहण गर्दा तथा अन्य कागतहरूमा मोहर लगाउँदा मात्र अल्लाहको नाम लिइन्थ्यो। "एल्" (या अल्) बाट "शक्तिशाली" को बोध हुन्छ। हिब्रू भाषामा पनि यस शब्दको अर्थ हुन्छ, "बलियो, वीर र ईश्वर।" बेबीलोनमा "इलु"को अर्थ ईश्वर नै हुन्छ। संस्कृतमा 'अल्' धातुबाट योग्यताको बोध हुन्छ। अरबी भाषामा इलाह (इला) भन्नाले कुनै पनि ईश्वरको बोध हुन्छ। अल् र इलाहको संयोग गर्दा "इ" कारको लोप हुँदा ',अल्लाह' शब्द भएको छ जसको अर्थ हुन्छ 'शक्तिशाली परमेश्वर।" संस्कृत भाषामा "अल्ला" तथा "इला" शक्तिस्वरूपिणी जगदम्बाका पर्यायवाची शब्दहरू हुन्।

अरबीहरूलाई संसर्गमा यहूदी ईसाई तथा पारसीहरू थिए। अरबी यहूदीहरू मूर्तिपूजक भइसकेका थिए। अरबी ईसाई-मतको रूप हीन हुँदै गइरहेको थियो। अरबीहरूको बहुदेववादको पनि ह्रास हुँदै थियो जसमा जातीय देव-देवीहरूको अपमानसमेत पनि हुन लागेको थियो। यस प्रकार अरबमा धार्मिक जीवन आदिम अवस्थामा विदै थियो। मक्काको "काबा" नामक मंदिरमा कालो ढुंगाको स्तंभको साथसाथै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेक देवताहरूका मूर्तिहरू पनि स्थापित भइसकेका थिए। मक्का धार्मिक तीर्थस्थल जस्तै भइसकेको थियो। अरबीहरूले उक्त कालो ढुंगामा अल्लाहस्वरूप मानी आफ्नो भक्ति-भावना चढाउँदथे। अनंत परब्रह्म परमेश्वरको चिह्नस्वरूप शिव-लिंगको पूजा हिन्दू-समाजमा सर्वत्र विद्यमान छ। उक्त कालो ढुंगा शिव-लिंगकै प्रतिरूप देखिन्छ। काबा मंदिर कोरिप जातिको अधिकारमा थियो।

मुहम्मदको जन्म र जीवन :–

अरबमा धार्मिक चेतनाको विकास गर्न विक्रम संवत् ६२७ सालमा मक्कामा मुहम्मदनामक पैगम्बरको शुभ-जन्म भयो। उनको जन्मभन्दा पहिले नै उनको पिता अब्दुल्ला (-ह) को स्वर्गवास भएको थियो तथा उनी ६ वर्षको अवस्थामा छँदा उनको माता अमिनाह (-ह) को पनि मृत्यु भयो। त्यसपछि बाजेले उनको पालन पोषण गरे। उनीपछि उनका काका (या मामा) ले मुहम्मदको सस्नेह लालन पालन गरे। उनले शिक्षा पाउन सकेनन्। चरवाहाको काममा मरुभूमिको कष्टसाध्य जीवनमा उनको बालक अवस्था वित्यो।

१२ वर्षको अवस्थामा आफ्नो काकासँग व्यापारी काममा सिरीया गए। त्यहाँ ईसाई-धर्मको संसर्गमा उनले त्रिमूर्तिको विषयमा विभिन्न सम्प्रदायहरूको कलहात्मक वाद-विवाद सुने। उनी यहूदीहरूको संसर्गमा पनि आए। एकेश्वरवादको ज्ञान पनि उनले पाए।

२५ वर्षको वेलामा ख्वादिजा नामकी धनी विधवाको व्यापार कार्यमा नोकरी गरी काफिलाको साथ सिरीया गए। पछि ख्वादिजासँग मुहम्मदले विवाह गरे। ख्वादिजाको पहिले दुइ पटक विवाह भइसकेको थियो। उनी मुहम्मदभन्दा १५ वर्ष जेठी थिइन् तापनि मुहम्मदले आफ्नी पत्नी-बाट अनेक आर्थिक तथा नैतिक सहायता पनि प्राप्त गरेका थिए। उनका दुई छोरा तथा चार छोरीहरू थिए। उनी चालीस वर्षको अवस्थासम्म व्यापारको काममा लागेका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवाहपछि मुहम्मद केही विचारवान् हनिफहरूको संसर्गमा आएका थिए। हनिफहरूले प्रायश्चित्त गर्दथे। यहूदी र ईसाईहरूको प्रभावमा उनीहरूले 'न्याय-दिवस' को लागि ध्यान तपस्यामा आफ्नो जीवन अर्पण गरेका थिए। अनेक जातीय देवताहरूको अस्तित्वमा उनीहरूको मान्यता थिएन। "इस्लाम" अर्थात् परमेश्वर अल्लाको इच्छामा "आत्म-समर्पण' या "शरणागति" द्वारा नै मानिसले मोक्ष पाउँछ भनी हनिफहरूको विश्वास थियो। यहूदी तथा ईसाईहरूको झगडामा नपरी अब्राहमको प्राचीन धर्म नै अपनाउनुपर्छ भनी उनीहरूको राय थियो। यी कुराहरूले मुहम्मदलाई प्रभावित पारेका थिए।

मक्काबाट डेढ़ कोस उत्तर स्थित हीरा पर्वतको गुफामा मुहम्मदले उपवास गरी ध्यान तथा प्रार्थना गर्न थाले। रमजानको महीनामा एक दिन उनले देवदूत गेब्रिएलको दर्शन पाई ईश्वरीय आदेश पाए। यस अनुभूतिमाथि उनले विश्वास गर्न सकेनन्। पछि दुई तीन वर्षपछि फेरि देवदूत गेब्रिएलको उनले दोस्रो पटक दर्शन पाए। तदनन्तर आफ्नो शंकाको समाधान गरी आफूले पाएको अनुभूतिको आधारमा धर्मोपदेश दिन थाले।

उनले कुनै नयाँ धर्मको स्थापना गरेका थिएनन्, न पुरानो धर्मको सुधार नै गरे। उनले हनिफहरूको विश्वास तथा साधनाहरूको प्रचार गरे। उनको विचारमा यो अब्राहमकै प्राचीन धर्म हो। प्रथम दिव्य अनुभूतिको वेलामा उनी ४० वर्षका थिए। एकेश्वरवादको प्रचार गर्न थाले। एकता, शक्ति, ईश्वरको प्रभुत्व, मूर्ति-पूजाको विरोध, पुनर्जीवन, नरक, स्वर्गमा सुख आदिको विषयमा उनले उपदेश दिन थाले। आफूलाई पैगम्बर या ईश्वरीय दूत भनी उनले मान्दथे। एक दिन काबामा गएर ईश्वर एकमात्र हुन् भनी व्यक्त गर्दा मक्कावासीहरू रिसाए। उनको जीवन खतरामा थियो। ६७७ वि. सं. मा उनको धर्मपत्नी ख्वादिजा र उनका काका आबूको देहान्त भयो। त्यसपछि मक्काबाट निराश भएर उनी उत्तरतिर ताइफ भन्ने ठाउँमा गएर आफ्नो धर्मोपदेश दिन थाले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर दुर्भाग्यवश त्यहाँबाट पनि उत्तरतिर भागी विक्रम सम्वत् ६७९ सालमा मदिना आइपुगे। यस पलायनलाई हेजिरा भनिन्छ। यस साललाई हेजिरा १ भनी इस्लामी संवत्को श्रीगणेश भयो। मदिनामा उनको उपदेशले मानिस प्रभावित थिए। ६८६ वि. सं. मा उनी मक्का आए। विजयको साथ मूर्तिहरूको नाश गरियो। तर उनको अनुसार अब्राहमले दिएको कालो ढुंगाको रक्षा गरियो। सकेसम्म शान्तिपूर्वक, नसके तरवारको सहाराले भए पनि इस्लाम-धर्मको प्रचार गर भनी उनको सिद्धान्त थियो। हेजिराको दश वर्षपछि सिरीयामा आक्रमण गर्न तयारीमै मदिनामा ज्वरो आई उनको मृत्यु भयो।

यसबीच उनले ११ वटी स्वास्नीहरू राखेका थिए। आफ्नी अनुयायी-हरूलाई हरेकले चारवटी स्वास्नीहरू मात्रै राख्न सक्दछन् भनी उनको आज्ञा थियो। उनले आफ्नो नियमको आफैले उल्लंघन गरेका कुराको दिव्य दर्शनमा पैगम्बरले चारभन्दा बढ़ता स्वास्नीहरू राख्न सक्दछन्। भनी पुष्ट्याइँ दिएका थिए।

कुरान तथा सम्प्रदायहरू :--

'इस्लाम' शब्दको अर्थ हुन्छ ईश्वरको इच्छामा शरणागति। यही पूर्ण शरणागतिबाटै मोक्ष संभव हुन्छ। इस्लाम-धर्मका अनुयायीहरूलाई मुसलमान भन्दछन्। ईश्वर या अल्लाको शरणमा आएकालाई मुसलमान भनिएको छ।

कुरान इस्लाम-धर्मको ग्रन्थ हो। कुरानको मुख्य आधार पैगम्बर मुहम्मदले सर्वप्रथम पाएका देवदूत गेब्रिएलको दिव्य दर्शन तथा अनुभूति थियो। यसमा ११४ सुर अर्थात् अध्यायहरू छन्। मुहम्मदका प्रथम उत्तराधिकारी आबू बेक्र नामक प्रथम खलिफाले २० वर्षमा कुरानको संपादन गरेका थिए। यसमा मुहम्मदका उपदेशहरूको संकलन छ।

कुरान बाहेक यसको पूरकस्वरूप ग्रन्थहरू पनि इस्लाममा आए। मुहम्मदको मृत्युपछि इस्लाममा दुई मत खडा भए। यी अतिरिक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थहरूलाई मान्नेलाई सुन्नी तथा नमान्नेलाई शिया भन्दछन् । आज अनेक सम्प्रदायहरू खडा भइसकेका छन् । सूफीहरू यिनमध्ये एक हुन् । यिनीहरूका ग्रन्थहरूमध्ये "मस्नवी" पनि एक हो । १२६४ वि० सं० मा जन्मेका सूफी कवि जलालउद्दीन रूमीले उक्त ग्रन्थ रचेका थिए । उनको मृत्यु १३३० वि० सं० मा भएको थियो । सूफीहरू अध्यात्मवादी हुन् । १८०१ वि० सं० मा ईरानमा एक व्यापारी मिर्जा अली मुहम्मदले आफूलाई पहिले ईश्वरको द्वार तथा पछि ईश्वरको अवतार हुँ भनी मानेकोले १९०७ वि० सं० मा उनको हत्या गरियो । उनका एक शिष्य वहाउल्लाले आफूलाई ईश्वरको दर्शन पात्र ठानी धर्मोपदेश गर्न थाले । उनको सम्प्रदायलाई आज वहाई-धर्म पनि भनिन्छ । अमेरिकामा शिकागोको वहाई—मंदिरमा संसारका सबै धर्महरूबाट प्रमुख-प्रमुख दिव्योक्तिहरू उद्घृत गरिएका छन् ।

६ वटा विश्वासहरू :—

मुसलमानहरूको लागि मुख्य ६ वटा विश्वासहरू यस प्रकार छन् :—

(क) एक परमेश्वर अल्ला (-ह) मा विश्वास ।

(ख) भक्तहरूको क्षमाको निमित्त प्रार्थना गर्ने देवदूतहरूमा विश्वास ।

(ग) पवित्र ग्रन्थहरूमध्ये अंतिम कुरानमा विश्वास जसमा यहूदी तोरा र साम्स् तथा ईशुका उपदेशहरू पनि समाविष्ट छन् ।

(घ) अल्लाका पैगम्बरहरूमा विश्वास । कुरानमा २८ वटा ईश्वरीय-दूतहरूको नामावलि छ । यिनका आदम, नोआ, अब्राहम, जेकोब, मोजेज, डेविड, ईशु, सिकन्दर आदि छन् । अंतिम तथा सबभन्दा ठूलो पैगम्बर मुहम्मदलाई मानिन्छ ।

(ङ) अंतिम न्याय-दिवसमा विश्वास ।

(च) अल्लाको दिव्य निर्णय या आज्ञामा विश्वास ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँच स्तम्भहरू :—

मुसलमानको लागि पाँच मुख्य कर्तव्यहरू छन् :—

(क) ईमान—अल्लाह वाहेक अरू ईश्वर छैन। मुहम्मद उनका पैगम्बर हुन्। अल्ला, देवदूतहरू, उनका ग्रन्थहरू तथा पैगम्बरहरू अंतिम दिन मृतावस्थाबाट पुनर्जीवन, किस्मत, असल र खराब न्याय, स्वर्ग तथा नरक आदिमा विश्वास।

(ख) नमाज—मक्काको दिशातिर फर्की अल्लाहको दिनको पाँच-चोटि प्रार्थना गर्नु या नमाज पढ्नु। नमाज पढ्ने वेला हुन् बिहान, मध्याह्न, अपरान्ह, संध्याकाल तथा रात्रि। शुक्रवारको दिन मध्याह्नको प्रार्थना सामूहिक रूपमा हुन्छ।

(ग) जकात—सालको आफ्नो आम्दानीको अढाई प्रतिशत गरीब-लाई धर्म-दानमा (भिक्षा) दिनु।

(घ) रोजा—रमजानको मैन्हामा रोजा या उपवास-व्रत राखी अंतमा ईदको नमाज पढ्नु।

(ङ) हज—जीवनमा कम-से-कम एक पटक मक्काको जियारत अर्थात् तीर्थयात्रा गर्नु।

अल्लाह र भक्ति :—

कुरान २२।६ मा लेखिएको छ कि अल्लाह सत्य हुन्। उनले सबै चीजको सृष्टि गरी स्थितिमा कायम राखेका छन्। अल्लाह एक सर्वज्ञ सर्व शक्तिमान् परमेश्वर हुन्। उनी विश्वको प्रधान-तत्व हुन्। सत्कार्य गर्ने, मुहम्मदको सिद्धान्तको अनुसरण गर्ने र यस सिद्धान्तको लागि व्यक्तिहरू अल्लाहका प्रेमपात्र हुन् भनी भनिएको छ। दुष्टहरूलाई नरकको ज्वालामा अल्लाहले भुट्नेछन् र भक्तहरूलाई भौतिक स्वर्गमा सुन्दर विशाल नेत्र भएका तरुणीहरूसँग विवाह गराई विषय-सुखभोग दिलाउनेछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अल्लाह अर्थात् परमेश्वर वाहेक अरू हरेक चीज व्यर्थ छ भनी इस्लामका अरू ग्रन्थहरूमा पनि दिइएको छ। तसर्थ अल्लाहमा पूर्णरूपेण भक्तिभाव राखी शरणागत हुनु नै मुसलमान वन्नु हो। ईश्वरका सवै सच्चा भक्तहरू मुसलमान नै हुन् भने केही अत्युक्ति छैन, किनभने "मुसलमान" को अर्थ हो "अल्लाह अर्थात् परमेश्वरको शरणमा पर्ने भक्तजन।"

प्रेम र सद्व्यवहार :—

वहाइहरूको अनुसार प्रेम या भक्ति वाहेक अरू सवै शब्दहरू मात्रै हुन्। सूफी मस्नवीको अनुसार कटु-पदार्थहरू प्रेमद्वारा मधुर हुन्छन्। ताँ वा का पदार्थ प्रेमद्वारा सुनौला हुन्छन्। मैला पदार्थहरू प्रेमद्वारा जीवित हुन्छन्। प्रेमद्वारा राजा पनि दास वन्छन्। यस्तो प्रेम-भावना ज्ञानकै परिणाम हो भनी ज्ञान-मार्गी सूफीको कथन छ।

कसैको विरुद्ध द्वेष नगर्नु तथा कसैको घृणा नगर्नु भनी अन-नवावीमा लेखिएको छ। सद्व्यवहारको विषयमा पनि भनिएको छ कि सवै मानिससँग त्यस्तै व्यवहार गर्नु जस्तो अरूबाट तिमीले चाहन्छौ र जो व्यवहार तिमीलाई मन पर्दैन त्यस्तो व्यवहार अरूसँग पनि नगर्नु।

न्याय र नियम :—

प्रथम खलिफा आबूवेक्रको शब्दमा सवै न्यायी हुनुपर्छ। अन्यायीको कहिले पनि उन्नति हुँदैन। पराक्रमी भै आत्म-समर्पण गर्नुभन्दा मर्नु श्रेयस्कर छ। दयावान् भई वृद्ध, बालक तथा नारीहरूको बध गर्नु हुँदैन। कुनै फल दिने रूखहरू, अन्न तथा पशुहरूको नाश नगर्नु तथा आफ्ना दुश्मनहरूप्रति पनि शान्तिपूर्वक बोल्नु भनी इस्लामी आबूवेक्रको दिव्यो-पदेश छ।

सूफी मतका अनुयायी अब्दुल्ला अन्सारीको मधुर शब्दमा जीवनको नियममा यी तत्वहरूको आवश्यकता हुन्छ :—

(क) परमेश्वर अल्लाप्रति सच्चा भक्ति,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) आफूप्रति कठोरता,
(ग) सबैको लागि न्याय,
(घ) गुरुजनहरूको सेवा,
(ङ) बालकहरूप्रति दया,
(च) गरीबहरूप्रति उदारता,
(छ) साथीहरूको लागि राम्रो विचार,
(ज) शत्रुहरूलाई क्षमा,
(झ) मूर्खहरूप्रति उदासीनता,
(ञ) विद्वान्हरूको सम्मान ।

अन्य उपदेशहरू :—

हरेक घटना चाहे राम्रो होस् वा नराम्रो अल्लाहको इच्छामा निर्भर छ । हरेक चीज पहिलेदेखि नै निश्चित भइसकेको हुन्छ । यसलाई किस्मत या भाग्य भन्दछन् । यसरी मुसलमानहरू किस्मतमा विश्वास गर्ने भाग्यवादी हुन् ।

पहिले मुहम्मद शान्तिप्रिय धार्मिक समाजका नेता थिए । तर पछि "जिहाद" भन्ने "पवित्र युद्ध" को विचार ल्याई हिंसात्मक तरीकाले भए पनि इस्लाम-धर्मको प्रचार हुन थाल्यो । कुरानको ४७ सौं सुरमा आफ्नो धर्म या मार्गको प्रचारार्थ युद्ध गर्ने आज्ञा दिइएको छ । शायद यस्तो कुराको प्रचार पैगम्बर मुहम्मद मदिनामा हुँदा उनको विरुद्ध षड्यंत्र रच्ने अरबी, यहूदी तथा ईसाईहरूको विरोधमा भएको जस्तो बुझिन्छ । हिजो आज धर्म-प्रचारको उन्माद इस्लामीहरूमा धेरै नै घटिसकेको छ । कुरान २।२५७ मा लेखिएको छ कि धर्म या मार्गमा दबाव नहोओस् । कुरान ५।३५ को अनुसार कसैले कसैको हत्या गर्दछ भने उ सारा मानवताको हत्यारा ठहरिन्छ । तर कसैले एउटा पनि प्राणीको जीवनको रक्षा गर्दछ भने उसले सारा मानव जातिको रक्षा गरेको बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुख र दुःखको विषयमा मस्नवीमा वताउँदछ कि वसंत शरद् ऋतुसँग संवन्ध छ र शरद् वसंत ऋतुको परिचय हो, तसर्थ यसवाट भाग्न हुँदैन। दुःखको साथी वनी असुविधा सही मृत्युमा अमर जीवनको खोज गर्नुपर्दछ। सूफी गुल्शन-ई-राजले मानिसमा संपूर्ण ब्रह्माड अंतर्निहित छ भनी वेदान्तको परिचय दिनुभएको छ। धर्म भनेको एउटा राम्रो विचार हो। मीठो वाणी, शान्तिशीलता, छिमेकी तथा अतिथिहरूको सम्मान तथा सत्कार आदि हरेक मुसलमानको गुण हुनुपर्दछ। जसले बाधामा परेको मानिसलाई सुखी पार्दछ उसलाई अल्लाहले यस लोक तथा परलोकमा पनि सुख दिनेछन्। यस संसारमा एक यात्रु जस्तै भई वस्नुपर्दछ। आमिन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्व-धर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रयोदश पटल

सर्व-धर्म-समन्वय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्व-धर्म-समन्वय

यस भू-लोकका एघार प्रमुख धर्महरूलाई तीन विभागमा विभक्त गर्न सकिन्छ। आर्यन् अर्थात् इन्डो-यूरोपियन धर्मअंतर्गत हिन्दू, जैन, पारसी, बौद्ध र सिख-धर्म छन्। सेमाइटिक धर्मअन्तर्गत यहूदी, ईसाई र इस्लाम आउँछन्। सुदूर पूर्वीय धर्मअन्तर्गत शिन्तो, ताओ र कन्फ्यूशस धर्म आउँछन्। सेमाइटिक तथा अरू धर्महरू पनि विश्व-प्रसिद्ध इतिहासकार-हरूको अनुसार आर्य-धर्मले नै प्रभावित छन्। सबै ग्रन्थहरूको गहन अध्ययन-बाट यो विदित हुन्छ कि विचारमा, लक्ष्यमा, आभ्यन्तर साधना तथा उपासनामा सबै धर्म, सबै मार्ग एक छन्। केवल भौगोलिक, सामाजिक, सांस्कृतिक आदिको वाह्य विविधताले गर्दा धर्महरूको वाह्य विधिहरूमा केही फरक मात्र देखा पर्दछ। अन्यथा सबैको सार एउटै हो।

मौलिक भेद :—

यस अंतिम पटलमा सबै धर्मको समन्वय गर्नुभन्दा पहिले छ भने तिनमा भएको विषमता या मौलिक भेदको विवेचना गरिनु आवश्यक देखिन्छ। एकमात्र भेद भक्तिको संबन्धलाई लिएर आर्यन् परंपरा र सेमाइटिक परंपराको बीच अलिकति देखा परेको छ। सो यस प्रकार छ :—

सेमाइटिक परंपराअन्तर्गत यहूदी, ईसाई र इस्लाम तीनैले ईश्वरलाई व्यक्तिरूपमा पूजा गर्दछन्। ईश्वरलाई एक कठोर न्यायाधीशस्वरूप मानिएको छ जसले भक्तप्रति दया गरी उसलाई स्वर्ग-भोगको अधिकारी बनाउँछ र अभक्तलाई निर्दयतापूर्वक नरकको दावाग्निमा फाल्दछ। तसर्थ यहूदी, ईसाई या मुसलमानहरूले भयभीत भई दयाको भिक्षा मान्दै न्यायाधीश ईश्वरको उपासना गर्दछन्। ईश्वरसँग यिनीहरू डराउँछन्। यिनीहरूले आफूलाई मूलतः दुष्ट ठान्दछन्, पापी मान्दछन्। दुराचार (ओरि-जिनल सिन) उनीहरूको स्वभाव हो र सदाचार हो वि-कृति। तसर्थ उनीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वरको दण्डको डरले नै आफ्नो स्वाभाविक दूराचारबाट दूर बस्ने प्रयत्न गरी यी "ओरिजिनल सिनर" अर्थात् "स्वाभाविक दुराचारी या पापी" हरूले यहोवाको, "फादर" (पिता) को या अल्लाहको भयले भक्ति गर्दछन् । आफूलाई स्वाभाविक दुष्ट ठान्नु, तसर्थ भयले भक्ति गर्नु र यसरी अंतमा ईश्वरको कृपापात्र बनी स्वर्गको भौतिक सुख भोगको आनन्द लुट्नु यहूदी, ईसाई र मुसलमानको धार्मिक सिद्धान्त, साधना र लक्ष्य हो । उनको सिद्धान्त हो आफूलाई "ओरिजिनल सिनर" या "स्वाभाविक दुष्ट" ठान्नु । उनको साधना हो न्याय तथा प्रेमस्वरूप ईश्वरको भयले भक्ति गर्नु । उनको लक्ष्य हो उनको धर्म नमान्नेलाई नरकमा कष्ट यातना भोग्न पठाई आफू सुवर्ण-रत्नादिले सुशोभित स्वर्गमा गई मोज-मज्जा लुट्नु । यी तीनवटै सेमाइटिक परंपराको सामान्य विशेषता हो । ईश्वर र जीवमा भिन्नता मान्ने यी द्वैतवादी हुन् ।

उपर्युक्त सम्बन्धमा सेमाइटिक परंपराको ठीक विपरीत आर्य या सनातन परंपरा छ । आर्य परंपरामा अतीन्द्रिय परम तत्वस्वरूप परमात्मालाई उपास्य मानिएको छ । परमेश्वर निर्गुण निराकार विश्वरूपी सच्चिदानन्दमय प्रेमस्वरूप हो । अनंत सत्य, ज्ञान र प्रेमस्वरूप परब्रह्म वेदान्तदर्शनअनुसार जीवको आफ्नै "स्वरूप" हो । अज्ञानताको कारणले गर्दा मात्रै मानिसले आफूलाई परमेश्वरबाट भिन्न मानिराखेको छ । अविवेकले विस्मृत आफ्नो स्वरूपको अन्वेषण गर्नु नै उपासना हो । वासना तथा तृष्णा नै बन्धन हो । यस बन्धनबाट मुक्त हुनु नै निर्वाण हो, स्वानुभूति प्राप्त गर्नु हो, ब्रह्ममा लीन भै आनन्द प्राप्त गर्नु हो । आफ्नो 'स्वरूप' को अन्वेषण गर्दा मानिस यहाँ डराउँदैन । परम प्रेमस्वरूप परमेश्वरलाई माता, पिता, मित्र, बन्धु, प्रेमी सबै रूपमा मानिएको छ । फलतः ईश्वरसँग भय किन ? प्रेमको शत्रु भय हो । ईश्वर प्रेमस्वरूप भए ईश्वरसँग प्रेम गर्नुपर्दछ न कि भय । ईश्वरले अभयको वरदान दिन्छ, तसर्थ उपासकले प्रेमपूर्वक भक्ति गर्दछ । उसमा आएको अज्ञानतारूपी विकारहरू प्रेमपूर्ण भक्तिले दूर हुन्छन् र अज्ञानताको यसरी नाश भइसकेपछि परमे-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्वरको साक्षात् दर्शन हुन्छ, परम सुखको अनुभूति हुन्छ, आत्म-ज्ञान हुन्छ, सारा विश्व आत्माको दिव्य ज्योतिले जगमगाउँछ। यही उसको आध्यात्मिक स्वर्ग हो। सदाचार मानिसको स्वभाव हो र दुराचार हो वि-कृति। अस्वाभाविक दुराचारवाट टाढा रही स्वाभाविक सदाचारको सदा सर्वत्र सबैले पालन गर्दा लौकिक अभ्युदय तथा आध्यात्मिक निःश्रेयसको प्राप्ति हुन्छ। प्रेममय जीवन नै स्वर्ग-सुख हो, अज्ञानता बन्धनमा रहेको जीवन नै दुःखमय हुन्छ र दुःखमय जीवन नै नरक।

यस प्रकार आफूलाई आत्मस्वरूप ठान्नु, तसर्थ परमात्माको प्रेमले भक्ति गर्नु र यसरी अंतमा परमानन्दस्वरूप परमेश्वरसँग पुर्नमिलन प्राप्त गर्नु सतातन परंपराको सिद्धान्त,साधना र लक्ष्य हो। यसमा मानिस 'ओरिजिनल सिनर' या 'स्वभावतः दुष्ट' होइन। उ 'स्वभावतः ईश्वर या आत्मस्वरूप' हो। पछि मात्र अज्ञानतारूपी अस्वाभाविक दुष्टता वा तृष्णारूपी पापले उसले आफ्नो स्वरूपलाई बिर्सिदिएको छ ; यो विकार उसको स्वभाव होइन। यस विकारवाट मुक्त हुन विवेकद्वारा, निष्काम कर्मद्वारा, संयम-नियमद्वारा तथा प्रेमपूर्वक भक्तिद्वारा ईश्वरको उपासना गरिन्छ। सबैले आफ्नो-आफ्नो समयमा कुनै पनि साधनाले मुक्ति पाउँछन्। कोही पनि नरकको ज्वालामा सदाको लागि संतप्त हुँदैन। मुक्ति प्राप्त न भएसम्म यही नरक-तुल्य वासनामय संसारमा उसले जन्म लीरहन्छ। मुक्ति सबैको लागि हो। परमसुख सबैको स्वमाव हो। अरूले दुःख भोगोस् भन्नु त अधर्म हो।

मौलिक भेदको समाधान :—

वास्तवमा के यो मौलिक भेद मौलिक छ त ? सेमाइटिक धर्म-परंपरा द्वैत छ भने आर्य धर्म-परम्परा अद्वैत छ। तर आर्य धर्मको अंतिम लक्ष्य अद्वैत भए तापनि भक्तको प्रारंभिक स्थितिमा सगुण तथा द्वैत-भाव नै झल्कन्छ र सेमाइटिक धर्म-परंपरामा द्वैत-भाव नै लक्ष्य भए तापनि गहिरिएर हेर्दा यत्र-तत्र अद्वैत भाव झल्किन्छ। इस्लाममा सूफीहरू अद्वैत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदान्ती नै हुन् । ईसाई धर्ममा पनि केही संतहरू भइसकेका छन् जो अद्वैती थिए । प्रभु ईशु त अद्वैत वेदान्ती नै थिए । "म र मेरा पिता एक हुन्" (जान, १०।३०) भनी हिन्दू-धर्मको अद्वैत वेदान्तकै उनले प्रतिपादन गरेका थिए । "ईश्वर एक आत्मा हो" (जान, ४।२४) भनी वाइविलमै निर्गुण निराकार तत्वको संकेत गरिएको छ । जान, १०।३८ मा "ईश्वर ममा अंतर्यामी छ र म ईश्वरमा" भन्ने ईशुको दिव्योक्तिले आत्मा र परमात्माको ऐक्यताको सिद्धान्तलाई दोहोऱ्याएको छ । तिमीहरू ईश्वर हौ" (जान, १०।३४) भनी प्रभु ईशुले ईसाईहरू-को "ओरिजिनल सिनर" अर्थात् "स्वाभाविक पापी" को मौलिक सिद्धान्त को खंडन गरी मानिसको स्वाभाविकतामा मौलिकतालाई ब्रह्मत्वसँग समीकरण गरेका छन् । ईश्वर प्रेमस्वरूप हो र ईश्वरको पूर्णरूपले प्रेम गर भनी भक्तहरूलाई भयबाट मुक्त गराउने प्रयत्न पनि गरिएको थियो । ईशुको शब्दमा "जसरी स्वर्गमा तिम्रो परमेश्वर पिता पूर्ण छ, तिमीहरूले पनि त्यही पूर्णता प्राप्त गर" (मैथ्यू, ५।४८) भनी भौतिक स्वर्गको प्रलोभनको बदला आत्म-ज्ञान, पूर्णता या मुक्ति प्राप्त गर भनी परम लक्ष्यतिर संकेत गरिएको छ । परमेश्वरको राज्य आफूभित्रै अन्त-र्निहित छ ।

सत्य-युगमा अर्थात् "इडेनको फूलवारी" मा मानिस ईश्वरस्वरूप नै थियो । आर्य-धर्म-परंपराको अविद्या, अज्ञानता या तृष्णा र सेमाइटिक धर्म परम्पराको "ओरिजिनल सिन्" एकै हो । यो दुःखको कारण हो । यस अविद्यारूपी "ओरिजिनल सिन" बाट मुक्ति प्राप्ति नै निर्वाण हो, "साल्वेशन" हो । इस्लाममा मोक्षलाई नजात, फना-फ-इल्लाह या बका-फ-इल्लाह भनिन्छ । उक्त परम पदमा पुग्न कुन बाटो गइन्छ त ?

त्रिविध धर्म :-

ल्याटिन भाषामा "रि" माने पुनः तथा "लिगेरे" माने बाँध्नु । यसरी "रिलिजन" त्यो हो जसले मानिस-मानिसलाई प्रेम तथा कर्तव्यको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत्रमा बाँद्धछ र सबैलाई परमेश्वरसँग पुर्नमिलन गराइदिन्छ। संस्कृतमा "धर्म" शब्दबाट पनि यही बोध हुन्छ। महाभारतमा भनिएको छ कि धारण गर्नाले धर्म भनिन्छ र धर्म त्यो हो जसले सबै प्राणीहरूलाई प्रेममय धर्मको सूत्रमा बाँद्धछ, धारण गर्दछ। जसले प्राणीहरू सबैलाई दुःखबाट मुक्त गरी उत्तम सुखमा धारण गर्दछ अर्थात् परमानन्दमय परमात्मासँग ऐक्यताको पुनः स्थापना गर्दछ त्यसलाई धर्म भनिन्छ। धर्मबाट सबै मानव-कर्त्तव्यको बोध हुन्छ। लौकिक प्रगति तथा परम कल्याण जसबाट प्राप्त हुन्छ त्यो हो धर्म।

अरबीमा "सल्म" को अर्थ हो शान्ति। शान्तिपूर्वक ईश्वरको शरणमा पर्नु "इस्लाम" हो। यो गीताको "शरणागति" हो। अष्टांग-योगको "ईश्वर-प्रणिधान" नै "इस्लाम" को शब्दार्थ हो। यही "धर्म" को भक्ति मार्ग हो। 'कृष्टस्' को अर्थ हो ब्रह्म-ज्ञानमा डुबेको जसबाट 'कृष्टियानिटी' या ईसाई-धर्म भएको छ। 'वैदिक धर्म' को अर्थ पनि ब्रह्म ज्ञान प्राप्तिको साधन हो। 'सनातन धर्म' को अर्थ हो सनातन परमात्माको मार्ग जसमा विश्वका विविध मार्गहरू समाविष्ट छन्। इस्लाममा धर्मलाई 'मजहब' अर्थात् सम्यक् मार्ग—पनि भनिन्छ। बुद्धि अर्थात् ज्ञानको बाटो हो 'बौद्ध धर्म'।

मुक्तिको साधनस्वरूप 'धर्म' को त्रिविध (या चतुर्विध) रूप हुन्छ—ज्ञानयोग, भक्तियोग र कर्मयोग। (ध्यानको साथै तीनैको समन्वय लाई राजयोग भनिन्छ)। यिनको विवेचना द्वितीय पटलमा भइसकेको छ। ज्ञानमार्गलाई 'नौशिस्,' भक्तिमार्गलाई 'पिएतास्,' र कर्ममार्गलाई 'एर्नजिया' भनिन्छ। ईसाई पादरीहरूको लेखमा यी तीनको ल्याटिन नाम यस प्रकार छ—ज्ञानयोगलाई 'बाया कन्टेम्प्लेटिवा,' भक्तियोगलाई 'बाया यूनाइटिवा' र कर्मयोगलाई 'बाया पर्गेटिवा।' बुद्धको अष्टांगिक मार्गका आठ 'सम्यक्' हरूलाई यी तीनमै समाविष्ट गर्न सकिन्छ। ज्ञानयोगलाई सम्यक् दृष्टि या ज्ञान, भक्तियोगलाई सम्यक् संकल्प र कर्मयोगलाई सम्यक् व्यायाम भन्न सकिन्छ। इस्लाम धर्ममा पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'हकीकत, तरीकत र शरीयात्' बाट क्रमशः ज्ञान, भक्ति र कर्मको बोध हुन्छ। जैन धर्मको सम्यक् दर्शन भक्ति-मार्ग हो, सम्यक् ज्ञान ज्ञान-मार्ग र सम्यक्-चारित्र कर्म-मार्ग हो। यी त्रिविध-योग रत्नत्रय हो। एक सूफीको अनुसार परमात्मा या अल्लाह सत्य-ज्ञान-स्वरूप हो जसको कर्म वाह्य आभूषण हो र भक्ति आभ्यन्तर। मनसा-वाचा-कर्मणा ध्यानपूर्वक ज्ञान, भक्ति र कर्मको साधनाद्वारा आत्म-साक्षात्कार हुन्छ, अविद्यारूपी पापको प्रक्षालन हुन्छ, दुःखबाट निवृत्ति प्राप्त हुन्छ। यही सबै धर्मको एक लक्ष्य हो, एक परम आदर्श हो जसको लागि सबैमा त्रिविध योगको राज-पथ छ।

कर्म र पुनर्जन्म :-

मुक्त नभएसम्म मानिस कर्म बन्धनमा परेकोले पुनर्जन्मको चक्रमा परिरहन्छ। हरेक कारणको प्रभाव हुन्छ। आज देखिएको कुनै पनि प्रभाव कुनै कारण विना भएको हुँदैन। आजको प्रभाव पनि भविष्यमा हुने फलको कारण बन्दछ। यस प्रकार मानिस कर्म-बन्धनको चक्रमा परिरहेको हुन्छ, जसले गर्दा आफ्नो कर्मानुसार मानिसले फेरि फेरि उपयुक्त स्थानमा, उपयुक्त कालमा, उपयुक्त परिवारमा जन्म लीरहन्छ। कर्म-बन्धनबाट छुटकारा पाए जन्म-मरणको चक्रबाट पनि मुक्त होइन्छ। आर्य-धर्म-परंपराका कर्म तथा देहान्तर-प्राप्तिका सिद्धांतहरू विश्व-प्रसिद्ध छन्। यी सिद्धान्त सेमाइटिक धर्म परंपरामा पनि गहिरिएर हेर्दा यत्र-तत्र पाइन्छन्। आजका यहूदी, ईसाई तथा मुसलमानहरूले यिनलाई मान्यता नदिनु त बेग्लै कुरो हो, तर उनैका धर्म-ग्रन्थहरूले कर्म तथा पुनर्जन्मको विषयमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले प्रतिपादन गरेका छन्।

यहूदी तथा ईसाईका धर्मग्रन्थ बाइबिलका जाव, प्रोवर्ब्स, साम्स्, मैथ्यू, ल्यूक, रोमन्स् आदि विभागहरूमा भनिएको छ कि जसले जस्तो बीउ रोप्दछ त्यसले त्यस्तै फल पनि पाउँदछ। जसले पुण्यको बीउ रोप्दछ त्यसले इनाम पाउँदछ र जसले दुष्टताको बीउ छर्दछ त्यसले त्यसै प्रकारको फल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि पाउँदछ । मानिसको आ-आफ्नो कर्मानुसार नै परमेश्वर पिताले उसलाई फल दिन्छ । मैथ्यू, ७।१७ को अनुसार हरेक राम्रो रूखले राम्रै फल दिन्छ, तर खराब रूखले खराबै फल । यो कर्म-सिद्धान्तको क्रिया तथा प्रतिक्रियाको नियम हो । कारण र परिणामको वैज्ञानिक सिद्धान्त हो । यस प्रकार बाइबिलमा पनि प्राचीनतम सनातन धर्मको कर्म सिद्धान्तलाई पुण्य स्थान दिइएको छ, चाहे आजका ईसाईहरूले मानुन् वा नमानुन् ।

कुरानमा पनि भनिएको छ कि मानिसको दुर्भाग्य उसैको कर्मको फल हो तथा सुकर्म तथा कुकर्म दुवैको समुचित फल उसले भोग्नुपर्दछ । पारसी धर्मको गाथामा पनि वचनले होस् वा कर्मले गरेको सुकर्मको इनाम र कुकर्मको सजाय पाइनेछ भनी बताइएको छ । कन्फ्यूशस धर्मको अनुसार ईश्वरले सज्जनलाई आशीर्वाद दिन्छ र दुर्जनलाई सजाय । सजायको उद्देश्य हो सद्गुणको उत्थान गर्नु र सजायकै अंत गर्नु । जसरी छायाले वस्तुको अनुसरण गर्दछ त्यसै प्रकार सुकर्म र कुकर्मको फल पनि हुन्छ भनी ताओ-धर्म ग्रन्थमा उल्लिखित छ ।

मनसा-वाचा-कर्मणा गरेको कर्मको भोग मानिसले आफै गर्दछ । कर्मानुसार नै कहिले सुखको भोग गरिन्छ र कहिले दुःखको । महाभारतमा लेखिएको छ कि सुखको अनन्तर दुःख र दुःखको अनन्तर सुख हुन्छ जसरी दिनपछि रात, र रातपछि दिन हुन्छ । जीवनको चक्रमा ती दुई अबाध गतिले घुमिरहन्छन् । कुरान भन्छ :—

"इन्न म' ल् उस्र युस्रिन फ इन्न म' ल् उस्रे युस्र" अर्थात् दुःखपछि सुख आउँछ र त्यसै गरी सुखपछि दुःख निश्चय नै आउँछ । कर्मको कारण र कार्यको सिद्धान्तमा मानिसलाई सान्त्वना हुन्छ । सुखमा पनि, दुःखमा पनि संतोषपूर्वक आफ्नो कर्ममा दृढ़ रहनाले सुख र दुःख परे परम सुखको अनुभव हुन्छ । संतोषको अर्थ 'आलस्य' होइन । सुख दुःखमा समत्व-भाव राखी सबै बाधाको शांतिपूर्वक साहसपूर्वक सामना गरी निष्काम कर्मतिर प्रवृत्त गर्ने तत्वलाई यथार्थमा संतोष भनिन्छ । कर्म-बन्धनको क्षय नभए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्म मानिसले आफ्नो कर्मको स्वर्गीय भोग तथा नारकीय भोग गर्न यही कर्म-भूमिमा पुनर्जन्म प्राप्त गर्दछ ।

गीता भन्दछ कि मानिसले जीर्ण भइसकेको पुरानो लुगालाई फ्याँकी नयाँ लुगा लगाए झैं जीर्ण भइसकेको काम नलाग्ने शरीरलाई फ्याँकी नयाँ देह धारण गर्दछ । मानिस आफै आफ्नो भाग्यको निर्माता हो । धर्ममा भाग्यवाद छैन । भाग्यवाद त आलस्यको बकवाद हो । सुकर्मले सुख तथा सौभाग्य हुन्छ, कुकर्मले दुःख तथा दुर्भाग्य । तसर्थ मानिसले आफ्नो कर्मतिर ध्यान दिनुपर्दछ । निष्काम कर्म निःश्रेयस्को मार्ग हो ।

सेमाइटिक धर्म ग्रन्थहरूमा पनि पुनर्जन्मको सिद्धान्तलाई कहीं पनि नकार कदापि गरिएको छैन । प्रत्यक्षरूपले यस विषयको प्रतिपादन न गरिए तापनि सत्य कुरा यत्र तत्र सांकेतिक रूपले भए पनि झल्किएको छ । प्रभु ईशुको शब्दमै पैगम्बर एलिजाह (यहूदी) ले 'जान दि बाप्टिष्ट' को रूपमा पुनर्जन्म धारण गरेको थियो । एक दिन जन्मजात अन्धोलाई देखी शिष्यहरूले ईशुसँग प्रश्न गरेका थिए : "प्रभु, कसले गरेको थियो, यस मानिसले या उसका माता-पिताले, जसले गर्दा उ अन्धो भएर जन्मनु पऱ्यो ?" (जान, ९।२) । यसले यो प्रमाणित गर्दछ कि पुनर्जन्मको सिद्धान्त त्यस वेला यहूदीहरूमा मान्य थियो । प्राचीन मिश्रमा यो देहान्तर-प्राप्तिको सिद्धान्त प्रचलित थियो । पाइथागोरसले यसको प्रचार पनि गरेको थियो । प्लेटोले यसको महत्वमाथि प्रकाश गरेको थियो । यहूदी ग्रन्थमा पनि यसको संकेत पाइन्छ । एस्सेनिज्, नास्टिक्स् तथा फारिसीज् सम्प्रदायमा यस सिद्धान्तलाई धेरै स्थान दिइएको थियो । यहूदी धर्मका अनुयायी जोसेफसले 'बेडे बेल्लो जूडइको' मा लेख्नुहुन्छ : "सर्वविदित कथन छ कि सबै जीवहरू अविनाशी छन्, तर सज्जनहरूको जीवात्माले देह-अन्तर-प्राप्ति मात्रै गर्दछन् ।" यहूदी "जौहर" को अनुसार पनि सबै जीवहरूले देहान्तर-प्राप्ति गर्दछन् र परमेश्वरसँग पुनर्मिलनको लागि योग्यता प्राप्त गर्न अनेक जन्म लिन्छन् । प्रारंभिक ईसाई-धर्ममा पनि यो सिद्धान्त विद्यमान थियो । द्वितीय शताब्दीका एक विद्वान ईसाई पादरी ओरिजेनले पुनर्जन्मलाई पूरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थान दिएको थियो । तर सन् ५५३ मा भएको 'कन्स्टान्टिनोप्ल्को चर्च काउन्सिल' (धर्म-सभा) मा ६० प्रतिशतको 'वोट' ले यस सिद्धान्तको त्याग गरिएको थियो तापनि संत आगस्टीन, आसिसीका संत फ्रान्सिस्, संत जिरोम र सातौं शताब्दीका चार्ल्स द्वितीयको पादरीले पनि पुनर्जन्मलाई मानेका थिए । डर्हामका धर्माधीश (बिशप्) डा० वट्लरले पनि यस सिद्धान्तलाई अँगालेका थिए । सिसेरो, सिनेका, ब्रूनो, स्विडेनवोर्ग, शोपेन-हार, वाल्ट व्हिट्मैन, लंगफेल्लो, किप्लिंग आदि विद्वानहरू पनि यस सिद्धान्तका प्रतिपादक थिए । टेन्निसन, दाँते, जी-रोज्जेट्टि, ब्राउनिंग तथा जान मेज् फिल्ड् आदि ईसाई कविहरूले पनि यस विषयलाई आफ्ना कविता-हरूमा स्थान दिएका छन् । कविशिरोमणि जान मेज् फिल्ड्को शब्दमा :—

"मेरो विश्वास छ कि मानिस मरेपछि
उसको जीवात्मा पृथ्वीमा पुनः फर्कन्छ ;
कुनै नयाँ भौतिक वेश धारण गरी
अर्को आमाको गर्भबाट उसले पुनः जन्म लिन्छ ।
पहिलेको भन्दा बढता पुष्ट शरीर र तेज मस्तिष्क ली
उही पुरानो जीव पुनः आफ्नो बाटो लाग्दछ ।"

त्यसै प्रकार इस्लामका पनि विभिन्न सम्प्रदायहरूमा पुनर्जन्मको विश्वास कुनै न कुनै रूपमा देखा परेको छ । शिया-सम्प्रदायका अधिकांश अनुयायीहरूले यसलाई मान्दछन् । सूफी सम्प्रदायको विश्वास छ कि पैगम्बर मुहम्मद पूर्वजन्ममा अब्राहम (यहूदी) नै थिए । कुरान मा लेखिएको छ : "ईश्वर छैन भनी तिमीले कसरी भन्न सक्छौ जसले तिमीलाई मरेपछि पुनः जीवनदान दियो, जसले फेरि तिमीलाई मृत तुल्याउनेछ, फेरि जीवित गराउनेछ जबसम्म अंतमा परमेश्वरकहाँ फर्केर जाँदैनौ ?" अर्थात् परम गति प्राप्त नभएसम्म पुनर्जन्मको वाटोमा लागिरहनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशु-बलि र मानिसको भोजन :—

हिन्दू, यहूदी, इस्लाम सबैले कुनै न कुनै रूपमा अज्ञानवश स्थूल पशु-बलिको प्रथा चलाएका थिए र छन् पनि। तर यथार्थमा सबै धर्मले पशु-बलिको विरोध र निरामिष भोजनको सल्लाह दिएका छन्। मानिसमा रहेका पशु-तुल्य अवगुणहरूमा पशुत्वको त्याग नै बलि हो भनी सनातन-धर्मले भन्दछ। कामक्रोधादि रूपी बाख्रा र भैंसीको बलि गरी ईश्वरको उपासना गरिन्छ। "कामक्रोधौ छागवाहौ बलि दत्वा प्रपूजयेत्।" हिन्दू-धर्ममा अहिंसा नै परम धर्म हो र सबै प्राणी आत्मवत् छन्। त्यसैले पशुको हिंसा वर्जित गर्न सल्लाह दिइएको छ। बाइबिलको प्राचीन काण्डमा ठाउँ ठाउँमा पशु-बलिलाई मान्यता दिइएको देखिए तापनि त्यसको विरुद्ध पनि श्लोकहरू पाइन्छन्। गोरूको हिंसा गर्नु मानिसको हत्या गर्नु बराबर छ भनी बाइबिलको ऐजैआ-मा लेखिएको छ। बाख्रा भेडा तथा गोरूको हिंसालाई हतोत्साहित गरिएको छ। जेनेसिसमा ईश्वरको आज्ञानुसार ईश्वरको निम्ति मांसाहार वर्जित छ।

कुरानको २२ सौं अध्यायमा लेखिएको छ :—

"बलिमा चढ़ाइने पशुहरूको न मासु न रगत नै ईश्वरकहाँ जान्छ। आफूलाई पवित्र राख—त्यही ईश्वरकहाँ पुग्दछ।

पैगम्बर मुहम्मदको दिव्योक्ति छ :—

'लोहुमोहा दाऊन, व लिब्नोहा दवाऊना' अर्थात् गाईको मासु विष हो, गाईको दूध औषधि हो। मुहम्मदपछि इस्लामका सर्वप्रथम सूफी अलि (मुहम्मदको ज्वाइँ) का साधकहरूलाई यस्तो दिव्योपदेश छ :—

'ला तज' लु बुतूनकुम् मकाबिर्—उल्—हैवानात् तिम्रो पेटलाई पशुहरूको निम्ति कब्रस्तान नबनाऊ।

मांस-वर्जनलाई इस्लाममा तर्क्—इ—हैवानात्' भनिन्छ र तृष्णा—त्याग तथा इन्द्रिय-निग्रहलाई नफ्स्—कुशी। तृष्णा—त्याग तथा अस्मिता-निरोध नै आत्म-बलिदान हो। यही वास्तवमा पशु-बलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो। महाभारतको अनुसार यज्ञमा पशु-हिंसाको राक्षसी प्रथा स्वार्थी मांसाहारीको धूर्तताले चलाइएको थियो। यो प्रथा वैदिक होइन। भगवान् बुद्धले मांसाहार र स्थूल वलि–प्रथालाई वर्जित गराई वैदिक धर्मको पुनः स्थापना गर्ने पूर्ण प्रयत्न गरेका थिए। गीताको अनुसार भोजन तीन प्रकारको छ :—सात्विक, राजसिक र तामसिक। सात्विक भोजन त्यो हो जो रस्य, स्निग्ध, स्थिर र हृद्य छ तथा जसवाट आयु, सत्व, वल, आरोग्य, सुख तथा प्रीतिको वृद्धि हुन्छ। राजसिक भोजन कटु, अम्ल, लवण, अत्युष्ण, तीक्ष्ण, रूक्ष तथा विदाहिन हुन्छ र दुःख, शोक र रोगको कारण हुन्छ। तामसिक भोजन त्यो हो जो वासी, स्वादहीन, दुर्गन्धित, पर्युपित, तथा उच्छिष्ट हुन्छ। छान्दोग्योपनिषद्अनुसार आहार शुद्ध भए सत्व अर्थात् मन पनि पवित्र र तेज हुन्छ। मनको शुद्धि भए स्मृति स्वच्छ हुन्छ। त्यसो भए समस्याहरूको समाधान गर्ने स्वच्छ शक्ति हुन्छ, अनि दुःखवाट मोक्ष प्राप्त हुन्छ। मानिसको आफ्नो गुण तथा रुचि-अनुसार आहार हुन्छ र त्यसै प्रकार आहारअनुसार स्वभाव पनि। त्यसैले साधकलाई पूर्णता प्राप्ति नभएसम्म आहारमा पनि ध्यान दिनु राम्रो छ।

विश्वमा वर्ण—धर्म

द्वितीय पटलमा सनातन धर्मअनुसार विवेचना गरिएको छ कि गुण र कर्मले गर्दा गुणअनुसार चार प्रकारका कर्म दुनियाँमा छन् जो मानिसले आफ्नो रुचि या योग्यताअनुसार आफ्नो सम्यक् जीविकाको लागि गर्दछन्। यसको जातिसँग केही मतलवै छैन। जाति-पाँति तथा छूआ-छूतको भेद-भाव पछि मात्र कतिपय स्वार्थी व्यक्तिहरूबाट हुँदा पवित्र वर्ण-धर्मको लोप भएको थियो र त्यसको स्थान अवैदिक जातिवादले दुर्भाग्यवश लिएको थियो। तसर्थ वेला वेलामा सुधारको निमित्त, मौलिक धर्मको पुनरुद्धारको निमित्त वरावर अवतारी पुरुषहरूको जन्म भएको थियो।

महाभारतको अनुसार एक पिता ब्रह्माका सवै संतान ब्राह्मम् नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन् : सर्वम् ब्राह्मम् इदम् जगत् । 'क्रिया-कर्म-विभागेन चातुर्वर्ण्यम् व्यवस्थितम्' अर्थात् क्रिया-कर्मको विभागले चार वर्ण व्यवस्थित भएको छ । आफ्नो स्वाभाविक गुणले गर्दा कर्म हुन्छ र कर्मले वर्ण या सम्यक् आजीविका हुन्छ ।

जैन धर्मका प्रवर्त्तक महावीर स्वामीले पनि वर्ण-धर्मलाई पवित्र रूप दिएका थिए । मनुष्य जाति एक हो । वृत्ति भेदले नै चतुर्विध वर्ण - धर्म छ । जैन-ग्रन्थ उत्तर-आध्यायन सूत्रमा भन्छ :—

कम्मुणा बम्भणो होइ,
कम्मुणा होइ खत्तियो,
काम्मुणा वैसो होइ,
सुद्दो हवै कम्मुणा ।
सक्खम् खु दीसै तवो-विसेसो ,
न दीसै जाइ-विसेस कोई ।

अर्थात् कर्मले नै चार वर्ण हुन्छ । कसैको 'जन्म' या 'जाति' उसको मुखमा देखिदैन ; उसका कर्महरू देखिन्छन् (साक्षात् खलु दृश्यते तपो-विशेषः, न दृश्यते जाति-विशेषः कः अपि) ।

भगवान् बुद्धको पनि यही दिव्योपदेश थियो । उनले अवैदिक जाति लाई हटाई वर्णधर्मको विशेषतालाई महत्व दिएका थिए । धम्म-पदको ब्राह्मण-भग्गो-मा सच्चा ब्राह्मणत्वलाई झल्काइएको छ । सूत्र-निपातमा पनि जातले वैश्य हुँदैन, न जातले ब्राह्मण हुन्छ, तथा कर्मले वैश्य हुन्छ, कर्मले ब्राह्मण हुन्छ भनी भगवान् बुद्धको अमर शब्द छ । गुण कर्म अनुसार यी चार वर्ण हुन् :—(क) **शिक्षक :** जसको कर्म हो विज्ञान, दर्शन तथा धर्मको शिक्षा दिनु, (ख) **रक्षक :** जसको कर्म हो देशको रक्षा गर्नु, (ग) **पोषक :** जसको कर्म हो देशलाई पालन-पोषण गर्नु, र (घ) **सेवक या सहायक :** जसको कर्म हो देशका अरू बाँकी सबै कामको साथै औद्योगिक विकास गर्नु । शिक्षकको शक्ति हो शास्त्र, रक्षकको शस्त्र,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पोषकको अर्थ तथा सेवक अर्थात् कर्मचारीको उद्योग तथा परिश्रम। विद्यार्थी-वर्ग तथा शिक्षक वर्गहरू सबैले देशको शैक्षिक विकास गर्दछन्। रक्षक-वर्गले राजनीति, शासन, कानून, न्याय, सैनिक व्यवस्था आदि द्वारा देशलाई आपत्तिकालमा वाह्य प्रभाववाट रक्षा गर्दछन् तथा शान्तिकालमा देशअन्तर्गत शान्ति कायम राख्दछन्। पोषक-वर्गहरूले वाणिज्य तथा कृषि द्वारा देशको आर्थिक विकास गर्दछन्। सेवक-वर्गले देशको औद्योगिक विकासमा सहायता गर्दछन्। सबै योगी, संन्यासीहरू देशको, विश्वको कल्याणको लागि सेवक बनी हिंड्दछन्।

यी चार वर्णलाई कुरानमा क्रमशः आलिम, आमिल (अमीर), ताजिर तथा मजदूर भनिन्छ। यिनका वृत्ति अर्थात् पेशा हुन्: विद्या-वृत्ति अर्थात् इल्मी, शासन-वृत्ति अर्थात् अमली, वार्त्ता-वृत्ति अर्थात् तिजारती तथा श्रम-वृत्ति अर्थात् मजदूरी।

पारसी धर्मको गाथामा यिनलाई क्रमशः ऐर्यम्ना (संस्कृतमा अर्यमा), वेरेजेन (वीर्यवान्), खएतुश (क्षितीश) तथा गो-वास्त्रा (गो-वासी या गो-वेशि) भन्दछन्।

ब्रिटेनमा यिनलाई 'क्लर्जी,' 'नोविलिटी,' 'कामन्स्,' तथा 'प्रोलेटेरिएट्' भनिन्छ। हिराडोटस्को शब्दमा यी 'प्रीस्ट्स्,' वारिअर्स,' एग्रिकल्चरिस्ट्स्' तथा 'आर्टिजन्स्' हुन्। जर्मनमा यिनलाई **Lehrstand, Wehrstand, Verkehrstand** तथा **Nahrstand** भन्दछन्। यस प्रकार गुण-कर्ममा आधारित वर्ण-धर्मको विज्ञान विश्व-व्यापक छ। यो जाति-वाद होइन।

विविध :—

यस प्रकार सबै धर्मका अनेक आचार तथा विचारहरूलाई गहिरिएर अध्ययन तथा विश्लेषण गर्दा सबै एक देखिन्छन्। परमेश्वरको त्रिमूर्तिलाई हरेक धर्ममा मानिएको छ। एक परमात्माका अनेक नाम-रूप छन् जो उनका अनेक शक्तिका परिचायक छन्। यसमा बहुदेव-वाद ठूलिकदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै देव-देवीहरू एकै परमेश्वरका विभिन्न नाम तथा रूपहरू हुन् । सबै धर्मको सारस्वरूप दया, सत्य, प्रेम, अहिंसा, करुणा, इन्द्रिय-निग्रह, क्षमा आदि छन् । समय समयमा ईश्वरीय अवतारी पुरुषहरू सर्वत्र भएका छन् । सबैले मुक्ति प्राप्तिको लागि मनको पवित्रता, कार्यको कुशलता, ईश्वरीय ज्ञान, ध्यान तथा भक्तिको त्रिविध (या चतुर्विध) साधनाको बाटो देखाएका थिए । सबै धर्ममा मध्य मार्गलाई उत्तम ठानिएको छ । सबैमा पाणिग्रहण-संस्कारलाई पवित्र मानिएको छ । मानव तथा प्राणीलाई आत्मवत् ठानी प्रेमपूर्वक सबै सँग व्यवहारको उपदेश सर्व धर्म-ग्रन्थहरूमा दिइएको छ । यस प्रकार हरेकले विश्व-बन्धुत्वको पाठ पढाएको छ । अनात्मवादी बौद्ध धर्ममा पनि धम्मपदअनुसार भगवान् बुद्धको "अत्ता हि अत्तानो नाथो, अत्ताहि अत्तानो गति" अर्थात् आत्मा नै आत्माको रक्षक हो, स्वामी हो । नाथ हो, आत्मा नै परम गति हो भन्ने अमर वाणीबाट आत्म-वादको दिग्दर्शन पाइन्छ । गीतामा पनि आत्माले नै आत्माको उद्धार गर्नु भनी बताइएको छ ।

यस प्रकार विश्वका सबै धर्महरू एक मत छन् । त्यसो भए धर्म-परिवर्तनको केही मतलबै हुँदैन । अज्ञानवशले मात्र धर्मान्ध मानिसहरूमा संकीर्ण धर्म-परिवर्तनको प्रमाद भएको हुन्छ । यसले गर्दा धर्मको नाममा अनेक युद्धहरू भएका थिए । ईसाई धर्मको विरोध गर्ने करीब एक करोड मानिसहरूलाई ईसाई चर्चले जलाएको थियो । धर्मको पवित्र नाममा धर्म-परिवर्तनको सिलसिलामा यस्तो हिंस्रक वृत्ति त पागलपन हो, धर्म कदापि होइन । कुरानको अनुसार धर्मको कुरामा कुनै प्रकारको पनि जबर्दस्ती हुनु हुँदैन । हरेक मानिसले आफ्नो बाटोमा सत्कर्म गर्दै जाउन् र अरूको हँसी न गरुन् भनी कुरानले बताउँछ । जति मानिसहरू छन् परमेश्वरकहाँ पुग्न त्यति नै अनेक मार्गहरू छन् भनी पैगम्बर मुहम्मदको वचनामृत छ । यहूदी तथा ईसाईको बाइबिलको इक्लेसिएस्टिज्, १।९।१० मा लेखिएको छ: "...सूर्यमंडलअंतर्गत (अर्थात् यस विश्वमा) केही चीज पनि नयाँ छैन । के केही चीज यस्तो छ जसले गर्दा यो भन्न सकिन्छ कि हेर, यो नयाँ हो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो धेरै प्राचीन कालमै भइसकेको छ ; जो हामीभन्दा पहिले भएको थियो ।" धर्म सनातन छ, नित्य छ । न पुरानो छ, न नयाँ, जसको न आदि छ, न अंत । धर्मको सत्य तत्व पहिले पनि थियो, आज पनि छ, पछि पनि भइरहनेछ । सनातन-धर्मअनुसार पनि सबै धर्म एक हुन्, किनकि सबै ईश्वर प्रदत्त बाटा हुन् र सबैमा साधनास्वरूप विविध-मार्ग विद्यमान छ ।

सर्व धर्मको लक्ष्य एउटै हो : मुक्ति, निर्वाण या दुःखबाट निवृत्ति । जसरी समुद्रमा सबै नदीहरू मिल्दछन्, त्यसै गरी संसारका सबै मार्गहरू परमेश्वरमै **समन्वित** छन् । विश्वमा धर्म एउटै हो, किनकि ईश्वर पनि एकै हो, मानवता पनि एकै । तर मानिसहरूको गुण तथा स्वभावहरू विभिन्न भएकाले यिनको बुद्धिको अवस्थालाई उपयुक्त हुने एउटै धर्मले विभिन्न अवस्थामा विभिन्न नाम-रूप धारण गरेको छ । सत्य र प्रेम नै धर्म हो । बुद्धिले हेर्दा मात्र बाह्यरूपले विविधता देखिन्छ तर मूलमा धर्म एउटै हो जसका हाँगा-विहाँगा, शाखा-प्रशाखाहरू अनेक छन् : शाखालाई तोडी धर्म-रूपी रूखबाट अलग राखिए केही दिनमा उक्त शाखा धर्मको मूलबाट जीवनी-रस नपाउँदा सुकेर जान्छ र मानिसले यसरी सुकेको शाखाको आड लिनु नै धर्मको नाममा कलहको कारण बन्न जान्छ । ईश्वरको भयले भक्ति गर्नु र प्रेमले भक्ति गर्नु दुवैमा दृष्टिकोणको मात्र फरक छ । ध्येय एउटै हो— मुक्ति । तर देखिएको छ कि भयले भक्ति गर्दा मानिसले भयको वस्तुबाट आफूलाई बचाउँछ, र अभयपूर्वक अर्थात् प्रेमले परम प्रेमस्वरूप परमेश्वरको भक्ति गर्दा मानिसले सारा जगत्लाई आत्मवत्, मित्रवत् ठान्छ र यसरी सारा विश्वको निस्वार्थ कल्याण गरी आफू परब्रह्ममा लीन भएर जान्छ ।

अंतमा विश्वको कल्याणको लागि परब्रह्म-स्वरूपिणी शिवशक्ति परमेश्वरी जगज्जननीको प्रार्थना गरिन्छ :—

नमामि त्वां महादेवीं महाभयविनाशिनीम् ।
महादुर्गप्रशमनीं महाकारुण्यरूपिणीम् ॥

—श्री देव्यथर्वशीर्षम् २२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाभयको नाश गर्ने र महासंकटलाई शांत गर्ने महान् करुणाकी साक्षात् मूर्ति तिमी महादेवीलाई नमस्कार गर्दछु ।

देवि प्रपन्नार्ति हरे प्रसीद
प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरि पाहि विश्वं
त्वमीश्वरी देवि चराचरस्य ॥

श्रीदुर्गा-सप्तशती, ११।३ ।

शरणागतको दुःख दूर गर्ने देवि, हामीप्रति प्रसन्न होऊ । संपूर्ण जगत्की माता ! प्रसन्न होऊ । विश्वेश्वरि ! विश्वको रक्षा (कल्याण) गर । देवि ! तिमी नै चराचर जगत्की अधीश्वरी हौ । ओम् शांतिः । शान्तिः । शान्तिः ।

ओम् ! आमेन ! आमिन ! ओम् !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१ वेदमा हिंसाको निषेध

पातञ्जल योग-प्रदीपमा श्री स्वामी ओमानन्द तीर्थज्यू लेख्नुहुन्छ :—

"पूर्व मीमांसामा जुन कहीं-कहीं पशुहरूको मासुको आहुति दिने विधान पाइन्छ त्यो पछिको मिलावट देखिन्छ। मूल सूत्रहरूमा यज्ञमा मासुमात्रको निषेध छ। यथा—"मांसपाकप्रतिषेधः" (१२।२।२) मीमांसा। मासु पकाउनु श्रुति (वेद) बाट निषिद्ध छ र सबै आर्ष ग्रन्थहरूमा हिंसा वर्जित छ।" (पृष्ठः २४)

सत्य र अहिंसाका पूजारी वैदिक ऋषि-मुनिहरूले यज्ञमा गाई होम्थे तथा मासु खान्थे भन्ने धारणाहरू पूर्णतः भ्रामक हुन् तथा अधकल्चो अध्ययनका मूर्खतापूर्ण उपज हुन्। २०२३ चैत्र २६ को गोरखापत्र (नेपालको दैनिक समाचार-पत्र) मा प्रकाशित संस्कृत विभाग, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा० जयन्त मिश्र, एम्० ए०, पिएच्० डी०, व्या० सा० को "आर्य-साहित्यमा गोवधको निषेध" भन्ने लेखबाट स्पष्ट हुन्छ कि 'मेध' को माने विशिष्ट ज्ञान हुँदा "गोमेध" को अर्थ हो गाई-वस्तुको विशिष्ट ज्ञान, "न कि गाईको हत्या गरेर गोमांसको हवन।"

यदि 'मेध' को अर्थ हिंसा नै उपयुक्त भए अहिंसा तथा प्रेमको दिव्य पाठ पढाउने वेदको अर्थको अनर्थ हुनेछ। 'पितृ-मेध' को अर्थ पिताको हत्या गरेर पिताको मासुको हवन हुनेछ—जो एकदम भ्रान्तिमूलक हुनेछ ! यसको सच्चा अर्थ हो "पिताप्रति कर्तव्यको यथार्थ ज्ञान।" त्यसै गरी गृह-मेधको अर्थ घरको विनाश गरी घरको "मासु" (ईंट !) हवन गर्नु कदापि होइन। डा० मिश्रज्यूको अनुसार "परिवार-प्रति कर्तव्यको यथार्थ ज्ञान" अर्थात् गृह-विज्ञान नै गृह-मेधको अर्थ हो। अश्व-मेधबाट घोडाको पालन-पोषण आदिको विशिष्ट ज्ञानको बोध हुन्छ, न कि घोडाको हवन !

वैदिक तथा तांत्रिक भाषाहरू सांकेतिक छन्। यी सांकेतिक दिव्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषाहरूको गहिरो अध्ययनको आवश्यकता छ। अनि मात्र वैदिक तथा तांत्रिक ग्रन्थहरू सजिलैसँग बोधगम्य हुन्छन्। नत्र त अधकल्चो तथा पक्षपाती अध्ययनले गर्दा अर्थको अनर्थ हुन्छ, परस्पर विरोधी अर्थहरू लाग्छन् जसले गर्दा स्वार्थी तथा अयोग्य व्यक्तिहरूद्वारा सदुपयोगी शास्त्रहरूको अभाग्यवश दुरुपयोग भएको छ।

खाना खान बसेको वेलामा सैंधवको माग गर्दा घोडाको माग होइन तर नूनको माग बुझिन्छ। बाहिर घुम्न जान लागेको वेलामा सईसलाई सैंधव ले भन्नुको अर्थ घोडा ले भन्ने बुझिन्छ। यी दुई अवस्थामा घोडा चाहिने अवस्थामा नून ल्याउनु र खाना खान बसेको वेलामा भान्सा तिर घोडा डोऱ्याएर ल्याउनु हास्यास्पद हुन जान्छ। किनकि सैंधवको अर्थ घोडा पनि हुन्छ र नून पनि हुन्छ तर अर्थ लगाउने समयमा अवस्था अनुसार अर्थ लगाउनुपर्दछ।

अर्थको अनर्थ नगरी अवस्थाअनुसार समुचित अर्थको प्रयोग गरी अध्ययन मनन तथा चिन्तन गर्नु, सम्यक् आचार तथा सम्यक् विचारको अभ्यास गर्नु वैदिक मार्ग हो। वेद-रहस्यमा 'गो' को अर्थ सत्य-ज्ञानको प्रकाश हो, प्रकाशस्वरूप चैतन्य हो, चैतन्यस्वरूप आत्मा हो। त्यसर्थ गो-वध अर्थात् आत्म-घात नगरी गो-मेध अर्थात् आत्म-ज्ञान प्राप्त गर्नु दिव्य लक्ष्य हो, वैदिक रहस्य हो। 'गो-त्तम' को अर्थ हो "सबभन्दा प्रकाशवान्।" "गवि-स्थिर" को माने हो प्रकाशस्वरूप आत्मामा स्थिर भएको अर्थात् आत्म-ज्ञानी।

हरेक युगमा मांसाहारी तथा शाकाहारी (र फलाहारी) दुवै थरीका मानिसहरू पाइन्छन्। आजको युगमा जसरी ती दुवै थरीका मान्छेहरू छन् त्यसरी नै वैदिक युगमा पनि दुवै थरीका मानिसहरू थिए होलान्। आ-आफ्नो संस्कार या गुणअनुसार मानिस मांसाहारी या शाकाहारी हुन्छन्। मांसाहार सात्विक आहार होइन। सात्विकताविना आध्यात्मिक विकास असंभव छ। अहिंसा सात्विक धर्म हो। वेद अहिंसाको प्रतिपादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। चाहे वैदिक कालमा होस् या आधुनिक युगमा होस्, असात्विक मान्छेहरू सबै युगमा मांसाहारी हुन्छन्। आज बौद्धमार्गीहरूमा कैयन् मांसाहारी छन्—यसको अर्थ यो होइन कि बुद्धले उनलाई मासु खाने आज्ञा दिएका थिए। त्यसै गरी वैदिक कालमा पनि कतिपय व्यक्तिहरू थिए होलान् जो असात्विक थिए, त्यसर्थ मांसाहारी हुने नै भए; र यसको मतलब यो होइन कि उनको मासु खाने चलन वैदिक थियो, आध्यात्मिक थियो। वैदिक आर्य ऋषिहरूको प्रशंसा गर्दै भगवान् बुद्धले अढाई हजार वर्षपहिले भनेका थिए—" नास्सु जावो हनिंसु ते" (ब्राह्मण धम्मिय सुत्त) अर्थात् "उनीहरू गाईहरूलाई मार्दैनथे।" आजकलको अनिर्गल अर्थलाई भगवान् बुद्धको यस वचनले खंडन गर्दछ।

असात्विक अंधकारबाट सात्विक प्रकाशतिर लंकनु हरेक मानिसको धर्म हो, कर्त्तव्य हो। तमसो मा ज्योतिर्गमय यो वैदिक वन्दना हो। रहस्य-मय वेदको अधकल्चो अध्ययन तथा अनर्गल अर्थात् जथाभावी अर्थ लगाउनु पनि असात्विक मूर्खता नै हो, अवैदिक हो, अनार्य हो, अमानवीय हो। सबैले समयमा सात्विकताको अमृतपान गर्ने क्षमता पाउन् , गूढतम वेदको रहस्य बुझ्न सकुन् र सबैको कल्याण होओस्। "मा हिंस्यात् सर्वा भूतानि' —कुनै पनि प्राणीको हिंसा नगर्नू भनी वेदको गूढतम अमर वाणी छ।

—: ० :—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. तालिका

धर्मको नाम	प्रवर्त्तक वा सुधारक	प्रवर्त्तक वा सुधारकको समय	अनुयायीहरूको संख्या*
आर्यन् अथवा इन्डो - यूरोपियन धर्म ।—			
(१) सनातन धर्म	यो सबभन्दा प्राचीन धर्म हो । यसको न आदि छ, न अंत नै । त्यसैले यो सनातन छ । यसको कुनै खास प्रवर्त्तक थिएन । सुधारकको रूपमा अनेक अवतारी पुरुषहरू भएका छन् । यिनमा राम, श्रीकृष्ण, बादरायण, ऋषभदेव, बुद्ध, शंकराचार्य, रामकृष्ण परमहंस आदि प्रमुख छन् ।	यो अत्यन्त प्राचीन धर्म हो । यसको मुख्य ग्रन्थ वेद नै ६००० वर्ष विक्रमपूर्वभन्दा पुरानो छ । ब्रह्मसूत्रको ग्रन्थकार बादरायण आचार्यको समय करीब ३१०० वर्ष विक्रमपूर्व थियो । ब्रह्मवादिनी मैडम ब्लावाट्स्कीको अनुसार श्रीकृष्णको जन्म-काल ५००० वर्ष ईसापूर्व थियो ।	३९,५९,९१,०००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मको नाम	प्रवर्त्तक वा सुधारक	प्रवर्त्तक वा सुधारकको समय	अनुयायीहरूको संख्या*
		स्वामी दयानन्दजीको अनुसार आदि श्रीशंकराचार्यको समय करीब २०० वर्ष विक्रमपूर्व थियो :	
(२) जैन धर्म	२४ तीर्थंकरहरू भएका छन् । जसमा प्रथम प्राचीन कालमा ऋषभदेव थिए जो हिन्दूहरूको अनुसार विष्णुको २४ अवतारहरूमध्ये एक थिए ।	२३ सौं तीर्थंकरहरू पार्श्वनाथको जन्म ८०० वर्ष वि० पू० भ०को थियो ।	१५,००,०००
	२४ सौं तीर्थंकर महावीर स्वामी-जैन धर्मका प्रवर्त्तक मानिन्छन् ।	अंतिम तीर्थंकर महावीर स्वामी-को जन्म ५६१ वर्ष विक्रमपूर्व मानिएको छ ।	
(३) पारसी धर्म	२००० देखि १२०० वर्ष । वि० पू० आर्यहरूको एक शाखा इरानमा आएको थियो । त्यस वेलादेखि नै वैदिक अनुरूप अग्नि आदि देवताको उपासना गरिन्थ्यो ।		१,४५,०००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मको नाम	प्रवर्त्तक वा सुधारक	प्रवर्त्तक वा सुधारकको समय	अनुयायीहरूको संख्या*
	जरथुस्त्र धार्मिक प्रवर्त्तक तथा सुधारक थिए।	जरथुस्त्रको जन्म ६०३ वर्ष विक्रम पूर्व थियो।	
(४) बौद्ध धर्म	बौद्धहरूले भगवान् बुद्धलाई बौद्ध-धर्मका प्रवर्त्तक मान्दछन्।		५०,००,००,०००
	तर हिन्दूहरूले भगवान् बुद्धलाई भगवान् विष्णुको प्रमुख दशावतारमध्ये नवौं अवतार मान्दछन्।	५६६ वर्ष विक्रमपूर्व भगवान् बुद्धको जन्म भएको थियो।	
(५) सिख धर्म	सिख धर्ममा दश गुरुहरू मानिन्छन्। आदि गुरु नानक थिए।	गुरु नानकको जन्म वि० सं० १५२६, कार्तिक शुक्ल पूर्णिमाको दिन भएको थियो।	६०,००,०००
	अंतिम गुरु थिए गुरु गोविन्दसिंह।	गुरु गोविन्दसिंहको जन्म विक्रम संवत् १७२३ पौष २३ गतेको दिन भएको थियो।	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मको नाम	प्रवर्त्तक वा सुधारक	प्रवर्त्तक वा सुधारकको समय	अनुयायीहरूको संख्या*
सूदूर पूर्वीय धर्म :–			
(१) शिन्तो-धर्म	यो जापानको प्राचीन धर्म हो। यसको कोही प्रवर्त्तक थिएन। तर पछि कतिपय सुधारकहरूको जन्म पनि भएको थियो।	आठौं शताब्दीमा धर्म ग्रन्थ लिपि-बद्ध भएको मानिन्छ।	६,७१,५५,०००
(२) ताओ धर्म	यो चीनको प्राचीन धर्म हो। यसको संस्थापक लाओत्से थिए।	लाओत्सेको जन्म ५४७ वर्ष विक्रमपूर्व भएको थियो।	५,१९,०५,०००
(३) कन्फ्यूशस धर्म	कांग-फ्यूत्सी या कन्फ्यूशस यस धर्मका प्रवर्त्तक थिए।	कन्फ्यूशसको जन्म ४९४ वर्ष विक्रमपूर्व थियो।	३५,०८,३५,०००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मको नाम	प्रवर्त्तक वा सुधारक	प्रवर्त्तक वा सुधारकको समय	अनुयायीहरूको संख्या*
सेमाइटिक धर्म :–			
(१) यहूदी धर्म	यहूदी धर्मका प्रवर्त्तक मोजेज थिए ।	पैगम्बर मोजेजको जन्म करीब ११४० वर्ष विक्रमपूर्व थियो ।	१,३१,२१,०००
(२) ईसाई धर्म	ईसाईहरू ईशु कृष्टलाई यस धर्मका प्रवर्त्तक मान्दछन् ।	ईशु कृष्टको जन्म ५३ विक्रम सम्वत् (४ ईसापूर्व) मानिएको छ ।	९५,०५,५०,०००
(३) इस्लाम धर्म	इस्लामको संस्थापक पैगम्बर मुहम्मद थिए ।	पैगम्बर मुहम्मदको जन्म विक्रम सम्वत् ६२७ मा भएको थियो ।	४५,५७,८५,०००

* यी संख्याहरू न्यूयार्कमा प्रकाशित १९६६ सालको "द वर्ल्ड अल्मनाय्क्"; १९६० मा "द वाइकिंग प्रेस" द्वारा न्यूयार्कमा प्रकाशित श्री वल्लूको "द वर्ल्ड बाइबिल" तथा अन्य पुस्तकहरूको आधारमा दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

3. Extra Reading Materials and Bibliography

(ग्रन्थ-सूची)

1. **Atmananda, Swami,** *Shri Sankar's Teachings in His Own Words*, Chaupaty, Bombay, Bharatiya Vidya Bhawan, 1960.
2. **Ballou, R. O,, Ed.,** *The World Bible*, New York, The Viking Press, (1944), 1960.
3. **Besant A.,** *Dharma*, India, Theosophical Publishing House, 1918.
4. **Besant A., and C. W. Leadbeater,** *The Noble Eight-fold Path*, Adyar, Madras, India, Theosophical Publishing House, 1955.
5. **Champion, S. G. and Dorothy Short,** *Readings from World Religions*, 5 & 6 Johnson's Court, Fleet St., London, E. C. 4, Watts and Company, 1951.
6. **Diwakar, R. R.,** *Bhagawan Buddha*, Chaupaty, Bombay, Bharatiya Vidya Bhawan, 1967.
7. *Geeta*, Gorakhpur, India, Geeta Press, 1954 (2012 Vikram Era).
8. *The Holy Bible*, (Old and New Testaments), Cooper Union, Fourth Avenue, New York, (1889 ?).

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

9. James, K., Version of, *The New Testament, Psalms & Proverbs*, Philadelphia, National Bible Press, 1960.

10. Nikhilananda, Swami, *The Upanishads*, New York, Harper & Row, Publishers, 1963.

11. Parinder, E. G., *What World Religions Teach*, London, George G. Harrap & Company Ltd., 1963.

12. Parrinder, G., *Worship in the World's Religions*, 24 Russel Square, London, Faber & Fabers, 1961.

13. Parrinder, G., *The Handbook of Living Religions*, 5 Winsley Street, London W1, Arthur Barker Limited, 1960.

14. Ranganathan, Swami, *The Christ We Adore*, Calcutta, Institute of Culture, The Ramkrishna Mission, 1960.

15. Radhakrishnan, S. and Charles A. Moore, *A Source Book in Indian Philosophy*, London, Princeton University Press, 1957.

16. Shastri, Pt. Haragovinda, Ed., *Manu-smriti*, Varanasi-1, India, Chowkhamba Sanskrit Series Office, 1965.

17. Shastri 'Ram', Pandeya Pt. Ramanarayandatta, Tr., *Shree Durga-Saptashati* (With Commentary), Gorakhpur, Geeta Press, 1948 (2004 Vikram Era).

18. Singh, H., *The Heritage of the Sikhs*, London, Asia Publishing House, 1964.

19. Swarupananda, Swami, Tr., *Shrimad-Bhagwad Gita*, 4 Wellington lane, Calcutta 13, Advaita Ashrama, 1956.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

20. **Syed, Ameer A.**, *The Spirit of Islam*, London, Christophers, 1922.

21. **Talmage, James E.**, *Jesus The Christ*, Salt Lake City, Utah, Deseret Book Company, 1962.

22. **Tirtha, Swami Bharati Krishna**, *Sanatana Dharma*, Chaupaty, Bombay, Bhartiya Vidya Bhawan 1964.

23. **Tirtha, Shree Swami Omananda**, *Patanjala Yoga-Pradeepa*, Gorakhpur, Geeta Press, 1960 (2016 Vikram Era).

24. **Warnock, R. and G. K. Anderson**, *The World In Literature*, Chicago, Scott, Foresman & Co., 1950.

25. *The World Almanac*, New York, N. Y. World Telegram and The Sun, 1966.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection